संग्रह-२१

क्रम संख्या-२७

बुद्धकालीन श्रावक-चरित

[भाग-२]

(सारिपुत्र-चरित-१)

आचार्य

भिक्षु अमृतानन्द

ने.रु. १७/-

संग्रह-२१

क्रम संख्या-२७

बुद्धकालीन श्रावक-चरित

[भाग-२]

(सारिपुत्र-चरित-१)

आचार्य

भिक्षु अमृतानन्द

ने.रु. १७/-

★ प्रस्तुत पुस्तकमा भगवान् बुद्धका अग्रश्रावक तथा धर्मसेनापति हुनु भएका सारिपुत्र महास्थविर सम्बन्धका ५५ वटा सूत्रहरूको अनुवाद छ। विशेषरूपले बुद्धदर्शन अध्ययन गर्न चाहने महानुभावहरूको लागि प्रस्तुत पुस्तक अति उपयोगी हुनेछ र आफ्नै मातृ-भाषाबाट मूल सूत्रका कुराहरू सोझै अध्ययन गर्नको निमित्त पनि प्रस्तुत पुस्तक उपयोगी हुनेछ। ★

संग्रह-२१

क्रम संख्या-२७

बुद्धकालीन श्रावक-चरित

[भाग - २]

(सारिपुत्र-चरित-१)

आचार्य

भिक्षु अमृतानन्द

ने.रु. १७/-

प्रकाशक:

"आनन्दकुटी विहारगुठी"

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फो. नं. १४४२०

बुद्धाब्द: २५२६

वि. सं. २०३९

ने. सं. ११०३

ई. सं. १९८३

प्रथमावृत्ति १०००

मुद्रक:

नेपाल प्रेस

काठमाडौं, नेपाल ।

फो. नं. : ११०३२

Collection No. 21

Buddhakalina Sravaka-Carita
(PART II)

Dr. Bhikkhu Amritananda

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu
NEPAL
1983

यसमा—

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट बक्सेको सन्देश

बौद्ध पाली वाङ्मयका उत्कृष्ट ग्रन्थ मानिएको त्रिपिटकमा यत्रतत्र छरिएका बुद्धकालका विभिन्न उल्लेखनीय पात्रहरू क्रमबद्ध रूपले संकलित र वर्गीकृत गरी तयार पारिएको यो पुस्तकले बौद्ध इतिहास र दर्शनको अतिरिक्त बुद्धकालीन सामाजिक चित्रण पनि प्रस्तुत गरेको प्रयास राम्रो देखिन्छ । यस्तो प्रकाशनबाट नेपालमा धार्मिक सहिष्णुतामात्र होइन नेपालीले संसारका अन्य धर्ममा पनि गहिरो श्रद्धा राख्छन् भन्ने कुरा पनि देखाउनु बढीया हुनेछ । नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धी यस किसिमको उपयोगी ग्रन्थ थपिनु निश्चय पनि प्रशंसनीय योगदान भएको मान्नुपर्छ ।

यस किसिमका ग्रन्थ निर्माणमा अथक परिश्रम गरी खोजपूर्ण कार्य सम्पादन गर्ने भिक्षु श्री अमृतानन्द महास्थविर धन्यवादका पात्र छन् ।

प्रकाशकीय

बौद्ध साहित्यमा अति स्मरणीय नाम सारिपुत्र महास्थविरको छ । वहाँ धर्मसेनापति अग्रश्रावक प्रज्ञावान्हरूमध्ये अग्र हुनुहुन्छ । मनुष्यलोकमा प्रथम अभिधर्मदेशक आदि पदहरूले पनि वहाँ विभूषित हुनुहुन्छ । साथै वहाँको अनन्त गुणहरू छन् ।

कट्टर ब्राह्मणकूलबाट प्रव्रजित हुनु भएका सारिपुत्र महास्थविरले आफ्ना आमा र अन्य परिवारलाई पनि अन्धविश्वास दूर गराई सुमार्गतिर लगाइदिनु भएको थियो । बुद्धधर्म कुनै जातिभेद, वर्णभेद आदिमा सीमित नभएको कुरा यसले पुष्टी गर्दछ ।

सारिपुत्र महास्थविर सम्बन्धी त्रिपिटकमा भेट्टीएका कुराहरू प्रस्तुत बुद्धकालीन श्रावक-चरित भाग–२ मा संकलन गरिएका छन् । प्रस्तुत अन्वेषणात्मक अमूल्य ग्रन्थ आफ्नो अथक प्रयासद्वारा पालि तथा बौद्ध साहित्यका प्रकाण्ड विद्वान तथा अन्तरराष्ट्रिय क्षेत्रमा बौद्ध नेताको रूपमा प्रख्यात हुनुभएका साहित्य चक्रवर्ती श्रद्धेय आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूले लेख्नुभई आनन्द कुटी विहार गुठीलाई

प्रकाशनार्थ दिनु भएकोमा वहाँप्रति हामी ऋणीछौं । यो पुस्तक आनन्द कुटी विहार गुठीको २१ सौं संग्रह र २७ सौं प्रकाशन हो । आशा छ वहाँका अन्य ग्रन्थहरू पनि यस्तै किसिमबाट प्रकाशन हुँदै बौद्ध साहित्य तथा धर्मको जागरण गर्न सकौं ।

भवतु सब्बमङ्गलं

मैत्री भिक्षु
सदस्य-सचिव
"आनन्द कुटी विहार गुठी"
फोन नं. १४४२०

२०३९ माघ १५

Homage to the Buddha, the Supreme Enlightened One.

PREFACE

As mentioned in "The Lives of the Sravakas of the Buddha's time" first in the series, published on the 25th Bhadra 2031 (1974), the present volume being the 2nd in the series is being presented here as the 1st volume of "The Life of Sariputra" in which are collected the main discourses on Venerable Sariputra Mahathera, the foremost Sravaka (Monk) of Lord Buddha, as they are found in the Tripitakas, though, of course, all the discourses concerned with Sariputra have not been included in it.

Altogether 158 main discourses on Venerable Sariputra have been found in the Tripitakas. I have divided these discourses (Sutras) into three groups : (I) Discourses on the events in Sravasti, (II) Discourses concerned with events in other places and (III) Discourses concerned with events of places not particularly mentioned. The present

volume is devoted mainly to the collection of discourses concerned with the life of Sariputra Mahathera when he was in Sravasti. It contains the translation of fifty five discourses.

The present volume will indeed be of great help to those who have earnest desire to study Buddhism. This is because the discourses included in this volume are mostly devoted to explaining the philosophical principles of Lord Buddha. As is done in previous volumes on the "Lives of the Buddha's time", an attempt will be made to trace out a bio-graphical sketch of Venerable Sariputra Mahathera in the third volume, or more probably it might be published as a separate booklet.

The translation of the Sutras (discourses) collected after intensive research, was actually started in 1931 B. S. (1974) but some of the translations had remained incomplete, and only in the month of Bhadra of this year (1982) could they be completed. The translations of all the Sutras included in this first volume and the printing of it could only be started in the month of Aswin of this year (1982).

The discourses (Sutras) collected in this volume have been arranged as per their order in the Tripitakas. For example Mahavagga, Cullavagga etc. So, according

to this order, discourses of events concerned with Venerable Sariputra when he was in Sravasti have been collected and arranged as follows :

(1) Four discourses from Mahavaggapali.
(2) Two discourses from Cullavaggapali.
(3) One discourse from Pacittiyapali.
(4) Eight discourses from Majjhimanikayapali.
(5) Twentyfive discourses from Samyuttanikayapali.
(6) Nine discourses from Anguttaranikayapali.
(7) Six discourses from Udanapali.

There are altogether fifty five discourses in this volume. The titles of these fifty five discourses are as follows :

---

1. References given here are to the pages of the Pali Text, Nagari Edition of Nalanda, India.

2. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

3. Mh. p. 387: Attharasavatthu, Kosambaka-
khandhakam R. p. 356

4. Mh. p. 387: Attharasavatthu, Kosambaka-
kkhandhakam R. p. 356

5. Cu. p. 254: Aggasanadi Anujanana,
Senasanakkhandhakam R. p. 160

6. Cu. p. 267: Avebhangiyavatthu,
Senasanakkhandhakam R. p. 171

7. Pa. p. 111: Avasathasampatta Sariputta-
vatthu, Pacittiyakkhandhakam R. p. 70

8. M. I. p. 18: Dhammadayadasuttam R. I. p. 12

9. M. I. p. 33: Anganasuttam R. I. p. 24

10. M. I. p. 62: Sammaditthisuttam R. I. p. 46

11. M. I. p. 192: Rathavinitasuttam R. I. p. 145

12. M. I. p. 235: Mahahatthipadopamasuttam
R. I. p. 184

13. M. I. p. 360: Mahavedallasuttam R. I. p. 292

14. M. III. p. 109: Sevitabbasevitabbasuttam
R. III. p. 45

15. M. III. p. 345: Anathapindikovadasuttam
R. III. p. 258

16. S. I. p. 189: Sariputtasuttam,
Vangisasamyuttam R. I. p. 189

17. S. I. p. 190: Pavaranasuttam,
Vangisasamyuttam R. I. p. 190

18. S. II. p. 33: Bhumijasuttam,
Nidanasamyuttam R. I. p. 37

19. S. II. p. 41: Bhutasuttam,
Nidanasamyuttam R I. p. 47

20. S. II. p. 43: Kalarasuttam,
Nidanasamyuttam R. I. p. 50

21. S. II. p. 228: Ghatasuttam,
Bhikkhusamyuttam R. II. p. 275

22. S. II. p. 331: Yamakasuttam
Khandhasamyuttam R. III. p. 109

23. S. II. p. 450: Vivekajasuttam,
Sariputtasamyuttam R. III. p. 235

24. S. II. p. 450: Avitakkasuttam,
Sariputtasamyuttam R. III. p. 236

25. S. II. p. 451: Pitisuttam, Sariputtasamyuttam
R. III. p. 236

26. S. II. p. 451: Upekkhasuttam,
Sariputtasamyuttam R. III. p. 237

27. S. II. p. 452: Akasanancayatanasuttam,
Sariputtasamyuttam R. III. p. 237

28. S. II. p. 452: Vinnanancayatanasuttam,
Sariputtasamyuttam R. III. p. 237

29.	S. II. p.	452: Akincannayatanasuttam, Sariputtasamyuttam	R. III. p.	237
30.	S. II. p.	452; Nevasannanasannayatanasuttam, Sariputtasamyuttam	R. III. p.	238
31.	S. II. p.	453: Nirodhasamapattisuttam, Sariputtasamyuttam	R. III. p.	238
32.	S. III. p.	95: Sariputtasadhiviharikasuttam, Salayatanasamyuttam	R. IV. p.	103
33.	S. IV. p.	5. Sariputtasuttam, Maggasamyuttam	R. V. p.	3
34.	S. IV. p.	67: Vatthusuttam, Bojjhangasamyuttam	R. V. p.	70
35.	IV. p.	135: Mahapurisasuttam, Satipatthanasamyuttam	R. V. p.	158
36.	S. IV. p.	191: Pubbakotthakasuttam, Indriyasamyuttam	R. V. p.	220
37.	S. IV. p.	294: Pathamasariputtasuttam, Sotapattisamyuttam	R. V.	346
38.	S. IV. p.	295: Dutiyasariputtasuttam, Sotapattisamyuttam	R. V. p.	347
39.	S. IV, p.	324: Pathamaanathapindikasuttam, Sotapattisamyuttam	R. V. p.	380
40.	A. I. p.	60: Samacittavaggo	R. I. p.	63

41. A. I. p. 108: Samiddhasuttam,
Puggalavaggo R. I. p. 118

42. A. III. p. 20: Soppasuttam,
Saraniyavaggo R. III. p. 298

43. A. III. p. 127: Devatasuttam,
Devatavaggo R. III. p. 423

44. A. III. p. 179: Pathamaniddasasuttam,
Devatavaggo R. IV. p. 34

45. A. IV. p. 20: Sihanadasuttam,
Sihanadavaggo R. IV. p. 373

46. A. IV. p. 24: Saupadisuttam,
Sihanadavaggo R. IV. p. 378

47. A. IV. p. 197: Pathamanalakapanasuttam,
Yamakavaggo R. V. p. 122

48. A. IV. p. 199: Dutiyanalakapanasuttam,
Yamakavaggo R. V. p. 125

49. U. p. 66: Brahmanasuttam,
Bodhivaggo R. p. 3

50. U. p. 93: Sariputtasuttam,
Nandavaggo R. p. 27

51. U. p. 112: Sariputtasuttam,
Meghiyavaggo R. p. 43

52. U. p. 116: Sariputtaupasamasuttam,
Meghiyavaggo R. p. 46

53. U. p. 154: Pathamalakuntakabhaddiyasuttam,
Culavaggo R. p. 74
54. U. p. 154: Dutiyalakuntakabhaddiyasuttam,
Culavaggo R. p. 74
55. S. IV. p. 138: Cundasuttam,
Satipatthanasamyuttam R. V. p. 161

Some of the titles in this volume are given as they are in Pali and some of them have been translated into Nepali. Sub-titles have also been introduced wherever necessary to enable readers to have a clear understanding of the episodes as they are found in this volume. Foot notes have also been given wherever necessary for the clarification of the main discourses as they are available in the commentaries (Atthakathas).

An attempt has been made to include the contents of the main discourses and the index of the special words and proper-names at the end of the volume, in alphabetical order, with a view to make it convenient for the reader to locate the subject of his choice. The reference materials used for the preparation of this volume have all been taken from the edition of the Tripitakas published in Devanagari script by Nalanda Pali Institute of India and the commentaries published by Hewawitarana in Sri Lanka in Sinhalese script.

The present volume is the twenty seventh, publication of the Ananda Kuti Vihara Trust and 21st in the "Buddha's time" series, 2nd in the series "The lives of the Sravakas of Buddha's time". It is the first volume of "The life of Venerable Sariputra Mahathera".

Hearty thanks are due to Prof. Vatu Krishna for his kind co-operation over many years in reading proofs, to Ven. Kumara Kashyapa for his untiring effort in preparing the word-list, to Prof. Asha Ram Shakya for his translation of the preface into English and also to Mr. Khadga Bahadur Upasaka for his co-operation in bringing proofs from the press. Finally I would like to express my gratitude to Bhikkhu Maitri the Hon. Secretary, and other members of the Ananda Kuti Vihara Trust for their kind publication of this volume.

"Long live the Buddha's Teachings"

Bhikkhu Amritananda

Ananda Kuti Vihara
Swayambu Hill,
Kathmandu, Nepal.
5th Feb. 1983
Phone : 14420

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

२०३१ साल भाद्र २५ गते प्रकाशित भएको बुद्धकालीन श्रावक-चरित भाग–१ को प्राक्कथनमा उल्लेख गरे झैं प्रस्तुत श्रावक-चरित भाग–२ मा भगवान् बुद्धका प्रथम अग्रश्रावक हुनु भएका सारिपुत्र स्थविरको सम्बन्धमा त्रिपिटकमा पाइएका मूल सूत्रहरूको संग्रह यसमा एकत्रित गरिदिएको छु। हुनत यस संग्रहमा जम्मै सूत्रहरू संग्रहित भएका छैनन् ।

सारिपुत्र स्थविरको सम्बन्धमा जम्मा १५८ मूल सूत्रहरू संकलन गरेको छु। यिनीहरूलाई मैले तीन भागमा विभाजन गरेको छु। जस्तै—(१) श्रावस्तीमा मात्र घटेका सूत्रहरूको एक भाग, (२) विभिन्न अन्य स्थानहरूमा घटेका सूत्रहरूको एक भाग र (३) स्थान नतोकिएका सूत्रहरूको एक भाग। यसरी जम्मा तीन भागमा विभाजित गरेको छु। तीमध्ये प्रस्तुत पुस्तकमा पहिलो एक सूत्र बाहेक अरु सबै श्रावस्तीमा

घटेका सूत्रहरूको संग्रह गरेको छु। यसमा जम्मा पचपन्न (५५) वटा सूत्रहरूको अनुवाद छ।

प्रस्तुत पुस्तक साँच्चैकै बुद्धधर्म अध्ययन गर्न चाहने महानुभावहरूको निम्ति अत्यन्त उपकारी हुनेछ भन्ने ठानेको छु। विशेषगरी यसमा धेरैजसो बुद्धका सिद्धान्त तथा बुद्धदर्शन सम्बन्धीका कुराहरू समावेश भएका छन्।

अघि अघिका ग्रन्थहरूमा जसरी प्रत्येक पात्रको खोजपूर्ण परिचय प्रस्तुत गरेको थिएँ त्यस्तैगरी प्रस्तुत सारिपुत्र स्थविरको बारेमा पनि खोजपूर्ण परिचय लेख्ने विचार गरेको छु। तर यो काम सम्भवतः यस संग्रहको तेश्रो भागमा अथवा अलग्गै एक स्यानो पुस्तिकाको रूपमा प्रकाशित गर्ने विचार राखेको छु।

खोजगरी एकत्रित गरेका सूत्रहरूको अनुवाद गर्ने कार्य २०३१ सालैमा शुरु गरेको थिएँ। किन्तु सबै अनुवादको कार्य सिध्याउन सकेको थिइन। अतः फेरि यसमा हात राखी यसै सालको भाद्र महीनामा मात्र सबै अनुवादकार्य समाप्त गर्न सकें र प्रथम भागको छपाइको शुरु यही आश्वीन महीनादेखि मात्र हुन थाल्यो।

यस संग्रहको अगाडि राखेका सूत्रहरू ग्रन्थको क्रमानुसार राखिदिएको छु। जस्तै—महावग्ग, चुल्लवग्ग, पाचित्तिय इत्यादि। यस अनुसार श्रावस्तीमा घटेका सूत्रहरू मात्र यस संग्रहमा यसरी समावेश गरेको छु—

(१) महावग्गपालिबाट — ४ वटा
(२) चुल्लवग्गपालिबाट — २ वटा
(३) पाचित्तियपालिबाट — १ वटा
(४) मज्झिमनिकायबाट — ८ वटा
(५) संयुत्तनिकायबाट — २५ वटा
(६) अङ्गुत्तरनिकायबाट — ९ वटा र
(७) उदानपालिबाट — ६ वटा गरी जम्मा

पचपन्न (५५) वटा सूत्रहरू छन् ।

यी पचपन्न (५५) सूत्रहरूका नामहरू यसप्रकार छन्—

१. महा. व. पा. पृ. ३८: सारिपुत्तमोग्गल्लानपब्बज्जाकथा,
महाखन्धकं; अ. क. III.
पृ. १०२२, पृ.[1] १

२. महा. व. पा. पृ. २३२: पटिग्गहितादिअनुजाननादि,
भेसज्जक्खन्धकं; अ. क. III.
पृ. ११५७, पृ. १२

३. महा. व. पा. पृ. ३८७: अट्ठारसवत्थु,
कोसम्बकक्खन्धकं; पृ. १५

५४. महा. व. पा. पृ. ३८४: अट्ठारसवत्थुकथा,
कोसम्बकक्खन्धकं; पृ. २९४

१. यसै पुस्तकको पृष्ठ ।

४. चुल्ल. व. पा. पृ. २५४: अग्गासनादि अनुजानना, सेनासनक्खन्धकं; पृ. १७

५. चुल्ल. व. पा. पृ. २६७: अवेभङ्गियवत्थु, सेनासनक्खन्धकं; पृ. २३

६. पाचि. पा. पृ. १११: आवासथसम्पत्त सारिपुत्तवत्थु, पाचित्तियक्खन्धकं; अ. क. II. पृ. ८२९, पृ. २९

७. म. नि. I. पृ. १८: धम्मदायादसुत्तं, अ. क I. पृ. ८१, पृ. ३१

८. म. नि. I. पृ. ३३: अङ्गणसुत्तं, अ. क. I. पृ. १२४, पृ. ३७

९. म. नि. I. पृ. ६२: सम्मादिट्ठिसुत्तं, अ. क. I. पृ. १७७, पृ. ५०

१०. म. नि. I. पृ. १९२: रथविनीतसुत्तं, अ. क II. पृ. १११, पृ. ७८

११. म. नि. I. पृ, २३५: महाहत्थिपदोपमसुत्तं, अ. क. II पृ. १८३, पृ. ८८

१२. म. नि. I. पृ. ३६०: महावेदल्लसुत्तं, अ. क. II. पृ २७८, पृ. १००

१३. म. नि. III. पृ. १०९: सेवितब्बासेवितब्बसुत्तं, अ. क. IV. पृ. ७०, पृ. १२०

सूत्रहरूको नामकरण केही पालीमा भए जस्तै र केही नेपाली भाषा अनुसार अगाडि राखिदिएको छु। सूत्रको बीच बीचमा कुरा छुटयाउनको निमित्त विषय अनुसार उपशीर्षकहरू पनि राखिदिएको छु। यसबाट पाठकहरूलाई विषय खोज्न सजिलो हुनेछ भन्ने विश्वास गरेको छु। आवश्यक सम्झेको ठाउँहरूमा मूल सूत्रको सम्बन्धमा अर्थकथाले दिएका स्पष्टिकरणहरू पादटिप्पणीमा उल्लेख गरेको छु।

आफूले चाहेको विषय सम्बन्धी कुरा चांडै खोज्न सकुन् भन्ने विचारले विषय-सूचीको अलावा ग्रन्थको अन्त्यमा संज्ञाशब्दहरूको खास खास शब्दहरूको तथा गाथाहरूको सूची पनि अकारादि क्रमानुसार राखिदिएको छु ।

यस संग्रहको निमित्त प्रयोग गरेका मूलपालिका ग्रन्थहरू सबै नालन्दा पालि महाविद्यालय, भारतबाट प्रकाशित देवनागरी लिपिका पालि पुस्तकहरू हुन् र अर्थकथाहरू चाहिं सिंहल लिपिमा लंकामा प्रकाशित भएका पुस्तकहरू हुन् ।

प्रस्तुत पुस्तक आनन्द कुटी विहार गुठीको प्रकाशन क्रमको २७ सौं पुस्तक हो र बुद्धकालीन संग्रहको २१ सौं ग्रन्थ तथा बुद्धकालीन श्रावक-चरितको भाग–२ हो भने सारिपुत्र-चरितको पहिलो भाग हो भनी बुझ्नुपर्छ ।

दशौं वर्षदेखि सहयोग गरी आउनु भएका भाषा संशोधन सहित प्रूफ आदि हेरिदिनु हुने प्राध्यापक श्री बटुकृष्णज्यूलाई, शब्दावली आदि प्रारम्भिक लेखाइको काम गरिदिनु हुने आयुष्मान् कुमार काश्यपलाई र दिनहुं झैं प्रूफ ल्याउने-लैजाने काममा सहयोग गरिदिनु हुने श्री खड्गबहादुर उपासकलाई तथा प्रस्तुत पुस्तकको प्राक्कथनलाई अंग्रेजीमा रूपान्तर गरिदिनु भएकोमा प्राध्यापक श्री आशाराम शाक्य, एम. ए. लाई पनि हार्दिक धन्यवाद दिई पुण्यानुमोदन गरेको छु । अन्त्यमा आनन्द कुटी विहार गुठीका तरफबाट प्रस्तुत पुस्तक

प्रकाशित गरिदिएकोमा गुठीका सदस्य सचिव आयुष्मान् मैत्री भिक्षु लगाएत गुठीका सबै सदस्यहरूलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छु ।

"चिरं तिट्ठतु सद्धम्मो"

– भिक्षु अमृतानन्द

आनन्द कुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल ।
२०३९ माघ २२ गते
फोन नं. १४४२०

मूल ग्रन्थहरू—

(१) महावग्गपालि ।

(२) चुल्लवग्गपालि ।

(३) पाचित्तियपालि ।

(४) मज्झिमनिकायपालि ।

(५) संयुत्तनिकायपालि ।

(६) अङ्गुत्तरनिकायपालि ।

(७) उदानपालि ।

सहायक ग्रन्थहरू—

समन्तपासादिका। (नालन्दा प्रकाशन)

पपञ्चसूदनी। (हेवावितारण प्रकाशन)

सारत्थप्पकासिनी। (हेवावितारण प्रकाशन)

मनोरथपूरणी। (हेवावितारण प्रकाशन)

परमत्थदीपनी। (हेवावितारण प्रकाशन)

विभङ्गपालि। (नालन्दा प्रकाशन)

सुत्तनिपातपालि। (नालन्दा प्रकाशन)

पटिसम्भिदामग्गपालि। (नालन्दा प्रकाशन)

सद्धम्मपकासनी। (हेवावितारण प्रकाशन)

सम्मोहविनोदनी। (नालन्दा प्रकाशन)

धम्मसङ्गणि। (पी. वि. बापत)

दीघनिकायपालि। (नालन्दा प्रकाशन)

विसुद्धिमग्गो। (हेवावितारण प्रकाशन)

बुद्धकालीन भारतीय भूगोल। (डा भरतसिंह उपाध्याय)

पुग्गलपञ्ञतिपालि। (नालन्दा प्रकाशन)

संकेत-शब्दको अर्थ—

अं. अ. क.
अं. नि. अ. क. } = अङ्गुत्तरनिकाय अर्थकथा ।

अं. नि. = अङ्गुत्तरनिकाय ।

अ. क. = अट्ठकथा ।

अत्थ. सा. = अट्ठसालिनी ।

उदा. पा. = उदानपालि ।

उदा. पा. अ. क. = उदानपालि अर्थकथा ।

चुल्ल. व. पा. = चुल्लवग्गपालि ।

दी. नि. = दीघनिकाय ।

दी. नि. अ. क. = दीघनिकाय अर्थकथा ।

धम्म. सं. = धम्मसङ्गणि ।

धम्म. प. अ. क. = धम्मपद अर्थकथा ।

ना. पा. = नालन्दापालि ।

पटि. म. पा. = पटिसम्भिदामग्गपालि ।

पपं. सू. = पपञ्चसूदनी ।

पाचि. पा. = पाचित्तियपालि ।

पुग्ग. पा. = पुग्गलपञ्ञत्ति ।

पटि. म. अ. क. = पटिसम्भिदामग्ग अट्ठकथा ।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू ।

बु. प. = बुद्धकालीन परिब्राजक ।

बु. ब्र. = बुद्धकालीन ब्रह्मादिदेव ।

बु. ब्रा. = बुद्धकालीन ब्राह्मण ।

बु. म. = बुद्धकालीन महिलाहरू ।

बु. श्रावि. च. = बुद्धकालीन श्राविका चरित ।

बु. भा. भू. = बुद्धकालीन भारतीय भूगोल ।

बु. रा. = बुद्धकालीन राजपरिवार ।

बु. श्रा. च. = बुद्धकालीन श्रावक चरित ।

विभं. पा. = विभङ्गपालि ।

वि. भं. अ. क. = विभङ्गअट्ठकथा ।

विसु. म. = विसुद्धिमग्ग ।

सम. पा. = समन्तपासादिका ।

म. नि. अ. क. = मज्झिमनिकाय अट्ठकथा ।

म. नि. = मज्झिमनिकाय ।

मनो. र. पू. = मनोरथपूरणी ।

महा. व. पा. = महावग्गपालि ।

सं. नि. = संयुत्तनिकाय ।

सं. नि. अ. क. = संयुत्तनिकाय अट्ठकथा ।

सम्मो. वि. = सम्मोहविनोदनी ।

सुत्त. नि. = सुत्तनिपात ।

त्रि-पिटक-सूची

सुत्तपिटक :

- १–दीघनिकाय
- २–मज्झिमनिकाय
- ३–संयुत्तनिकाय
- ४–अङगुत्तरनिकाय
- ५–खुद्दकनिकाय
  - (१) खुद्दकपाठ
  - (२) धम्मपद
  - (३) उदान
  - (४) इतिवुत्तक
  - (५) सुत्तनिपात
  - (६) विमानवत्थु
  - (७) पेतवत्थु
  - (८) थेरगाथा
  - (९) थेरीगाथा
  - (१०) जातक
  - (११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
  - (१२) पटिसम्भिदामग्ग
  - (१३) अपदान
  - (१४) बुद्धवंस
  - (१५) चरियापिटक

विनयपिटक :

- १–पाराजिकपालि, २–पाचित्तियपालि } सुत्तविभङ्ग
- ३–महावग्गपालि, ४–चुल्लवग्गपालि } खन्धक
- ५–परिवारपालि

अभिधम्मपिटक :

- १–धम्मसङ्गणि
- २–विभङ्ग
- ३–धातुकथा
- ४–पुग्गलपञ्ञत्ति
- ५–कथावत्थु
- ६–यमक
- ७–पट्ठान

विषय-सूची

पृष्ठः

पृष्ठः

पृष्ठः

पृष्ठः

बुद्धकालीन श्रावक-चरित

[भाग–२]

सारिपुत्र-चरित

(भाग–१)

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

मूल पालि—

१. सारिपुत्र मौद्गल्यायन प्रव्रज्या

त्यसबखत सञ्जय परिव्राजक अढाइशय परिव्राजकहरू भएको महत् परिषद्सँग राजगृहमा बस्दथे[१] ।

त्यसबखत सारिपुत्र मौद्गल्यायनपरिव्राजकहरू सञ्जय परिव्राजककहाँ ब्रह्मचर्य पालन गर्दथे । उनीहरूले—"जसले पहिले अमृत प्राप्त गर्नेछ उसले अर्कोलाई बताउनु पर्छ" भन्ने वाचा गरेका थिए ।

धर्मचक्षु लाभ

आयुष्मान् अश्वजित्[२] (अस्सजि) पूर्वाह्न समयमा (चीवर) पहिरी पात्र-चीवर ग्रहणगरी अगाडि-पछाडि जाँदा यताउता हेर्दा

---

१. महा. व. पा. पृ. ३८: सारिपुत्तमोग्गल्लान पब्बज्जाकथा, अ. क. III. पृ. १०२२.

२. पञ्चवर्गीय भिक्षुहरूमध्येका एक र सबैभन्दा कान्छा पनि हुन् ।

खुमच्याउँदा र पसार्दा प्रियंकर ढंगले ईर्यापथ सम्पन्न भई तलतिर हेरी—राजगृहमा भिक्षाटनार्थ पस्नुभयो ।

सारिपुत्रपरिव्राजकले आयुष्मान् अश्वजित्लाई अगाडि-पछाडि जाँदा, यताउता हेर्दा, खुम्च्याउँदा र पसार्दा प्रियंकर ढंगले ईर्यापथ सम्पन्न भई तलतिर हेरी राजगृहमा भिक्षाटनार्थ गइरहेको देखे । देखेपछि (उनको मनमा) यस्तो लाग्यो—

"यो लोकमा जो अरहन्त वा अरहत्मार्गमा सम्पन्न छन् तिनीहरूमध्येमा अवश्यमेव यी भिक्षु एक होलान् । (अतः) किन म उनीकहाँ गई—'आवुसो ! तिमी कसलाई गुरू मानी प्रव्रजित भएका ह्वौ ? तिम्रा गुरू कोहुन् ? कसको धर्म तिमी रुचाउँछौ ?' भनी न सोधूँ ?"

त्यसपछि सारिपुत्रपरिव्राजकलाई यस्तो लाग्यो—

"घरघरपिच्छे भिक्षाटन् गरिरहेको बेलामा यी भिक्षुसँग प्रश्न सोध्नु ठीक छैन । चाहिनेले बाटो खोज्नुपर्छ भने झैं किन म यी भिक्षुको पछि पछि न लागूँ ।"

आयुश्मान् अश्वजित् राजगृहमा भिक्षाटन्द्वारा भिक्षा प्राप्त गरी फर्कनु भयो ।

सारिपुत्रपरिव्राजक पनि जहाँ आयुष्मान् अश्वजित् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् अश्वजित्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसके पछि एक छेउमा उभिए । एक छेउमा

उभिएका सारिपुत्रपरिव्राजकले आयुष्मान् अश्वजित्‌लाई यस्तो भने—

"आवुसो! तपाइका इन्द्रियहरू अतिप्रसन्न छन्, छविवर्ण परिशुद्ध तथा उज्वल छ। आवुसो! तपाइ कसलाई गुरू मानी प्रव्रजित हुनु भएको हो? तपाइँको गुरू को हुनुहुन्छ? कसको धर्म तपाइ रुचाउनु हुन्छ?"

"आवुसो! शाक्यकुलबाट प्रव्रजित हुनु भएका शाक्यपुत्र महाश्रमण हुनुहुन्छ। वहाँ भगवान्‌लाई नै गुरू मानी प्रव्रजित भएकोहुँ। वहाँ भगवान् नै मेरा गुरू हुनुहुन्छ। वहाँकै धर्म म रुचाउँछु।"

"वहाँ आयुष्मान् शास्ता के वादी हुनुहुन्छ नि? वहाँले के भन्नुहुन्छ नि?"

"आवुसो! म नयाँछु; प्रव्रजित भएको धेरै भएको छैन र यस धर्ममा आएको पनि धेरै भएको छैन। म तपाइँलाई सविस्तर धर्मदेशना गर्न सक्दिन। त्यसैले तपाइँलाई म संक्षेपरूपमा अर्थ (=सारांश) भन्दछु।"

अनि सारिपुत्रपरिव्राजकले आयुष्मान् अश्वजितलाई "आवुसो! हुन्छ" भन्दै यस्तो भने—

"अप्पं वा बहुं वा भासस्सु अत्थं येव मे ब्रूहि।
अत्थेन मे अत्थो किं काहसि ब्यञ्जनं[१] बहुं'ति॥"

---

१. सिहल र रोमनमा: 'व्यञ्जनं'।

अर्थ—

"थोरै वा धेरै भन्नुहोस्, अर्थ (=सारांश) मात्रै म चाहन्छु, बहुव्यञ्जन (=धेरै व्याख्यान) को के प्रयोजन ?"

अनि आयुष्मान् अश्वजित्ले सारिपुत्रपरिब्राजकलाई यो धर्मपर्याय भन्नुभयो—

"ये धम्मा हेतुप्पभवा, तेसं हेतुं तथागतो आह ।
तेसं च यो निरोधो—एवंवादी महासमणो'ति ॥"

अर्थ—

"जुन धर्महरू हेतुप्रभव हुन् त्यसैको हेतु तथागतले बताउनु हुन्छ । त्यसको जुन निरोध हो (त्यो पनि वहाँले बताउनु हुन्छ)—यस्तावादी महाश्रमण हुनुहुन्छ ।"

अनि सारिपुत्र परिब्राजकलाई यो धर्मपर्याय सुनेर—"जे जति समुदय धर्महरू हुन् ती जम्मै निरोध धर्म हुन्" भन्ने विरज वीतमल धर्मचक्षु उत्पन्न भयो ।

"एसेव धम्मो यदि तावदेव पच्चब्यत्थ[1] पदमसोकं ।
अदिट्ठं अब्भतीतं बहुकेहि कप्पनहुतेही'ति ॥"

---

१. रोमनमा: 'पच्चव्यथा', सिंहल र स्याममा: 'पच्चब्यथा' ।

अर्थ—

"यही नै त्यो धर्म हो जसद्वारा उत्तिखेरै शोकरहित परमपद प्राप्त हुन्छ—जसको खोजि गर्दा गर्दै धेरैले नदेखिकनै लाखौं कल्पहरू बिताइसके।"

मौद्गल्यायनकहाँ

त्यसपछि सारिपुत्रपरिव्राजक जहाँ मौद्गल्यायनपरिव्राजक थिए त्यहाँ गए। मौद्गल्यायन परिव्राजकले टाढैबाट सारिपुत्र परिव्राजक आइरहेको देखे। देखेर सारिपुत्रपरिव्राजकलाई यस्तो भने—

"आवुसो! तिम्रा इन्द्रियहरू अति प्रसन्न छन्, छविवर्ण परिशुद्ध तथा उज्ज्वल छ। के तिमीले अमृत प्राप्तगऱ्यौ कि कसो हो?"

"आवुसो! हो, अमृत प्राप्तगरें।"

"आवुसो! कसरी तिमीले अमृत प्राप्तगऱ्यौ त?"

"आवुसो! यहाँ मैले आयुष्मान् अश्वजित भिक्षुलाई अगाडि-पछाडि जाँदा, यताउता हेर्दा, खुम्च्याउँदा र पसार्दा प्रियंकर ढंगले ईर्यापथ सम्पन्न भई तलतिर हेरी राजगृहमा भिक्षाटनार्थ पस्नु भएको देखें। अनि मलाई यस्तो लाग्यो—'यो लोकमा जो अरहन्त वा अरहत् मार्गमा सम्पन्न छन् तिनीहरूमध्येमा यी अश्वजित् भिक्षु अवश्यमेव एक

हुनुहुन्छ होला । (अतः) किन म वहाँकहाँ गई—'आवुसो ! कसलाई गुरू मानी तपाइ प्रव्रजित हुनु भएको हो ? तपाइको गुरू को हुनुहुन्छ ? कसको धर्म तपाइँ रूचाउनु हुन्छ ? भनी नसोधूँ । अनि मलाई यस्तो लाग्यो—'घरघरपिच्छे भिक्षाटन् गइरहेको बेलामा वहाँ भिक्षुसँग प्रश्न सोध्नु उचित छैन । चाहिंनेले बाटो पहिल्याउनु पर्छ भनेझैं किन म वहाँ भिक्षुको पछिपछि नलागूँ ।' आवुसो ! अश्वजित् भिक्षु राजगृहमा भिक्षाटनद्वारा भिक्षा प्राप्तगरी फर्केर जानुभयो । आवुसो ! अनि म पनि अश्वजित् भिक्षुकहाँ गएँ । त्यहाँ पुगेपछि मैले अश्वजित् भिक्षुसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसके पछि एक छेउमा उभिएँ । आवुसो ! एक छेउमा उभिएको मैले अश्वजित् भिक्षुलाई यस्तो भनें—'आवुसो ! तपाइँका इन्द्रियहरू अति प्रसन्न छन्, छविवर्ण परिशुद्ध तथा उज्ज्वल छ । आवुसो ! कसलाई गुरू मानी तपाइँ प्रव्रजित हुनु भएको हो ? तपाइँका गुरू को हुन् ? कसको धर्म तपाइँ रुचाउनु हुन्छ ?' (अनि वहाँले भन्नुभयो)—'आवुसो ! शाक्यकुलबाट प्रव्रजित हुनु भएका शाक्यपुत्र महाश्रमण हुनुहुन्छ । वहाँ भगवान्लाई नै गुरू मानी प्रव्रजित भएको हुँ । वहाँ भगवान् नै मेरा गुरू हुनुहुन्छ । वहाँको धर्म म रुचाउँछु ।' 'वहाँ आयुष्मान् शास्ता के वादी हुनुहुन्छ ? वहाँले के भन्नुहुन्छ ?' (भनी सोध्दा वहाँले यस्तो भन्नुभयो)—'आवुसो ! म नयाँछु, प्रव्रजित भएको धेरै भएको छैन र यस धर्ममा आएको पनि धेरै भएको छैन । म तपाइँलाई सविस्तर धर्मदेशना गर्न सक्दिन । त्यसैले तपाइँलाई म संक्षेपरूपमा अर्थ (=सारांश) मात्र भन्दछु ।' अनि मैले आयुष्मान् अश्वजित्लाई—'आवुसो ! हुन्छ' भन्दै यस्तो भने—

'अप्पं वा बहुं वा भासस्सु अत्थंयेव मे ब्रूहि ।
अत्थेन मे अत्थो किं काहसि ब्यञ्जनं बहुं'ति ।।'

'अर्थात्—थोरै वा धेरै भन्नुहोस्, अर्थ मात्रै म चाहन्छु, बहुव्यञ्जनको के प्रयोजन ?'

"आवुसो ! अनि अश्वजित् भिक्षुले मलाई यो धर्मपर्याय बताउनु भयो—

'ये धम्मा हेतुप्पभवा, तेसं हेतुं तथागतो आह ।
तेसं च यो निरोधो – एवंवादी महासमणो'त्ति ।।'

अर्थात्—'जुन धर्महरू हेतुप्रभव हुन् त्यसैको हेतु तथागतले बताउनु हुन्छ । त्यसको जुन निरोध हो (त्यो पनि वहाँले बताउनु हुन्छ)—यस्ता वादी महाश्रमण हुनुहुन्छ' ।"

अनि मौद्गल्यायन परिब्राजकलाई यो धर्मपर्याय सुनेर—"जे जति समुदय धर्महरू हुन् ती जम्मै निरोध धर्म हुन्" भन्ने विरज वीतमल धर्मचक्षु उत्पन्न भयो ।

"एसेव धम्मो यदि तावदेव पच्चब्यत्थ पदमसोकं ।
अदिट्ठ अब्भतीतं बहुकेहि कप्पनहुतेही'ति ।।"

अर्थ—

"यही नै त्यो धर्म हो जसद्वारा उत्तिखेरै शोकरहित परमपद

प्राप्त हुन्छ—जसको खोजि गर्दा गर्दै धेरैले नदेखिकनै लाखौं कल्पहरू बिताइसके ।"

सञ्जयपरिव्राजकको रगत वमन

त्यसपछि मौद्गल्यायनपरिव्राजकले सारिपुत्रपरिव्राजक-लाई यस्तो भने—

"आवुसो ! हामी दुइ भगवान्‌कहाँ जाऔं ! वहाँ भगवान् हामीहरूको शास्ता हुनुहुन्छ । आवुसो ! यी अढाइशय परिव्राजकहरू हामी दुइको कारणले हामी दुइको मुख ताकेर बसेका छन्, उनीहरूलाई पनि हेरौं । जस्तो उनीहरू चाहन्छन् त्यस्तै गर्नेछन् ।"

अनि सारिपुत्र मौद्गल्यायन जहाँ ती परिव्राजकहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि ती परिव्राजकहरूलाई भने—

"आवुसो ! हामीहरू भगवान्‌कहाँ जान्छौं, वहाँ भगवान् हाम्रा शास्ता हुनुहुन्छ ।"

"हामीहरू आयुष्मान्‌हरूको कारणले आयुष्मान्‌हरूको मुख हेरी यहाँ बसिरहेका छौं । यदि आयुष्मान्‌हरू महाश्रमणकहाँ ब्रह्मचर्य पालन गर्नुहुन्छ भने हामी सबै पनि महाश्रमणकहाँ नै ब्रह्मचर्य पालन गर्नेछौं ।"

त्यसपछि सारिपुत्र मौद्गल्यायन जहाँ सञ्जयपरिव्राजक थिए त्यहाँ गए । त्यहाँ पुगेपछि सञ्जयपरिव्राजकलाई भने—

"आवुसो ! हामीहरू भगवान्कहाँ जान्छौं; वहाँ भगवान् हाम्रा शास्ता हुनुहुन्छ ।"

"आवुसो ! नजाऊ, भइहाल्यो । हामी तीनजनाले यो गण (जमात) को हेरविचार गरौंला (परिहरिस्साम) ।"

दोश्रोपटक पनि सारिपुत्र मौद्गल्यायनले भने—"आवुसो ! हामीहरू भगवान्कहाँ जान्छौं । वहाँ भगवान् हाम्रा शास्ता हुनुहुन्छ ।"

दोश्रोपटक पनि सञ्जय परिव्राजकले भने—"आवुसो ! नजाऊ, भइहाल्यो । हामी तीनजनाले यो गणको हेरविचार गरौंला ।"

तेश्रोपटक पनि सारिपुत्र मौद्गल्यायनले भने—"आवुसो ! हामीहरू भगवान्कहाँ जान्छौं । वहाँ भगवान् हाम्रा शास्ता हुनुहुन्छ ।"

तेश्रोपटक पनि सञ्जयपरिव्राजकले भने—"आवुसो ! नजाऊ, भइहाल्यो । हामी तीनजनाले यो गणको हेरविचार गरौंला ।"

त्यसपछि सारिपुत्र मौद्गल्यायन ती अढाइशय परिव्राजकहरू साथमा लिई जहाँ वेणुवन हो त्यहाँ गए । अनि सञ्जयपरिव्राजकले त्यहीं नै मुखबाट तातो रगत वमन गरे ।

उपसम्पदात्व

भगवान्ले टाढैबाट सारिपुत्र मौद्गल्यायनहरू आइरहेको देख्नुभयो । अनि भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! यी कोलित र उपतिस्स दुइ सहायकहरू आउँदै छन् । यीनीहरू मेरा भद्र युगल अग्रश्रावकहरू हुने छन् ।"

१. "गम्भीरे ञाणविसये अनुत्तरे उपधिसङ्खये ।
विमुत्ते अप्पत्ते[1] वेलुवनं अथ ने सत्था ब्याकासि ॥

२. "एते द्वे सहायका आगच्छन्ति कोलितो उपतिस्सो च ।
एतं मे सावकयुगं भविस्सति अग्गं भद्दयुगं'ति ॥"

अर्थ—

१–"गम्भीर ज्ञानको विषयमा, अनुपम, उपधिनिरोध-निर्वाण लाभगरी विमुक्ति हुनेहरू (दुइ पुरुष) वेणुवनमा आइपुगे । अनी शास्ताले भविष्यवाणी प्रकाश गर्नुभयो—

२–"यी कोलित र उपतिस्स दुइ सहायकहरू आउँदै छन् । यिनीहरू मेरा भद्र युगल अग्रश्रावकहरू हुने छन् ।"

सारिपुत्र मौद्गल्यायन पनि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌को चरणकमलमा शीरले ढोगी भगवान्‌सँग यस्तो प्रार्थना गरे—

"भन्ते ! भगवान् समक्ष हामीहरूले प्रव्रज्या पाऊँ ! उपसम्पदा पनि पाऊँ !"

---

१. रोमना: 'अनुप्पत्ते' ।

"भिक्षु ! आऊ" भन्नुहुँदै भगवान्‌ले यस्तो भन्नुभयो—

"सुआख्यात धर्म छ, सम्यक् प्रकारले दुःख क्षय गर्नकोनिमित्त ब्रह्मचर्य पालन गर !"

त्यही (वाक्य) नै ती आयुष्मान्‌हरूको उपसम्पदा[1] भयो ।

× × ×

---

१. पूर्णभिक्षुत्वलाई 'उपसम्पदा' भन्दछन् ।

मूल पालि—

२. शरीर-डाह रोग

भगवान् राजगृहमा इच्छानुसार बस्नुभई जहाँ श्रावस्ती हो त्यहाँ चारिकार्थ जानुभयो[1]। चारिका गर्नुहुँदै क्रमशः श्रावस्तीमा पुग्नुभयो। त्यहाँ भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो।

त्यसबखत आयुष्मान् सारिपुत्रलाई शरीरमा डाह हुने रोग लागेको थियो। अनि आयुष्मान् महामौद्गल्यायन जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नुभयो—

"आवुसो सारिपुत्र! अघि तपाइलाई शरीर डाह हुने रोग लाग्दा केले निको हुन्थ्यो?"

"आवुसो! कमलका जराहरू र कमलका डाँठहरूले।"

अनि आयुष्मान् महामौद्गल्यायन जस्तै कुनै बलवान् पुरुषले

---

१. महा. व. पा. पृ. २३२: पटिग्गहितादिअनुजाननादि, भेसज्जक्खन्धकं; अ. क. III. पृ. ११५७.

खुम्चेको बाहुलाई पसार्छ र पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तैगरी जेतवनमा अन्तरधान भई मन्दाकिनी पुष्करिणीको तीरमा प्रकट हुनुभयो। एक नाग (=हात्ती) ले आयुष्मान् महामौद्गल्यायनलाई टाढैदेखि आइरहेको देख्यो। अनि आयुष्मान् महामौद्गल्यायनलाई उसले यस्तो बिन्तिगऱ्यो—

"भन्ते ! आर्य महामौद्गल्यायन ! आउनुहोस् भन्ते ! आर्य महामौद्गल्यायनको स्वागत छ। भन्ते ! आर्यलाई के चाहियो ? के दिऊँ ?"

"आवुसो ! कमलका जराहरू र कमलका डाँठहरू चाहिएका छन्।"

अनि सो हात्तीले एक हात्तीलाई अह्रायो—

"भणे ! त्यसोभए आर्यलाई कमलका जराहरू र कमलका डाँठहरू जतिचाहिन्छन् उति देऊ।"

त्यसपछि त्यो हात्ती मन्दाकिनी पुष्करिणीमा ओर्ली सूँडले कमलका जराहरू र कमलका डाँठहरू उखेली राम्ररी पखाली मुट्ठा बाँधी जहाँ आयुष्मान् महामौद्गल्यायन हुनुहुन्थ्यो त्यहाँ गयो। अनि आयुष्मान् महामौद्गल्यायन जस्तै कुनै बलवान् पुरुषले पसारेको बाहुलाई खुम्च्याउँछ र खुम्चेको बाहुलाई पसार्छ त्यस्तै मन्दाकिनी पुष्करिणीको तीरमा अन्तर्धान भई जेतवनमा प्रकट हुनुभयो। त्यो हात्ती पनि मन्दाकिनी पुष्करिणीको तीरमा अन्तर्धान भई जेतवनमा प्रकट भयो। अनि आयुष्मान् महामौद्गल्यायनलाई कमलका जराहरू र

कमलका डाँठहरू दिई जेतवनमा अन्तर्धान भई मन्दाकिनी पुष्करिणीको तीरमा प्रकट भयो।

त्यसपछि आयुष्मान् महामौद्गल्यायनले कमलका जराहरू र कमलका डाँठहरू आयुष्मान् सारिपुत्रलाई दिनुभयो। अनि ती कमलका जराहरू र कमलका डाँठहरू खाइसक्नु भएपछि आयुष्मान् सारिपुत्रको शरीर-डाह-रोग निको भयो।

× × ×

मूल पालि—

३. कौशम्बिक भिक्षुहरू प्रति कस्तो व्यवहार गर्ने ?

कौशम्बिक भिक्षुहरू क्रमशः श्रावस्तीमा पुगे[१]।

अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादनगरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्‌लाई यस्तो बिन्ति गर्नुभयो—

"भन्ते ! ती झगडा गर्ने, कलह गर्ने, विवाद गर्ने, कुरा गराउने तथा सङ्घमा अधिकरण चलाउने कौशम्बिक भिक्षुहरू श्रावस्तीमा आइपुगे। भन्ते ! कसरी उनीहरू प्रति शयनासनहरू सम्बन्धी व्यवहार गर्नु पर्ला ?"

"सारिपुत्र ! त्यसोभए विवित्तं (=एकान्तमा, अलग्ग ठाउँमा) आसनहरू दिनुपर्छ।"

"भन्ते ! यदि विवित्तं नभएमा कस्तो व्यवहार गर्नुपर्ला ?"

---

१. महा. व. पा. पृ. ३८७: अट्ठारसवत्थुकथा, कोसम्बककखन्धकं।

"सारिपुत्र ! त्यसोभए अलग्गै छुट्याएर भएपनि दिनुपर्छ। सारिपुत्र ! तर कुनै हालतले पनि बृद्धतर भिक्षुहरूलाई आसनबाट हटाउनुपर्छ भनी भन्दिन। जसले हटाउँछ उसलाई दुष्कृत्य आपत्ति लाग्नेछ।"

"भन्ते ! आमिष (=भोजन आदि) सम्बन्धी कस्तो व्यवहार गर्नुपर्ला त ?"

"सारिपुत्र ! आमिष (=भोजन आदि) को सम्बन्धमा सबैलाई समानरूपले बाँडनु पर्छ।"

× × ×

मूल पालि—

४. अग्रासन र अग्र भोजन

अनि भगवान् वैशालीमा इच्छानुसार बस्नुभई जहाँ श्रावस्ती हो त्यहाँ चारिकार्थ जानुभयो[१]। त्यसबखत छबर्गीय भिक्षुहरूका अन्तेवासिक भिक्षुहरू बुद्ध प्रमुख भिक्षुसंघभन्दा अघि अघि गई विहारहरू कब्जा गर्छन्, शय्याहरू कब्जा गर्छन्—यो हाम्रा उपाध्याय-हरूकोनिमित्त हुनेछ, यो हाम्रा आचार्यहरूकोनिमित्त हुनेछ र यो हाम्रो निमित्त हुनेछ।

अनि विहार कब्जा गरिएको र शय्याहरू कब्जा गरिएको हुँदा शय्या नपाए पछि बुद्ध प्रमुख भिक्षुसंघका पछि पछि लाग्नु भएका आयुष्मान् सारिपुत्र एक रुखमनि बस्नुभयो। अनि रातको प्रत्यूष समयमा भगवान्ले खोक्नुभयो। आयुष्मान् सारिपुत्रले पनि खोक्नु-भयो।

"यहाँ को छ?"

---

१. चुल्ल. व. पा. पृ. २५४: अग्गासनादि अनुजानना, सेनासनक्खन्धकं।

"भन्ते ! म सारिपुत्र।"

"सारिपुत्र ! किन तिमी यहाँ बसिरहेका छ्यौ ?"

अनि आयुष्मान् सारिपुत्रले सो कुरा बताउनुभयो। अनि भगवान्ले यसै सन्दर्भमा, यसै प्रसंगमा भिक्षुसङ्घ एकत्रित गराउनु भई भिक्षुहरूसँग सोध्नुभयो—"भिक्षुहो ! यो कुरा साँच्चै हो के छवर्गीय भिक्षुहरूका अन्तेवासिक भिक्षुहरू बुद्ध प्रमुख भिक्षुसङ्घभन्दा अघि अघि गई विहारहरू कब्जा गर्छन् ? शय्याहरू कब्जा गर्छन्—यो हाम्रा उपाध्यायहरूका निमित्त हुनेछ, यो हाम्रा आचार्यहरूको निमित्त हुनेछ, यो हाम्रा निमित्त हुनेछ ?"

"साच्चै हो, भगवान् !"

अनि भगवान्ले निन्दा गर्नुभयो—"भिक्षुहो ! कस्ता ती मोघपुरुष होलान् जो बुद्ध प्रमुख भिक्षुसङ्घभन्दा अघि अघि गई विहारहरू कब्जा गर्छन् र शय्याहरू कब्जा गर्छन्—यो हाम्रा उपाध्यायहरूको निमित्त हुनेछ, यो हाम्रा आचार्यहरूको निमित्त हुनेछ, यो हाम्रा निमित्त हुनेछ। भिक्षुहो ! यस कार्यद्वारा न अप्रसन्न भएकालाई प्रसन्न पार्न सक्छ, न प्रसन्न भएकालाई बढी प्रसन्न पार्न सक्छ। बल्कि यो कार्यद्वारा अप्रसन्न भएकालाई झन् अप्रसन्न पार्ने र प्रसन्न भएका कुनै कुनैका प्रसन्नतालाई आघात पार्ने जस्तै हुन जान्छ" भनी...धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—"भिक्षुहो ! कसलाई अग्रासन, अग्रजल र अग्रभोजन दिन योग्य छ ?"

त्यहाँ केही भिक्षुहरूले यसो भने—"भगवान् ! जो क्षत्रीकुलबाट प्रव्रजित भएको छ उसलाई अग्रासन,...दिन योग्य छ।" केही भिक्षुहरूले यसो भने—"भगवान् ! जो ब्राह्मणकुलबाट प्रव्रजित भएको छ उसलाई अग्रासन,...दिन योग्य छ।" केही भिक्षुहरूले यसो भने—"भगवान् ! जो गृहपतिकुलबाट प्रव्रजित भएको छ उसलाई अग्रासन, ...दिन योग्य छ।" केही भिक्षुहरूले यस्तो भने—"भगवान् ! जो सौत्रान्त्रिक छ,...जो विनयधर छ,...जो धर्मकथिक छ,...जो प्रथम-ध्यान...द्वितीयध्यान...तृतीयध्यान...चतुर्थध्यान लाभी छ उसलाई अग्रासन,...दिन योग्य छ।" केही भिक्षुहरूले यस्तो भने—"भगवान् ! जो स्रोतापन्न छ,...जो सकृदागामी छ,...जो अनागामी छ,...जो अरहत् छ उसलाई अग्रासन...दिन योग्य छ।" केही भिक्षुहरूले यस्तो भने—"भगवान् ! जो त्रैविद्य छ,...जो षडभिज्ञ छ उसलाई अग्रासन ...दिन योग्य छ।"

तित्तिर जातक

अनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—"भिक्षुहो ! अघि हिमालय प्रदेशमा विशाल बरको रुख थियो। त्यस रुखको आश्रय लिई तीनजना साथीहरू बस्दथे—तित्तिर (=तित्रो), बाँदर तथा हात्ती। उनीहरू परस्पर अगौरब गरी अहितकामी भई तथा विभिन्न मनोवृत्तिले बस्दथे। भिक्षुहो ! यी साथीहरूलाई यस्तो लाग्यो—'अहो ! हामीहरूमध्ये जन्मले जेठो हुने जान्नपाए हुन्थ्यो। अनि हामी उसलाई

सत्कार गर्नेछौं, गौरव गर्नेछौं, मान गर्नेछौं, पूजा गर्नेछौं तथा उसको उपदेशमा पनि बस्नेछौं।'

"भिक्षुहो! अनि तित्रो र बाँदरले हात्तीसँग सोधे—'सौम्य! के पुरानो कुरा तिमी सम्झन्छौ?" "सौम्य! जब म स्यानै थिएँ तब यो बरको रुखलाई नाघी हिंड्दथें। त्यसको माथिल्लो अंकुरले मेरो पेट छुन्थ्यो। सौम्य! यही पुरानो कुरा म सम्झिन्छु।"

"भिक्षुहो! अनि तित्रो र हात्तीले बाँदरसँग सोधे—'सौम्य! के पुरानो कुरा तिमी सम्झन्छौ?' 'सौम्य! जब म बच्चा थिएँ तब म भुइँमा बसी यो बरको अंकुर खान्थें। सौम्य! यही पुरानो कुरा म सम्झन्छु।'

"भिक्षुहो! अनि बाँदर र हात्तीले तित्रोसँग सोधे—'सौम्य! तिमी के पुरानो कुरा सम्झन्छौ त?' 'सौम्य! अमुक ठाउँमा एक बिशाल बरको रुख थियो। त्यहाँ त्यसको फल खाएर यहाँ मैले दिसा गरेको थिएँ। त्यसैबाट यो बरको रुख पलाएर आएको हो। सौम्य! त्यसबखत म जन्मले धेरै भइसकेको थिएँ।'

"भिक्षुहो! अनि बाँदर र हात्तीले तित्रोलाई यस्तो भने—'सौम्य! तिमी हामीभन्दा जन्मले जेठा रहेछौ। तिमीलाई हामी सत्कार गर्नेछौं, गौरब गर्नेछौं, मान गर्नेछौं, पूजा गर्नेछौं तथा तिम्रो उपदेशमा हामी बस्नेछौं।' भिक्षुहो! अनि तित्रोले बाँदर र हात्तीलाई पञ्चशील ग्रहण गर्न लगायो। आफूले पनि पञ्चशील पालन गरी बस्यो। उनीहरू परस्पर गौरब राखी हितकामी भई समान स्वभावले बस्न थाले

र शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए। भिक्षुहो ! यसरी यो कुरा तित्तिर ब्रह्मचर्य (तित्रो ब्रह्मचर्य) हुनगयो।

"ये वुड्ढमपचायन्ति[1] नरा धम्मस्स कोविदा।
दिट्ठेव[2] धम्मे च पासंसा सम्पराये[3] च सुग्गती'ति ॥"

अर्थ—

"धर्ममा दक्ष हुने पुरुषले जेठालाई सम्मान गर्छ, यस्तो गर्नेले यस जन्ममा पनि प्रशंसा पाउँछ र परलोकमा पनि सुगति प्राप्तगर्छ।"

"भिक्षुहो ! तिरश्चीन प्राणीहरू पनि परस्पर गौरव राखी हितकारी भई समान विचार राखी बसे भने भिक्षुहो ! यहाँ तो भिक्षुहरूलाई शोभा दिन्छ र ? जो स्वाख्यात धर्मविनयमा प्रव्रजित भई परस्पर अगौरव गरी अहितकामी भई असमान विचार राखी बस्नु ? भिक्षुहो ! यस कार्यद्वारा न अप्रसन्न भएकालाई प्रसन्न पार्न सक्छ र न प्रसन्न भएकालाई बढी प्रसन्न पार्न सक्छ। बलिक यो कार्यद्वारा अप्रसन्न भएकालाई झन् अप्रसन्न पार्ने र प्रसन्न भएका कुनै कुनैका प्रसन्नतालाई आघात पार्ने जस्तै हुन जान्छ" भनी निन्दा गर्नुभई... धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—"भिक्षुहो !

---

१. सि र रो. मा 'वद्धमपचायन्ति'।

२. नालन्दा पालिमा 'दिट्ठे'।

३. स्या. मा 'सम्परायो'।

वृद्धतर अनुसार अभिवादन, प्रत्युपस्थान, अञ्जलिकर्म, सामीचिकर्म, अग्रासन, अग्रजल र अग्रभोजन दिने अनुज्ञा दिन्छु। भिक्षुहो! कुनै हालतमा पनि संघवृद्धतालाई तोड्नु हुन्न। जसले तोड्छ उसलाई दुक्कट (=दुष्कृत्य) आपत्ति लाग्ने छ।"

× × ×

यस्तै घटनाको अर्को कुरा चुल्ल. व. पा. पृ. २५७ मा पनि उल्लेख भएको छ।

× × ×

मूल पालि—

५–सारिपुत्र प्रति दोषारोपण

अनि भगवान् श्रावस्तीमा इच्छानुसार विहार गर्नुभई जहाँ कीटागिरी[1] हो त्यहाँ चारिकार्थ सारिपुत्र मौद्गल्यायन सहित पाँचशय भिक्षुहरू भएको महत् भिक्षुसङ्घका साथ-जानुभयो[2]।

अश्वजित् र पुनर्बसु भिक्षुहरूले सुने कि—"सारिपुत्र मौद्गल्यायन सहित पाँचशय भिक्षुहरू भएको महत् भिक्षुसङ्घका साथ भगवान् कीटागिरिमा आउँदै हुनुहुन्छ।"

"आवुसो ! त्यसो हुनाले हामीहरूले सबै सांघिक शयनासनहरू विभाजन (=बाँड-फाँड) गरौं। सारिपुत्र मौद्गल्यायनहरू पाप (=खराब) विचारका छन्, पाप विचारको वशमा जाने हुन्। हामीहरूले उनीहरूलाई शयनासनहरू न देऔं" भन्दै (अश्वजित् पुनर्बसु भिक्षुहरूले) सबै सांघिक शयनासनहरू बाँड-फाँड गरे।

---

१. काशीबाट श्रावस्ती जाने बाटोमा पर्ने एक गाउँ हो। D. P. P. I. पृ. ५६७.

२. चुल्ल. व. पा. पृ. २६७: अवेभङ्गियवत्थु, सेनासनक्खन्धकं।

भगवान् चारिका गर्दै क्रमशः जहाँ कीटागिरि हो त्यहाँ जानुभयो। अनि भगवान्ले केही भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! तिमीहरू जाऊ, अश्वजित र पुनर्बसु भिक्षुहरूकहाँ गई यस्तो भन—'आवुसो ! सारिपुत्र मौद्गल्यायन सहित पाँचशय भिक्षुहरू भएको महत् भिक्षुसङ्घका साथ भगवान् आउँदै हुनुहुन्छ। आवुसो ! भगवान्को लागि, भिक्षुसङ्घको लागि तथा सारिपुत्र मौद्गल्यायनको लागि शयनासनहरू तयार पार'।"

"हवस्, भन्ते !" भनी प्रत्युत्तर दिई ती भिक्षुहरू जहाँ अश्वजित् र पुनर्बसु भिक्षुहरू थिए त्यहाँ गए। त्यहाँ पुगेपछि अश्वजित् र पुनर्बसु भिक्षुहरूलाई यस्तो भने—

"आवुसो ! सारिपुत्र मौद्गल्यायन सहित पाँचशय भिक्षुहरू भएको महत् भिक्षुसङ्घका साथ भगवान् आउँदै हुनुहुन्छ। आवुसो ! भगवान्को लागि, भिक्षुसङ्घका लागि तथा सारिपुत्र मौद्गल्यायनको लागि शयनासनहरू तयार पार।"

"आवुसो ! सांघिक शयनासनहरू छैनन्। सबै हामीहरूले बाँड-फाँड गरिसक्यौं। भगवान्को स्वागत छ। जुन विहारमा भगवान् बस्न चाहनु हुनेछ सोही विहारमा भगवान् बस्नुहुनेछ। सारिपुत्र मौद्गल्यायनहरू पाप विचारका छन्, पाप विचारका वशमा जाने हुन्। हामी उनीहरूको लागि शयनासन तयार पार्ने छैनौं।"

"आवुसो ! के तपाइँहरूले सांघिक शयनासनहरू बाँड-फाँड गरिसक्नु भएको ?"

"आवुसो ! हो ।"

जो ती भिक्षुहरू अल्पेच्छी[1], सन्तोषी, लज्जालु, संकोची र शिक्षाकामी हुन् तिनीहरू—"सांघिक शयनासनहरू पनि बाँड-फाँड गर्न सक्ने यी अश्वजित् र पुनर्वसु भिक्षुहरू कस्ता होलान्" भन्दै कराउन थाले, खिन्न हुन थाले तथा धिक्कार्न थाले ।

अनि ती भिक्षुहरूले भगवान्लाई यो कुरा सुनाए । यसै कारण र प्रसंगमा भिक्षुहरूलाई एकत्रित पार्नुभई भिक्षुहरूसँग भगवान्ले यस्तो सोध्नुभयो—

"भिक्षुहो ! साँच्चैहो के अश्वजित् र पुनर्वसु भिक्षुहरूले सांघिक शयनासनहरू बाँड फाँड गरेका ?"

"भगवान् ! साँच्चैहो ।"

अनि भगवान्ले—"भिक्षुहो ! कस्ता होलान् ती मोघपुरुषहरू जो कि सांघिक शयनासनहरू पनि बाँड-फाँड गर्छन् ।" भन्नुहुँदै—"भिक्षुहो ! यसले न अप्रसन्न हुनेलाई प्रसन्न पार्न सक्छ र न त प्रसन्न हुनेलाई नै बढी प्रसन्न पार्न सक्छ । भिक्षुहो ! बरू यसले त अप्रसन्न हुनेलाई बढी अप्रसन्न र प्रसन्न हुने कुनै कुनैलाई अन्यथा पार्न सक्छ" भनी भन्नुभयो । त्यसपछि भगवान्ले अनेक प्रकारले ती भिक्षुहरूको निन्दागर्नु हुँदै—दुर्भरताको, दुष्पोष्यताको, महेच्छताको[2], असन्तुष्टि-

---

१. अलिकता पनि इच्छा नगर्ने ।

२. महालोभी स्वभाव ।

ताको, सङ्गणिकताको[1] र आलस्यताको निन्दागरी—अनेकप्रकारले सुभरताको, सुपोष्यताको, अल्पेच्छताको, सन्तुष्टिताको, शीलवान्को, लग्नताको र प्रासादिकताको, गौरवताको तथा वीर्यवानताको वर्णना गरी—तदनुरूप र तदनुकूल धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

बाँड-फाँड गर्न नहुने बस्तु

"भिक्षुहो ! यी पाँच (वस्तुहरू) बाँड्न योग्य छैन । सङ्घले, गणले अथवा पुद्गलले बाँड्न हुन्न । बाँड-फाँड गरेता पनि बाँडिएको हुन्न (=ठहर्दैन) । जसले बाँड-फाँड गर्छ (उसलाई) थुल्लच्चय[2] भन्ने आपत्ति (=दोष) लाग्छ । कुन पाँच भने ?—

१—"आराम[3] वा आरामिक वस्तु । यो पहिलो बाँड-फाँड गर्न नहुने (वस्तु) हो—सङ्घले, गणले अथवा पुद्गलले बाँड्न हुन्न । बाँडेता पनि न बाँडिएको नै ठहर्छ । जसले बाँड्छ (उसलाई) थुल्लच्चय आपत्ति लाग्छ ।

---

१. दुइ तीनजना जति भेला भई नचाहिने कुराकानी गरी बसिरहने बानी ।

२. थुल्लच्चय दोष भनेको कस्तो हो भन्ने बारेमा हेर्नू बु. म. भा—१ पृ. ३३४ को पादटिप्पणीमा ।

३. पुष्पउदयान वा फल-उदयान इत्यादि । सम. पा. III. पृ. १३२१.

२–'विहार'[1] वा विहार सम्बन्धी वस्तुहरू[2]। यो दोश्रो बाँड-फाँड गर्न नहुने (वस्तु) हो। सङ्घले, गणले अथवा पुद्गलले बाँडन हुन्न। बाँडेता पनि न बाँडिएको नै ठहर्छ। जसले बाँडछ (उसलाई) थुल्लच्चय आपत्ति लाग्छ।

३–'खाट, मेच, बिछ्यौना डसना वा तकिया। यो तेश्रो बाँड-फाँड गर्न नहुने (वस्तु) हो। सङ्घले, गणले अथवा पुद्गलले बाँडन हुन्न। बाँडेता पनि न बाँडिएको नै ठहर्छ। जसले बाँडछ (उसलाई) थुल्लच्चय आपत्ति लाग्छ।

४–'लोह-कुम्भी (=फलामको पकाउने भाँडो), लोह-भाणकं (=फलामको ठूलो खरखण्डा जस्तो भाँडो), लोह-वारक (=फलामको बाल्टिनी जस्तो भाँडो), लोह-कटाह (=फलामको कराई), बसिला, चूपी, बञ्चरो, कोदालो, खन्ती (=गल)—यो चौथो बाँड-फाँड गर्न नहुने (वस्तु) हो। सङ्घले, गणले अथवा पुद्गलले बाँडन हुन्न। बाँडेता पनि न बाँडिएको नै ठहर्छ। जसले बाँडछ (उसलाई) थुल्लच्चय आपत्ति लाग्छ।

५–'डोरी, बाँस, कुनै घाँसपातको मुट्ठा, खर, त्रिण, माटो, काठको भाँडो, माटाका भाँडा—यो पाँचौ बाँड-फाँड गर्न नहुने

---

१. जुनसुकै घरहरू र त्यसमा रहेका शयनासनहरू। सम. पा. III. पृ. १३२१.

२. विहारको निर्धारित जग्गा। सम. पा. III. पृ. १३२१.

(=अवेभङ्गिय वस्तु) हो। सङ्घले, गणले अथवा पुद्‌गलले बाँडन हुन्न। बाँडेता पनि न बाँडिएको नै ठहर्छ। जसले बाँडछ (उसलाई) थुल्लच्चय आपत्ति लाग्छ।'

"भिक्षुहो! यीनै पाँच (वस्तुहरू) बाँडन योग्य छैनन् (अवेभङ्गियानि)। सङ्घले, गणले अथवा पुद्‌गलले बाँडन हुन्न। बाँड-फाँड गरेता पनि न बाँडिएको नै ठहर्छ। जसले बाँडछ (उसलाई) थुल्लच्चय आपत्ति लाग्छ।"

× × ×

मूल पालि—

६-भोकै बस्नुभयो

त्यस समय आयुष्मान् सारिपुत्र कोशल जनपदको श्रावस्तीमा जाँदा एक आवासथमा (=भोजन सहित बस्ने ठाउँ बनाइएको ठाउँ) जानुभयो'। "धेरै दिनपछि स्थविर आउनुभयो" भनी मानिसहरूले स्थविरलाई सत्कारपूर्वक भोजन गराए। अनि आयुष्मान् सारिपुत्रलाई भोजनपछि बडो कडा वेदना उत्पन्न भयो र त्यस आवासथबाट जान सक्नु भएन। अनि ती मानिसहरूले दोश्रो दिन पनि आयुष्मान् सारिपुत्रलाई यस्तो भने—"भन्ते! भोजन गर्नुहोस्।" अनि आयुष्मान् सारिपुत्रले "भगवान्ले एकदिनभन्दा बढी बसी आवासथको भोजन खान हुन्न भनी प्रतिक्षेप गर्नुभएको छ" भन्दै आशंका गरी भोजन ग्रहण गर्नुभएन। वहाँ निराहार हुनुभयो। अनि श्रावस्तीमा गई आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई यो कुरा सुनाउनु भयो। भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए।

---

१. पाचि. पा. पृ. १११: आवासथ सम्पत्त सारिपुत्तवत्थु, पाचित्तिय-कण्डं; भ. के. II. पृ. ८२९.

अनि भगवान्ले यसै कारणमा, यसै प्रसंगमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—"भिक्षुहो ! रोगी भिक्षुले पुनः बसी आवासथको भोजन गर्ने अनुमति दिन्छु।" भिक्षुहो ! यसरी यो शिक्षापद (=नियम) अध्ययन गर्नु पर्छ—

"निरोगी भिक्षुले एक पटक मात्र आवासथको भोजन गर्नुपर्छ। त्यसभन्दा बढता खायो भने पाचित्तिय (=दोष) लाग्ने छ।"

× × ×

मूल सूत्र—

७-धर्मदायाद होऊ

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो। अनि त्यहाँ भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! आमिसदायाद नभई धर्मदायाद होऊ[२]। 'आमिसदायाद नभई मेरा शिष्यहरू धर्मदायाद होऊन्' भन्ने ममा तिमीहरू प्रति अनुकम्पा छ।

"यदि तिमीहरू धर्मदायाद नभई आमिसदायाद भयौ भने तिमीहरू पनि म पनि निन्दित हुनेछौं। आमिसदायाद नभई धर्मदायाद

---

१. म. नि. I. पृ. १८: धम्मदायादसुत्तं, अ. क. I. पृ. ८१.

२. यहाँ 'आमिसदायाद नभई धर्मदायाद होऊ' भन्नेको मतलब खानपान आदिमा लोभ लाल्चा नगरी धर्मतिर लाल्चा गर भनिएको हो। अर्थात् खानपान आदिको अंश खोज्नुभन्दा धर्मको अंश खोज्नु बेश भनिएको हो।

भयौ भने तिमीहरू पनि म पनि प्रशंसित हुनेछौं ।

"भनौं कि—खाएर बचेको भोजन मेरो पात्रमा छ। अनि त्यहाँ दुइजना भोकाएका भिक्षुहरू आउँछन्। उनीहरूलाई म भन्छु—"खाएर बचेको भोजन मेरो पात्रमा छ। चाहन्छौ भने तिमीहरू सो खाऊ। यदि तिमीहरू खाँदैनौ भने फालिदिनेछु।" अनि ती दुइमध्ये एकजनाले यस्तो कल्पना गर्छ—"भगवान्को पात्रमा खाएर बचेको भोजन बाँकी छ र मलाई भोक पनि लागेको छ। मैले खाइन भने सो भोजन भगवान्ले फाल्नु हुनेछ।" यो पनि उसले विचार गर्छ कि—'भगवान्ले आमिसदायाद नभई धर्मदायाद होऊ' भनी भन्नुभएको छ। अनि उ भोजन नखाई रातभर भोकै बस्छ। अर्कोले पनि त्यस्तै विचार गर्छ। तर भोजन खाएर उ भोक मेटाउँछ। यद्यपि उसले खेर जाने भोजन खाएर भोक मेटाउँछ तर मेरो निमित्त यी दुइजनामध्ये अघिल्लो भिक्षु नै पूज्यतर र प्रशंसतर हुनेछ। किनभने उसको प्रतिपत्तिद्वारा सन्तुष्टिता अल्पेच्छता सल्लेखता आदिद्वारा गुण धर्ममा पुऱ्याउँछ। त्यसैले भिक्षुहो ! आमिसदायाद नभई धर्मदायाद होऊ।"

यति भन्नुभई भगवान् विहारभित्र जानुभयो ।

सारिपुत्रको उपदेश

भगवान् गइसक्नु भएपछि त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो र भिक्षुहरूले प्रत्युत्तर दिएपछि वहाँले यस्तो भन्नुभयो—

कतिसम्म एकान्तवास बस्ने हुन्नन् ?

"आवुसो ! शास्ता एकान्तवासमा मन लगाई बस्ने भएर पनि कतिसम्म शिष्यहरू एकान्तवासबाट दूर भएर बस्ने हुन्छन् ? शास्ता एकान्तवासमा बस्ने हुँदा कतिसम्म शिष्यहरू पनि एकान्तवासमा बस्ने हुन्छ ?

"आवुसो ! यस कुराको अर्थ बुझ्नकोनिमित्त हामीहरू टाढैबाट भए पनि तपाइँकहाँ आउँछौं । यस कुराको अर्थ तपाइँ नै बताउनुहोस् । तपाइँद्वारा सुनी धारण गर्नेछौं ।"

"आवुसो ! त्यसोभए ध्यान दिएर सुन, म भन्नेछु" भनी आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो—

"आवुसो ! यहाँ गुरू हुने एकान्तवासमा मन लगाउने भएर पनि कतिसम्म शिष्य हुनेहरू एकान्तवासमा मन न लगाउने हुन्छन् ? आवुसो ! गुरू हुने एकान्तवासमा बस्ने हुँदा कतिसम्म शिष्य हुनेहरू पनि एकान्तवासमा बस्ने हुन्छन् ? जुन धर्मलाई गुरूले छाड्नुपर्छ भनेको छ त्यसलाई पनि छाड्दैनन्, झन् बरू चीवरादि वस्तु थुपार्ने (बाहुलिका) प्रवृत्तिका हुन्छन्, धर्मलाई दृढरूपमा ग्रहण गर्दैनन् (साथलिका), नीवरणादि क्लिष्ट धर्ममा अगाडि बढ्ने हुन्छन् (ओक्कमने पुब्बङ्गमा) र एकान्तवासमा मन नलगाउने हुन्छन् (पविवेके निक्खित्त धुरा) । त्यहाँ स्थविर भिक्षुहरूलाई तीन कुराद्वारा निन्दा गरिन्छ—

(१) "शास्ता एकान्तवासमा बस्ने हुँदा पनि एकान्तवासमा बस्ने शिक्षा शिष्यहरूले लिन्नन् भन्ने पहिलो कुराद्वारा स्थविर भिक्षुहरूको निन्दा हुन्छ ।

(२) "जुन धर्मलाई शास्ताले छाड्नुपर्छ भन्नुभएको छ सो धर्मलाई छाड्दैनन् भन्ने दोश्रो कुराद्वारा स्थविर भिक्षुहरूको निन्दा हुन्छ ।

(३) "चीवरादिवस्तु थुपार्ने प्रवृत्तिका हुन्छन् (बाहुलिका), धर्मलाई दृढतारूपमा ग्रहण गर्दैनन् (साथलिका), नीवरणादि क्लिष्ट धर्ममा अगाडि बढ्ने हुन्छन् (ओक्कमने पुब्बङ्गमा) र एकान्तवासमा मन नलगाउने हुन्छन् (पविवेके निक्खित्त धुरा) भन्ने तेश्रो कुराद्वारा स्थविर भिक्षुहरूको निन्दा हुन्छ ।"

"यसरी यी तीन कुराद्वारा स्थविर भिक्षुहरूको निन्दा हुन्छ ।

"यस्तै गरी मझौला भिक्षुहरूलाई पनि नयाँ भिक्षुहरूलाई पनि यी तीन कुराद्वारा निन्दा हुन्छ ।

"आवुसो ! यतिञ्जेलसम्म शास्ता एकान्तवासमा मन लगाई बस्ने हुँदा पनि शिष्यहरू एकान्तवासबाट दूर भएर बस्ने हुन्छन् ।

कतिसम्म एकान्तवास बस्ने हुन्छन् ?

"आवुसो ! कतिसम्म शास्ता एकान्तवासमा मन लगाई बस्नु हुंदा शिष्यहरू एकान्तवासमा मन लगाउने कुरा सिक्छन् त ?

"आवुसो ! यहाँ गुरू हुने एकान्तवासमा मन लगाउने हुन्छ र शिष्य हुनेहरू पनि एकान्तवासमा मन लगाई बस्छन्; जुन धर्मलाई गुरूले छाड्नुपर्छ भनेको छ त्यो धर्मलाई छाड्छन्; चीवरादि वस्तु थुपार्ने प्रवृत्तिका हुन्नन् (न च बाहुलिका होन्ति); धर्मलाई दृढरूपमा ग्रहण गर्छन् (न साथलिका होन्ति), नीवरणादि क्लिष्ट धर्ममा अगाडि बढ्ने हुन्नन् (न ओक्कमने पुब्बङ्गमा होन्ति), एकान्तवासमा मन लगाउँछन् (न पविवेके निक्खित्त धुरा होन्ति)। त्यहाँ स्थविर भिक्षुहरू-लाई तीन कुराद्वारा प्रशंसा हुन्छ।

(१) "शास्ता एकान्तवासमा मन लगाउने हुँदा शिष्यहरू पनि एकान्तवासमा मन लगाउने हुन्छन् भन्ने पहिलो कुराद्वारा स्थविर भिक्षुहरूको प्रशंसा हुन्छ।

(२) "जुन धर्मलाई शास्ताले छाड्नुपर्छ भन्नुभएको छ सो धर्मलाई छाड्छन् भन्ने दोश्रो कुराद्वारा स्थविर भिक्षुहरूको प्रशंसा हुन्छ।

(३) "चीवरादि वस्तु थुपार्ने प्रवृत्तिका हुन्नन्, दृढरूपमा धर्म ग्रहण गर्छन्, नीवरणादि क्लिष्ट धर्ममा अगाडि बढ्ने हुन्नन् र एकान्तवासमा मन लगाउने हुन्छन् भन्ने तेश्रो कुराद्वारा स्थविर भिक्षुहरूको प्रशंसा हुन्छ।

"यसरी यी तीन कुराद्वारा स्थविर भिक्षुहरूको प्रशंसा हुन्छ।

"यस्तै गरी मझौला भिक्षुहरूको र नयाँ भिक्षुहरूको पनि यी तीन कुराद्वारा प्रशंसा हुन्छ।

"आवुसो! यतिञ्जेलसम्म शास्ता एकान्तवासमा मन लगाई बस्ने हुँदा शिष्यहरू एकान्तवासमा मन लगाई बस्ने कुरा सिक्छन्।"

मध्यममार्ग

"आवुसो! लोभ पनि खराब हो र द्वेष पनि खराब हो। लोभ र द्वेष हटाउनको निमित्त यहाँ मध्यममार्ग छ जसले आँखा देखाइदिन्छ, ज्ञान प्रदान गर्छ, शान्ति दिन्छ, अभिज्ञा दिन्छ, सम्बोधि दिन्छ तथा निर्वाणमा पुऱ्याइदिन्छ। त्यो आँखा आदि देखाइदिने मध्यममार्ग भनेको के हो त?—यही आर्यअष्टांगिक मार्ग हो। जस्तै—सम्यक्‌दृष्टि, सम्यक्‌सङ्कल्प, सम्यक्‌वाचा, मम्यक्‌कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक्‌स्मृति र सम्यक्‌समाधि। यही त्यो मध्यममार्ग हो जसले...निर्वाणमा पुऱ्याइदिन्छ।

"आवुसो! क्रोध पनि खराब हो, वैरभाव (उपनाह) पनि खराब हो, अर्काको गुण मेट्ने (मक्खो) पनि,...दुवैतिरको कुरा सुन्ने (पलास) पनि...ईर्ष्या पनि,...मात्सर्य पनि,...आफ्नो दोष लुकाउने (माया) पनि,...आफूमा नभएको गुण देखाउने (साठेय्य) पनि,...अहम्भाव (थम्भो) पनि,...बदला लिने (सारम्भो) पनि,...मान पनि,...अतिमान पनि,...मद पनि,...प्रमाद पनि खराब हो। मद प्रमादलाई

हटाउनको निमित्त पनि मध्यममार्ग छ जसले...निर्वाणमा पुऱ्याइदिन्छ । त्यो मध्यम प्रतिपदा भनेको के हो भने—यही आर्यअष्टाङ्गिक मार्ग हो । जस्तै—सम्यक्दृष्टि...सम्यक्समाधि ।"

यति आयुष्मान् सारिपुत्रले भन्नुभयो । अनि सन्तुष्ट भई ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गरे ।

× × ×

मूल सूत्र—

८. क्लेशयुक्त विचार हुने व्यक्ति

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् श्रावस्तीको अनाथपिण्डकको जेतवनारामम्मा बस्नु भएको थियो । अनि त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो । अनि ती भिक्षुहरूले प्रत्युत्तर दिएपछि वहाँले यसो भन्नुभयो—आवुसो ! यो लोकमा चारप्रकारका व्यक्तिहरू छन् । कुन चार भने—

(१) "आवुसो ! यहाँ कुनै व्यक्ति आफूमा क्लेशयुक्त विचार (अङ्गण) भएर पनि 'आफूमा क्लेशयुक्त विचार छ' भनी यथार्थतः जान्दैन ।

(२) "आवुसो ! यहाँ कुनै व्यक्ति आफूमा क्लेशयुक्त विचार भएमा 'आफूमा क्लेशयुक्त विचार छ' भनी यथार्थतः जान्दछ ।

---

१. म. नि. I. पृ. ३३: अनङ्गणसुत्तं, अ. क. I. पृ. १२४.

(३) "आवुसो ! यहाँ कुनै व्यक्ति आफूमा क्लेशयुक्त विचार नभएर पनि 'आफूमा क्लेशयुक्त विचार छैन' भनी यथार्थतः जान्दैन ।

(४) "आवुसो ! यहाँ कुनै व्यक्ति आफूमा क्लेशयुक्त विचार नभएमा 'आफूमा क्लेशयुक्त विचार छैन' भनी यथार्थतः जान्दछ ।"

"आवुसो ! जो त्यो क्लेशयुक्त विचार (अङ्गणं) आफूमा भएर पनि 'आफूमा क्लेशयुक्त विचार छ' भनी यथार्थतः नजान्ने र जो त्यो क्लेशयुक्त विचार आफूमा भएर 'आफूमा क्लेशयुक्त विचार छ' भनी यथार्थतः जान्ने—यी दुवै क्लेशयुक्त विचार हुने व्यक्तिहरूमध्येमा माथिल्लोलाई हीन र तल्लोलाई श्रेष्ठ व्यक्ति भनिन्छ ।

"आवुसो ! जो त्यो आफूमा क्लेशयुक्त विचार नभएर पनि 'आफूमा क्लेशयुक्त विचार छैन' भनी यथार्थतः नजान्ने र जो त्यो आफूमा क्लेशयुक्त विचार नभएमा 'आफूमा क्लेशयुक्त विचार छैन' भनी जान्ने—यी दुवै क्लेशयुक्त विचार नहुने (अनङ्गणं) व्यक्तिहरूमध्येमा माथिल्लो व्यक्तिलाई हीन र तल्लो व्यक्तिलाई श्रेष्ठ व्यक्ति भनिन्छ ।"

मौद्गल्यायनको प्रश्न

यस्तो भन्नुहुँदा आयुष्मान् मौद्गल्यायनले आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नुभयो—

"आवुसो सारिपुत्र ! दुवै क्लेशयुक्त विचारका भएर पनि किन

एकजनालाई हीन र अर्कोलाई श्रेष्ठ भनिएको हो ? यसको कारण के हो ?

"आवुसो सारिपुत्र ! दुवै क्लेशयुक्त विचारका नभएर पनि किन एकजनालाई हीन र अर्कोलाई श्रेष्ठ भनिएको हो ? यसको कारण के हो ?"

a. "आवुसो मौद्गल्यायन ! जो त्यो व्यक्ति आफूमा क्लेशयुक्त विचार भएर पनि 'आफूमा क्लेशयुक्त विचार छ' भनी यथार्थतः जान्दैन उसले सो क्लेशयुक्त विचारलाई हटाउनको निमित्त इच्छा गर्दैन, कोशिस गर्दैन र वीर्यारम्भ गर्दैन। अनि उ सरागी, सद्वेषी, समोही तथा क्लेशयुक्त विचार हुने भई संक्लिष्ट चित्त लिएर मर्छ। भनौं कि—पसलबाट वा कालिगडको घरबाट मैलो परेको काँसको भाँडो ल्याउँछ। मालिकले उसमा खाना पनि खान्न सफा पनि नगरी फोहर ठाउँमा पर्याँक्छ। अनि सो भाँडो पछि गएर झन् झन् मलीन हुन्छ। यस्तै गरी आवुसो ! आफूमा क्लेशयुक्त विचार भएर पनि नजान्नेले पछि गएर उ...संक्लिष्ट चित्त लिएर मर्छ।

b. "आवुसो मौद्गल्यायन ! जो त्यो व्यक्ति आफूमा क्लेशयुक्त विचार भएर 'आफूमा क्लेशयुक्त विचार छ' भनी यथार्थतः जान्दछ उसले सो क्लेशयुक्त विचारलाई हटाउनको निमित्त इच्छा गर्छ, कोशिस गर्छ र वीर्यारम्भ गर्छ। अनि उ अरागी, अद्वेषी, अमोही तथा क्लेशयुक्त विचार हुने नभई असंक्लिष्ट चित्त लिएर मर्छ। भनौं कि—पसलबाट वा कालिगडको घरबाट मैलो परेको काँसको भाँडो ल्याउँछ। मालिकले

त्यसलाई सफा पारी त्यसमा खाना पनि खान्छ फोहर ठाउँमा फ्याक्दा पनि फ्याक्दैन। अनि सो भाँडो पछि गएर झन् झन् सफा हुन्छ। आवुसो ! यस्तै गरी आफूमा क्लेशयुक्त विचार भएर 'आफूमा क्लेशयुक्त विचार छ' भनी जान्नाले पछि गएर उ...असंक्लिष्ट चित्त लिएर मर्छ।

c. "आवुसो मौद्‌गल्यायन ! जो त्यो व्यक्ति आफूमा क्लेशयुक्त विचार नभएर पनि 'आफूमा क्लेशयुक्त विचार छैन' भनी यथार्थतः नजान्नेले शुभनिमित्त[१] लिएर हेर्छ, यसरी शुभनिमित्तले हेर्नेको मनलाई रागले ध्वस्त पार्छ। अनि उ सरागी, सद्वेषी, समोही तथा क्लेशयुक्त विचार हुने भई संक्लिष्ट चित्त लिएर मर्छ। भनौं कि—पसलबाट वा कालिगडको घरबाट सफा सुग्घर भएको काँसको भाँडो ल्याउँछ। मालिकले त्यसमा नखाई फोहर ठाउँमा फ्याक्छ र पछि गएर सो भाँडो अघिभन्दा झन् झन् मलीन हुन्छ। आवुसो ! यस्तै गरी आफूमा क्लेशयुक्त विचार नभएर पनि त्यसलाई नजान्नाले पछि गएर उ... संक्लिष्ट चित्त लिएर मर्छ।

d. "आवुसो मौद्‌गल्यायन ! जो त्यो व्यक्ति आफूमा क्लेशयुक्त विचार नभएमा 'आफूमा क्लेशयुक्त विचार छैन' भनी यथार्थतः जान्नेले शुभनिमित्तले हेर्दैन, यसरी शुभनिमित्तले नहेर्नेको मनलाई रागले ध्वस्त पार्दैन, अनि उ अरागी, अद्वेषी, अमोही तथा क्लेशयुक्त विचार नहुने

---

१. 'शुभनिमित्त' भनी आसक्त युक्त 'अहा ! कति राम्रो !' भन्ने दृष्टिले हेर्नेलाई भनिएको हो।

भई असंक्लिष्ट चित्त लिएर मर्छ । भनौंकि—पसलबाट वा कालिगडको घरबाट सफा सुग्घर भएको काँसको भाँडो ल्याउँछ । मालिकले त्यसमा खान्छ पनि सफा पनि गर्छ फोहर ठाउँमा फ्याक्दा पनि फ्याक्दैन । यसप्रकार सो भाँडो पछि गएर झन् झन् सफा हुन्छ । आवुसो ! यस्तै गरी आफूमा क्लेशयुक्त विचार नभएर 'आफूमा क्लेशयुक्त विचार छैन' भनी जान्नाले शुभनिमित्तले हेर्दैन अनि उसको चित्तमा राग पस्दैन अनि उ...असंक्लिष्ट चित्त लिएर मर्छ ।

"आवुसो मौद्गल्यायन ! यही कारण हो जसले गर्दा क्लेशयुक्त विचार भएका दुइ व्यक्तिहरूमध्येमा एकजनालाई हीन र अर्कोलाई श्रेष्ठ भनिएको हो ।

"आवुसो मौद्गल्यायन ! यही कारण हो जसले गर्दा क्लेशयुक्त विचार नभएका दुइ व्यक्तिहरूमध्येमा एकजनालाई हीन र अर्कोलाई श्रेष्ठ भनिएको हो ।"

अङ्गण कसलाई भन्छन् ?

"आवुसो ! 'अङ्गण अङ्गण' भनी भन्दछन् । आवुसो ! यो केको नाम हो ?"

"आवुसो ! यो कुविचार, अकुशल तथा इच्छाधीन भई हिंडनेको नाम हो—'अङ्गण' ।

क. "आवुसो ! यहाँ कुनै अपराधी (=आपत्ति, दोष हुने) भिक्षुको यस्तो इच्छा हुन्छ—'मेरो अपराध अरू भिक्षुहरूले थाहा नपाउन् ।' तर उसको अपराधलाई अरू भिक्षुहरूले थाहा पाउँछन् । 'भिक्षुहरूले मेरो अपराधलाई थाहापाए' भनी उ कोप गर्छ र अप्रसन्न हुन्छ । आवुसो ! जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन् ।

ख. "आवुसो ! यहाँ कुनै अपराधी भिक्षुको यस्तो इच्छा हुन्छ—'मेरो अपराधको सम्बन्धलाई लिएर सङ्घको बीचमा मलाई दोष नदेउन् र दोष दिनपरे एक्लै भएको ठाउँमा दोष दिउन् (चोदेय्यु) ।' हुनसक्छ उसलाई सङ्घको बीचमा भिक्षुहरूले दोष दिनेछन् । अनि उ 'मलाई सङ्घको बीचमा दोष दिए' भनी कोप गर्छ र अप्रसन्न हुन्छ । जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन् ।

ग. "आवुसो ! यहाँ कुनै अपराधी भिक्षुको यस्तो इच्छा हुन्छ—'मेरो अपराधलाई समानरूपको (=आफू जस्तै अपराधी हुने) भिक्षुले दोष देओस् तर असमानरूपको (=अपराध नहुने) भिक्षुले होइन ।' हुनसक्छ उसलाई असमानरूपको भिक्षुले दोष दिन्छ (चोदेय्य) । 'असमानरूपको भिक्षुले मलाई दोष दियो' भनी उ कोप गर्छ र अप्रसन्न हुन्छ । जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन् ।

घ. "आवुसो ! यहाँ कुनै भिक्षुको यस्तो इच्छा हुन्छ—'मसँग सोधेर गुरूले धर्मदेशना गरून् अरूसँग सोधेर होइन ।' हुनसक्छ गुरूले

अरूसँग सोधेर धर्मदेशना गर्छन्। 'मसँग नसोधिकन अरूसँग सोधेर गुरूले धर्मदेशना गरे' भनी उ कोप गर्छ र अप्रसन्न हुन्छ। जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन्।

ङ. "आवुसो ! यहाँ कुनै भिक्षुको यस्तो इच्छा हुन्छ—'मलाई अगाडि लगाई भिक्षुहरू गाउँमा भिक्षाटन्को लागि जाउन्।' हुनसक्छ भिक्षुहरू अर्को भिक्षुलाई अगाडि लगाई गाउँमा भिक्षाटन्को लागि जान्छन्। 'अर्को भिक्षुलाई अगाडि लगाई गाउँमा भिक्षाटन् गए' भनी उ कोप गर्छ र अप्रसन्न हुन्छ। जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन्।

च. "आवुसो ! यहाँ कुनै भिक्षुको यस्तो इच्छा हुन्छ—'अहो ! भोजनालयमा मलाई अग्रासन र अग्र भोजन देउन्।' हुनसक्छ उसले त्यो ठाउँ पाउँदैन। अनि यसबाट उ कोप गर्छ र अप्रसन्न हुन्छ। जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन्।

छ. "आवुसो ! यहाँ कुनै भिक्षुको यस्तो इच्छा हुन्छ—'आरामवासी भिक्षुहरूलाई मैले उपदेश दिनपाए हुन्थ्यो।' हुनसक्छ अर्को भिक्षु उपदेश दिन्छ। अनि उ यसबाट कोप गर्छ र अप्रसन्न हुन्छ। जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन्।

ज. "आवुसो ! यहाँ कुनै भिक्षुको यस्तो इच्छा हुन्छ—'अहो ! मैले आरामवासी भिक्षुहरूलाई...उपासकहरूलाई...उपासिकाहरूलाई उपदेश दिन पाए हुन्थ्यो।' हुनसक्छ अर्को भिक्षुले उपदेश दिन्छ। अनि

उ यसबाट कोप गर्छ र अप्रसन्न हुन्छ। जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन्।

झ. "आवुसो! यहाँ कुनै भिक्षुको यस्तो इच्छा हुन्छ—'अहो! भिक्षुहरू मलाई नै सत्कार गरुन्, मलाई नै गौरव गरुन् र मलाई नै पूजा सम्मान गरुन्।' हुनसक्छ भिक्षुहरू अर्कै भिक्षुलाई...पूजा सम्मान गर्छन्। अनि उ यसबाट कोप गर्छ र अप्रसन्न हुन्छ। जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन्।

ञ. "आवुसो! यहाँ कुनै भिक्षुको यस्तो इच्छा हुन्छ—'मलाई उत्तम पात्र चीवरहरू लाभ होस् अरूलाई लाभ नहोस्।' हुनसक्छ अरू भिक्षुहरूलाई लाभ हुन्छ उसलाई हुन्न। अनि उ यसबाट कोप गर्छ र अप्रसन्न हुन्छ। जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन्।

ट. "आवुसो! यहाँ कुनै भिक्षुको यस्तो इच्छा हुन्छ—'अहो! मलाई मात्र उत्तम भोजन...उत्तम शयनासन...उत्तम ग्लानप्रत्ययहरू लाभ होस् अरूलाई लाभ नहोस्।' हुनसक्छ उसलाई लाभ नभई अरू भिक्षुहरूलाई लाभ हुन्छ। अनि उ यसबाट कोप गर्छ र अप्रसन्न हुन्छ। जो त्यो कोप हो जो त्यो अप्रसन्नता हो—यी दुवै 'अङ्गण' हुन्।

"आवुसो! यही कुविचारको र अकुशलको इच्छाधीन भई हिडनेको नाम 'अङ्गण' हो।

खराब विचार नै पाप हो

a. "आवुसो ! यहाँ कुनै भिक्षुको खराव विचार वा इच्छाधीन भई हिडने वानि हटेको हुन्न । त्यस्तो कुरा सुनिन्छ पनि देखिन्छ पनि— चाहे त्यो वनवासी होस्, चाहे एकान्तवासी बस्ने होस्, चाहे त्यो भिक्षाटन् मात्र गरी खाने होस् चाहे पालैसँग (सपदानचारी) भिक्षाटन् गर्ने होस्, चाहे त्यो पंसुकूलिक होस् र चाहे खस्रो चीवर लगाउने होस्— उसलाई सब्रह्मचारीहरूले सम्मान सत्कार गर्दैनन् । किनभने—ती आयुष्मान्‌हरूले उसको खराब विचार वा इच्छाधीन भई हिडने वानि सुनेका पनि हुन्छन् देखेका पनि । भनौं कि—पसलवाट वा कालिगडको घरबाट सुग्घर सफा भएको काँसको भाँडो ल्याउँछ । अनि मालिकले त्यसमा मरेको सर्पको वा मरेको कुकुरको अथवा मरेको मानिसको मासु राखी अर्को सुग्घर सफा भएको काँसको भाँडोले छोपी बजारमा राख्न लगाउँछ । यो देखेर मानिसहरूले 'अहा ! कति टल्किने राम्रो भाँडो ! यसमा के रहेछ ?' भनी उघारी हेर्दा देख्नेबित्तिकै उनीहरूलाई अप्रिय लाग्छ र घृणा लाग्छ । यस्तो दुर्गन्ध मरेको मासु देखेर भोक लाग्नेले त खाँदैन भने भोक नलाग्नेको त के कुरा ! आवुसो ! त्यस्तै गरी जसको खराब विचार अथवा इच्छाधीन भई हिडने बानि हटेको हुन्न र त्यसवारेमा सुनेका पनि देखेको पनि हुन्छन् अनि त्यस्ता वनवासीलाई सब्रह्मचारीहरूले सम्मान सत्कार गर्दैनन् । किनभने ?— खराब विचार र इच्छाधीन भई हिडने बानि भएको हुनाले ।

b. "आवुसो ! यहाँ कुनै भिक्षुको खराब विचार वा इच्छाधीन

भई हिडने बानि नभएको कुरा सुनेको पनि देखेको पनि हुन्छ । चाहे उ गाउँको विहारमा बस्ने होस्, चाहे निमन्त्रणामा जानेहोस् र चाहे गृहपतिले दिएको चीवर लगाउने होस् उसलाई सब्रह्मचारीहरूले सम्मान सत्कार गर्छन् । किनभने ?—उनीहरूले उसको खराब विचार अथवा इच्छाधीन भई हिडने बानि सुनेको पनि देखेको पनि हुन्न । भनौं कि—पसलबाट वा कालिगडको घरबाट सफा सुग्घर भएको काँसको भाँडो ल्याउँछ । अनि मालिकले त्यसमा कनिका नभएको राम्रोसँग पकाएका अनेक सूपव्यञ्जनहरूका साथ भात राखी अर्को भाँडोले ढाकी बजारमा राख्न लगाउँछ । मानिसहरूले देखेर 'अहा ! कति टलकने भाँडो ! यसमा के रहेछ ?' भनी उघारी हेर्दा देख्नेबित्तिकै उनीहरू प्रसन्न तथा खुसी हुन्छन् तथा सन्तुष्ट पनि । भोक नलाग्नेलाई पनि खाउँ खाउँ जस्तो लाग्छ भने भोक लाग्नेको त के कुरा ! आवुसो ! यस्तै गरी उसको यो खराब विचार वा इच्छाधीन भई हिडने बानि नभएको कुरा देखिन्छ वा सुनिन्छ पनि । अनि उसलाई सब्रह्मचारीहरूले सत्कार सम्मान गर्छन् । किनभने ?—उनीहरूले उसको खराब विचार नभएको कुरा सुनेका पनि देखेका पनि हुन्छन् ।"

मौद्गल्यायनको उपमा

यस्तो भन्नुहुँदा आयुष्मान् **महामौद्गल्यायनले** आयुष्मान् **सारिपुत्रलाई** यस्तो भन्नुभयो—"आवुसो सारिपुत्र ! एउटा उपमा भन्न मन लाग्छ ।"

"भन्नुहोस्" भनी आयुष्मान् सारिपुत्रले भन्नुभएपछि वहाँले यस्तो भन्नुभयो—

"आवुसो ! एक समय म राजगृहमा भिक्षाटन् जाँदा समीति[1] भन्ने एक रथकारकपुत्रले रथको चक्का बनाउन काठ ताछिरहेको थियो। त्यसवखत त्यहाँ पण्डुपुत्र आजीवक पनि उभिइरहेको थियो— जो अघि रथकारकपुत्र थियो। अनि पण्डुपुत्र आजीवकको मनमा यस्तो लाग्यो—'अहो ! यो समीति रथकारपुत्रले यो चक्का बनाउने बाँगो टिंगो भएको नराम्रो काठलाई ताछे हुन्थ्यो। अनि मात्र राम्रो चक्का बनाउन सक्ने थियो।' जसो जसो पण्डुपुत्र आजीवकले मनमा सोच्यो उसो उसो उसले पनि काठ ताछ्न थाल्यो। अनि यो देखेर खुशी भई पण्डुपुत्र आजीवक भन्नथाल्यो—'यसले त मेरो मनको कुरा थाहापाए जस्तै गरी काठ ताछ्यो !'

"यस्तै गरी आयुष्मान् सारिपुत्रले पनि जो ती व्यक्तिहरू जीविकाको निमित्त अश्रद्धाले घरबार छाडी बेघर भई प्रव्रजित हुन्छन्— जो शठ, छली, पाखंडी, अभिमानी, चपल, मुखर, असंयतभाषी, असंयत इन्द्रिय, भोजनमा मात्रा नजान्ने, जाग्रत नहुने, श्रामाण्यत्व नचाहने, शिक्षामा तीव्र अनुराग नहुने, चीवरवस्त्रहरू थुपार्ने, धर्मलाई बलियोगरी नसमात्ने (साथलिक), क्लिष्ट धर्ममा अगाडि बढने (ओक्कमने पुब्बङ्गमा), असमाहित, विभ्रान्तचित्त तथा दुष्प्रज्ञ लाटा भेडा जस्तै

---

१. सिंहलमा 'सामीति'।

हुन्छन्—त्यस्ता आयुष्मान्‌हरूका मनका कुरा थाहापाए जस्तै आयुष्मान्‌ले यो धर्मदेशनाद्वारा ताछनु हुन्छ ।

"जो ती श्रद्धाले प्रव्रजित हुने कुलपुत्रहरू हुन्—जो असठ, अछली, अपाखंडी, (अकेटुभिनो), अनतिमानी, अचपल, अमुखर, संयत-भाषी, संयत इन्द्रिय, भोजनमा मात्रा जान्ने, जाग्रत, श्रामण्यत्व चाहने, शिक्षामा तिव्र अनुराग हुने, चीवर वस्तुहरू नथुपार्ने, धर्मलाई बलियो गरी समात्ने, एकान्तवासमा अघि बढने, वीर्यवान्, सम्प्रज्ञानी भई स्मृति राख्ने, समाहित भई एकाग्र चित्त हुने र लाटो भेडा जस्तो नभई प्रज्ञावान् छन् तिनीहरूले आयुष्मान् सारिपुत्रको धर्मदेशना सुनी मन तथा वचनद्वारा पान गरे जस्तो लाग्छ र अनि 'असल हो ! सब्रह्मचारी-हरूलाई अकुशलबाट हटाई कुशलमा प्रतिस्थापना गर्नु हुन्छ !!' भनी भन्दछन् । आवुसो ! जस्तै कुनै सिगार्ने स्वभावको युवा वा युवती नुहाइधुवाइगरी बसेकाले कमल फूलको माला वा जूही चमेलीको माला पाउँदा दुवै हातले ग्रहण गरी शीरमा लगाउँछन् त्यस्तै गरी... श्रद्धाले प्रव्रजित हुने कुलपुत्रहरू...धर्मपान गरी 'असल हो ! सब्रह्मचारी-हरूलाई अकुशलबाट हटाई कुशलमा प्रतिस्थापित गर्नुहुन्छ !!' भनी भन्दछन् ।"

यसरी दुवै महान् पुरुषहरूले परस्पर सुभाषितको अनुमोदन गर्नुभयो ।

× × ×

मूल सूत्र—

९. सम्यक्दृष्टि भनेको कस्तो हो ?

यस्तो मैले सुनें[१] ।

...भगवान् जेतवनमा बसिरहनु भएको बेलामा आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"आवुसो ! 'सम्यक्दृष्टि, सम्यक्दृष्टि[२]' भनी भन्दछ । आवुसो ! कहिले आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ ? र जसको दृष्टि (=हेराइ) सीधा हुन्छ, धर्मप्रति अटल श्रद्धा हुन्छ र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ?"

"आवुसो ! यस कुराको अर्थ जान्नको निमित्त हामीहरू टाढाबाट भए पनि तपाईंकहाँ आयौं होला । अतः यस कुराको अर्थ तपाईंले नै

---

१. म. नि. I. पृ. ६२: सम्मादिट्ठिसुत्तं, अ. क. I. पृ. १७७.

२. सम्यक्दृष्टिको साधारण अर्थ हो राम्रो असल तथा शुद्ध विचारको हेराइ । यो सम्यक्दृष्टि दुइ प्रकारका छन्—(१) लौकिक (सम्यक्दृष्टि) र (२) लोकोत्तर (सम्यक्दृष्टि) यहाँ कर्म आफ्नो हो

भन्ने ज्ञान र सत्यानुकूलिक ज्ञान (=चतुरार्य सत्य अनुकूल ज्ञान) लाई लौकिक सम्यक्दृष्टि भन्दछन् । अर्को शब्दमा भन्ने हो भने सबै सास्रविकज्ञान लौकिक हुन् । आर्यमार्ग फलले युक्त ज्ञान लोकोत्तर हो ।

सम्यक्दृष्टि हुने पुरुष चाहिं तीन प्रकारका छन्-- (१) पृथग्जन सम्यक्दृष्टि हुने पुरुष, (२) शैक्ष सम्यक्दृष्टि हुने पुरुष र (३) अशैक्ष सम्यक्दृष्टि हुने पुरुष ।

पृथग्जन पनि दुइ प्रकारका छन्—(१) बाहिरी (=बुद्धधर्म भन्दा बाहिरका) पृथग्जन र (२) शासनिक (=बुद्धधर्म भित्रका) पृथग्जन ।

त्यहाँ कर्मवादी र कर्म आफ्नो हो भन्ने विचार राख्नेलाई 'बाहिरी' भनिन्छ । आत्मवादी भएका हुनाले उनीहरूमा सत्यानुकूलिक विचार हुन्न ।

'शासनिक' भन्नाले शैक्ष, अशैक्ष दुवै हुन् । यिनीहरू निश्चयरूपले सम्यक्दृष्टिक हुन् । निश्चयरूपले नैर्याणिक लोकोत्तर कुशल दृष्टिले युक्त भएको हुनाले 'सम्यक्दृष्टि' भनिएको हो । त्यसैले अगाडि सूत्रमा 'उजुगतास्स दिट्ठि' अर्थात् 'उसको हेराई सीधा हुन्छ' भनिएको हो । पपं. सू. I. पृ. १७७: सम्मादिट्ठिसुत्तवण्णना ।

बताउनु भए बेश हुने थियो। आयुष्मान् सारिपुत्रसँग सुनेर भिक्षुहरूले धारण गर्ने छन्।"

"आवुसो! त्यसोभए सुन, राम्ररी मनमा राख, भन्नेछु।"

"हवस्, हुन्छ" भनी ती भिक्षुहरूले भनेपछि आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—

जहिले कुशलाकुशलको मूल जान्नेछ

a. "आवुसो! जब आर्यश्रावकले अकुशल पनि जान्नेछ, अकुशलको मूल पनि जान्नेछ; कुशल पनि जान्नेछ, कुशलको मूल पनि जान्नेछ—आवुसो! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र जसको दृष्टि सीधा हुन्छ (उजुगतास्स दिट्ठि), धर्मप्रति अटलश्रद्धा हुन्छ र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।

"आवुसो! अकुशल र अकुशल मूल भनेको के हो त? कुशल र कुशलमूल भनेको के हो त?—

"(१) प्राणीघात[१] अकुशल हो, (२) अदिन्नादान (=चोरी) अकुशल हो, (३) काममिथ्याचार अकुशल हो, (४) मृषावाद अकुशल

---

१. प्राणी भनेको के हो र कसरी प्राणीघात हुन्छ भन्ने आदि वर्णन पपं. सू. I. पृ. १७८ देखि सम्मादिट्ठि सुत्तवर्णनामा उल्लेख भएको पाइन्छ।

हो, (५) पैशुन्यवाचा अकुशल हो, (६) परुषवाचा अकुशल हो, (७) सम्प्रलाप अकुशल हो, (८) अभिध्या (=मानसिक लोभ) अकुशल हो, (९) व्यापाद (=मानसिक द्वेष) अकुशल हो र (१०) मिथ्यादृष्टि (=गलत हेराइ) अकुशल हो—आवुसो! यसैलाई 'अकुशल' भनिन्छ।

"आवुसो! कुन चाहिं अकुशलमूल हो त?

"(१) लोभ अकुशलमूल हो, (२) द्वेष अकुशलमूल हो र (३) मोह अकुशलमूल हो।

"आवुसो! कुशल भनेको के हो त?—

"(१) प्राणीघातबाट अलग रहनु कुशल हो, (२) अदिन्नादानबाट अलग रहनु कुशल हो, (३) काममिथ्याचारबाट अलग रहनु कुशल हो, (४) मृषावादबाट अलग रहनु कुशल हो, (५) पैशुन्यवाचाबाट अलग रहनु कुशल हो, (६) परुषवाचाबाट अलग रहनु कुशल हो, (७) सम्प्रलापबाट अलग रहनु कुशल हो, (८) अनभिध्या कुशल हो, (९) अव्यापाद कुशल हो र (१०) सम्यक्दृष्टि कुशल हो।

"आवुसो! कुनचाहिं कुशलमूल हो त?—

"(१) अलोभ कुशल मूल हो, (२) अद्वेष कुशल मूल हो र (३) अमोह कुशल मूल हो।

"आवुसो! जब आर्यश्रावकले यसरी अकुशल जान्दछ, अकुशल मूल जान्दछ; कुशल जान्दछ, कुशल मूल जान्दछ; अनि उ रागानुशयलाई त्यागी प्रतिघानुशयलाई त्यागी 'महुँ' भन्ने दृष्टिमानानुशयलाई

छेदन गरी[१] अविद्यालाई हटाई विद्यालाई उत्पादन गरी यसै जीवनमा दुःख क्षय गर्ने हुन्छ[२]। आवुसो ! तब आर्यश्रावक सम्यक्‌दृष्टिक हुन्छ र जसको दृष्टि सीधा हुन्छ, धर्ममा अटल श्रद्धा हुन्छ तथा जो निर्वाणगामी सद्धर्ममा पुगेको हुन्छ।"

"साधु आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई अभिनन्दन तथा अनुमोदन गरी फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब आहारसमुदय निरोधलाई जान्नेछ

b. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्‌दृष्टिक हुन सक्छ के ? जसको दृष्टि सीधा हुन्छ, धर्मप्रति अटल श्रद्धा हुन्छ र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ?"

"आवुसो ! हुनसक्छ। जब आर्यश्रावकले आहार पनि जान्नेछ, आहारको समुदय पनि जान्नेछ, आहार निरोध पनि जान्नेछ र आहार निरोधको मार्ग पनि जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्‌दृष्टिक

---

१. यो कुरा अनागामी मार्गलाई लक्ष गरी भनिएको हो। पपं. सू. I. पृ. १८६: सम्मादिट्ठिसुत्तवण्णना।

२. यो कुरा अरहत् मार्गलाई लक्ष गरी भनिएको हो। पपं. सू. I. पृ. १८६: सम्मादिट्ठिसुत्तवण्णना।

हुन्छ र जसको दृष्टि सीधा हुन्छ, धर्मप्रति अटल श्रद्धा हुन्छ र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"आवुसो! आहार भनेको, आहार समुदय भनेको, आहार निरोध भनेको तथा आहार निरोध हुने मार्ग भनेको कस्तो हो त?"

"आवुसो! आहार[1] चार प्रकारका छन्—जो भूतहरू[2] (=जन्मिसकेका प्राणीहरू) को स्थितिको निमित्त र सम्भवेसि[3] (=जन्मिन लागिरहेका) प्राणीहरूको संग्रहको निमित्त उपकारी हुन्छ।

---

१. आहारको मतलब प्रत्यय हो। अर्थात् बाँच्नकोनिमित्त सहायता पुऱ्याउने तत्व हो। प्रत्ययद्वारा आफ्नो फल ल्याइदिने भएको हुनाले 'आहार' भनिएको हो। त्यसैले 'आहरती'ति आहारो' भनिएको हो। पपं. सू. I. पृ. १८६–८७: सम्मादिट्ठिसुत्तवण्णना।

आहारले के ल्याइदिन्छ भने—(१) कबलिकार आहारले —वर्ण, गन्ध, रस, ओज, पृथ्वी, आप, तेज र वायु—यी आठवटा रूपहरू प्रदान गर्छ।

(२) स्पर्श आहारले—सुख वेदना, दुःख वेदना तथा असुख अदुःख वेदना दिलाउँछ।

(३) मनः सञ्चेतना आहारले—कामभवमा जाने कर्म भए कामभव, रूपभवमा जाने कर्म भए रूपभव तथा अरूपभवमा जाने कर्म भए अरूपभव प्राप्त गराउँछ।

(४) विज्ञान आहारले—प्रतिसन्धि नाम-रूप दिलाउँछ। अर्थात्—प्रतिसन्धि गराउने वेदना, संज्ञा र संस्कार स्कन्धहरू दिलाइदिन्छ। संक्षेपमा भन्ने हो भने—कबलिकार आहारले जीवन रक्षा गर्ने टेवा दिन्छ, स्पर्शले वेदना दिन्छ, सञ्चेतानाले सास्रव कुशलाकुशल दिन्छ र विज्ञानले पुनर्भव दिन्छ। पपं. सू. I. पृ. १८९: सम्मादिट्ठिसुत्तवण्णना।

२. 'भूत' भनेको हाम्रो भाषामा जस्तै यहाँ 'भूत प्रेत' लाई 'भूत' भनिएको होइन। पालिसाहित्य अनुसार 'भूत' भनेको इन्द्रिय प्रकट भई जन्मिसकेका प्राणीहरूलाई भनिएको हो। पपं. सू. I. पृ. १८७: सम्मादिट्ठिसुत्तवण्णना।

३. 'सम्भवेसि' अर्थात्—जन्मिन लागि रहेका भनेको इन्द्रिय पूरा भई अहिलेसम्म बाहिर प्रकट नभएका प्राणीहरू अर्थात् जन्मि नसकेका प्राणीहरूलाई भनिएको हो। अर्को शब्दमा भन्ने हो भने गर्भावस्था-लाई भनिएको हो। जस्तै—अण्डज र जलाबुज प्राणीहरू जबसम्म अण्डा फोरेर वा आमाको गर्भबाट बाहिर निस्केका हुन्नन् तब-सम्मको अवस्थालाई 'सम्भवेसि' भनिन्छ। जब अण्डकोष फोरी अथवा गर्भबाट बाहिर निस्किसक्छ तब त्यसलाई 'भूत' भनिन्छ।

संस्वेदज र औपपातिक प्राणीहरूमा चाहिं प्रथम चित्तक्षण-लाई 'सम्भवेसि' र द्वितीय चित्तक्षणपछि 'भूत' भनिन्छ। जो भूत अर्थात् जन्म लिएर फेरि सम्भवेसि हुँदैन त्यस्तालाई क्षीणास्रव भन्दछन्। पपं. सू. I. पृ. १८७: सम्मादिट्ठिसुत्तवण्णना।

"कुन चार आहार भने—(१) कबलिंकार[1] (=गाँस गाँस गरी खाने) आहार—चाहे त्यो ओलारिक[2] (=मोटो) होस् चाहे सूक्ष्म (=मिहिन) होस्, (२) दोश्रो हो स्पर्श आहार, (३) तेश्रो हो मनः सञ्चेतना आहार, (४) चौथो हो विज्ञान आहार। तृष्णाको समुदयले आहारको समुदय हुन्छ, तृष्णा निरोध भएमा आहार निरोध हुन्छ। यही आर्यअष्टाङ्गिक मार्ग आहार निरोधको मार्ग हो। जस्तै—सम्यक्-दृष्टि, सम्यक्सङ्कल्प, सम्यक्वाचा, सम्यक्कर्म, सम्यक्जीविका, सम्यक्-व्यायाम, सम्यक्स्मृति तथा सम्यक्समाधि।

---

१. गाँस गाँस गरी खाने आहारलाई 'कबलिकार आहार' भन्दछन्। जस्तै—भात, रोटी आदि। ओज तत्वको नाम हो। पपं. सू. I. पृ. १८७: सम्मादिट्ठिसुत्तवण्णना।

२. ओलारिक र सूक्ष्म (=मोटो र मिहिन) आहार भन्ने सम्बन्धमा अट्ठकथाले यसरी वर्णन गरेको छ—मोटो हुने वस्तुलाई 'मोटो' र मिहिन हुने वस्तुलाई 'मिहिन' भन्दछन्। गोहीको आहारभन्दा मयूरको आहार सूक्ष्म (=मिहिन) छ। गोहीले ढुंगा पनि खान सक्छ र पचाउँछ। मयूरले सर्प तथा बिच्छिहरू खान्छ। मयूरको आहारभन्दा भालुको आहार सूक्ष्म ठानिन्छ। भालुले कुनै प्राणीको बर्षौं पुरानो अङ्ग प्रत्यङ्गका हाडहरू पनि खान्छ। ती हाडहरू मुखमा राख्दा मुखको र्यालले भिजेपछि हाडहरू नरम भएर कन्द-मूल जस्ता हुन्छन्। भालूहरूको आहारभन्दा हात्तीहरूको आहार

मिहिन हुन्छ। किनभने उनीहरूले अनेक प्रकारका रुखका हाँगाहरू मात्र खान्छन्। हात्तीहरूको आहारभन्दा गाई मृगहरूको आहार मिहिन हुन्छ। उनीहरू सार नभएका रुखका पातहरू मात्र खान्छन्। उनीहरूको आहारभन्दा खरायोको आहार मिहिन, यसको आहारभन्दा चराहरूको आहार मिहिन, यिनीहरूको आहारभन्दा प्रत्यन्तमा बस्ने मानिसहरूको आहार मिहिन, यिनीहरूको आहारभन्दा गाउँका द्वारेहरूको आहार मिहिन, यिनीहरूको आहारभन्दा राजारजौटाहरूको आहार मिहिन, यिनीहरूको भन्दा चक्रवर्ती राजाहरूको आहार मिहिन, यिनीहरूको भन्दा भूमिदेवताहरूको आहार मिहिन र यिनीहरूको भन्दा पनि चातुर्महाराजिक देवताहरूको आहार मिहिन हुन्छ। यसप्रकार परनिर्मितवशवर्ति देवलोकसम्मको आहारको कुरा विस्तार गर्न सक्नुपर्छ। उनीहरूको आहार मिहिनभन्दा मिहिन भनी जान्नुपर्छ। स्थूल पदार्थमा ओज (Vitamin) कम मात्रा हुन्छ। मिहिन पदार्थमा बढता हुन्छ। जस्तै—पात्रभरी खोले (=यागु) पिए पनि केही छिन पछि भोक लागेको जस्तो अनुभव हुन्छ। मुट्ठीभर घिउ खाए पनि दिनभर नै खान मन नलागेको जस्तो हुन्छ। त्यसबाट परिश्रम त हटाउँछ तर पालन गर्न सक्दैन। ओज धातु (Vitamin) ले पालन चाहिं गर्छ किन्तु परिश्रम हटाउन सक्दैन। दुवै तत्वको संमिश्रणद्वारा परिश्रम पनि हटाउँछ पालन पनि गर्छ। पपं. सू. I. पृ. १८७–८८: सम्मादिट्ठिसुत्तवण्णना।

"आवुसो ! जब आर्यश्रावकले यसरी आहार, आहार समुदय, आहार निरोध, आहार निरोधको मार्ग जान्दछ अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी प्रतिघानुशयलाई हटाई 'म हुँ' भन्ने दृष्टिमानानुशयलाई छेदन गरी अविद्यालाई त्यागी विद्यालाई उत्पादन गरी यसै जीवनमा दुःखको अन्तः गर्ने हुन्छ । आवुसो ! तब आर्यश्रावक सम्यक्‌दृष्टिक हुन्छ—जसको दृष्टि सीधा हुन्छ, धर्मप्रति अटल श्रद्धा हुन्छ र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।"

"साधु आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई अभिनन्दन तथा अनुमोदन गरी फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब आर्यसत्यलाई जान्नेछ

C. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्‌दृष्टिक हुन सक्छ के ? जसको दृष्टि सीधा हुन्छ,...सद्धर्ममा पुगेको पनि हुन्छ ?"

"आवुसो ! हुनसक्छ । जब आर्यश्रावकले दुःखलाई[१], दुःख समुदयलाई, दुःख निरोधलाई तथा दुःख निरोध हुने मार्गलाई जान्नेछ—

१. 'दुःख' भन्ने आदिको अर्थ जान्नको निमित्त लेखकको बु. श्रा. च. भा–१, पृ. ७४ को पादटिप्पणीमा हेर्नू र पृ. १६४ तथा पृ. १६६ मा पनि हेर्नू ।

आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र जसको दृष्टि सीधा हुन्छ, धर्मप्रति अटल श्रद्धा हुन्छ र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।

"आवुसो ! दुःख भनेको, दुःख समुदय भनेको, दुःखनिरोध भनेको तथा दुःखनिरोध हुने मार्ग भनेको कस्तो हो त ? जन्म हुनु दुःख हो, जराहुनु दुःख हो, मरण हुनु दुःख हो, शोक हुनु दुःख हो, परिदेव हुनु दुःख हो, दुःखदौर्मनस्य उपायास हुनु दुःख हो, अप्रियसँग[1] सम्पर्क हुनु दुःख हो, प्रियसँग वियोग हुनु दुःख हो, इच्छा गरेको नपाउनु पनि दुःख हो । संक्षेपमा भन्ने हो भने पञ्च उपादानस्कन्ध नै दुःख हो। आवुसो ! यही दुःख हो । आवुसो ! दुःख समुदय भनेको कस्तो हो त ? जो त्यो पुनर्भव (=पुनर्जन्म) हुने त्यस त्यस ठाउँमा अभिरमण गर्ने नन्दीराग सहगत तृष्णा हो—यही नै दुःख समुदय हो । आवुसो ! दुःख निरोध भनेको कस्तो हो त ? जो त्यही तृष्णाको निरवशेष निरोध हो, त्याग हो, प्रतिनिस्सर्ग हो, मुक्ति हो र अनालय हो—यही नै दुःख निरोध हो । आवुसो ! दुःख निरोध हुने मार्ग भनेको कस्तो हो त ? यही आर्यअष्टाङ्गिक मार्ग हो । जस्तै— सम्यक्दृष्टि,...तथा सम्यक्-समाधि । यही नै दुःख निरोध हुने मार्ग हो ।

"आवुसो ! जब आर्यश्रावकले यसरी दुःखलाई जान्दछ, दुःख समुदयलाई जान्दछ, दुःखनिरोधलाई जान्दछ तथा दुःखनिरोध हुने

---

१. यहाँ अप्रिय भनेको कस्तो हो भन्ने सम्बन्धमा लेखकको बु. श्रा. च. भा-१, पृ. १६४ देखिको पादटिप्पणीमा हेर्नू ।

मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी प्रतिघानुशयलाई हटाई 'महुँ' भन्ने दृष्टिमानानुशयलाई छेदन गरी अविद्यालाई त्यागी विद्यालाई उत्पादन गरी यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ—जसको दृष्टि सीधा हुन्छ, धर्मप्रति अटल श्रद्धा हुन्छ र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"साधु आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई अभिनन्दन तथा अनुमोदन गरी फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब जरामरणलाई जान्नेछ

d. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक हुन सक्छ के ? जसको दृष्टि सीधा हुन्छ,...सद्धर्ममा पुगेको पनि हुन्छ ?"

"आवुसो ! हुनसक्छ। जब आर्यश्रावकले जरामरणलाई, जरामरण समुदयलाई, जरामरण निरोधलाई तथा जरामरण निरोध हुने मार्गलाई जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र जसको दृष्टि सीधा हुन्छ, धर्मप्रति अटल श्रद्धा हुन्छ र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।

"आवुसो ! जरामरण भनेको, जरामरण समुदय भनेको, जरामरण निरोध भनेको तथा जरामरण निरोध हुने मार्ग भनेको कस्तो

हो त ? प्राणीहरू वृद्धहुनु, दाँत आदि झर्नु, केश पक्नु, शरीरको छाला खुम्चिनु, आयु कम हुँदै जानु, इन्द्रियहरूको परिपक्वता हुनु—आवुसो ! यसैलाई जरा भनिएको हो। आवुसो ! मरण भनेको कस्तो हो त ? सत्वप्राणीहरू आफ्नो निकायबाट च्युत हुनु, भेदभिन्न हुनु, अन्तर्धान हुनु, मृत्यु हुनु, प्राणवायु नरहनु, स्कन्धको विच्छेद हुनु, मृत शरीरलाई फ्याक्नु तथा जीवितइन्द्रिय टूट्नु—आवुसो ! यही मरण हो। जो यो जरा हो जो यो मरण हो—आवुसो ! यही जरामरण हो। जन्म हुनाले जरामरणको समुदय हुन्छ र जन्मको निरोधले जरामरण निरोध हुन्छ। यही आर्य अष्टाङ्गिक मार्ग जरामरण निरोधको मार्ग हो। जस्तै—सम्यक्दृष्टि,...तथा सम्यक्समाधि।

"आवुसो ! जब आर्यश्रावकले यसरी जरामरणलाई, जरामरण समुदयलाई, जरामरण निरोधलाई तथा जरामरण निरोध हुने मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी,...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो ! तब आर्यश्रावक सम्यक्-दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"साधु आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई अभिनन्दन तथा अनुमोदन गरी फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब जन्म निरोधलाई जान्नेछ

c. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक

हुन सक्छ के? जसको दृष्टि सीधा हुन्छ...सद्धर्ममा पुगेको पनि हुन्छ ?"

"आवुसो ! हुनसक्छ। जब आर्यश्रावकले जन्मलाई, जन्मको कारणलाई, जन्मको निरोधलाई तथा जन्म निरोध हुने मार्गलाई जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र...निर्वाण-गामी सद्धर्ममा पुगेको पनि हुन्छ।

"आवुसो ! जन्म भनेको, जन्मको कारण भनेको, जन्म निरोध भनेको तथा जन्म निरोध हुने मार्ग भनेको कस्तो हो त ? जो त्यस त्यस योनिमा सत्वहरूको जन्म हुनु, प्रकट हुनु, स्कन्धको प्रादुर्भाव हुनु, इन्द्रियहरूको लाभ हुनु—आवुसो ! यसैलाई जन्म भनिन्छ। भव[1] (=कर्मभव) को कारणले जन्म हुन्छ, भवनिरोधले जन्म निरोध हुन्छ, यही आर्यअष्टाङ्गिक मार्ग जन्म निरोध हुने मार्ग हो। जस्तै—सम्यक्-दृष्टि,...तथा सम्यक्समाधि।

"आवुसो ! जब आर्यश्रावकले यसरी जन्मलाई, जन्मको कारण-लाई, जन्म निरोधलाई तथा जन्म निरोध हुने मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी,...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

---

१. 'भव' भन्ने शब्दको अर्थ बुझ्नकोनिमित्त बु. श्रा. च. भा-१, पृ. ८७ र पृ. १७१ मा हेर्नू।

"साधु, आवुसो ! भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्का प्रश्न सोधे—

जब भवनिरोधलाई जान्नेछ

f. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्‌दृष्टिक हुन सक्छ के ?..."

"आवुसो ! हुनसक्छ । जब आर्यश्रावकले भवलाई, भवसमुदय-लाई, भवनिरोधलाई तथा भवनिरोध हुने मार्गलाई जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्‌दृष्टिक हुन्छ र...निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।

"आवुसो ! भव भनेको, भवसमुदय भनेको, भवनिरोध भनेको तथा भवनिरोध हुने मार्ग भनेको के हो त ? आवुसो ! यी तीन भवहरू हुन्—(१) कामभव[1] (२) रूपभव तथा (३) अरूपभव । उपादानको

---

१. कामभव भन्ने ठाउँमा कर्मभव र उत्पत्तिभव भनी दुइ किसिमका छन् । जसमध्ये कर्मभव भनेको कामलोक (=कामभव) मा जन्मिने कर्मकै नाम हो । उत्पत्ति हुनुको कारण हो । उत्पत्तिभव भनेको सोही कर्मको कारणद्वारा पञ्चस्कन्धमध्ये कुनै स्कन्धको प्रादुर्भाव हुनु हो । अर्को शब्दले भन्ने हो भने 'भव' भनी संसारलाई पनि भन्दछन् । पपं. सू. I. पृ. १९७: सम्मादिट्ठिसुत्तवण्णना । यस सम्बन्धमा अरू वर्णन बु. श्रा. च. भा–१, पृ. ८७ को पादटिप्पणीमा हेर्नू ।

कारणले भवसमुदय हुन्छ र उपादान निरोधले भवनिरुद्ध हुन्छ। यही आर्यअष्टाङ्गिक मार्ग भवनिरोध हुने मार्ग हो। जस्तै—सम्यक्दृष्टि... तथा सम्यक्समाधि।

"आवुसो! जब आर्यश्रावकले यसरी भवलाई, भवसमुदयलाई, भवनिरोधलाई तथा भवनिरोध हुने मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी,...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"साधु, आवुसो!" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब उपादानसमुदय जान्नेछ

g. "आवुसो! अर्कोप्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक हुन सक्छ के?..."

"आवुसो! हुनसक्छ। जब आर्यश्रावकले उपादानलाई, उपादान समुदयलाई, उपादान निरोधलाई तथा उपादान निरोध हुने मार्गलाई जान्नेछ—आवुसो! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र...निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।

"आवुसो! उपादान भनेको, उपादान समुदय भनेको, उपादान निरोध भनेको तथा उपादान निरोध हुने मार्ग भनेको के हो त?

आवुसो ! यी चार उपादानहरू छन्—(१) काम उपादान, (२) दृष्टि उपादान, (३) शीलव्रत उपादान तथा (४) आत्मवाद उपादान। तृष्णा हुनाले उपादान समुदय हुन्छ र तृष्णा निरुद्ध हुनाले उपादान निरोध हुन्छ। यही आर्यअष्टाङ्गिक मार्ग उपादान निरोध हुने मार्ग हो। जस्तै—सम्यक्दृष्टि...तथा सम्यक्समाधि।

"आवुसो ! जब आर्यश्रावकले यसरी उपादानलाई, उपादान समुदयलाई, उपादान निरोधलाई तथा उपादान निरोध हुने मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी,...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो ! तब आर्यश्रावक सम्यक्-दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"साधु, आवुसो !" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब तृष्णासमुदयलाई जान्नेछ

h. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक हुन सक्छ के ?..."

"आवुसो ! हुनसक्छ। जब आर्यश्रावकले तृष्णालाई, तृष्णा समुदयलाई, तृष्णा निरोधलाई तथा तृष्णा निरोध हुने मार्गलाई जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र...निर्वाण-गामी सद्धर्ममा पुगेको पनि हुन्छ।

"आवुसो ! तृष्णा भनेको, तृष्णा समुदय भनेको, तृष्णा निरोध भनेको तथा तृष्णा निरोध हुने मार्ग भनेको के हो त ? आवुसो ! यी छ प्रकारका तृष्णाहरू हुन्—(१) रूपतृष्णा, (२) शब्दतृष्णा, (३) गन्ध-तृष्णा, (४) रसतृष्णा, (५) स्पर्शतृष्णा र (६) धर्म (=मनको विषय) तृष्णा। वेदनाको कारणले तृष्णासमुदय हुन्छ र वेदना निरोध हुँदा तृष्णा निरुद्ध हुन्छ। यही आर्यअष्टाङ्गिक मार्ग तृष्णा निरोध हुने मार्ग हो। जस्तै—सम्यक्‌दृष्टि,...तथा सम्यक्‌समाधि।

"आवुसो ! जब आर्यश्रावकले यसरी तृष्णालाई, तृष्णा समुदय-लाई, तृष्णा निरोधलाई तथा तृष्णा निरोध हुने मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी,...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो ! तब आर्यश्रावक सम्यक्‌दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"साधु, आवुसो !" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब वेदनासमुदयलाई जान्नेछ

i. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्‌दृष्टिक हुन सक्छ के ?"

"आवुसो ! हुनसक्छ। जब आर्यश्रावकले वेदनालाई, वेदना समुदयलाई, वेदना निरोधलाई तथा वेदना निरोध हुने मार्गलाई

जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र...निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।

"आवुसो ! वेदना भनेको, वेदना समुदय भनेको, वेदना निरोध भनेको तथा वेदना निरोध हुने मार्ग भनेको कस्तो हो त ? आवुसो ! यी छ प्रकारका वेदनाहरू छन्—(१) चक्षुस्पर्शज वेदना, (२) श्रोत-स्पर्शज वेदना, (३) घ्राणस्पर्शज वेदना, (४) जिह्वास्पर्शज वेदना, (५) कायस्पर्शज वेदना तथा (६) मनःस्पर्शज वेदना । स्पर्शको कारणले वेदना समुदय हुन्छ र स्पर्श निरोध हुँदा वेदना निरुद्ध हुन्छ । यही आर्य-अष्टाङ्गिक मार्ग वेदना निरोध हुने मार्ग हो । जस्तै—सम्यक्दृष्टि,... तथा सम्यक्समाधि ।

"आवुसो ! जब आर्यश्रावकले यसरी वेदनालाई, वेदना समुदय-लाई, वेदना निरोधलाई तथा वेदना निरोध हुने मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी,...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ । आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।"

"साधु, आवुसो !" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब स्पर्शसमुदयलाई जान्नेछ

j. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक हुन सक्छ के ?"

"आवुसो! हुनसक्छ। जब आर्यश्रावकले स्पर्शलाई, स्पर्श समुदयलाई, स्पर्श निरोधलाई तथा स्पर्श निरोध हुने मार्गलाई जान्नेछ— आवुसो! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र...निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।

"आवुसो! स्पर्श भनेको, स्पर्श समुदय भनेको, स्पर्श निरोध भनेको तथा स्पर्श निरोध हुने मार्ग भनेको के हो त? आवुसो यी छ प्रकारका स्पर्शहरू छन्—(१) चक्षुस्पर्श, (२) श्रोतस्पर्श, (३) घ्राणस्पर्श, (४) जिह्वास्पर्श, (५) कायस्पर्श तथा (६) मनस्पर्श। षडायतनको कारणले स्पर्शको समुदय हुन्छ र षडायतनको निरोधले स्पर्श निरुद्ध हुन्छ। यही आर्यअष्टाङ्गिक मार्ग स्पर्श निरोध हुने मार्ग हो। जस्तै— सम्यक्-दृष्टि...तथा सम्यक्समाधि।

"आवुसो! जब आर्यश्रावकले यसरी स्पर्शलाई, स्पर्श समुदयलाई, स्पर्श निरोधलाई तथा स्पर्श निरोध हुने मार्गलाई जान्दछ। अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"साधु, आवुसो!" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब षडायतनसमुदयलाई जान्नेछ

k. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक हुन सक्छ के ?"

"आवुसो ! हुनसक्छ । जब आर्यश्रावकले षडायतनलाई, षडायतन समुदयलाई, षडायतन निरोधलाई तथा षडायतन निरोध हुने मार्गलाई जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र... निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।

"आवुसो ! षडायतन भनेको, षडायतन समुदय भनेको, षडायतन निरोध भनेको तथा षडायतन निरोध हुने मार्ग भनेको के हो त ? आवुसो ! यी छ आयतनहरू हुन्—(१) चक्षुआयतन, (२) श्रोतआयतन, (३) घ्राणआयतन, (४) जिह्वाआयतन, (५) काय-आयतन तथा (६) मनः आयतन । नामरूपको[१] समुदयले षडायतनको समुदय हुन्छ र नामरूपको निरोधले षडायतनको निरुद्ध हुन्छ । यही अष्टाङ्गिक मार्ग षडायतन निरोध हुने मार्ग हो । जस्तै—सम्यक्दृष्टि,... तथा सम्यक्समाधि ।

"आवुसो ! जब आर्यश्रावकले यसरी षडायतनलाई, षडायतन समुदयलाई, षडायतन निरोधलाई तथा षडायतन निरोध हुने मार्गलाई जान्दछ । अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी...यसै

---

१. नामरूप भनेको के हो भन्ने सम्बन्धमा बु. श्रा. च. भा–१, पृ. ७९ को पादटिप्पणीमा हेर्नू ।

जीवनमा दु:खको अन्त गर्ने हुन्छ। आवुसो! तब आर्यश्रावक सम्यक्-दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"साधु, आवुसो!" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब नामरूपसमुदयलाई जान्नेछ

1. "आवुसो! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक हुन सक्छ के?"

"आवुसो! हुनसक्छ। जब आर्यश्रावकले नामरूपलाई, नामरूप समुदयलाई, नामरूप निरोधलाई तथा नामरूप निरोध हुने मार्गलाई जान्नेछ—आवुसो! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ...र निर्वाण-गामी सद्धर्ममा पुगेको पनि हुन्छ।

"आवुसो! नामरूप भनेको, नामरूप समुदय भनेको, नामरूप निरोध भनेको तथा नामरूप निरोध हुने मार्ग भनेको के हो त? संज्ञा, चेतना, स्पर्श, मनसिकार (=मनमा राख्नु)—आवुसो! यही नाम हो। चार महाभूत[1] र त्यसद्वारा उत्पन्न भएको रूप—आवुसो! यही रूप हो। आवुसो! यसरी यो नाम र यो रूपलाई नाम-रूप भनिएको हो। विज्ञानको समुदयले नाम-रूप समुदय हुन्छ र विज्ञानको निरोधले नाम-रूप

---

१. पृथ्वी, आप्, तेज, वायुलाई महाभूत भनिन्छ।

निरुद्ध हुन्छ। यही आर्यअष्टाङ्गिक मार्ग नाम-रूप निरोध हुने मार्ग हो। जस्तै—सम्यक्दृष्टि,...तथा सम्यक्समाधि।

"आवुसो ! जब आर्यश्रावकले यसरी नाम-रूपलाई, नाम-रूप समुदयलाई, नाम-रूप निरोधलाई तथा नाम-रूप निरोध हुने मार्गलाई जान्दछ। अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो ! तब आर्यश्रावक सम्यक्-दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"साधु, आवुसो !" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब विज्ञानसमुदयलाई जान्नेछ

m. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक हुन सक्छ के ?"

"आवुसो ! हुनसक्छ। जब आर्यश्रावकले विज्ञानलाई, विज्ञान समुदयलाई, विज्ञान निरोधलाई तथा विज्ञान निरोध हुने मार्गलाई जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ...र निर्वाण-गामी सद्धर्ममा पुगेको पनि हुन्छ।

"आवुसो ! विज्ञान भनेको, विज्ञान समुदय भनेको, विज्ञान निरोध भनेको तथा विज्ञान निरोध हुने मार्ग भनेको के हो त ? आवुसो ! यी छ विज्ञानहरू हुन्—(१) चक्षुविज्ञान, (२) श्रोतविज्ञान,

(३) घ्राणविज्ञान, (४) जिह्वाविज्ञान, (५) कायविज्ञान तथा (६) मनः-विज्ञान। संस्कारको समुदयले विज्ञान समुदय हुन्छ र संस्कारको निरोधले विज्ञान निरुद्ध हुन्छ। यही आर्यअष्टाङ्गिक मार्ग विज्ञान निरोध हुने मार्ग हो। जस्तै—सम्यक्दृष्टि,...तथा सम्यक्समाधि।

"आवुसो! जब आर्यश्रावकले यसरी विज्ञानलाई, विज्ञान समुदयलाई, विज्ञान निरोधलाई तथा विज्ञान निरोध हुने मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी ... यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो! तव आर्यश्रावक सम्यक्-दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

"साधु, आवुसो!" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब संस्कारनिरोधलाई जान्नेछ

n. "आवुसो! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक हुन सक्छ के?"

"आवुसो! हुनसक्छ। जब आर्यश्रावक संस्कारलाई, संस्कार समुदयलाई, संस्कार निरोधलाई तथा संस्कार निरोध हुने मार्गलाई जान्नेछ—"आवुसो! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ...र निर्वाण-गामी सद्धर्ममा पुगेको पनि हुन्छ।

"आवुसो ! संस्कार भनेको, संस्कार समुदय भनेको, संस्कार निरोध भनेको तथा संस्कार निरोध हुने मार्ग भनेको के हो त ? आवुसो ! यी तीन संस्कारहरू हुन्—(१) कायसंस्कार, (२) वचीसंस्कार, तथा (३) चित्तसंस्कार[१] । अविद्याको समुदयले संस्कार समुदय हुन्छ र अविद्याको निरोधले संस्कार निरुद्ध हुन्छ । यही आर्यअष्टाङ्गिक मार्ग संस्कार निरोध हुने मार्ग हो । जस्तै—सम्यक्दृष्टि...तथा सम्यक्-समाधि ।

"आवुसो ! जब आर्यश्रावक यसरी संस्कारलाई, संस्कार समुदयलाई, संस्कार निरोधलाई तथा संस्कार निरोध हुने मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ । आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।"

"साधु, आवुसो !" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब अविद्यासमुदयलाई जान्नेछ

०. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावक सम्यक्दृष्टिक हुन सक्छ के ?"

---

१. यी संस्कारहरूको अर्थ बु. श्रा. च. भा-१, पृ. ३७३ र बु. गृ. भा-१, पृ. १६ मा हेर्नू ।

"आवुसो ! हुनसक्छ । जब आर्यश्रावक अविदचालाई, अविदचा समुदयलाई, अविदचा निरोधलाई तथा अविदचा निरोध हुने मार्गलाई जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्‌दृष्टिक हुन्छ... र निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।

"आवुसो ! अविदचा भनेको, अविदचा समुदय भनेको, अविदचा निरोध भनेको तथा अविदचा निरोध हुने मार्ग भनेको के हो त ? आवुसो ! जो दुःखको अज्ञानता हो, जो दुःख समुदयको अज्ञानता हो, जो दुःख निरोधको अज्ञानता हो तथा जो दुःख निरोध हुने मार्गको अज्ञानता हो—आवुसो ! यसैलाई अविदचा भन्दछन् । आस्रव[1] समुदयबाट अविदचाको समुदय हुन्छ र आस्रव निरोधबाट अविदचा निरोध हुन्छ । यही आर्यअष्टाङ्गिक मार्ग अविदचा निरोध हुने मार्ग हो । जस्तै—सम्यक्‌दृष्टि...तथा सम्यक्‌समाधि ।

"आवुसो ! जब आर्यश्रावकले यसरी अविदचालाई, अविदचा समुदयलाई, अविदचा निरोधलाई तथा अविदचा निरोध हुने मार्गलाई जान्दछ—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहाण गरी...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ । आवुसो ! तब आर्यश्रावक सम्यक्‌दृष्टिक हुन्छ ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।

---

१. आस्रवहरू कतिवटा छन् भन्ने कुरा बु. गृ. भा–३ को पृ. १२७ को पादटिप्पणीमा हेर्नू ।

"साधु, आवुसो !" भनी...फेरि आयुष्मान् सारिपुत्रसँग अर्को प्रश्न सोधे—

जब आस्रवलाई जान्नेछ

p. "आवुसो ! अर्को प्रकारले पनि आर्यश्रावकले सम्यक्दृष्टिक हुन सक्छ के ?"

"आवुसो ! हुनसक्छ । जब आर्यश्रावकले आस्रवलाई, आस्रव समुदयलाई, आस्रव निरोधलाई तथा आस्रव निरोध हुने मार्गलाई जान्नेछ—आवुसो ! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ र...निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ ।

"आवुसो ! आस्रव भनेको, आस्रव समुदय भनेको, आस्रव निरोध भनेको तथा आस्रव निरोध हुने मार्ग भनेको के हो त ? आवुसो ! आस्रवहरू तीनवटा छन्—(१) कामास्रव, (२) भवास्रव तथा (३) अविद्यास्रव । अविद्याको समुदयले आस्रव हुन्छ र अविद्याको निरोधले आस्रव निरोध हुन्छ । यही आर्यअष्टाङ्गिक मार्ग आस्रव निरोध हुने मार्ग हो । जस्तै—सम्यक्दृष्टि,...तथा सम्यक्समाधि ।

"आवुसो ! जब आर्यश्रावकले यसरी आस्रवलाई, आस्रव समुदयलाई, आस्रव निरोधलाई तथा आस्रव निरोध हुने मार्गलाई

जान्दछ,—अनि उ रागानुशयलाई सर्वप्रकारले प्रहीण गरी...यसै जीवनमा दुःखको अन्त गर्ने हुन्छ। आवुसो! तब आर्यश्रावक सम्यक्दृष्टिक हुन्छ...र जो निर्वाणगामी सद्धर्ममा पुगेको पनि हुन्छ।"

आयुष्मान् सारिपुत्रले यति भन्नुभयो। अनि सन्तुष्ट भई ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गरे।

× × ×

मूल सूत्र—

१०. केको निमित्त ब्रह्मचर्य पालन गर्ने ?

यस्तो मैले सुनें[१] ।

एक समय राजगृहको वेणुवनको कलन्दक निवापमा भगवान् बसिरहनु भएको थियो । अनि जातिभूमिमा वर्षावास सिद्धिए पछि जातिभूमिका[२] केही भिक्षुहरू राजगृहमा आई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई वन्दना गरी एक छेउमा बसे । अनि एक छेउमा बसेका ती भिक्षुहरूलाई भगवान्ले यस्तो भन्नुभयो— "भिक्षुहो ! जातिभूमिमा जातिभूमिका भिक्षुहरूमध्ये कुनँ गौरबनीय भिक्षु छ के ? जो—

(१) आफू पनि अल्पेच्छी हुन्छ र भिक्षुहरूलाई पनि अल्पेच्छताको कुरा सुनाउँछ ।

---

१. म. नि. I. पृ. १९२: रथविनीतसुत्त, अ. क. II. पृ. १११.

२. जातिभूमि भनेको जन्मभूमि हो । तर पालि साहित्य अनुसार यहाँ चाहिं कपिलवस्तुलाई जातिभूमि भनिएको हो । पपं. सू. II. पृ. १११–१२.

(२) आफू पनि सन्तोषी हुन्छ र भिक्षुहरूलाई पनि सन्तुष्टिताको कुरा सुनाउँछ ।

(३) आफू पनि एकान्तमा बस्छ र भिक्षुहरूलाई पनि एकान्त-वासको कुरा सुनाउँछ ।

(४) आफू पनि संसर्ग रहित भई बस्छ र भिक्षुहरूलाई पनि संसर्ग रहित भई बस्ने कुरा सुनाउँछ ।

(५) आफू पनि वीर्यवान् हुन्छ र भिक्षुहरूलाई पनि वीर्यवान् हुने कुरा सुनाउँछ ।

(६) आफू पनि शीलसम्पन्न हुन्छ र भिक्षुहरूलाई पनि शील-सम्पन्न हुने कुरा सुनाउँछ ।

(७) आफू पनि समाधिलाभी हुन्छ र भिक्षुहरूलाई पनि समाधि लाभ गर्ने कुरा सुनाउँछ ।

(८) आफू पनि प्रज्ञावान् हुन्छ र भिक्षुहरूलाई पनि प्रज्ञावान् हुने कुरा सुनाउँछ ।

(९) आफू पनि विमुक्ति लाभी हुन्छ र भिक्षुहरूलाई पनि विमुक्ति लाभ गर्ने कुरा सुनाउँछ ।

(१०) आफू पनि विमुक्ति ज्ञानदर्शन सम्पन्न हुन्छ र भिक्षुहरूलाई पनि विमुक्ति ज्ञानदर्शन सम्पन्न हुने कुरा सुनाउँछ । अनि सब्रह्मचारीहरू-लाई अर्ति दिने, विज्ञापन गर्ने (दश कथाद्वारा), सन्दर्शित पार्ने, समादान गराउने, समुत्तेजित पार्ने तथा सम्प्रहर्षित पार्ने पनि हुन्छ ?"

"भन्ते ! छ, वहाँ पूर्ण मन्त्राणिपुत्र हुनुहुन्छ ।"

त्यसबेला आयुष्मान् सारिपुत्र भगवान्को नजिक बसिरहनु भएको थियो । अनि आयुष्मान् सारिपुत्रलाई यस्तो लाग्यो—"अहो ! आयुष्मान् पूर्ण मन्त्राणिपुत्रको लाभ हो । आयुष्मान् मन्त्राणिपुत्रको सुलाभ हो । जसको भूरि भूरि प्रशंसा सब्रह्मचारीहरू तथागतको सन्मुख गर्छन् । शास्ताले पनि त्यसको अनुमोदन गर्नुहुन्छ । हाम्रो पनि कुनै न कुनै दिन वहाँसँग भेट हुन सक्नेछ[1] । अनि त्यसबेला वहाँसँग कुनै कुरा हुन सक्ला ।"

सारिपुत्र मन्त्राणिपुत्रकहाँ गए

अनि भगवान् राजगृहमा इच्छानुसार बस्नुभई श्रावस्तीमा जानुभयो । क्रमशः श्रावस्तीमा पुग्नुभई वहाँ अनाथपिण्डकको जेतवनाराममा बस्नुभयो । अनि आयुष्मान् पूर्ण मन्त्राणिपुत्रले भगवान् श्रावस्तीमा आई अनाथपिण्डकको जेतवनाराममा बस्नु-भएको छ भन्ने खबर सुने ।

त्यसपछि आयुष्मान् पूर्ण मन्त्राणिपुत्र शयनासन पटचाएर राखी पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा जानुभयो । क्रमशः श्रावस्ती पुगी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी

---

१. यसबेलासम्म आयुष्मान् सारिपुत्रले पूर्ण मन्त्राणिपुत्रलाई देख्नु भएको थिएन । पपं. सू. II. पृ. १२३: रथवीनितसुत्तवण्णना ।

एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् पूर्ण मन्त्राणिपुत्रलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो। त्यसपछि आयुष्मान् पूर्ण मन्त्राणिपुत्र भगवान्द्वारा सन्दर्शित, समादपित, समुत्तेजित तथा सम्प्रहर्षित भएपछि भगवान्को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी दिवा-विहारको निमित्त जहाँ अन्धवन हो त्यहाँ जानुभयो।

अनि एक भिक्षुले आयुष्मान् सारिपुत्रलाई यसो भने—"आवुसो सारिपुत्र! जसको तपाइँ दिनहुँ वर्णन गर्नुहुन्छ वहाँ आयुष्मान् पूर्ण मन्त्राणिपुत्र भगवान्कहाँबाट निस्की दिवाविहारको निमित्त अन्धवनमा जानु भएको छ।"

यो सुनेर आयुष्मान् सारिपुत्र हतारो हतारो मानी बस्ने आसन लिई आयुष्मान् पूर्ण मन्त्राणिपुत्रलाई हेर्दै पछि पछि लागी जानुभयो। आयुष्मान् पूर्ण मन्त्राणिपुत्र अन्धवन भित्र गई दिवाविहारको निमित्त एक रुखमनि बस्नुभयो। आयुष्मान् सारिपुत्र पनि अन्धवनमा पसी दिवाविहारको निमित्त एक रुखमनि बस्नुभयो।

किन ब्रह्मचर्यवास गर्ने ?

अनि संध्या समयतिर ध्यानबाट उठी आयुष्मान् सारिपुत्र जहाँ आयुष्मान् पूर्ण मन्त्राणिपुत्र हुनुहुन्थ्यो त्यहाँ गई वहाँसँग

कुशलक्षेम कुराकानि गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले आयुष्मान् पूर्ण मन्त्राणिपुत्रसँग यस्तो सोध्नु भयो—

"आवुसो ! भगवान्कहाँ ब्रह्मचर्य वास गर्नु हुन्छ के ?"

"आवुसो ! हो।"

(१) "आवुसो ! शीलविशुद्धिको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ के ?"

"आवुसो ! होइन।"

(२) "आवुसो ! के त चित्तविशुद्धिको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ त ?"

"आवुसो ! होइन।"

(३) "आवुसो ! दृष्टिविशुद्धिको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ कि ?"

"आवुसो ! होइन।"

(४) "आवुसो ! के त शंकानिवारणविशुद्धिको निमित्त भगवान्-कहाँ ब्रह्मचर्य वास गरिन्छ कि ?"

"आवुसो ! होइन।"

(५) "आवुसो ! मार्गामार्ग ज्ञानदर्शनविशुद्धिको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ कि ?"

"आवुसो ! होइन।"

(६) "आवुसो ! प्रतिपदा ज्ञानदर्शनविशुद्धिको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ कि ?"

"आवुसो ! होइन ।"

(७) "आवुसो ! ज्ञानदर्शनविशुद्धिको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ कि ?"

"आवुसो ! होइन ।"

"आवुसो ! शील विशुद्धिको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ कि भनी सोध्दा 'होइन' भनी भन्नुहुन्छ। चित्तविशुद्धिको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ कि भनी सोध्दा 'होइन' भनी भन्नुहुन्छ...ज्ञानदर्शन-विशुद्धिको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ कि भनी सोध्दा त्यो पनि 'होइन' भनी भन्नुहुन्छ। आवुसो ! त्यसोभए केको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ त ?"

"आवुसो ! उपादान रहित परिनिर्वाणको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ ।"

अनुपादान परिनिर्वाण भनेको के हो ?

"आवुसो ! के त शीलविशुद्धि अनुपादान निर्वाण हो ?"

"आवुसो ! होइन ।"

"आवुसो ! चित्तविशुद्धि...दृष्टिविशुद्धि...शंकानिवारणविशुद्धि ...मार्गामार्ग ज्ञानदर्शन-विशुद्धि...प्रतिपदा ज्ञानदर्शन-विशुद्धि...ज्ञान-

दर्शन-विशुद्धि अनुपादान परिनिर्वाण हो त ? अथवा यिनीहरूभन्दा अलग अनुपादान परिनिर्वाण हो ?"

"आवुसो ! होइन।"

"आवुसो ! शीलविशुद्धि अनुपादान परिनिर्वाण हो कि भनी सोध्दा 'होइन' भनी भन्नुहुन्छ, चित्तविशुद्धि अनुपादान परिनिर्वाण हो कि भनी सोध्दा 'होइन' भनी भन्नुहुन्छ, दृष्टिविशुद्धि...शंकानिवारण-विशुद्धि...मार्गामार्ग ज्ञानदर्शन-विशुद्धि...प्रतिपदा ज्ञानदर्शन-विशुद्धि... ज्ञानदर्शन-विशुद्धि अनुपादान परिनिर्वाण हो कि भनी सोध्दा त्यो पनि 'होइन' भनी भन्नुहुन्छ। 'यिनीहरूभन्दा अलग अनुपादान परिनिर्वाण हो कि ?' भनी सोध्दा 'होइन' भनी भन्नुहुन्छ। आवुसो ! त्यसोभए कसरी यस कुराको अर्थ बुझ्ने हो त ?"

"आवुसो ! यदि भगवान्‌ले (१) शीलविशुद्धिलाई अनुपादान परिनिर्वाण भनी भन्नुभएको भए सउपादानलाई नै अनुपादान परिनिर्वाण भन्नुभए पनि हुन्थ्यो। (२) यदि चित्तविशुद्धिलाई भगवान्‌ले अनुपादान परिनिर्वाण भनी भन्नुभएको भए सउपादानलाई नै अनुपादान परिनिर्वाण भन्नुभए पनि हुन्थ्यो। (३) यदि दृष्टिविशुद्धिलाई...(४) यदि शंका-निवारण विशुद्धिलाई...(५) यदि मार्गामार्ग ज्ञानदर्शन-विशुद्धिलाई... (६) यदि प्रतिपदा ज्ञानदर्शन-विशुद्धिलाई... (७) यदि ज्ञानदर्शन-विशुद्धिलाई भगवान्‌ले अनुपादान परिनिर्वाण भनी भन्नुभएको भए सउपादानलाई नै अनुपादान परिनिर्वाण भन्नुभए पनि हुन्थ्यो। यदि यी धर्महरूबाट अलग अनुपादान परिनिर्वाण भएको भए पृथग्जन पनि

परिनिर्वाण हुन्थ्यो होला । आवुसो ! पृथग्जन यी धर्महरूबाट अलग छ । आवुसो ! त्यसोभए एक उपमा बताउने छु । उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले भनेको कुराको अर्थ बुझ्न सक्छन् ।

रथको उपमा

"भनौं कि यहाँ श्रावस्तीवासी कोशल राजालाई साकेत जाने कुनै अत्यावश्यक काम पऱ्यो । अनि उनले बाटाका बीच बीचमा सात ठाउँमा घोडा बाँधिएका सातवटा रथहरू राख्न लगाउँछन् । पहिलो रथमा बसी दोश्रो रथ भएको ठाउँमा पुग्छन् । त्यहाँ दोश्रो रथमा बसी तेश्रो रथ भएको ठाउँमा पुग्छन् । त्यहाँ चौथो रथमा बसी पाँचौ रथमा...छैटौं रथमा...अन्तमा सातौं रथमा बसी साकेत पुग्छन् । अनि त्यहाँ बस्ने राजाका साथी मित्रहरूले "महाराज ! तपाईं यसै रथमा बसी श्रावस्तीबाट यहाँ आइपुग्नु भएको हो कि ?" भनी सोध्दा कसरी जवाफ दिंदा राजाले ठीक जवाफ दिएको हुन्छ ?"

"आवुसो ! एकबाट अर्को रथमा बसी त्यसबाट अर्को रथमा बसी अन्तमा सातौं रथमा बसी यहाँ आइपुगेको हुँ भनी जवाफ दिएमा ठीक जवाफ दिएको हुन्छ ।"

"आवुसो ! यस्तै प्रकार शीलविशुद्धि चित्तविशुद्धिको निमित्त हो, चित्तविशुद्धि दृष्टिविशुद्धिको निमित्त हो, दृष्टिविशुद्धि शंकानिवारण-विशुद्धिको निमित्त हो, शंकानिवारणविशुद्धि मार्गामार्ग ज्ञानदर्शन-

विशुद्धिको निमित्त हो, मार्गामार्ग ज्ञानदर्शनविशुद्धि प्रतिपदा ज्ञानदर्शन-विशुद्धिको निमित्त हो, प्रतिपदा ज्ञानदर्शनविशुद्धि ज्ञानदर्शनविशुद्धिको निमित्त हो र ज्ञानदर्शनविशुद्धि अनुपादान परिनिर्वाणको निमित्त हो। आवुसो ! अनुपादान परिनिर्वाणको निमित्त भगवान्कहाँ ब्रह्मचर्य वास गरिन्छ।"

परस्पर अनुमोदन

यस्तो भन्नुहुँदा आयुष्मान् सारिपुत्रले आयुष्मान् पूर्ण मन्त्राणीपुत्रसँग यस्तो सोध्नुभयो—"आयुष्मान्को नाम के हो ? आयुष्मान्लाई सब्रह्मचारीहरूले कसरी चिन्दछन् ?"

"आवुसो ! मेरो नाम पूर्ण हो। मन्त्राणिपुत्रको नामले पनि सब्रह्मचारीहरूले मलाई चिन्दछन्।"

"आश्चर्य हो, आवुसो ! अद्भूत हो आवुसो ! जस्तै कुनै बुद्धधर्म राम्ररी जान्ने श्रुतवान् श्रावकले झैं आयुष्मान् पूर्ण मन्त्राणिपुत्रले गम्भीरातिगम्भीर प्रश्नको एक एक गरी उत्तर दिनुभयो। ती सब्रह्म-चारीहरूको लाभ हो जसले पूर्ण मन्त्राणिपुत्रको दर्शन पाउँछन् र सत्संगत पनि। फेटा बाँधेको शीरमा राखेर पनि सब्रह्मचारीहरूले दर्शन तथा सत्संगत गर्न योग्य छ। यो पनि उनीहरूको निमित्त लाभ हो सुलाभ हो। हाम्रो पनि लाभ हो र हाम्रो पनि सुलाभ हो। जसले आयुष्मान् पूर्ण मन्त्राणिपुत्रको दर्शन पाए, सत्संगत पनि।"

यस्तो भन्नुहुँदा आयुष्मान् पूर्ण मन्त्राणिपुत्रले आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नु भयो—"आयुष्मान्को नाम के हो ? आयुष्मान्लाई कसरी सब्रह्मचारीहरूले चिन्दछन् ?"

"आवुसो ! मेरो नाम उपतिस्स हो। सब्रह्मचारीहरूले मलाई सारिपुत्रको नामले पनि चिन्दछन् ।"

"शास्ता समान् हुनु भएका (सत्थुकप्पेन) श्रावकसँग कुरा गरेर पनि मैले तपाईंलाई चिन्न सकिन—'आयुष्मान् ! सारिपुत्र हुनुहुन्छ' भनी। यदि 'आयुष्मान् सारिपुत्र' भनी जानेको भए यति कुरा पनि गर्ने थिइन। आश्चर्य हो आवुसो ! अद्भूत हो आवुसो ! जस्तै कुनै बुद्धधर्म राम्ररी जान्ने श्रुतवान् श्रावकले झैं आयुष्मान् सारिपुत्रले गम्भीरातिगम्भीर प्रश्न सोध्नु भयो। ती सब्रह्मचारीहरूको लाभ हो, जसले आयुष्मान् सारिपुत्रको दर्शन पाउँछन् र सत्संगत पनि। फेटा बाँधेको शीरमा राखेर पनि सब्रह्मचारीहरूले दर्शन गर्न योग्य छ। यो पनि उनीहरूको निमित्त लाभ हो, सुलाभ हो। हाम्रो पनि लाभ हो, सुलाभ हो जसले आयुष्मान् सारिपुत्रको दर्शन पाए र सत्संगत पनि।"

यसरी ती दुइ महापुरुषहरूले परस्पर सुभाषितलाई परस्पर अनुमोदन गर्नुभयो।

× × ×

मूल सूत्र—

११. महाहस्तोपद उपमा

यस्तो मैले सुनें[१]।

एक समय श्रावस्तीको अनाथपिण्डकको जेतवनाराममा भगवान् बसिरहनु भएको थियो। अनि त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—"आवुसो भिक्षुहो!" "आवुसो!" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिएपछि आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—"आवुसो! जस्तै कुनै पनि खुट्टा हुने जङ्गम प्राणीहरूको पैताला हात्तीको पैतालाभित्र अट्छ। ठूलोको हिसाबले अरू प्राणीहरूको पैतालाभन्दा हात्तीको पैताला ठूलो छ। त्यस्तै गरी जे जति कुशलधर्म-हरू छन् ती सबै चतुरार्यसत्य अन्तर्गत् हुन्छन्। कुन चार भने?— दुःख आर्यसत्य, दुःख समुदय आर्यसत्य, दुःख निरोध आर्यसत्य र दुःख निरोध हुने आर्यमार्गसत्य।

१. म. नि. I. पृ. २३५: महाहत्थिपदोपमसुत्तं, अ. क. II. पृ. १८२.

दुःख आर्यसत्य

"आवुसो ! दुःख आर्यसत्य भनेको के हो भने—जन्म हुनु दुःख हो, जरा हुनु दुःख हो, मरण हुनु दुःख हो, शोक हुनु दुःख हो, परिदेव हुनु दुःख हो, दुःखदौर्मनस्य उपायास हुनु दुःख हो, अप्रियसँग सम्पर्क हुनु दुःख हो, प्रियसँग वियोग हुनु दुःख हो तथा इच्छा गरेको वस्तु नपाउनु पनि दुःख हो । संक्षेपमा भन्ने हो भने—पञ्चउपादानस्कन्ध नै दुःख हो । आवुसो ! पञ्चउपादानस्कन्ध भनेको के हो भने—(१) रूप-उपादानस्कन्ध, (२) वेदना उपादानस्कन्ध, (३) संज्ञा उपादानस्कन्ध, (४) संस्कार उपादानस्कन्ध तथा (५) विज्ञान उपादानस्कन्ध हो । आवुसो ! रूप उपादानस्कन्ध भनेको के हो भने—चार महाभूत र त्यसबाट उत्पन्न हुने रूप हो । चार महाभूत भनेको—(१) पृथ्वीधातु, (२) आप्धातु, (३) तेजधातु तथा (४) वायुधातु हो ।

(१) यी मध्ये पृथ्वीधातु भनेको कुन हो त ? पृथ्वीधातु भनेको भित्री र बाहिरी हुनसक्छ । भित्री पृथ्वीधातु भनेको कुन हो त ? जुन भित्र बाहिरको शरीरमा भएको कर्कश तथा सारो स्वभावको पदार्थ हो—यही भित्री पृथ्वीधातु हो । जस्तै—(१) केश, (२) रौं, (३) नङ्, (४) दाँत, (५) छाला, (६) मासु, (७) स्नायु, (८) हाड, (९) मासी, (१०) मृगौला, (११) मुटु, (१२) कलेजो, (१३) क्लोम (किलोमकं), (१४) फियो, (१५) फोक्सो, (१६) मोटो आन्द्रा, (१७) स्यानो आन्द्रा,

(१८) उदर, (१९) मल तथा (२०) (मत्थलुङ्ग[1])। यी वा अरू कुनै भित्र बाहिरको शरीरमा भएको कर्कश तथा सारो स्वभाव भएको पदार्थ हो—ती सबै भित्री पृथ्वीधातु हुन्। जो त्यो भित्रको पृथ्वीधातु हो जो त्यो बाहिरको पृथ्वीधातु हो—सबै पृथ्वीधातु हुन्। 'त्यो न मेरो हो, न महुँ, न त्यो मेरो आत्मा हो' भनी यथार्थरूपले हेर्न सक्नुपर्छ। यसरी यथार्थरूपले हेर्दा पृथ्वीधातुबाट विरक्तिइन्छ र पृथ्वीधातुबाट चित्त अलग हुन्छ।

"आवुसो! त्यस्तो समय पनि आउँछ कि जब बाहिरको आप् (=पानी) धातु प्रकोप हुन्छ। त्यसबखत बाहिरको पृथ्वीधातु देखिन्न (अन्त हुन्छ डुबेर जान्छ)। आवुसो! त्यत्रो ठूलो बाहिरको पृथ्वीधातु पनि अनित्य देखिन्छ, क्षय भएको देखिन्छ, विनाश भएको देखिन्छ र परिवर्तन भएको देखिन्छ भने यो स्यानो शरीरको त के कुरा! जहाँ तृष्णाले 'म वा मेरो वा महुँ' भनी भन्छ। त्यो पनि पाइँदैन।

---

१. वि. म. पृ. २६०: समाधिनिद्देसो–११; पपं. सू. II. पृ. १८६ महाहत्थिपदोपमसुत्तवण्णनामा 'वीसतिया आकारेहि वित्थारेन दस्सिता' भनी उल्लेख भएको र मूलपालिमा केवल १९ वटा मात्र भएको र विसुद्धिमग्गमा 'एत्थ च मत्थलुङ्गं पक्खिपित्वा वीसतिया आकारेहि पठवीधातु निद्दिट्ठाति वेदितब्बा' भनी उल्लेख भएको हुँदा मैले माथि सूत्रमा कोष्ठभित्र 'मत्थलुङ्ग' शब्द राखी २० पुर्‍याएको हुँ।

"आवुसो ! यदि सो भिक्षुलाई अरूले गालि गर्छन् भने उसले यस्तो जान्दछ—'मलाई श्रोतसंस्पर्शज वेदना उत्पन्न भयो । त्यसकारणले भएको हो र अकारणले होइन । के कारणले भने— स्पर्शको कारण हो ।' अनि उसले त्यो स्पर्शलाई अनित्य भनी हेर्छ, वेदनालाई अनित्य भनी हेर्छ, संज्ञालाई अनित्य भनी हेर्छ, संस्कारलाई अनित्य भनी हेर्छ र विज्ञानलाई अनित्य भनी हेर्छ । अनि उसको मन धातुको विषयमा मात्र लाग्छ, उसैमा प्रसन्न हुन्छ र उसैमा तल्लीन हुन्छ ।

"आवुसो ! यदि सो भिक्षुलाई अरूले अनिष्ट अकान्त अमनाम रूपले व्यवहार गर्छन् भने जस्तै—हातले प्रहार गर्छन्, लट्ठीले प्रहार गर्छन्, दण्डाले प्रहार गर्छन् र शस्त्रले प्रहार गर्छन् । अनि उसले यस्तो विचार गर्छ—'यो त्यस्तो शरीर हो जसमा हातको प्रहारको पनि स्पर्श हुन्छ, लट्ठीको प्रहारको पनि स्पर्श हुन्छ, दण्डाको प्रहारको पनि स्पर्श हुन्छ र शस्त्रको प्रहारको पनि स्पर्श हुन्छ । अनि उसले यस्तो विचार गर्छ— भगवान्ले करौंतीको उपमाको कुरामा (ककचूपमवादे[1]) कुनै चोरहरूले समाती करौंतीले अङ्ग-प्रत्यङ्ग काट्दा जसले चित्त बिगार्छ उ मैले बताएको धर्मानुकूल धर्म पालन गर्ने होइन भनी भन्नुभएको छ । अतः अल्छी नभई मेरो वीर्य बलियो नै हुनेछ, बिस्मृत नभई स्मृतिवान् नै हुनेछ, चञ्चल नभई काय शान्त नै रहनेछ र समाहित भई एकाग्र नै हुनेछ । चाहे मेरो शरीरमा हातको प्रहार परोस् चाहे लट्ठीको प्रहार

---

१. म. नि. I. पृ. १७२: ककचूपमोसुत्तं ।

परोस् चाहे दण्डाको प्रहार परोस् चाहे शस्त्रको प्रहार परोस्—तर बुद्धको कथनानुसार धर्म नै पालन गरिनेछ।'

"आवुसो! यसरी बुद्धगुण, धर्मगुण तथा सङ्घगुण अनुस्मरण गर्दा जब उसमा कुशल निश्रित उपेक्षा स्थिर रहँदैन तब उसलाई संवेग हुन्छ र विरक्त लाग्छ—'अहो! मेरो अलाभ हो, लाभ होइन, अहो! मेरो दुर्लाभ हो, सुलाभ होइन; यसरी बुद्धगुण, धर्मगुण तथा सङ्घगुण अनुस्मरण गर्दा पनि ममा कुशल निश्रित उपेक्षा स्थिर रहन्न' भन्ने हुन्छ। आवुसो! जस्तै—सासुलाई देखेर बुहारी संविग्न हुन्छे, विरक्तिन्छे त्यस्तै सो भिक्षुलाई...विरक्त लाग्छ। जब यसरी बुद्धगुण, धर्मगुण तथा सङ्घगुण अनुस्मरण गर्दा उसमा कुशल निश्रित उपेक्षा स्थिर रहन्छ तब सो भिक्षु सन्तुष्ट हुन्छ। यतिले पनि भिक्षुले धेरै गरेको हुन्छ।

(२) "आवुसो! आप् (=पानी) धातु भनेको कुन हो त? आप् धातु भनेको भित्री र बाहिरी हुन सक्छ। भित्री आप् धातु भनेको कुन हो त? जुन भित्र बाहिरको शरीरमा भएको आप हो, आप् समान हो—यही आप् धातु हो। जस्तै—(१) पित्त, (२) कफ, (३) पीप, (४) रगत, (५) पसिना, (६) बोसो, (७) आँसु, (८) तेल (=चिल्लोपन), (९) थुक, (१०) सिंगान, (११) न्याल, (१२) पिसाब। यो वा अरू कुनै भित्र वा बाहिरको शरीरमा भएको आप्, आप् समान पदार्थ हो—ती सबै भित्री आप् धातु हुन्। जो त्यो भित्रको आप् धातु हो, जो त्यो बाहिरको आप् धातु हो—सबै आप् धातु हुन्। 'त्यो न मेरो हो, न महुँ, न त्यो मेरो आत्मा हो' भनी यथार्थरूपले हेर्नुपर्छ। यसरी

यथार्थरूपले हेर्दा आप् धातुबाट विरक्तिइन्छ र आप् धातुबाट चित्त अलग हुन्छ ।

"आवुसो ! त्यस्तो समय पनि आउँछ कि जब बाहिरको आप् धातु प्रकोष हुन्छ । त्यसबाट गाउँ पनि बगाउँछ, निगम पनि बगाउँछ, नगर पनि बगाउँछ, जनपद पनि बगाउँछ र जनपदको प्रदेश पनि बगाउँछ । आवुसो ! त्यस्तो समय पनि आउँछ कि जब शय योजन भएको महासमुद्रको पानी पनि सुकेर जान्छ, दुइ शय योजन भएको... तीनशय योजन भएको...चारशय योजन भएको...पाँचशय योजन भएको...छशय योजन भएको...सातशय योजन भएको महासमुद्रको पानी पनि सुकेर जान्छ । आवुसो ! त्यस्तो समय पनि आउँछ कि जब महासमुद्रमा सातवटा तालवृक्ष बराबर गहिरो पानी पनि रहन्छ, छवटा ...पाँचवटा...चारवटा...तीनवटा...दुइवटा...एकवटा तालवृक्ष जति गहिरो पानी पनि महासमुद्रमा रहन्छ । आवुसो ! त्यस्तो पनि समय आउँछ कि जब महासमुद्रमा सात पुरुष जति गहिरो पानी रहन्छ... छपुरुष...पाँचपुरुष...चारपुरुष...तीनपुरुष...दुइपुरुष...एकपुरुष जति गहिरो पानी पनि महासमुद्रमा रहन्छ । आवुसो ! त्यस्तो समय पनि आउँछ कि महासमुद्रमा आधा पुरुष जति गहिरो पानी रहन्छ, जाँघसम्म ...घुँडासम्म...गोलीगाँठासम्म पनि पानी रहन्छ । आवुसो ! त्यस्तो पनि समय आउँछ कि जब महासमुद्रमा औंलाको टुप्पा (अंगुलिपब्बते) मात्र पनि पानी रहन्छ । आवुसो ! त्यत्रो ठूलो बाहिरको पानी पनि अनित्य देखिन्छ, क्षय भएको देखिन्छ, विनाश भएको देखिन्छ र परिवर्तन

भएको देखिन्छ भने यो स्यानो शरीरको त के कुरा ! जहाँ तृष्णाले 'म वा मेरो वा महुँ' भनी भन्छ । त्यो पनि पाइँदैन ।

"आवुसो ! यसरी बुद्धगुण, धर्मगुण तथा सङ्घगुण अनुस्मरण गर्दा...जब उसमा कुशल निश्रित उपेक्षा स्थिर रहन्छ तब सो भिक्षु सन्तुष्ट हुन्छ । यतिले पनि भिक्षुले धेरै गरेको हुन्छ ।

(३) "आवुसो ! तेजधातु भनेको कुन हो त ? तेजधातु भनेको भित्री र बाहिरी हुन सक्छ । भित्री तेजधातु भनेको कुन हो त ? जो भित्र बाहिरको शरीरमा भएको तेज हो, तेज समान हो— यही तेजधातु हो । जस्तै—जसबाट ताप हुन्छ, जसबाट जीर्ण हुन्छ, जसबाट परिडाह हुन्छ र जसबाट खाएको पिएकोलाई राम्ररी पचाउँछ । यो वा अरू कुनै भित्र वा बाहिरको शरीरमा भएको तेज, तेज समान हो—यी सबै भित्री तेजधातु हुन् । जो त्यो भित्रको तेजधातु हो र जो त्यो बाहिरको तेजधातु हो—सबै तेजधातु हुन् । 'त्यो न मेरो हो, न महुँ, न त्यो मेरो आत्मा हो' भनी यथार्थरूपले हेर्नुपर्छ । यसरी यथार्थरूपले हेर्दा तेजधातुबाट विरक्तिइन्छ र तेजधातुबाट चित्त अलग हुन्छ ।

"आवुसो ! त्यस्तो समय पनि आउँछ कि जब बाहिरको तेजधातु प्रकोप हुन्छ । त्यसबाट गाउँ पनि जलाउँछ, निगम पनि जलाउँछ, नगर पनि जलाउँछ, जनपद पनि जलाउँछ र जनपदको प्रदेश पनि जलाउँछ । यो हरियो ठाउँमा पुगेर, ठूलो बाटोमा पुगेर, ढुंगाको पर्वतमा पुगेर, पानीमा पुगेर अथवा खुलमखुला ठाउँमा पुगेर आहार नपाई (=बल्ने वस्तु नपाई) निभ्छ । आवुसो ! त्यस्तो समय पनि

आउँछ कि कुखुराको प्वाँख लिएर र छालाको टुक्रा लिएर आगो खोज्न पर्ने हुन्छ। आवुसो! त्यत्रो ठूलो बाहिरको आगो पनि अनित्य देखिन्छ, क्षय भएको देखिन्छ, विनाश भएको देखिन्छ र परिवर्तन भएको देखिन्छ भने यो स्यानो शरीरको त के कुरा! जहाँ तृष्णाले 'म वा मेरो वा महुँ' भनी भन्छ। त्यो पनि पाइँदैन।...

"आवुसो! यसरी बुद्धगुण, धर्मगुण तथा सङ्घगुण अनुस्मरण गर्दा...जब उसमा कुशल निश्रित उपेक्षा स्थिर हुन्छ तब सो भिक्षु सन्तुष्ट हुन्छ। यतिले पनि भिक्षुले धेरै गरेको हुन्छ।

(४) "आवुसो! वायु धातु भनेको कुन हो त? वायु धातु भनेको भित्री र बाहिरी हुन सक्छ। भित्री वायु धातु भनेको कुन हो त? जो भित्र बाहिरको शरीरमा भएको वायु हो, वायु समान हो—यही वायु धातु हो। जस्तै—(१) माथिजाने वायु, (२) तलजाने वायु, (३) पेटको वायु, (४) आन्द्रा भित्रको वायु, (५) अंगप्रत्यंगमा सरने वायु र (६) आश्वास प्रश्वास। यो वा अरू कुनै भित्र वा बाहिर शरीरमा भएकी वायु वायु समान पदार्थ हो—यी सबै भित्री वायुधातु हुन्। जो त्यो भित्रको वायुधातु हो र जो त्यो बाहिरको वायुधातु हो—सबै वायुधातु नै हुन्। 'त्यो न मेरो हो, न महुँ, न त्यो मेरो आत्मा हो' भनी यथार्थरूपले हेर्नुपर्छ। यसरी यथार्थरूपले हेर्दा वायुधातुबाट विरक्तिइन्छ र वायुधातुबाट चित्त अलग हुन्छ।

"आवुसो! त्यस्तो समय पनि आउँछ कि जब बाहिरको वायुधातु प्रकोप हुन्छ। त्यसबाट गाउँ पनि उडाउँछ, निगम पनि उडाउँछ,

नगर पनि उडाउँछ, जनपद पनि उडाउँछ र जनपदको प्रदेश पनि उडाउँछ। आवुसो ! त्यस्तो समय पनि आउँछ कि जब गृष्मको आखिरी महीनामा तालको पंखाले हम्काएर पनि हावा खोज्छ। छानामाथिको पात पनि यताउता हल्लिदैन। आवुसो ! त्यत्रो ठूलो बाहिरको हावा पनि अनित्य देखिन्छ, क्षय भएको देखिन्छ, विनाश भएको देखिन्छ र परिवर्तन भएको देखिन्छ भने यो स्यानो शरीरको त के कुरा ! जहाँ तृष्णाले 'म वा मेरो वा महुँ' भनी भन्छ। त्यो पनि पाइँदैन।

"आवुसो ! यदि सो भिक्षुलाई अरूले गालि गर्छन् भने उसले यस्तो जान्दछ—'मलाई श्रोतसंस्पर्शज वेदना उत्पन्न भयो। त्यसकारणले भएको हो र अकारणले होइन। के कारणले भने—स्पर्शको कारणले' भनी उसले त्यो स्पर्शलाई अनित्य भनी हेर्छ,...विज्ञानलाई अनित्य भनी हेर्छ। अनि उसको मन धातुको विषयमा लाग्छ, उसैमा प्रसन्न हुन्छ र उसैमा तल्लीन हुन्छ।...(जम्मै कुराहरू माथि जस्तै दोहऱ्याई पढ्नू।)

"आवुसो !. .जब यसरी बुद्धगुण, धर्मगुण र सङ्घगुण अनुस्मरण गर्दा उसमा कुशल निश्रित उपेक्षा स्थिर रहन्छ तब सो भिक्षु सन्तुष्ट हुन्छ। यतिले पनि भिक्षुले धेरै गरेको हुन्छ।

"आवुसो ! जस्तै—काठको कारणले, डोरीको कारणले, घाँसको कारणले र माटाको कारणले आकाशलाई घेरा लगाइएकोलाई 'घर' भनिन्छ त्यस्तै गरी आवुसो ! हाडको कारणले, नसाको कारणले, मासुको कारणले र चर्मको कारणले आकाशलाई घेरा लगाइएकोलाई 'रूप' भनिन्छ। (क) आवुसो ! भित्र भएको (=अध्यात्ममा भएको)

आँखा भने फुटेको हुन्न तर बाहिरको रूप चक्षुपथमा आएको हुन्न, रूपलाई मनमा लिने प्रयत्न पनि हुन्न (न च तज्जो समन्नाहारो होति) न त त्यसद्वारा विज्ञानको अंश उत्पन्न हुन्छ। (ख) आवुसो ! भित्र भएको आँखा फुटेको हुन्न, बाहिरको रूप चक्षुपथमा आएको हुन्छ तर रूपलाई मनमा लिने प्रयत्न हुन्न न त त्यसद्वारा विज्ञानको अंश उत्पन्न हुन्छ। (ग) आवुसो ! जब भित्र भएको आँखा पनि फुटेको हुन्न, बाहिरको रूप पनि चक्षुपथमा आएको हुन्छ, रूपलाई मनमा लिने प्रयत्न पनि हुन्छ (तज्जो च समन्नाहारो होति) अनि त्यसद्वारा विज्ञानको अंश पनि उत्पन्न हुन्छ तब यसरी (चक्षुविज्ञानले) देखेको जुन रूप हो त्यो रूप उपादान-स्कन्धमा अन्तर्गत हुन्छ अर्थात् त्यस्तो रूपलाई रूप-उपादानस्कन्ध भनिन्छ; यसरी भएको जुन वेदना हो त्यो वेदना उपादानस्कन्धमा अन्तर्गत हुन्छ; यसरी भएको जुन संज्ञा हो त्यो संज्ञा उपादानस्कन्धमा अन्तर्गत हुन्छ; यसरी भएको जुन संस्कार हो त्यो संस्कार उपादान-स्कन्धमा अन्तर्गत हुन्छ; यसरी भएको जुन विज्ञान हो त्यो विज्ञान-उपादानस्कन्धमा अन्तर्गत हुन्छ।

"अनि सो भिक्षु यस्तो जान्दछ—'यसरी यी पञ्चउपादानस्कन्ध-हरू एकै ठाउँमा संग्रह हुन्छन्, एकै ठाउँमा समागम हुन्छन् र एकै ठाउँमा थुप्रिन्छन्। भगवान्‌ले यस्तो भन्नु भएको छ—जसले प्रतित्यसमुत्पादलाई देख्छ उसले धर्मलाई देख्छ जसले धर्मलाई देख्छ उसले प्रतित्यसमुत्पाद-लाई देख्छ। यी पञ्चउपादानस्कन्धहरू प्रतित्यसमुत्पन्न हुन् अर्थात् हेतुप्रत्ययद्वारा उत्पन्न भएका हुन्। यी पञ्चउपादानस्कन्धहरू मध्येमा जुन रुचि (छन्द), आलय, अनुनय र ग्रहण हो—सोही दुःख समुदय हो।

यी पञ्चउपादानस्कन्धहरू मध्येबाट जुन छन्दराग हटाउने, छन्दराग प्रहाण गर्ने—यही दुःखनिरोध हो।' यतिले पनि भिक्षुले धेरै गरेको हुन्छ।

(क) "आवुसो! भित्र भएको (अध्यात्ममा भएको) श्रोत भने बिग्रेको हुन्न...घ्राण भने बिग्रेको हुन्न...जिह्वा भने बिग्रेको हुन्न...काय भने बिग्रेको हुन्न...मन भने बिग्रेको हुन्न किन्तु बाहिरबाट मनको विषय (धर्म) मनको पथमा आएको हुन्न, मनमा लिने प्रयत्न पनि हुन्न (न च तज्जो समन्नाहारो होति) न त त्यसद्वारा विज्ञानको अंश उत्पन्न हुन्छ। (ख) आवुसो! भित्र भएको मन बिग्रेको हुन्न, बाहिरको मनको विषय मनको पथमा आएको हुन्छ तर विषयलाई मनमा लिने प्रयत्न हुन्न न त त्यसद्वारा विज्ञानको अंश उत्पन्न हुन्छ। (ग) आवुसो! जब भित्र भएको मन पनि बिग्रेको हुन्न, बाहिरको मनको विषय पनि मनको पथमा आएको हुन्छ, मनको विषयलाई मनमा लिने प्रयत्न पनि हुन्छ (तज्जो च समन्नाहारो होति) अनि त्यसद्वारा विज्ञानको अंश पनि उत्पन्न हुन्छ तब यसरी (विज्ञानले) देखेको जुन रूप हो त्यो रूप-उपादान-स्कन्धमा अन्तर्गत हुन्छ अर्थात् त्यस्तो रूपलाई रूप-उपादानस्कन्ध भनिन्छ; यसरी भएको जुन वेदना हो,...जुन संज्ञा हो,...जुन संस्कार हो,...जुन विज्ञान हो त्यो विज्ञान उपादानस्कन्धमा अन्तर्गत हुन्छ।

"अनि सो भिक्षु यस्तो जान्दछ—'यसरी यी पञ्चउपादानस्कन्ध-हरू एकै ठाउँमा संग्रह हुन्छन्, एकै ठाउँमा समागम हुन्छन् र एकै ठाउँमा थुप्रिन्छन्। भगवान्ले यस्तो भन्नु भएको छ—जसले प्रतित्यसमुत्पादलाई

देख्छ उसले धर्मलाई देख्छ, जसले धर्मलाई देख्छ उसले प्रतित्यसमुत्पाद-लाई देख्छ। यी पञ्चउपादानस्कन्धहरू प्रतित्यसमुत्पन्न हुन् अर्थात् हेतुप्रत्ययद्वारा उत्पन्न भएका हुन्। यी पञ्चउपादानस्कन्धहरू मध्येमा जुन रुचि (छन्द), आलय, अनुनय र ग्रहण हो—सोही दुःख समुदय हो। यी पञ्चउपादानस्कन्धहरू मध्येबाट जुन छन्दराग हटाउने र छन्दराग प्रहाण गर्ने—यही दुःख निरोध हो।' यतिले पनि भिक्षुले धेरै गरेको हुन्छ।"

आयुष्मान् सारिपुत्रले यति भन्नुभयो। ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गरे।

× × ×

मूल सूत्र—

१२. महा प्रश्नोत्तर

कहिले प्रज्ञावान् हुन्छ ?

यस्तो मैले सुनें[१] ।

एक समय श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामम़ा भगवान् बसिरहनु भएको थियो । अनि आयुष्मान् महाकोट्ठिक संध्या समयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभई आयुष्मान् सारिपुत्रसँग सम्मोदनीय कुशलवार्ता गर्नु भएपछि एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् महाकोट्ठिकले आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नुभयो—

(क) "आवुसो ! 'प्रज्ञा नभएको (दुप्पञ्ञो) प्रज्ञा नभएको' भनी भन्दछन् । आवुसो ! कहिले प्रज्ञा नभएको हुन्छ ?

"आवुसो ! 'जान्दैन जान्दैन' भनुञ्जेलसम्म प्रज्ञा नभएको हुन्छ । के जान्दैन भने—यो दुःख भनी जान्दैन, यो दुःख समुदय भनी जान्दैन,

---

१. म. नि. I. पृ. ३६०: महावेदल्लसुत्तं, अ. क. II. पृ. २७८.

यो दुःख निरोध भनी जान्दैन र यो दुःख निरोध हुने मार्ग भनी जान्दैन । 'जान्दैन जान्दैन' भन्नु नै प्रज्ञा नभएको हो ।"

(ख) "साधु, आवुसो !" भनी आयुष्मान् महाकोट्ठिकले अर्को प्रश्न सोध्नुभयो—"आवुसो ! 'प्रज्ञावान् प्रज्ञावान्' भन्दछन्, आवुसो ! कहिले प्रज्ञावान् हुन्छ ?"

"आवुसो ! जब 'जान्दछ जान्दछ' भनिन्छ तब प्रज्ञावान् हुन्छ । के जान्दछ भने—यो दुःख हो भनी जान्दछ, यो दुःख समुदय हो भनी जान्दछ, यो दुःख निरोध हो भनी जान्दछ, यो दुःख निरोध हुने मार्ग हो भनी जान्दछ । 'जान्दछ जान्दछ' भन्नु नै प्रज्ञावान्[१] हो ।"

विज्ञान र वेदना भनेको के हो ?

१. "आवुसो ! 'विज्ञान विज्ञान' भन्दछ, आवुसो ! विज्ञान भनेको के हो ?"

---

१. यहाँ 'प्रज्ञावान्' भनेको तल्लो श्रेणीबाट स्रोतापन्न र माथिल्लो श्रेणीबाट अरहन्त क्षीणास्रवीलाई भनिएको हो । त्रिपिटक जम्मै जान्नेलाई पनि प्रज्ञावान् भनिदैन । किनभने उसले विपश्यनाद्वारा अनित्यादिलाई बोध गरेको हुन्न । यस्तालाई विज्ञान-चरित्र हुने मात्र भन्दछन् भनी पपं. सू. II. पृ. २८२: महावेदल्लसुत्तवर्णनाले उल्लेख गरेको छ ।

"आवुसो ! 'जान्दछ जान्दछ' भन्ने नै विज्ञान हो। के जान्दछ भने—सुख[1] भनी जान्दछ, दुःख भनी जान्दछ, नसुख नदुःख भनी जान्दछ। अतः, आवुसो ! 'जान्दछ जान्दछ' भन्ने नै विज्ञान हो।"

२. "आवुसो ! जो यो प्रज्ञा हो, जो यो विज्ञान हो—यी दुइ पदार्थहरू (=धर्महरू) परस्पर सम्बन्धित छन् वा असम्बन्धित छन् ? यसलाई अलग अलग पारी छुट्याएर भन्न सकिन्छ के ?"

"आवुसो ! जो यो प्रज्ञा हो, जो यो विज्ञान हो—यी पदार्थहरू परस्पर सम्बन्धित छन् (संसट्ठा) असम्बन्धित छैनन्। यी धर्महरूलाई अलग अलग पारी छुट्याई भन्न सकिन्न। आवुसो ! जो जान्नु हो (पजानाति) त्यो बुझ्नु हो, जो बुझ्नु हो त्यो जान्नु हो। त्यसैले यी धर्महरू परस्पर सम्बन्धित छन् असम्बन्धित छैनन्। यी धर्महरू अलग अलग छुट्याई भन्न सकिन्न।"

३. "आवुसो ! जो यो प्रज्ञा[2] हो, जो यो विज्ञान हो—यी

---

१. यहाँ 'सुख' भनेको सतिपट्ठानभावनामा आएको जस्तै हो। सुखानुभूति हुँदा 'सुखवेदना' भनी जान्ने, दुःखवेदना हुँदा 'दुःख-वेदना' भनी जान्नेलाई यहाँ विज्ञान भनिएको हो। पपं. सू. II. पृ. २८२: महावेदल्लसुत्तवण्णना।

२. यहाँ प्रज्ञा र विज्ञान भनेको—मार्गप्रज्ञा, मार्गविज्ञान; विपश्यना-प्रज्ञा र विपश्यना विज्ञान हो। पपं. सू. II. पृ. २८४: महावेदल्ल-सुत्तवण्णना।

परस्पर सम्बन्धित भएका तथा असम्बन्धित नभएका धर्महरूको के भिन्नता (नानाकरणं) छ त ?"

"आवुसो ! जो यो प्रज्ञा हो, जो यो विज्ञान[1] हो—यी मध्ये भावितागर्नु पर्ने प्रज्ञा हो जान्नुपर्ने विज्ञान हो (पञ्ञा भावितब्बा, विञ्ञाणं परिञ्ञेय्यं)। यिनको भिन्नता यति नै हो।"

४. "आवुसो ! यहाँ 'वेदना वेदना' भनी भन्दछन्। आवुसो ! किन वेदना भनिएको हो ?"

"आवुसो ! 'अनुभव भयो, अनुभव भयो' (वेदेति वेदेति इति) भनी भनिने हुनाले 'वेदना' भनिएको हो। के अनुभव हुन्छ त ? सुख पनि अनुभव हुन्छ, दुःख पनि अनुभव हुन्छ र नसुख नदुःख पनि अनुभव हुन्छ। आवुसो ! 'अनुभव भयो, अनुभव भयो' भनी भनिने हुनाले 'वेदना' भनिएको हो।"

५. "आवुसो ! 'संज्ञा संज्ञा' भनी भनिन्छ। आवुसो ! किन संज्ञा भनिएको हो ?"

"आवुसो ! 'पहिचान्छ पहिचान्छ' भनिन्छ। आवुसो ! त्यसैले 'संज्ञा' भनिएको हो। के पहिचान्छ ? नीलो पहिचान्छ, पहेँलो पहिचान्छ, रातो पहिचान्छ, सेतो पहिचान्छ (ओदातंपि सञ्जानाति); आवुसो ! त्यसैले 'संज्ञा' भनिएको हो।"

---

१. यहाँ प्रज्ञा र विज्ञान भनेको लौकिक विषयमा आउँदा चित्त (=विज्ञान) प्रधान हुन्छ भने लोकोत्तर विषयमा पुग्दा प्रज्ञा प्रधान हुन्छ। पपं. सू. II. पृ. २८३: महावेदल्लसुत्तवण्णना।

६. "आवुसो ! जो यो वेदना हो, जो यो संज्ञा हो र जो यो विज्ञान[1] हो—यी धर्महरू परस्पर सम्बन्धित छन् कि अथवा छैनन् ? यी धर्महरूलाई अलग अलग गरी छुटचाई देखाउन सकिन्छ के ?"

"आवुसो ! जो यो वेदना हो, जो यो संज्ञा हो र जो यो विज्ञान हो—यी धर्महरू परस्पर सम्बन्धित छन् (संसट्ठा) असम्बन्धित छैनन् । यिनीहरूलाई अलग अलग गरी छुटचाउन सकिन्न । आवुसो ! जो अनुभव हुन्छ त्यो पहिचान्छ र जो पहिचान्छ त्यो जान्दछ । आवुसो ! त्यसैले यी धर्महरू परस्पर सम्बन्धित छन् असम्बन्धित छैनन् । यी धर्महरूलाई अलग अलग गरी छुट्याउन सकिन्न ।"

मनःविज्ञानले के जान्नुपर्छ ?

१. "आवुसो ! पञ्चेन्द्रियबाट अलग भएको परिशुद्ध मनः-विज्ञानले के जान्नुपर्छ (नेय्यं) ?"

"आवुसो ! पञ्चेन्द्रियबाट अलग भएको परिशुद्ध मनःविज्ञानले[2]

---

१. यी वेदना, संज्ञा र विज्ञानको अर्थ लगाउँदै पपं. सू. II. पृ. २८६: महावेदल्लसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ-- जुन आरम्मण (=मनले ग्रहण गर्ने) लाई वेदनाले जान्दछ संज्ञाले पनि सोही आरम्मणलाई जान्दछ । अनि जुन आरम्मणलाई संज्ञाले जान्दछ सोही आरम्मणलाई विज्ञानले पनि जान्दछ । अतः 'संजाननं, पजाननं तथा विजाननं' भन्ने ठाउँमा उपसर्ग मात्र लागेको हो अर्थ चाहिं 'जाननं' मात्र हो ।

संज्ञाले 'नीलो रातो' भन्ने आरम्मण मात्र जान्दछ। अनित्य दुःख अनात्म भनी लक्षण प्रतिवेध गर्न सक्तैन। विज्ञानले नीलादि वर्ण पनि जान्दछ अनित्यादि लक्षण पनि प्रतिवेध गराउन सक्छ। तर त्यसबाट उठाई मार्गमा पुऱ्याउन सक्तैन। प्रज्ञाले नीलादि वर्णलाई पनि जान्न सक्छ अनित्यादि लक्षण पनि प्रतिवेध गराउन सक्छ अनि त्यसबाट उठाई मार्गमा पनि पुऱ्याउन सक्छ। जस्तै असर्फीको थुप्रो देखेर अज्ञानी बालकले दाम वा सुन भनी जान्दछ तर मानिसहरूको उपभोग गर्ने रूपैयाँ हो भन्ने जान्दैन। गाउँका मानिसहरूले यो पैसा हो भन्ने पनि जान्दछन् पहेँलो राम्रो भन्ने पनि जान्दछन्। यो बहुमूल्य सुन हो, यो असल हो, यो मझौला हो र यो उत्तम हो भन्ने चाहिं जान्दैनन्। सुनको व्यापार गर्नेले चाहिं यो पहेँलो रंग भनेर पनि, यो सुन हो भन्ने पनि, यो पैसा हो भनेर पनि जान्दछ तथा यो असल कमसल भन्ने पनि जान्दछ। जस्तै छोएर, बजाएर धेरै जाने थोरै जाने भन्ने पनि जान्दछ। त्यस्तै गरी संज्ञा भनेको अज्ञानि बालकले जान्ने जस्तै, विज्ञान भनेको गाउँलेहरूले जान्ने जस्तै तथा प्रज्ञा भनेको सुनको व्यापारीले जान्ने जस्तै हो भन्ने कुरा बुझ्न सक्नु पर्छ। त्यसैले प्रज्ञाले अनित्यादि लक्षण प्रतिवेध गरी मार्गसम्म पुऱ्याइदिन सक्छ भनिएको हो।

२. रूपावचर चतुर्थ ध्यानिकचित्तलाई यहाँ 'मनोविज्ञान' भनिएको हो। पपं. सू. II. पृ. २८७: महावेदल्लसुत्तवण्णना।

'आकाश अनन्त' भनी आकाशानन्त्यायतनलाई जान्नुपर्छ, 'विज्ञान अनन्त' भनी विज्ञानन्त्यायतनलाई जान्नुपर्छ, 'केही छैन' भनी आकिञ्चन्यायतन-लाई जान्नुपर्छ।"

२. "आवुसो ! जान्नुपर्ने (नेय्यं) धर्म केले जान्दछ त ?"

"आवुसो ! जान्नुपर्ने (नेय्यं) धर्म प्रज्ञाचक्षुले जान्दछ।"

३. "आवुसो ! प्रज्ञा केको लागि हो त ?"

"आवुसो ! प्रज्ञा अभिज्ञाको लागि, परिज्ञाको लागि तथा प्रहाणको लागि हो।"

सम्यक्दृष्टि

१. "आवुसो ! सम्यक्दृष्टि उत्पादनार्थ कति प्रत्यय (=हेतु) हुन्छन् ?"

"आवुसो ! सम्यक्दृष्टि[१] उत्पादनको निमित्त दुइ प्रत्ययहरू (=हेतु) हुन्छन्। (१) अर्काबाट सुन्ने (परतोघोस) र (२) ज्ञानपूर्वक विचार गर्ने (योनिसो मनसिकारो)। आवुसो ! सम्यक्दृष्टि उत्पादनको निमित्त यही दुइ प्रत्ययहरू हुन्छन्।"

---

१. यहाँ सम्यक्दृष्टि भनेको विपश्यना-सम्यक्दृष्टि र मार्ग-सम्यक्दृष्टि-लाई भनिएको हो। पपं. सू. II. पृ. २८८: महावेदल्लसुत्तवण्णना।

२. "आवुसो ! कति अङ्गले संगृहित (युक्त) सम्यक्दृष्टि चित्तविमुक्ति र चित्तविमुक्तिफलानिसंस तथा प्रज्ञाविमुक्ति[१] र प्रज्ञाविमुक्तिफलानिसंस हुन्छ ?"

"आवुसो ! पाँच अङ्गले अनुगृहित (युक्त) सम्यक्दृष्टि चित्तविमुक्ति र चित्तविमुक्तिफलानिसंस, प्रज्ञाविमुक्ति र प्रज्ञाविमुक्तिफलानिसंस हुन्छ। आवुसो ! यहाँ सम्यक्दृष्टि (१) शीलानुगृहित हुन्छ, (२) श्रुति-अनुगृहित हुन्छ, (३) साकच्छानुगृहित हुन्छ, (४) शमथानुगृहित हुन्छ तथा (५) विपश्यनानुगृहित हुन्छ। आवुसो ! यिनै पाँच अङ्गद्वारा अनुगृहित हुन्छ...।"

पुनर्भवमा उत्पन्न हुने

१. "आवुसो ! कति भवहरू छन् ?"

"आवुसो ! तीन भवहरू छन्—(१) **कामभव**, (२) **रूपभव** र (३) **अरूपभव**।"

२. "आवुसो ! कसरी भवमा पुनः उत्पन्न हुन्छ ?"

"आवुसो ! अविद्या, नीवरण, तृष्णा, संयोजनद्वारा त्यस त्यस

---

१. यहाँ चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भनेको के हो भन्ने बारेमा लेखकको बु. प. भा-१, पृ. ३२८ र बु. गृ. भा-३, पृ. १२६ को पादटिप्पणीमा हेर्नू ।

ठाउँमा अभिनन्दन गर्ने प्राणीहरू भविष्यमा भवमा (=संसार चक्रमा) पुनः उत्पन्न हुन्छन् ।"

"आवुसो ! अविद्यालाई हटाई विद्या उत्पन्न गर्दा तृष्णा निरोध हुन्छ—यसैबाट भविष्यमा भवमा पुनः उत्पन्न हुन्न ।"

प्रथमध्यान

(१) "आवुसो ! प्रथमध्यान भनेको कुन हो ?"

"आवुसो ! यहाँ भिक्षु कामविषयबाट अलग भई अकुशलबाट अलग भई सवितर्क सविचारयुक्त विवेकजः (=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यानमा समाधिष्ठ भई बस्छ । आवुसो ! यही प्रथमध्यान हो ।"

"आवुसो ! प्रथमध्यानका कति अङ्गहरू[1] छन् ?"

"आवुसो ! प्रथमध्यानका पाँच अङ्गहरू छन् । आवुसो ! प्रथमध्यानमा बस्ने भिक्षुको (१) वितर्क हुन्छ, (२) विचार हुन्छ, (३) प्रीति हुन्छ, (४) सुख हुन्छ र (५) चित्त एकाग्रता हुन्छ । आवुसो ! यसरी प्रथमध्यानका पाँच अङ्गहरू हुन्छन् ।"

---

१. उभतोभागविमुक्त (यसको अर्थ बु. श्र. भा–१, पृ. २८३ को पादटिप्पणीमा उल्लेख भएको छ) भएका भिक्षुहरू कहिले काहिं निरोध-समापत्तिमा बस्छन् । निरोध-समापत्तिमा बस्ने भिक्षुले

(२) **"आवुसो ! प्रथमध्यानमा कति अङ्गहरू हुन्नन् र कति अङ्गहरू हुन्छन् त ?"**

"आवुसो ! प्रथमध्यानमा पाँच अङ्ग हुन्नन् र पाँच अङ्ग हुन्छन् । आवुसो ! प्रथमध्यानमा बस्ने भिक्षुको (१) कामच्छन्द हुन्न, (२) व्यापाद

ध्यानका अङ्गहरू जान्न सक्नुपर्छ । त्यसैले यहाँ महाकोट्ठिक महास्थविरले त्यसका अङ्गहरूको बारेमा प्रश्न गर्नुभएको हो भनी पपं. सू. II. पृ. २९०: महावेदल्लसुत्तवण्णनाले उल्लेख गरेको छ ।

यो प्रथमध्यान आदि चारवटा ध्यानहरू (१) कसैलाई चित्त एकाग्रताको निमित्त साधक हुन्छ; (२) कसैलाई विपश्यना ध्यानको निमित्त साधक हुन्छ; (३) कसैलाई अभिज्ञाको निमित्त साधक हुन्छ; (४) कसैलाई निरोध समापत्तिको निमित्त साधक हुन्छ भने (५) कसैलाई भवगमनको निमित्त साधक हुन्छ ।

यसमध्ये क्षीणास्रवीको निमित्त चित्त एकाग्रता पार्नको लागि हुन्छ । शैक्ष पृथग्जनहरूको निमित्त विपश्यना लाभार्थ हुन्छ । अष्टसमापत्ति लाभ गरी अभिज्ञाको अभिलाषा गर्नेलाई अभिज्ञाको लागि साधक हुन्छ । अष्टसमापत्ति लाभ गरी निरोधसमापत्तिमा बस्न चाहने क्षीणास्रवीको निमित्त निरोधसमापत्तिको निमित्त पनि साधक हुन्छ तथा जो समापत्ति लाभ गरी अतुच्छ ध्यानी भई ब्रह्मलोक जानेछु भन्ने इच्छा गर्छ उसको निमित्त अर्को भवमा (=लोकमा) जानको निमित्त साधक हुन्छ भनी पपं. सू. I. पृ. ११३: भयभेरवसुत्तवण्णनाले उल्लेख गरेको छ ।

हुन्न, (३) थीनमिद्ध हुन्न, (४) उद्धच्चकुक्कुच्च हुन्न र (५) विचिकित्सा हुन्न। (१) वितर्क हुन्छ, (२) विचार हुन्छ, (३) प्रीति हुन्छ, (४) सुख हुन्छ र (५) चित्त एकाग्रता हुन्छ। आवुसो ! यसरी प्रथमध्यानमा पाँच अङ्ग हुन्नन् र पाँच अङ्ग हुन्छन्।"

पञ्चेन्द्रियको प्रतिशरण को हुन्छ ?

"आवुसो ! जो यी पञ्चेन्द्रिय हुन् यिनका भिन्न भिन्न विषय र भिन्न भिन्न गोचर हुन्छन्। यिनीहरूमध्ये यौटाले अर्काको गोचर ग्रहण गर्दैन। जस्तै—चक्षुरिन्द्रिय, श्रोतेन्द्रिय, घ्राणेन्द्रिय, जिह्वेन्द्रिय तथा कायेन्द्रिय। यी भिन्न भिन्न गोचर ग्रहण गर्ने पञ्चेन्द्रियको प्रतिशरण (=उपकारक=आश्रय) केमा हुन्छ ? कसले उनीहरूको गोचर विषय-लाई प्रत्यनुभव गर्छ ?"

"आवुसो ! यिनीहरूको प्रतिशरण मन हो। मनले उनीहरूको गोचर विषयलाई ग्रहण गर्छ।

पञ्चेन्द्रियको आधार के हो ?

(१) "आवुसो ! जो यी पञ्चेन्द्रिय हुन् ती केका आधारले (=कारणले) रहन्छन् ? (किं पटिच्च तिट्ठति ?)

"आवुसो ! यी पञ्चेन्द्रियहरू आयुको आधारले रहन्छन्।"

(२) "आवुसो ! आयु केको आधारले (=कारणले) रहन्छ ?"

"आवुसो ! आयु उष्णता (उस्मं) को आधारले रहन्छ ।"

(३) "आवुसो ! यो उष्णता केको आधारले रहन्छ ?"

"आवुसो ! यो उष्णता आयुको आधारले रहन्छ ।"

(४) "आवुसो ! अहिले भरखरै आयुष्मान् सारिपुत्रको भाषण सुनें कि उष्णताको आधारले (=कारणले) आयु रहन्छ । आवुसो ! फेरि अहिले आयुष्मान् सारिपुत्रको भाषण सुनें कि आयुको आधारले उष्णता रहन्छ । आवुसो ! यस कुराको अर्थ कसरी बुझ्ने ?"

"आवुसो ! त्यसोभए उपमा बताउने छु । उपमाद्वारा पनि यहाँ केही बुद्धिवान् पुरुषहरूले यसको अर्थ बुझ्न सक्छन् । आवुसो ! जस्तै— बलिरहेको तेलको बत्तीको ज्वाला (अर्ची) को कारणले आभा (=प्रकाश) देखिन्छ । आभाको कारणले ज्वाला (अर्ची) देखिन्छ । आवुसो ! यस्तै गरी उष्णताको कारणले आयु र आयुको कारणले उष्णता रहन्छ ।"

संज्ञावेदयितनिरोध-समापत्ति

(१) "आवुसो ! आयुसंस्कार (=आयु) र वेदनीय (=वेदना) धर्म एकै हो कि अथवा आयुसंस्कार भिन्नै वेदनीय धर्म भिन्नै हो ?"

"आवुसो ! आयुसंस्कार र वेदनीय धर्म एकै होइन। आवुसो ! यदि यी दुवै एकै हुँदाहुन् त संज्ञावेदयित-निरोध-समापत्तिमा बस्ने भिक्षु त्यसबाट उठ्न सक्ने थिएन। किन कि आयुसंस्कार र वेदनीय धर्म भिन्नाभिन्नै हुन्—त्यसैले संज्ञावेदयित-निरोध-समापत्तिमा बस्ने भिक्षु त्यसबाट उठ्न सकेको हो।"

(२) "आवुसो ! के तत्वले छाड्दा मृत्युपछि यो शरीर अचेतन मूढा भैं सुत्छ ?"

"आवुसो ! जब यो शरीरलाई (१) आयु, (२) उष्णता तथा (३) विज्ञान[1]—यी तीन तत्वले छाड्दछन् तब मृत्युपछि यो शरीर अचेतन मूढा भैं सुत्छ।"

---

१. यहाँ आयु उष्णता तथा विज्ञान भनेको अर्को शब्दमा भन्ने हो भने—आयु भनेको रूपजीवितेन्द्रिय हो। उष्णता भनेको कर्मजः तेजधातु हो। विज्ञान भनेको चित्त हो। जब यी तीन तत्वले यो रूपकायलाई छाड्छन् तब यो शरीर अचेतन मूढा भैं सुत्छ। त्यसैले भनेको—

"आयु उस्मा च विञ्ञाणं यदा कायं जहन्तिमं।
अपविद्धो तदा सेति परभत्तं अचेतनं'ति॥"

पपं. सू. II. पृ. २९२: महावेदल्लसुत्तवण्णना।

(३) "आवुसो ! जसको मृत्यु हुन्छ र जो भिक्षु संज्ञावेदयित निरोध[1] समापत्तिमा बस्छ— यिनीहरूमा के भिन्नता छ त ?"

"आवुसो ! जसको मृत्यु हुन्छ उसको कायसंस्कार (=श्वास प्रश्वास) निरुद्ध हुन्छ, वचीसंस्कार निरुद्ध हुन्छ र चित्तसंस्कार[2] पनि निरुद्ध हुन्छ। आयु क्षीण हुन्छ, उष्णता समाप्त हुन्छ र इन्द्रियहरू उच्छिन्न हुन्छन्। जो त्यो भिक्षु संज्ञावेदयितनिरोध समापत्तिमा बस्छ उसको पनि कायसंस्कार निरुद्ध हुन्छ, वचीसंस्कार निरुद्ध हुन्छ तथा मनोसंस्कार निरुद्ध हुन्छ। तर आयु परिक्षीण भएको हुन्न, उष्णता समाप्त भएको हुन्न र इन्द्रियहरू परिशुद्ध हुन्छन्। आवुसो ! जसको मृत्यु हुन्छ र जो संज्ञावेदयितनिरोध समापत्तिमा बस्ने भिक्षु हो— यी दुवैमा यही भिन्नता हुन्छ।"

चित्तविमुक्ति समापत्ति

(१) "आवुसो ! सुखदुःख नभएको चित्तविमुक्ति समापत्तिको निमित्त (अदुक्खमसुखाय चेतोविमुत्तिया) कति प्रत्ययहरू (पच्चया) छन् ?"

---

१. 'संज्ञावेदयितनिरोध' को अर्थ के हो भन्ने बारेमा लेखकको बु. श्रावि. च. भा—१, पृ. ३७५ को पादटिप्पणीमा हेर्नू।

२. काय-चित्त-वची सस्कार भनेको आश्वास प्रश्वासलाई 'कायसंस्कार' भनिएको हो। वितर्क विचारलाई 'वचीसंस्कार' भनिएको हो। संज्ञा, वेदनालाई 'चित्तसंस्कार' भनिएको हो भनी पपं. सू. II. पृ. २९२: महावेदल्लसुत्तवण्णनाले उल्लेख गरेको छ।

"आवुसो ! सुखदुःख नभएको चित्तविमुक्ति समापत्तिको निमित्त चारवटा प्रत्ययहरू (पच्चया) छन् । आवुसो ! यहाँ भिक्षु (१) सौमनस्य दौर्मनस्यलाई पहिले नै अन्तगरी (२) सुखदुःखलाई त्यागी (३) सुखदुःख नभएको (४) उपेक्षाद्वारा स्मृति परिशुद्ध भएको चतुर्थध्यान प्राप्तगरी बस्छ । आवुसो ! सुखदुःख नभएको चित्तविमुक्ति समापत्तिको निमित्त यिनै चारवटा प्रत्ययहरू हुन्छन् ।"

(२) "आवुसो ! अनिमित्तचित्त विमुक्ति[1] (अनिमित्ताय चेतोविमुत्तिया) समापत्तिको निमित्त कति प्रत्ययहरू हुन्छन् ?"

"आवुसो ! अनिमित्त चित्तविमुक्ति समापत्तिको निमित्त दुइवटा प्रत्ययहरू हुन्छन् । (१) सबै निमित्तको मनस्कार नगर्नु, (२) अनिमित्त धातुको मात्र मनस्कार गर्नु । आवुसो ! अनिमित्त चित्तविमुक्ति समापत्तिको निमित्त यिनै दुइवटा प्रत्ययहरू हुन्छन् ।"

(३) "आवुसो ! अनिमित्त चित्तविमुक्ति स्थितिको निमित्त कति प्रत्ययहरू हुन्छन् ?"

"आवुसो ! अनिमित्त चित्तविमुक्ति स्थितिको निमित्त तीन प्रत्ययहरू हुन्छन्—(१) सबै निमित्तहरूको मनस्कार नगर्नु, (२) अनिमित्त धातुको मात्र मनस्कार गर्नु र (३) पहिले नै समयको निश्चय गर्नु (पुब्बे च अभिसंखारो) । आवुसो ! अनिमित्त चित्तविमुक्ति स्थितिको निमित्त यिनै तीन प्रत्ययहरू हुन्छन् ।"

---

१. यसको अर्थ लेखकको बु. व्र. भा–१, पृ. २८७ को पादटिप्पणीमा हेर्नू ।

(४) "आवुसो ! अनिमित्त चित्तविमुक्तिबाट उठ्नको निमित्त कति प्रत्ययहरू हुन्छन् ?"

"आवुसो ! अनिमित्त चित्तविमुक्तिबाट उठ्नको निमित्त दुइ प्रत्ययहरू हुन्छन्—(१) सबै निमित्तहरूको मनस्कार गर्नु, (२) अनिमित्त धातुको[1] मनस्कार नगर्नु । आवुसो ! अनिमित्त चित्तविमुक्तिबाट उठ्नको निमित्त यिनै दुइ प्रत्ययहरू हुन्छन् ।"

(५) "आवुसो ! (१) जुन यो अप्रमाण चित्तविमुक्ति हो, (२) जुन यो आकिञ्चन्य चित्तविमुक्ति हो, (३) जुन यो शून्यता चित्तविमुक्ति हो तथा (४) जुन यो अनिमित्त चित्तविमुक्ति हो—यी धर्महरू (=विषयहरू) नानार्थ र नाना ब्यञ्जन हुन् कि अथवा एकार्थ र ब्यञ्जन मात्र नाना हुन् ?"

"आवुसो ! जुन यो अप्रमाण चित्तविमुक्ति हो, जुन यो आकिञ्चन्य चित्तविमुक्ति हो, जुन यो शून्यता चित्तविमुक्ति हो तथा जुन यो अनिमित्त चित्तविमुक्ति हो—आवुसो ! त्यस्तो पर्याय पनि छ कि जुन पर्यायमा आउँदा यी धर्महरू नानार्थ र नाना ब्यञ्जन हुन्छन् तथा एकार्थ र ब्यञ्जन मात्र नाना पनि हुन्छन् ।"

(६) "आवुसो ! त्यो कुन पर्याय हो त जुन पर्यायमा आउँदा यी धर्महरू नानार्थ र नाना ब्यञ्जन हुन्छन् ?"

---

१. यहाँ 'अनिमित्त धातु' भनेको निर्वाण हो भनी पपं. सू. II. पृ. २९३: महावेदल्लसुत्तवण्णनाले उल्लेख गरेको छ ।

"आवुसो ! यहाँ भिक्षु मैत्रीसहगत चित्त एक दिशामा, द्वितीय दिशामा, तृतीय दिशामा तथा चतुर्थ दिशामा फैलाई बस्छ। यस्तै गरी उर्ध, अधो, तीर्य, सबै ठाउँमा, सबै प्रकारले, सबै लोकमा मैत्रीचित्त, अवैरचित्त, अद्वेषचित्त, विपुलचित्त, महानचित्त र अप्रमाणचित्त फैलाई बस्छ। यस्तै गरी करुणासहगतचित्त,...मुदितासहगतचित्त,...र उपेक्षा-सहगतचित्त एकदिशामा फैलाई बस्छ, द्वितीय, तृतीय तथा चतुर्थ दिशामा उपेक्षासहगतचित्त...र अप्रमाणचित्त फैलाई बस्छ। आवुसो ! यसैलाई अप्रमाण चित्तविमुक्ति भनिएको हो।"

(७) "आवुसो ! आकिञ्चन्य चित्तविमुक्ति भनेको कुनचाहिं हो त ?"

"आवुसो ! यहाँ भिक्षु सबै प्रकारले विज्ञानन्त्यायतनलाई अति-क्रमण गरी 'केही छैन' भनी आकिञ्चन्यायतनमा समाधिष्ठ भई बस्छ। आवुसो ! यसैलाई 'आकिञ्चन्यायतन चित्तविमुक्ति' भनिन्छ।"

(८) "आवुसो ! शून्यता चित्तविमुक्ति भनेको कुनचाहिं हो त ?"

"आवुसो ! यहाँ भिक्षु अरण्यमा, वृक्ष मूलमा अथवा शून्यागारमा बसी यस्तो विचार गर्छ—'आत्माले अथवा आत्मात्वले शून्य छ'। आवुसो ! यसैलाई 'शून्यता चित्तविमुक्ति' भनिन्छ।"

(९) "आवुसो ! अनिमित्त चित्तविमुक्ति भनेको कुनचाहिं हो त ?"

"आवुसो ! यहाँ भिक्षु कुनै निमित्तलाई मनमा लिई नबसी 'अनिमित्त चित्त समाधिमा' समाधिष्ठ भई बस्छ । आवुसो ! यसैलाई 'अनिमित्त चित्तविमुक्ति' भनिन्छ । आवुसो ! यही पर्याय हो जुन पर्यायमा आउँदा यी धर्महरू नानार्थ र नाना व्यञ्जन हुन्छन् ।"

(१०) "आवुसो ! त्यो कुन पर्याय हो त जुन पर्यायमा आउँदा यी धर्महरू एकार्थ र नाना व्यञ्जन हुन्छन् ?"

(क) "आवुसो ! रागचित्त प्रमाणकारी हो[1], द्वेषचित्त प्रमाणकारी हो र मोहचित्त प्रमाणकारी हो । क्षीणास्रवी भिक्षुहरूमा ती प्रहीण भएका हुन्छन् । जरो उखेलिई सकेको छेदन गरेको तालवृक्ष झैं असम्भाव्य भई पुनः उत्पन्न हुन नसक्ने हुन्छन् । जतिसम्म अप्रमाण

---

१. भनौं कि पर्वतको फेदीमा फोहरै फोहर भएको कालो वा नीलो भएको ठूलो पोखरीलाई देख्दा अति गहिरो जस्तो लाग्छ । तर त्यसमा लट्ठी वा डोरी खसाली हेर्दा पैतालासम्म पनि पानी रहेन छ भन्ने थाहा पाउँछ । त्यस्तै गरी जबसम्म मानिसमा राग, द्वेष, मोह उत्पन्न हुन्न तबसम्म उ स्रोतापन्न झैं वा सकृदागामी झैं वा अनागामी झैं देखिन्छ । जब उसमा राग, द्वेष, मोह उत्पन्न हुन्छ तब उसलाई रागी, द्वेषी तथा मोही भनी जान्न सकिन्छ । अनि उसलाई 'यस्तो रहेछ' भनी उसको प्रमाण थाहा पाइने हुनाले रागलाई प्रमाणकारी भनिएको हो भनी पपं. सू. II. पृ. २९४: महावेदल्लसुत्तवण्णनाले उल्लेख गरेको छ ।

चित्तविमुक्तिहरू छन् त्यसमध्ये अकोप्य चित्तविमुक्ति (=अपरिवर्त्य रूपले चित्तविमुक्ति भैसकेको, अटल भएको) अर्थात् निर्वाणचित्त अग्र देखिन्छ। त्यो अकोप्य (=अपरिवर्त्य, अटल) चित्तविमुक्ति रागबाट पनि शून्य छ, द्वेषबाट पनि शून्य छ र मोहबाट पनि शून्य छ।

(ख) "आवुसो ! रागचित्त प्रपञ्चकारी हो, द्वेषचित्त प्रपञ्चकारी हो र मोहचित्त पनि प्रपञ्चकारी हो। क्षीणास्रवी भिक्षुहरूमा ती प्रहीण भएका हुन्छन्। जरो उखेलिई सकेको,...हुन्छन्। जतिसम्म आकिञ्चन्य चित्तविमुक्तिहरू छन् त्यसमध्ये अकोप्य चित्तविमुक्ति अर्थात् निर्वाणचित्त अग्र देखिन्छ। त्यो अकोप्य चित्तविमुक्ति रागबाट शून्य छ, द्वेषबाट शून्य छ तथा मोहबाट पनि शून्य छ।

(ग) "आवुसो ! रागचित्त निमित्तकारी हो, द्वेषचित्त निमित्तकारी हो तथा मोहचित्त निमित्तकारी[1] हो। क्षीणास्रवी भिक्षुहरूमा यी

---

१. भनौं कि कुनै दुइजनाका दुइवटा बिलकुल उस्तै गाईका बाछा हुन्छन्। ती दुइहरूमध्ये कुन कसको हो भनी चिन्न सकिन्न। जब तिनीहरूमा कुनै चिनो (=निमित्त) लगाइन्छ तब यो फलानोको हो भन्ने चिनिन्छ। त्यस्तै गरी जबसम्म मानिसमा राग उत्पन्न हुन्न तबसम्म 'को आर्य हो, को पृथग्जन हो' भनी चिन्न सकिन्न। जब राग उत्पन्न हुन्छ तब यो 'रागी हो' भनी चिनिन्छ। त्यसैले रागलाई निमित्तकारी भनिएको हो भनी पपं. सू. II. पृ. २६५: महावेदल्लसुत्तवण्णनाले उल्लेख गरेको छ।

प्रहीण भएका हुन्छन् । जरो उखेलिई सकेको,...हुन्छन् । जतिसम्म अनिमित्त चित्तविमुक्तिहरू छन् त्यसमध्ये अकोप्य चित्तविमुक्ति अर्थात् निर्वाण चित्त अग्र देखिन्छ । त्यो अकोप्य चित्तविमुक्ति रागबाट पनि शून्य छ, द्वेषबाट पनि शून्य छ तथा मोहबाट पनि शून्य छ ।

"आवुसो ! जो त्यो अकोप्य चित्तविमुक्ति रागबाट शून्य छ, द्वेषबाट शून्य छ तथा मोहबाट पनि शून्य छ । आवुसो ! यही पर्याय हो जुन पर्यायमा आउँदा यी धर्महरू एकार्थ[1] र व्यञ्जन मात्र नाना हुन्छन् ।"

आयुष्मान् सारिपुत्रले यति भन्नुभएपछि सन्तुष्ट भएका आयुष्मान् महाकोट्ठिकले आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गर्नुभयो ।

× × ×

---

१. यहाँ 'एकार्थ' भनेको विषय आरम्मणको हिसावले एउटै विषयको हुनाले 'एकार्थ' (एकट्ठा) भनिएको हो । अप्रमाण, आकिञ्चन्य, शून्यता, अनिमित्तता आदि सबै यिनीहरू निर्वाणकै नाम हुन् । अतः यस पर्यायले एकार्थ हो । अर्को ठाउँमा अप्रमाण, आकिञ्चन्य, शून्यता, अनिमित्तता भन्ने पर्यायले नाना व्यञ्जन हुन आउँछन् । पपं. सू. II. पृ. २९६: महावेदल्लसुत्तवण्णना ।

मूल सूत्र—

१३. सेवनीय र असेवनीय धर्महरू

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बसिरहनु भएको थियो। अनि त्यहाँ भगवान्ले "भिक्षुहो!" भनी भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो। "भदन्त" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिएपछि भगवान्ले यस्तो भन्नुभयो—"भिक्षुहो! सेवनीय र असेवनीय धर्मको बारेमा भन्नेछु। त्यसलाई सुन। राम्ररी मनमा राख भन्नेछु।" "हवस्, भन्ते!" भनी ती भिक्षुहरूले भगवान्-लाई प्रत्युत्तर दिएपछि भगवान्ले यसो भन्नुभयो—

(१) "भिक्षुहो! कायसमाचार (=कायकर्म) पनि दुइ प्रकारका छन् भनी भन्दछु। सेवनीय र असेवनीय। त्यो अन्योन्य छ। (२) वचीसमाचार (=वचीकर्म) पनि दुइ प्रकारका छन्...(३) मनः-समाचार (=मनः कर्म) पनि दुइ प्रकारका छन्...(४) चित्त उत्पत्ति

१. म. नि. III. पृ. १०६: सेवितब्बासेवितब्बसुत्तं, अ. क. IV. पृ. ७०.

पनि दुइ प्रकारका छन्...(५) संज्ञाप्रतिलाभ पनि दुइ प्रकारका छन्... (६) दृष्टिप्रतिलाभ पनि दुइ प्रकारका छन्. .(७) आत्मभावप्रतिलाभ पनि दुइ प्रकारका छन् भनी भन्दछु। सेवनीय र असेवनीय। त्यो अन्योन्य छ।"

सारिपुत्रको व्याख्या

यस्तो भन्नुभएपछि आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो भन्नुभयो—"भन्ते! भगवान्ले विस्तृत नगरी संक्षेपमा भन्नुभएको यस कुराको अर्थ मैले यसरी विस्तृतरूपले बुझेको छु—

(१) "भगवान्ले जुन संक्षेपमा दुइ प्रकारका कायसमाचारहरू बताउनु भएको छ त्यसको मतलब के हो भने—भन्ते! जुन कायसमाचार सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्तो कायसमाचार सेवन गर्नुहुन्न। भन्ते! जुन कायसमाचार सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्तो कायसमाचार सेवन गर्नुपर्छ।

(क) "भन्ते! कस्तो कायसमाचार सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्? भन्ते! यहाँ (१) कुनै पुरुष प्राणीहिंसा गर्ने हुन्छ—...[१] (२) अदिन्नादायी अर्थात् चोरी गर्ने हुन्छ—...[१] (३) काम विषयमा मिथ्याचार गर्ने हुन्छ—...[१]। भन्ते!

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा-२ को पृ. २८२ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

यस्तो कायसमाचार सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन् ।

(ख) "भन्ते ! कस्तो कायसमाचार सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन् ? भन्ते ! यहाँ कुनै पुरुष (१) प्राणीघातलाई त्यागी प्राणीघातबाट विरत हुन्छ—...[1] (२) अदिन्नादानलाई त्यागी अदिन्नादानबाट विरत हुन्छ—...[1] (३) कामविषयको मिथ्याचारलाई त्यागी काममिथ्याचारबाट विरत हुन्छ—...[1] । भन्ते ! यस्तो कायसमाचार सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन् । कायसमाचार पनि दुइ प्रकारका छन् सेवनीय र असेवनीय भनी जुन कुरा भगवान्ले भन्नुभयो सो यसै कारणले भन्नुभएको हो ।

(२) "भगवान्ले जुन संक्षेपमा दुइ प्रकारका वचीसमाचारहरू बताउनु भएको छ त्यसको मतलब के हो भने—भन्ते ! जुन वचीसमाचार सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्तो वचीसमाचार सेवन गर्नुहुन्न । भन्ते ! जुन वचीसमाचार सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्तो वचीसमाचार सेवन गर्नुपर्छ ।

(क) "भन्ते ! कस्तो वचीसमाचार सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन् ? भन्ते ! यहाँ कुनै पुरुष (१) झूट

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–२, को पृ. २८६ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

बोल्ने हुन्छ—सभाको बीचमा...[१] (२) चुक्ली लगाउने हुन्छ—यहाँ सुनेर अमुकलाई कुरा सुनाउँछ...[१] (३) परुष बोली बोल्ने हुन्छ—जुन त्यो बोली काँढाले जस्तै घोच्छ...[१] (४) सम्प्रलापी हुन्छ—असमयमा बोल्ने, असत्य बोल्ने, अनर्थ बोल्ने...हुन्छ। भन्ते! यस्तो वचीसमाचार सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्।

(ख) "भन्ते! कस्तो वचीसमाचार सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन्? भन्ते! यहाँ कुनै पुरुष (१) झूटो बोलीलाई त्यागी झूटो बोलीबाट विरत रहन्छ...[२] (२) चुक्ली बोलीलाई त्यागी चुक्ली बोलिबाट विरत रहन्छ..[२] (३) परुष बोलीलाई त्यागी परुष बोलीबाट विरत रहन्छ...[२] (४) सम्प्रलापलाई त्यागी सम्प्रलापबाट विरत रहन्छ...[२]। भन्ते! यस्तो वचीसमाचार सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन्। वची-समाचार पनि दुइ प्रकारका छन् सेवनीय र असेवनीय भनी जुन कुरा भगवान्ले भन्नुभयो सो यसै कारणले भन्नुभएको हो।

(३) "भगवान्ले जुन संक्षेपमा दुइ प्रकारका मनःसमाचार बताउनु भएको छ त्यसको मतलब के हो भने—भन्ते! जुन मनः-

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा-२ को पृ. २८३ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ भा-२, पृ. २८६-८७ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

समाचार सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्तो मनःसमाचार सेवन गर्नु हुन्न। भन्ते! जुन मनःसमाचार सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्तो मनःसमाचार सेवन गर्नुपर्छ।

(क) "भन्ते! कस्तो मनःसमाचार सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्? भन्ते! यहाँ कुनै पुरुष (१) अभिध्यालु (=महालोभी) हुन्छ—...[१] (२) व्यापन्न (=द्वेषपूर्ण चित्त) हुने र द्वेषपूर्ण संकल्प गर्ने हुन्छ—...[१] (३) मिथ्यादृष्टिक हुन्छ विपरीत दृष्टिले हेर्ने हुन्छ—...[१]।

(ख) "भन्ते! कस्तो मनःसमाचार सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन्? भन्ते! यहाँ कुनै पुरुष (१) अभिध्यालु हुन्न—...[२] (२) व्यापन्नचित्त राख्ने हुन्न र द्वेषपूर्ण संकल्प गर्ने हुन्न—...[२] (३) सम्यक्दृष्टिक हुन्छ र अविपरीत दृष्टिले हेर्ने हुन्छ—...[२]। भन्ते! यस्तो मनःसमाचार सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन्। मनःसमाचार पनि दुइ प्रकारका छन् सेवनीय र असेवनीय भनी जुन कुरा भगवान्ले भन्नुभयो सो यसै कारणले भन्नुभएको हो।

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–२ को पृ. २८४ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–२ को पृ. २८७ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

(४) "भगवान्ले जुन संक्षेपमा दुइ प्रकारका चित्तोत्पाद बताउनु भएको छ त्यसको मतलव के हो भने— भन्ते ! जुन चित्तोत्पाद सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्तो चित्तोत्पाद सेवन गर्नु हुन्न। भन्ते ! जुन चित्तोत्पाद सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्तो चित्तोत्पाद सेवन गर्नुपर्छ।

(क) "भन्ते ! कस्तो चित्तोत्पाद सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन् ? भन्ते ! यहाँ कुनै पुरुष अभिध्यालु हुन्छ र अभिध्या सहगत चित्त लिई बस्छ, द्वेषी हुन्छ र द्वेष सहगत चित्त लिई बस्छ तथा दुःखदिने हुन्छ र दुःखदिने सहगत चित्त लिई बस्छ। भन्ते ! यस्तो चित्तोत्पाद सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्।

(ख) "भन्ते ! कस्तो चित्तोत्पाद सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन् ? भन्ते ! यहाँ कुनै पुरुष अलोभी हुन्छ र अलोभ सहगत चित्त लिई बस्छ, अद्वेषी हुन्छ र अद्वेष सहगत चित्त लिई बस्छ तथा दुःख नदिने हुन्छ र दुःख नदिने सहगत चित्त लिई बस्छ। भन्ते ! यस्तो चित्तोत्पाद सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन्। चित्तोत्पाद पनि दुइ प्रकारका छन् सेवनीय र असेवनीय भनी जुन कुरा भगवान्ले भन्नुभयो सो यसै कारणले भन्नुभएको हो।

(५) "भगवान्ले जुन संक्षेपमा दुइ प्रकारका संज्ञाप्रतिलाभ

बताउनु भएको छ त्यसको मतलब के हो भने—भन्ते ! जुन संज्ञा-प्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्तो संज्ञाप्रतिलाभ सेवन गर्न हुन्न। भन्ते ! जुन संज्ञाप्रतिलाभ सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्तो संज्ञाप्रतिलाभ सेवन गर्नुपर्छ ।

(क) "भन्ते ! कस्तो संज्ञाप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन् ? भन्ते ! यहाँ कुनै पुरुष अभिध्यालु हुन्छ र अभिध्या सहगत चित्त लिई बस्छ, द्वेषी हुन्छ र द्वेष सहगत चित्त लिई बस्छ। भन्ते ! यस्तो संज्ञाप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन् ।

(ख) "भन्ते ! कस्तो संज्ञाप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन् ? भन्ते ! यहाँ कुनै पुरुष अलोभी हुन्छ र अलोभ सहगत संज्ञा लिई बस्छ, अद्वेषी हुन्छ र अद्वेष सहगत संज्ञा लिई बस्छ तथा दुःख नदिने हुन्छ र दुःख नदिने सहगत संज्ञा लिई बस्छ । भन्ते ! यस्तो संज्ञाप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन् । संज्ञाप्रतिलाभ पनि दुइ प्रकारका छन् सेवनीय र असेवनीय भनी जुन कुरा भगवान्ले भन्नुभयो सो यसै कारणले भन्नुभएको हो ।

(६) "भगवान्ले जुन संक्षेपमा दुइ प्रकारका दृष्टिप्रतिलाभ बताउनु भएको छ त्यसको मतलब के हो भने—भन्ते ! जुन दृष्टिप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्तो

दृष्टिप्रति लाभ सेवन गर्नु हुन्न। भन्ते ! जुन दृष्टिप्रतिलाभ सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्तो ृष्टिप्रतिलाभ सेवन गर्नुपर्छ।

(क) "भन्ते ! कस्तो दृष्टिप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन् ? भन्ते ! यहाँ कुनै पुरुष (१) दानको फल छैन, (२) यज्ञको फल छैन,...[१] (१०) यो लोकमा त्यस्तो कुनै श्रमण ब्राह्मण छैन जसले सम्यक्‌रूपले नैर्याणिक मार्गमा प्रतिपन्न भई यो लोक र परलोकलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताउन सकोस् भन्ने दृष्टिक हुन्छ। भन्ते ! यस्तो दृष्टिप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्।

(ख) "भन्ते ! कस्तो दृष्टिप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन् ? भन्ते ! यहाँ कुनै पुरुष (१) दानको फल छ, (२) यज्ञको फल छ...[२] (१०) यो लोकमा त्यस्तो श्रमण ब्राह्मण पनि छ—जसले सम्यक्‌रूपले नैर्याणिक मार्गमा प्रतिपन्न भई यो लोक र परलोकलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताउन सक्छ भन्ने दृष्टिक हुन्छ। भन्ते ! यस्तो दृष्टिप्रतिलाभ सेवन गर्दा

---

१. यहाँका अरू बाँकी कुराहरू लेखकको बु. ब्रा. भा–३ को पृ. ३८१ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. ब्रा. भा–३ को पृ. ३८४ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन्। दृष्टिप्रतिलाभ पनि दुइ प्रकारका छन् सेवनीय र असेवनीय भनी जुन कुरा भगवान्ले भन्नुभयो सो यसै कारणले भन्नुभएको हो।

(७) "भगवान्ले जुन संक्षेपमा दुइ प्रकारका आत्मभाव-प्रतिलाभ बताउनु भएको छ त्यसको मतलब के हो भने—भन्ते! जुन आत्मभावप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्तो आत्मभावप्रतिलाभ सेवन गर्नु हुन्न। भन्ते! जुन आत्मभावप्रतिलाभ सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्तो आत्मभावप्रतिलाभ सेवन गर्नु पर्छ।

(क) "भन्ते! कस्तो आत्मभावप्रतिलाभ सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्? भन्ते! व्यापादयुक्त (सब्यापज्झँ) आत्मभाव लाभले गर्दा भवचक्र नसिद्धिएको हुनाले अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्। व्यापादरहित (अब्यापज्झं) आत्मभाव लाभले गर्दा भवचक्र सिद्धिएको हुनाले अकुशल धर्महरू घट्छन् र कुशल धर्महरू बढ्छन्। त्यसैले आत्मभावप्रतिलाभ पनि दुइ प्रकारका छन् सेवनीय र असेवनीय भनी जुन कुरा भगवान्ले भन्नुभयो सो यसै कारणले भन्नुभएको हो।

"भन्ते! भगवान्ले विस्तृत नगरी संक्षेपमा भन्नुभएको यस कुराको अर्थ मैले विस्तृतरूपमा यसरी बुझेको छु।"

"साधु! सारिपुत्र! साधु! मैले विस्तृतरूपले नबताई संक्षेप-रूपले बताएको यस कुराको अर्थ तिमीले विस्तृतरूपले यसरी बुझ्यौ।"

(अनि आयुष्मान् सारिपुत्रले भन्नुभएको कुरालाई दोहऱ्याई दयो त्यसै हो भनी भगवान्ले भन्नुभई पुनः यस्तो भन्नुभयो—)

"सारिपुत्र ! (१) चक्षुविज्ञेय (=चक्षुद्वारा जानिने) रूप पनि दुइ प्रकारका छन् भनी भन्दछु सेवनीय र असेवनीय, (२) श्रोतविज्ञेय शब्द पनि...(३) घ्राणविज्ञेय गन्ध पनि...(४) जिह्वाविज्ञेय रस पनि... (५) कायविज्ञेय स्पर्श पनि...(६) मनोविज्ञेय धर्म (=मनको विषय) पनि दुइ प्रकारका छन् भनी भन्दछु सेवनीय र असेवनीय।"

यस्तो भन्नुभएपछि आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो भन्नुभयो—"भन्ते ! भगवान्ले विस्तृत नगरी संक्षेपमा भन्नुभएको यस कुराको अर्थ मैले यसरी विस्तृतरूपले बुझेको छु—

"भगवान्ले जुन दुइ प्रकारका चक्षुविज्ञेय रूपहरू बताउनु भयो त्यसको मतलब के हो भने—भन्ते ! जुन प्रकारका (१) चक्षुविज्ञेय रूपहरू सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्ता चक्षुविज्ञेय रूपहरू सेवन गर्नु हुन्न। भन्ते ! जुन चक्षुविज्ञेय रूपहरू सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्ता चक्षुविज्ञेय रूपहरू सेवन गर्नुपर्छ। यसै कारणले भगवान्ले दुइ प्रकारका चक्षुविज्ञेय रूपहरू बताउनु भएको हो। भन्ते ! जुन प्रकारका (२) श्रोतविज्ञेय शब्दहरू...(३) घ्राणविज्ञेय गन्धहरू... (४) जिह्वाविज्ञेय रसहरू...(५) कायविज्ञेय स्पर्शहरू...(६) मनोविज्ञेय धर्महरू सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्ता मनोविज्ञेय धर्महरू सेवन गर्नु हुन्न। भन्ते ! जुन मनोविज्ञेय

धर्महरू सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्— त्यस्ता मनोविज्ञेय धर्महरू सेवन गर्नुपर्छ । यसै कारणले भगवान्ले दुइ प्रकारका मनोविज्ञेय धर्महरू बताउनु भएको हो ।

"भन्ते ! विस्तृत नगरी संक्षेपमा भगवान्ले भन्नुभएको यस कुराको अर्थ मैले यसरी विस्तृतरूपले बुझेको छु ।"

"साधु ! सारिपुत्र ! साधु ! मैले विस्तृतरूपले नबताई संक्षेप-रूपले बताएको यस कुराको अर्थ तिमीले विस्तृतरूपले यसरी बुझ्यौ ।"

(अनि भगवान्ले आयुष्मान् सारिपुत्रले भन्नुभएको कुरालाई दोहऱ्याई त्यो त्यस्तै हो भनी भन्नुभई पुनः यस्तो भन्नुभयो—)

"सारिपुत्र ! (१) चीवर पनि दुइ प्रकारका छन् भनी भन्दछु— सेवनीय र असेवनीय, (२) पिण्डपात्र (=भिक्षा भोजन) पनि... (३) शयनासन पनि...(४) गाउँ पनि... (५) निगम पनि...(६) नगर पनि...(७) जनपद पनि... (८) पुद्गल (=व्यक्ति) पनि दुइ प्रकारका छन् भनी भन्दछु— सेवनीय र असेवनीय ।"

यस्तो भन्नु भएपछि आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो भन्नुभयो—"भन्ते ! भगवान्ले विस्तृत नगरी संक्षेपमा भन्नुभएको यसको अर्थ मैले यसरी विस्तृतरूपले बुझेको छु—

"भगवान्ले जुन दुइ प्रकारका (१) चीवरहरू बताउनु भयो त्यसको मतलब के हो भने—भन्ते ! जुन प्रकारको चीवर सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्तो चीवर सेवन

गर्नु हुन्न। भन्ते! जुन चीवर सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्तो चीवर सेवन गर्नुपर्छ। यसै कारणले भगवान्ले दुइ प्रकारका चीवरहरू बताउनु भएको हो। भगवान्ले जुन दुइ प्रकारका (२) पिण्डपात्रहरू...(३) शयनासनहरू...(४) गाउँहरू... (५) निगमहरू... (६) नगरहरू... (७) जनपदहरू... (८) पुद्गलहरू बताउनु भयो त्यसको मतलब के हो भने– भन्ते! जुन पुद्गल (=व्यक्ति) सेवन गर्दा अकुशल धर्महरू बढ्छन् र कुशल धर्महरू घट्छन्—त्यस्तो पुद्गल सेवन गर्नु हुन्न। भन्ते! जुन पुद्गल सेवन गर्दा कुशल धर्महरू बढ्छन् र अकुशल धर्महरू घट्छन्—त्यस्तो पुद्गल सेवन गर्नुपर्छ। यसै कारणले भगवान्ले दुइ प्रकारका पुद्गलहरू बताउनु भएको हो।"

"साधु! सारिपुत्र! साधु! मैले विस्तृतरूपले नबताई संक्षेपरूपले बताएको यस कुराको अर्थ तिमीले विस्तृतरूपले यसरी बुझ्यौ।"

(अनि भगवान्ले आयुष्मान् सारिपुत्रले भन्नुभएको कुरालाई दोहऱ्याई त्यो त्यस्तै हो भनी भन्नुभई पुनः यस्तो भन्नुभयो—)

"सारिपुत्र! यदि सबै क्षत्रीहरूले मैले विस्तृत नगरी संक्षेपमा भनेको यस कुराको अर्थ जानेका भए सबै क्षत्रीहरूको दीर्घकालिक हित र सुख हुने थियो। सारिपुत्र! यदि सबै ब्राह्मणहरूले...सबै वैश्यहरूले ...सबै शूद्रहरूले मैले विस्तृत नगरी संक्षेपमा भनेको यस कुराको अर्थ जानेका भए सबै शूद्रहरूको दीर्घकालिक हित र सुख हुने थियो।

सारिपुत्र ! यदि देवसहित, मारसहित, ब्रह्मसहित, श्रमणसहित र ब्राह्मण प्रजाहरूले मैले विस्तृत नगरी संक्षेपमा भनेको यस कुराको अर्थ जानेका भए सबैं...ब्राह्मण प्रजाहरूको दीर्घकालिक हित र सुख हुने थियो।"

भगवान्ले यति भन्नु भएपछि सन्तुष्ट भएका आयुष्मान् सारिपुत्रले भगवान्को भाषणलाई अभिनन्दन गर्नु भयो।

× × ×

मूल सूत्र—

१४. रोगग्रस्त अनाथपिण्डिकलाई उपदेश

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको जेतवनाराममा बस्नुभएको थियो।

त्यसबखत अनाथपिण्डिक गृहपति रोगले पीडितभई सारै दुःखी थिए।...

(यस सूत्रको अनुवाद लेखकको बु. गृ. भा–१, पृ. १२६ मा भइसकेको हुँदा जान्न चाहने पाठकले उहीं हेर्नू।)

× × ×

१. म. नि. III. पृ. ३४५: अनाथपिण्डिकोवादसुत्तं, अ. क. IV. पृ. २०४.

मूल सूत्र—

१५. मैनाको जस्तो आवाज हुने सारिपुत्र

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नु भएको थियो[१]। त्यसबखत आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई धार्मिक कथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो। वहाँको भाषण शुद्ध उच्चारण (पोरि), स्पष्ट (विस्सट्ठ), निर्दोषपूर्ण, (अनेल गला) तथा अर्थ विज्ञापनीय थियो। ती भिक्षुहरूले पनि ध्यान दिई (अट्ठिकत्वा) मन लगाई सबै ध्यान केन्द्रित पारी धर्म सुने। अनि आयुष्मान् वङ्गीसलाई यस्तो लाग्यो—

"यी आयुष्मान् सारिपुत्र धार्मिक कथाद्वारा भिक्षुहरूलाई सन्दर्शित, समादपित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु हुन्छ। वहाँको भाषण शुद्ध उच्चारण, स्पष्ट, निर्दोषपूर्ण तथा अर्थविज्ञापनीय छ। ती भिक्षुहरूले पनि ध्यान दिई मन लगाई सबै ध्यान केन्द्रित पारी

---

१. सं. नि. I. पृ. १८९: सारिपुत्तसुत्तं, वङ्गीससंयुत्तं, अ. क. I. पृ. २१२.

कान दिई धर्म सुन्छन् । किन मैले आयुष्मान् सारिपुत्रको सन्मुखमा सारूप्य गाथाद्वारा स्तुति नगरूँ ।"

अनि आसनबाट उठी उत्तरासंग एकांश पारी आयुष्मान् सारिपुत्रलाई नमस्कार गरी आयुष्मान् वङ्गीसले यस्तो भने— "आवुसो सारिपुत्र ! मलाई (केही) भन्न मन लाग्छ । आवुसो सारिपुत्र ! मलाई (केही) भन्न मन लाग्छ ।"

"आवुसो वङ्गीस ! भन, ठीक छ...।"

अनि आयुष्मान् वङ्गीसले आयुष्मान् सारिपुत्रको सन्मुखमा सारूप्य गाथाद्वारा स्तुति गरे—

१. "गम्भीरपञ्ञो मेधावी, मग्गामग्गस्स कोविदो ।
सारिपुत्तो महापञ्ञो, धम्मं देसेति भिक्खुनं ॥

२. "सङ्खित्तेनपि देसेति, वित्थारेनपि भासति ।
सालिकायिव[1] निग्घोसो, पटिपान[2] उदीरयि ॥

३. "तस्स तं देसयन्तस्स, सुणन्ति मधुरं गिरं ।
सरेन रजनीयेन, सवनीयेन वग्गुना ।
उदग्गचित्ता मुदिता, सोतं ओधेन्ति भिक्खवो'ति ॥"

---

१. 'सालिकाविय' स्या. ।

२. 'परिमाणं' सिं. स्या. ।

अर्थ—

१–"गम्भीर प्रज्ञा हुनु भएका, मेधावी तथा मार्गामार्ग जान्ने, महाप्रज्ञावान् सारिपुत्र भिक्षुहरूलाई धर्मदेशना गर्नु हुन्छ।

२–"संक्षेपले पनि देशना गर्नु हुन्छ, विस्तारले पनि बोल्नुहुन्छ र मैनाको स्वर जस्तै स्पष्टरूपले बुझ्न सक्ने वहाँको आवाज छ।

३–"रजनीय स्वरले, श्रवणीय ध्वनी तथा मधुर स्वरले देशना गर्नुहुन्छ वहाँको गद्गद् प्रसन्न चित्तले भिक्षुहरू कान थापी धर्म सुन्दछन्।"

× × ×

मूल सूत्र—

१६. भगवान्‌को उपोसथ पवारणा

एक समय श्रावस्तीस्थित पूर्वाराम मृगारमाताको प्रासादमा पाँचशय महान् अरहन्त भिक्षुहरूका साथ भगवान् वस्नु भएको थियो[1]। त्यसबखत पूर्णिमाको उपोसथको दिनमा भिक्षुसङ्घद्वारा परिवृत्त भई भगवान् खुला ठाउँमा वस्नु भएको थियो। अनि तूष्णी भई बसेका भिक्षुहरूलाई हेर्नु भई भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो— "भिक्षुहो ! तिमीहरूसँग म पवारण गर्छु। यदि मेरो कायिक वा वाचिक कर्ममा कुनै दोष (गरहा) छ भने भन।"

यस्तो भन्नुहुँदा आसनबाट उठी उत्तरासङ्ग एकांश पारी भगवान्‌लाई बिन्तिगरी आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो—"भन्ते ! हामी भगवानको कायिक वा वाचिक कर्मलाई निन्दा (गरहा) गर्दैनौं। भन्ते ! भगवान्‌चाँहि अनुत्पन्न मार्गको उत्पादक हुनुहुन्छ,

---

१. सं. नि. I. पृ. १९०: पवारणासुत्तं, वङ्गीससंयुत्तं; अ. क. I. पृ. २१३.

नभएको मार्गलाई बनाइदिने हुनुहुन्छ र नबनाएको मार्ग बनाइदिने हुनुहुन्छ। तपाइँ मार्गज्ञ, मार्गविद् तथा मार्ग कोविद हुनुहुन्छ। भन्ते! अहिले श्रावकहरू तपाइँ जानु भएको बाटोमा गइरहेका छन्। भन्ते म पनि भगवान्सँग पवारणा गर्छु। यदि मेरो कायिक वा वाचिक कर्ममा कुनै दोष (गरहा) छ भने भन्नुहोस्।"

"सारिपुत्र! तिम्रो कायिक वा वाचिक कर्मलाई म निन्दा (गरहा) गर्दिन। (१) सारिपुत्र! तिमी पण्डितह्वौ, (२) सारिपुत्र तिमी महाप्रज्ञावान्ह्वौ, (३) सारिपुत्र! तिमी पृथुलप्राज्ञह्वौ, (४) सारिपुत्र! तिमी महाप्राज्ञह्वौ, (५) सारिपुत्र! तिमी जवनप्राज्ञह्वौ, (६) सारिपुत्र! तिमी तीक्ष्णप्राज्ञह्वौ, (७) सारिपुत्र! तिमी निर्वेधप्राज्ञ (निब्बेधपञ्ञो) ह्वौ। सारिपुत्र! जस्तै चक्रवर्ती राजाको जेठो पुत्रले बावुले प्रवर्तित चक्र सम्यक्रूपले अनुप्रवर्तन गर्नसक्छ त्यस्तै सारिपुत्र! तिमीले पनि मैले प्रवर्तन गरेको धर्मचक्र सम्यक्रूपले अनुप्रवर्तन गर्न सक्छौ।"

"भन्ते! यदि भगवान्ले मेरो कायिक वा वाचिक कर्मलाई निन्दा गर्नु हुन्न भने भन्ते! यी पाँचशय भिक्षुहरूको कायिक वा वाचिक कर्ममा कुनै दोष छ भने भन्नुहोस्।"

"सारिपुत्र! यी पाँचशय भिक्षुहरूको पनि म कुनै कायिक वा वाचिक कर्मलाई निन्दा गर्दिन (न गरहामि)। सारिपुत्र! यी पाँचशय भिक्षुहरूमध्येमा साठीजना भिक्षुहरू त्रैविद्य छन्, साठीजना भिक्षुहरू

षडभिज्ञ छन्, साठीजना भिक्षुहरू उभतोभागविमुक्त[1] छन् र अरूहरू प्रज्ञाविमुक्त[2] छन् ।"

अनि आसनबाट उठी उत्तरासङ्ग एकांश पारी हातजोरी आयुष्मान् वङ्गीसले भगवान्सँग बिन्तिगरे—"भगवान् मलाई (केही) भन्न मनलाग्छ । भगवान् ! मलाई (केही) भन्न मनलाग्छ ।"

"वङ्गीस ! भन, हुन्छ" भनी भगवान्ले भन्नुभयो ।

अनि आयुष्मान् वङ्गीसले भगवान्को सन्मुख सारूप्य गाथाद्वारा स्तुति गर्नु भयो—

१. "अज्ज पन्नरसे विसुद्धिया, भिक्खू पञ्चसता समागता ।
संयोजनबन्धनच्छिदा, अनीघा खीणपुनब्भवा इसी ।।

२. "चक्कवत्ती यथा राजा, अमच्चपरिवारितो ।
समन्ता अनुपरियेति, सागरन्तं महिं इमं ।।

---

१. अरूपावचर समापत्तिद्वारा रूपकायबाट विमुक्त र अग्रमार्गद्वारा नामकायबाट विमुक्त । सं. नि. अ. क. I. पृ. २१५: पवारण-सुत्तवर्णना ।

२. प्रज्ञाद्वारा मुक्त भएका र त्रैविदच नहुने क्षीणास्रवीहरू । सं. नि. अ. क. I. पृ. २१५ 'उभतोभागविमुक्त' भन्ने शब्दको ब्याख्या अं. अ. क. II. पृ. ६६८: पुग्गलसुत्तं, सत्तकनिपात, अनुसयवग्गोमा उल्लेख भएको छ ।

३. "एवं विजितसङ्गामं, सत्थवाहं अनुत्तरं ।
सावका पयिरूपासन्ति, तेविज्जा मच्चुहायिनो ॥

४. "सब्बे भगवतो पुत्ता, पलापेत्थ न विज्जति ।
तण्हासल्लस्स हन्तारं, वन्दे आदिच्चबन्धुनं'ति ॥"

अर्थ—

१–"विशुद्धिका निमित्त संयोजन बन्धन चुडिएका, दुःख नभएका तथा क्षीणास्रवी पाँचशय ऋषी भिक्षुहरू आज पूर्णिमामा एकत्रित भएका छन् ।

२–३–"जस्तै अमात्यहरू परिवृत्त चक्रवर्ती राजाले सागरपर्यन्त चारैतिर विजय गर्छन् त्यस्तै गरी संग्रामजित् सार्थवाह अनुत्तर बुद्धसँग मृत्यु नभएका त्रैविद्य श्रावकहरू सत्संगत गर्छन् ।

४–"यी सबै भगवान्का पुत्रहरू हुन् जसमा ढोगिपन छैन; तृष्णारूपी काँढा भाँच्ने आदित्य बन्धुलाई वन्दना छ ।"

× × ×

मूल सूत्र—

१७. आयुष्मान् भूमिजको प्रश्न

(एक समय भगवान्) श्रावस्तीमा बस्नु भएको थियो[1]।

आयुष्मान् भूमिज सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नु भयो। सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् भूमिजले आयुष्मान् सारिपुत्रसँग यस्तो भन्नुभयो—

कर्मवादीहरू

(१) "आवुसो सारिपुत्र! केही कर्मवादी श्रमण-ब्राह्मणहरू छन् जो 'स्वयंकृत सुखदुःख हुन्' (=आफैले सुखदुःख बनाएका हुन्) भनी भन्दछन्। (२) आवुसो सारिपुत्र! केही कर्मवादी श्रमण

१. सं. नि. II. पृ. ३३: भूमिजसुत्तं, निदानसंयुत्तं; अ. क. II. पृ. ४३.

ब्राह्मणहरू छन् जो 'परकृत सुखदुःख हुन्' (=अर्कालि सुखदुःख बनाएका हुन्) भनी भन्दछन्। (३) आवुसो सारिपुत्र! केही कर्मवादी श्रमण ब्राह्मणहरू छन् जो 'स्वयंकृत पनि परकृत पनि सुखदुःख हुन्' (=आफैले सुखदुःख बनाएको पनि हो र अर्कालि सुखदुःख बनाएको पनि हो) भनी भन्दछन्। (४) आवुसो सारिपुत्र! केही कर्मवादी श्रमण ब्राह्मणहरू छन् जो 'नस्वयंकृत हो, न परकृत हो बल्कि आपसे आप सुखदुःख उत्पन्न भएका हुन्' (=आफैले बनाएको पनि होइन र अर्कालि बनाएको पनि होइन बल्कि आपसे आप सुखदुःख उत्पन्न भएका हुन्) भनी भन्दछन्। आवुसो सारिपुत्र! यसविषयमा हाम्रा भगवान् के वादी हुनुहुन्छ? कस्तो भन्नुहुन्छ? कस्तो बताउँदा हामीले भगवान्ले बताए झैं बताएको हुनेछ? कस्तो बताउँदा हामीले भगवान्लाई असत्य कुराद्वारा झूटा आरोप लगाएको हुने छैन? कस्तो बताउँदा धर्मानुकूल बताएको पनि हुनेछ? कस्तो बताउँदा कुनै सहधर्मीसँग वादानुपात गरेको पनि हुन नपाओस् र कसैको निन्दा पनि हुन नपाओस्?"

स्पर्शको कारणले सुखदुःख हुन्छ

a-"आवुसो! भगवान्ले 'सुखदुःखलाई प्रतित्यसमुत्पन्न' (=हेतुप्रत्ययद्वारा उत्पन्न) भनी भन्नुभएको छ। के प्रत्ययले भने?— स्पर्शको प्रत्ययले।—यस्तो बताउँदा भगवान्ले बताउनु भए जस्तै बताएको हुनेछ, भगवान्लाई असत्य कुराद्वारा झूटा आरोप लगाएको पनि हुने छैन, धर्मानुकूल बताएको पनि हुनेछ, कुनै सहधर्मीसँग वादानुपात पनि हुने छैन र कसैको निन्दा हुने कारण पनि हुने छैन।

b-"१-आवुसो ! त्यहाँ जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'स्वयंकृत सुखदुःख हुन्' भनी बताउँछन्—त्यसको कारण पनि स्पर्श नै हो। २-जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'परकृत सुखदुःख हुन्' भनी बताउँछन्—त्यसको कारण पनि स्पर्श नै हो। ३-जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'स्वयंकृत पनि परकृत पनि सुखदुःख हुन्' भनी बताउँछन्—त्यसको कारण पनि स्पर्श नै हो। ४-जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'न स्वयंकृत हो, न परकृत हो बल्कि आपसे आप सुखदुःख उत्पन्न भएका हुन्' भनी बताउँछन्—त्यसको कारण पनि स्पर्श नै हो।

c-"१-आवुसो ! त्यहाँ जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'स्वयंकृत सुखदुःख हुन्' भनी बताउँछन्—उनीहरूले स्पर्श बाहेक अरू कुनै कारणद्वारा (सुखदुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन। २-जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'परकृत सुखदुःख हुन्' भनी बताउँछन्—उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (सुखदुःख) प्रतिसंविदित गर्छन भन्ने कुनै कारण छैन। ३-जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'स्वयंकृत पनि परकृत पनि सुखदुःख हुन्' भनी बताउँछन्—उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (सुखदुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन। ४-जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'न स्वयंकृत हो, न परकृत हो बल्कि आपसे आप सुखदुःख उत्पन्न भएका हुन्' भनी बताउँछन्—उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (सुखदुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन।"

स्पर्श बाहेक सुखदु:खको कारण छैन

आयुष्मान् सारिपुत्र र आयुष्मान् भूमिजका बीच यस्तो कुराकानी भएको आयुष्मान् आनन्दले सुन्नुभयो। त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले जे जति कुराकानी आयुष्मान् सारिपुत्र र आयुष्मान् भूमिजका बीच भएको थियो ती सबै कुराहरू भगवान्लाई सुनाउनु भयो।

(क) "आनन्द! जति राम्रोसँग भन्नुपर्ने हो त्यति नै राम्रोसँग सारिपुत्रले भने। साधु! साधु!! आनन्द! मैले पनि सुख-दु:खलाई प्रतित्य समुत्पन्न हो भनेको छु। के प्रत्ययले भने?— स्पर्शको प्रत्ययले। यस्तोभन्दा मैले भनेको जस्तै भनेको हुन्छ, मलाई असत्यद्वारा झूटा आरोप लगाएको पनि हुने छैन, धर्मानुकूल बताएको पनि हुनेछ, कुनै सहधर्मीसँग वादानुपात पनि हुने छैन र कसैको निन्दा हुने कारण पनि हुने छैन।

(ख) "(१) आनन्द! त्यहाँ जो ती कर्मवादी श्रमण ब्राह्मणहरू 'स्वयंकृत सुखदु:ख हुन्' भनी बताउँछन्—त्यसको कारण पनि स्पर्श नै हो। (२) जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'परकृत सुखदु:ख हुन्' भनी बताउँछन्--त्यसको कारण पनि स्पर्श नै हो। (३) जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'स्वयंकृत पनि परकृत पनि सुखदु:ख

हुन्' भनी बताउँछन्—त्यसको कारण पनि स्पर्श नै हो। (४) जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'न स्वयं कृत हो न परकृत हो बल्कि आपसे आप सुखदुःख उत्पन्न भएका हुन्' भनी बताउँछन्—त्यसको कारण पनि स्पर्श नै हो।

(ग) "(१) आनन्द! त्यहाँ जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'स्वयंकृत सुखदुःख हुन्' भनी बताउँछन्—उनीहरूले स्पर्श बाहेक अरू कुनै कारणद्वारा (सुखदुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन। (२) जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'परकृत सुखदुःख हुन्' भनी बताउँछन्—उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (सुखदुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन। (३) जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'स्वयंकृत पनि परकृत पनि सुखदुःख हुन्' भनी बताउँछन्—उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (सुखदुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन। (४) जो ती कर्मवादी श्रमण ब्राह्मणहरू—'न स्वयंकृत हो न परकृत हो बल्कि आपसे आप सुखदुःख उत्पन्न भएका हुन्' भनी बताउँछन्—उनीहरूले पनि स्पर्श बाहेक अरू कुनै कारणद्वारा (सुखदुःख) प्रतिसंविदित गर्छन् भन्ने कुनै कारण छैन।"

त्रैद्वारिक सञ्चेतना

a. "(१) आनन्द! काय (=कायद्वार) रहेको खण्डमा—कायसञ्चेतनाको हेतुले—भित्री सुखदुःख उत्पन्न हुन्छन्। (२) आनन्द!

वाचा (वचीद्वार) रहेको खण्डमा—वाचीसञ्चेतनाको हेतुले—भित्री सुखदुःख उत्पन्न हुन्छन्। (३) आनन्द! मन (=मनःद्वार) रहेको खण्डमा—मनः सञ्चेतनाको हेतुले—भित्री सुखदुःख उत्पन्न हुन्छन्—अविदयाको कारणले पनि।

b. "(१) आनन्द! आफैले वा (अरूले) त्यो कायसंस्कार अभिसंस्करण गर्छ (=बनाउँछ)—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन्। (२) आनन्द! अरूले वा (आफैले) त्यो कायसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन्। (३) आनन्द! जानेर वा (नजानेर) त्यो कायसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन्। (४) आनन्द! नजानेर वा (जानेर) त्यो कायसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन्।

c. "(१) आनन्द! आफैले वा (अरूले) त्यो वचीसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन्। (२) आनन्द! अरूले वा (आफैले त्यो वचीसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन्। (३) आनन्द! जानेर वा (नजानेर) त्यो वचीसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन्। (४) आनन्द! नजानेर वा (जानेर) त्यो वचीसंस्कार

अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् ।

d. "(१) आनन्द ! आफैले वा (अरूले) त्यो मनःसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् । (२) आनन्द ! अरूले वा (आफैले) त्यो मनःसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् । (३) आनन्द ! जानेर वा (नजानेर) त्यो मनःसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् । (४) आनन्द ! नजानेर वा (जानेर) त्यो मनःसंस्कार अभिसंस्करण गर्छ—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् ।

e. "आनन्द ! यी धर्महरू (=चेतनाहरू) मा अविद्या अनुपतित छ (=भित्र छ) । त्यसो हुनाले अविद्याको निरवशेष विराग, निरोध भएमा—त्यो काय (=कायद्वार) हुने छैन—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् । त्यो वाचा (=वचीद्वार) पनि हुने छैन—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् । त्यो मन (=मनःद्वार) पनि हुने छैन—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् । त्यो विपाक (=विपाक उत्पन्न हुने कर्मक्षेत्र) पनि हुने छैन—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् । त्यो वस्तु

(=कर्म रहने ठाउँ) पनि हुने छैन—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् । त्यो आयतन (=षडायतन) पनि हुने छैन—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् । त्यो अधिकरण (=झगडा) पनि हुने छैन—जसको कारणले उसलाई त्यो भित्री सुखदुःख उत्पन्न हुन्छन् ।"

× × ×

मूल सूत्र—

१८. सारिपुत्रसँग भगवान्‌को प्रश्न

एक समय भगवान् श्रावस्तीमा बस्नुभएकोथियो[१]। त्यहाँ भगवान्‌ले आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नुभयो—

"सारिपुत्र ! मैले 'पारायन[२], अजित प्रश्नमा[३]" यस्तो भनेको छु—

'ये च सङ्खात धम्मासे, ये च सेक्खा[४] पुथू इध ।
तेसं मे निपको इरियं, पुट्ठो पब्रूहि[५] मारिसा'ति ॥'

अर्थ—

'जो धर्मविद्‌हरू छन् (सङ्खात धम्मासे), जो यहाँ पृथक्

१. सं. नि. II. पृ. ४१: भूतसुत्तं, निदानसंयुत्तं; अ. क. II. पृ. ४५.
२. रोमनमा: 'परायन'।
३. सुत्त. नि. पृ. ४२४: अजित माणव पुच्छा ।
४. सिंहल र रोमनमा: 'सेखा'।
५. स्याममा: 'च ब्रूहि', रोमनमा: 'मे ब्रूहि'।

शैक्षहरू[1] छन्, हे प्रज्ञावान् मारिस ! तिनीहरूका चर्याबारे म सोध्दछु; भन ।'

"सारिपुत्र ! यो संक्षेपमा भनेको कुराको अर्थ कसरी विस्तारपूर्वक बुझ्ने होला ?"

यस्तो भन्नुहुँदा आयुष्मान् सारिपुत्र चुप लाग्नुभयो ।

दोश्रो पटक पनि भगवान्ले आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नुभयो—

"सारिपुत्र ! मैले 'पारायन, अजित प्रश्नमा' यस्तो भनेको छु—

'ये च सङ्खात धम्मासे,...' इत्यादि ।

"सारिपुत्र ! यो संक्षेपमा भनेको कुराको अर्थ कसरी विस्तारपूर्वक बुझ्ने होला ?"

दोश्रो पटक पनि आयुष्मान् सारिपुत्र चुप लाग्नु भयो ।

तेश्रो पटक पनि भगवान्ले आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नुभयो—

"सारिपुत्र ! मैले 'पारायन, अजित प्रश्नमा' यस्तो भनेको छु—

'ये च सङ्खात धम्मासे,...' इत्यादि ।

---

१. शैक्ष भन्ने कस्ता हुन् भन्ने बारेमा बु. गृ. पृ. २६९ मा हेर्नू ।

"सारिपुत्र ! यो संक्षेपमा भनेको कुराको अर्थ कसरी विस्तार-पूर्वक बुझ्ने होला ?"

तेश्रो पटक पनि आयुष्मान् सारिपुत्र चुप लाग्नु भयो[१]।

आहार निरोधद्वारा स्कन्ध निरोध

"सारिपुत्र ! यो 'स्कन्ध (=भूत)' हो भनी देख्दछौ कि ?"

(क) "(१) भन्ते ! यो 'स्कन्ध (=भूत)' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देख्दछ। (२) यो 'स्कन्ध' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि—स्कन्धको निर्वेदकोनिम्ति, विरागकोनिमित्त, निरोधकोनिमित्त प्रतिपन्न हुन्छ। (३) त्यो स्कन्ध 'आहार प्रभव' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देख्दछ। (४) त्यो 'आहार प्रभव' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि—आहार प्रभवको निर्वेदकोनिमित्त, विरागकोनिमित्त, निरोधकोनिमित्त प्रतिपन्न हुन्छ। (५) त्यो आहार निरोध भएपछि जो स्कन्ध हो त्यो पनि 'निरोध-धर्म' हो भनी यथार्थत सम्यक्

---

१. सारिपुत्र महास्थविर, भगवान् बुद्धले सोध्नु भएको प्रश्नको उत्तर नजानी चुप लाग्नु भएको होइन। अनेक प्रकारबाट उत्तर दिन सकिन्थ्यो तर भगवान् बुद्ध कुन प्रकारको उत्तर सुन्न चाहनु हुन्छ भन्ने मनोभाव बुझ्न नसकी वहाँ चुप लाग्नु भएको हो। जब बुद्धले 'स्कन्ध' भन्ने शब्द प्रयोग गर्नु भयो तब वहाँको राय बुझेपछि सारिपुत्र महास्थविरले उत्तर दिनुभएको हो। सं. नि. अ. क. II. पृ. ४५ भूतसुत्तं।

प्रज्ञाले देख्दछ। (६) त्यो आहार निरोध भएपछि जो स्कन्ध हो त्यो पनि 'निरोध-धर्म' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि—निरोधधर्मको निर्वेदकोनिमित्त, विरागकोनिमित्त, निरोधकोनिमित्त प्रतिपन्न हुन्छ। भन्ते! यसरी शैक्ष हुन्छ।

(ख) "भन्ते! कसरी धर्मविद् हुन्छ भने?—(१) भन्ते! यो 'स्कन्ध' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देख्दछ। (२) यो 'स्कन्ध' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि स्कन्धको निर्वेदगरी विरागगरी निरोधगरी उपादान[१] रहित विमुक्त हुन्छ। (३) त्यो 'आहार प्रभव' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देख्दछ। (४) त्यो 'आहार प्रभव' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि आहार प्रभवको निर्वेदगरी विरागगरी निरोधगरी उपादान रहित विमुक्त हुन्छ। (५) त्यो आहार निरोध भएपछि जो 'स्कन्ध' हो त्यो पनि 'निरोध-धर्म' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देख्दछ। (६) त्यो आहार निरोध भएपछि जो 'स्कन्ध' हो त्यो पनि 'निरोध-धर्म' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि निरोध-धर्मको निर्वेदगरी विरागगरी निरोधगरी उपादान रहित विमुक्त हुन्छ। भन्ते! यसरी धर्मविद् हुन्छ।

"भन्ते! जो त्यो भगवान्ले 'पारायन, अजित प्रश्नमा' यस्तो भन्नुभयो—

---

१. यहाँ चारप्रकारका उपादानहरूलाई 'उपादान' भनिएको हो। हेर बु. प. पृ. ३९३.

'ये च सङ्खात धम्मासे, ये च सेक्खा पुथू इध ।

तेसं मे निपको इरियं, पुट्ठो ब्रूहि मारिसा'ति ॥'

अर्थात्—

'जो यहाँ पृथक् पृथक् शैक्षहरू छन्, जो धर्मविद्हरू छन्, हे प्रज्ञावान् मारिस ! तिनीहरूका चर्याबारे म सोध्दछु; भन ।'

"भन्ते ! तपाईंले संक्षिप्तमा बताउनु भएको यस कुराको अर्थ यसरी विस्तारपूर्वक म बुझ्दछु ।"

"साधु ! साधु ! सारिपुत्र ! (१) यो 'स्कन्ध' (=भूत) हो भनी यथार्थत सम्यक् प्रज्ञाले देख्दछ । (२) यो 'स्कन्ध' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि—स्कन्धको निर्वेदकोनिमित्त, विरागकोनिमित्त, निरोधकोनिमित्त प्रतिपन्न हुन्छ ।...[1] (६) त्यो आहार निरोध भएपछि जो स्कन्ध हो त्यो पनि 'निरोध-धर्म' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि—निरोध-धर्मको निर्वेदकोनिमित्त, विरागकोनिमित्त, निरोधकोनिमित्त प्रतिपन्न हुन्छ । सारिपुत्र ! यसरी शैक्ष हुन्छ ।

"सारिपुत्र ! कसरी धर्मविद् हुन्छ भने ?—(१) सारिपुत्र ! यो 'स्कन्ध' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देख्दछ । (२) यो 'स्कन्ध' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि स्कन्धको निर्वेदगरी विरागगरी निरोधगरी उपादान रहित विमुक्त हुन्छ ।...[2] (६) त्यो आहार

---

१. अरू बाँकी कुरा माथि पृ. १५१ को दफा (क) मा उल्लिखित ३ देखि ५ सम्म दोहऱ्याई पढ्नू ।

२. माथि पृ. १५२ को दफा (ख) मा ३ देखि ५ सम्म उल्लेख भएका दोहऱ्याई पढ्नू ।

निरोध भएपछि जो 'स्कन्ध' हो त्यो पनि 'निरोध-धर्म' हो भनी यथार्थत सम्यक् प्रज्ञाले देखेपछि निरोध-धर्मको निर्वेदगरी विरागगरी निरोधगरी उपादान रहित विमुक्त हुन्छ। सारिपुत्र! यसरी धर्मविद् हुन्छ।

"सारिपुत्र! जो त्यो 'पारायन, अजित प्रश्नमा' मैले यस्तो भने—

'ये च सङ्खात धम्मासे, ये च सेक्खा पुथू इध।
तेसं मे निपको इरियं, पुट्ठो पब्रूहि मारिसा'ति ॥'

"सारिपुत्र! संक्षिप्तरूपले भनेको यस कुराको अर्थ यसरी विस्तारपूर्वक बुझ्नुपर्छ।"

× × ×

सूल सूत्र—

१९. कलारक्षत्री भिक्षुको प्रश्न

(एक समय) भगवान् श्रावस्तीमा बस्नुभएको थियो[१]।

त्यस समय कलारक्षत्री (कलारखत्तियो) भिक्षु जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता सिद्धिएपछि एक छेउमा बसे। एक छेउमा बसेका कलारक्षत्री भिक्षुले आयुष्मान् सारिपुत्रलाई यस्तो भने—

"आवुसो सारिपुत्र! मोळियफग्गुन भिक्षु शिक्षा छाडी (=चीवर छाडी) गृहस्थी भएर गए। अवश्य पनि उनले यस धर्म-विनयमा कुनै आश्वासन[२] पाउन सकेन होलान्। के आयुष्मान् सारिपुत्रले यस धर्म-विनयमा आश्वासन पाउनु भएको छ?"

---

१. सं. नि. II. पृ. ४३: कलारसुत्तं, निदानसंयुत्तं; अ. क. II. पृ: ४६.
२. यहाँ 'आश्वासन' भनेको कस्तो हो भन्ने बारेमा बु. प. पृ. ३७९ मा हेर्नू।

"आवुसो ! यसमा मलाई कुनै शंका छैन ।"

"आवुसो ! भविष्यको[१] निम्ति नि ?"

"आवुसो ! यसमा पनि मलाई कुनै सन्देह छैन ।"

त्यसपछि कलारक्षत्री भिक्षु आसनबाट उठी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका कलारक्षत्री भिक्षुले भगवान्सँग यस्तो बिन्ति गरे—

"भन्ते ! आयुष्मान सारिपुत्रले—'जन्म क्षीण भयो, ब्रह्मचर्य-वास पुराभयो, गर्नुपर्ने गरिसकें र अब उप्रान्त केही गर्न बाँकी छैन भन्ने पनि जान्दछु' भनी अरहत्व (अञ्ञा) सम्बन्धमा व्याकरण गर्नुभयो ।"

सारिपुत्रसँग बुद्धको प्रश्न

अनि भगवान्ले एक भिक्षुलाई आमन्त्रण गर्नुभयो—

"भिक्षु ! तिमी यता आऊ । सारिपुत्रलाई—'आवुसो सारिपुत्र ! शास्ताले तिमीलाई बोलाउँदै छन्' भनी मेरो वचनले बोलाऊ ।"

---

१. कलारक्षत्री भिक्षुले यस प्रश्नमा भविष्यमा जन्मिनु नपर्ने गरी तपाइले अरहत्व प्राप्त गर्नु भएको छ त भन्ने आशय लिई आयुष्मान् सारिपुत्रसँग प्रश्न सोधेका हुन् । सं. नि. अ. क. II. पृ. ४६.

"हवस्, भन्ते!" भनी भगवान्‌लाई प्रत्युत्तर दिई सो भिक्षु जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गयो। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई—'आवुसो सारिपुत्र! शास्ताले तपाईँलाई बोलाउँदै हुनुहुन्छ' भनी भन्यो।

"हुन्छ, आवुसो!" भनी सो भिक्षुलाई प्रत्युत्तर दिई आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रलाई भगवान्‌ले यस्तो भन्नुभयो—

(क) प्र– "सारिपुत्र! तिमीले—'जन्म क्षीणभयो, ब्रह्मचर्यवास पुरा भयो, गर्नुपर्ने गरिसकें र अब उप्रान्त केही गर्न बाँकी छैन भन्ने पनि जान्दछु' भनी अरहत्व सम्बन्धमा व्याकरण गरेको साँच्चै हो के?"

उ– "भन्ते! यी पदद्वारा, यी व्यञ्जनद्वारा अर्थ प्रकट गरिएको छैन।"

"सारिपुत्र! कुलपुत्रले जुनसुकै पर्यायद्वारा अरहत्व (=अञ्ञा) सम्बन्धमा व्याकरण गरेता पनि त्यो व्याकरण व्याकरण नै गरेको संझनु पर्दछ।"

"भन्ते! मैले पनि यस्तै भन्दछु—'भन्ते! यी पदद्वारा, यी व्यञ्जनद्वारा अर्थ प्रकट गरिएको छैन'।"

प्रतित्यसमुत्पाद

प्र– "सारिपुत्र ! यदि तिमीसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र ! कसरी जानेर कसरी देखेर तिमीले जन्म क्षीणभयो, ब्रह्मचर्यवास पुराभयो, गर्नुपर्ने गरिसकें तथा अब उप्रान्त केही गर्न बाँकी छैन भन्ने जान्दछु भनी भन्ने छौ त ?'—सारिपुत्र ! यस्तो सोध्दा तिमीले कस्तो जवाफ दिने छौ त ?"

उ– "भन्ते ! यदि मसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र ! कसरी जानेर कसरी देखेर तिमीले जन्म क्षीणभयो, ब्रह्मचर्यवास पुराभयो' गर्नुपर्ने गरिसकें तथा अब उप्रान्त केही गर्न बाँकी छैन भन्ने जान्दछु भनी भन्ने छौ त ?'—भन्ते ! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु—'आवुसो ! जुन निदान (=हेतु) बाट जन्म हुन्छ—सो निदानको क्षय भएपछि मैले त्यो निदान 'क्षय भइसक्यो' भन्ने जान्नेछु । सो निदान 'क्षय भइसक्यो' भन्ने जानेपछि—'जन्म क्षीणभयो, ब्रह्मचर्यवास पुराभयो, गर्नुपर्ने गरिसकें तथा अब उप्रान्त केही गर्नुपर्ने बाँकी छैन भनी जान्दछु ।'—भन्ते ! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु ।"

प्र– "सारिपुत्र ! यदि तिमीसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र ! जन्मको निदान के हो' केको समुदय हो, कहाँबाट उत्पन्न भएको हो तथा के प्रभव हो त ?' सारिपुत्र ! यस्तो सोध्दा तिमीले कस्तो जवाफ दिने छौ त ?"

उ– "भन्ते ! यदि मसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र !

जन्मको निदान के हो, केको समुदय हो, कहाँबाट उत्पन्न भएको हो तथा के प्रभव हो त?'—भन्ते! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु—'आवुसो! जन्मको निदान भव हो, भवसमुदय हो, भवबाट उत्पन्न भएको हो तथा भव प्रभव हो।' भन्ते! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु।"

प्र– सारिपुत्र! यदि तिमीसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र! भवको निदान के हो त,...के प्रभव हो त?' सारिपुत्र! यस्तो सोध्दा तिमीले कस्तो जवाफ दिने छौ त?"

उ– "भन्ते! यदि मसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र! भवको निदान के हो त,...के प्रभव हो त?' भन्ते! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु—'आवुसो! भवको निदान उपादान हो,... उपादान प्रभव हो।' भन्ते! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु।

प्र– "सारिपुत्र! यदि तिमीसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र! उपादानको निदान के हो त,...के प्रभव हो त?' सारिपुत्र! यस्तो सोध्दा तिमीले कस्तो जवाफ दिने छौ त?"

उ– "भन्ते! यदि मसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र! उपादानको निदान के हो त,...के प्रभव हो त?' भन्ते! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु—'आवुसो! उपादानको निदान तृष्णा हो, ...तृष्णा प्रभव हो।' भन्ते! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु।"

प्र– "सारिपुत्र! यदि तिमीसँग यस्तो सोधेमा—'सारिपुत्र!

तृष्णाको निदान के हो त,...के प्रभव हो त ?' सारिपुत्र ! यस्तो सोध्दा तिमीले कस्तो जवाफ दिने छौ त ?"

उ– "भन्ते ! यदि मसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र ! तृष्णाको निदान के हो त,...के प्रभव हो त ?' भन्ते ! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु—'आवुसो ! तृष्णाको निदान वेदना हो,... वेदना प्रभव हो ।' भन्ते ! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु ।"

प्र– "सारिपुत्र ! यदि तिमीसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र ! कसरी जानेर कसरी देखेर वेदनामा जुन राग रहन्छ त्यो रहँदैन त ?' सारिपुत्र ! यस्तो सोध्दा तिमीले कस्तो जवाफ दिनेछौ त ?"

उ– "भन्ते ! यदि मसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र ! कसरी जानेर कसरी देखेर वेदनामा जुन राग रहन्छ त्यो रहँदैन त ?' भन्ते ! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु—'आवुसो ! यी वेदनाहरू तीन प्रकारका छन्। कुन तीन भने ?—(१) सुखवेदना, (२) दुःख वेदना तथा (३) नसुख नदुःख वेदना । आवुसो ! यी तीनै वेदनाहरू अनित्य हुन्। जुन अनित्य हुन् ती दुःख हुन् भनी जान्दा—वेदनामा जुन राग हुन्छ त्यो रहँदैन।' भन्ते ! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु ।

"साधु ! साधु !! सारिपुत्र ! यी पनि—'जे जति अनुभव गरिन्छन् ती सबै दुःखमै अन्तर्गत हुन्छन्' भन्ने अर्थ व्यक्त गरिने पर्यायको एक संक्षिप्त अर्थ हो ।"

(ख) प्र– "सारिपुत्र ! यदि तिमीसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र ! कुन प्रकारले मुक्त भई तिमीले—'जन्म क्षीणभयो, ब्रह्मचर्य-वास पुराभयो, गर्नुपर्ने गरिसकें तथा अब उप्रान्त केही गर्न बाँकी छैन भनी अरहत्व (अञ्ञा) सम्बन्धमा ब्याकरण गरेको त ?' सारिपुत्र ! यस्तो सोध्दा तिमीले कस्तो जवाफ दिनेछौ त ?"

उ– "भन्ते ! यदि मसँग यस्तो सोधेमा—'आवुसो सारिपुत्र ! कुन प्रकारले मुक्त भई तिमीले—'जन्म क्षीणभयो, ब्रह्मचर्यवास पुराभयो, गर्नुपर्ने गरिसकें तथा अब उप्रान्त केही गर्न बाँकी छैन' भनी अरहत्व सम्बन्धमा ब्याकरण गरेको त ?' भन्ते ! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु—'आवुसो ! भित्री विमुक्ति प्राप्त गरी सबै उपादानहरू क्षय गरी स्मृतिमान् भई म विहार गर्छु । जुन स्मृतिमान् भई विहार गर्दा आस्रवहरू[1] अनुस्रव हुँदैनन् र आफूलाई पनि अवमानित गर्दिन ।' भन्ते ! यस्तो सोध्दा मैले यस्तो जवाफ दिनेछु ।"

"साधु ! साधु !! सारिपुत्र ! श्रमण (=बुद्ध) ले जुन आस्रव-हरूको सम्बन्धमा बताएका छन् 'त्यसमा मलाई शंका छैन; ती (आस्रवहरू) प्रहीण भइसके भन्नेमा पनि मलाई सन्देह छैन' भनी अर्थ ब्यक्त गर्ने पर्यायमध्येको यो पनि एक संक्षिप्त अर्थ हो ।"—यति भगवान्ले भन्नुभयो । यति भन्नु भएपछि सुगत (=राम्रो बाटोमा लाग्ने भगवान् बुद्ध) आसनबाट उठी विहार (=कोठा) भित्र पस्नुभयो ।

---

१. कामा-स्रव, भवास्रव, दृष्टि-आस्रव तथा अविद्यास्रव । विभं. पा. पृ. ४५८: चतुक्कमातिकनिद्देसो, खुद्दकविभङ्गो ।

सारिपुत्रको सिंहनाद

अनि आयुष्मान् सारिपुत्रले भगवान् जानु भएको केही छिन पछि भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"आवुसो ! भगवान्ले जुन पहिलो प्रश्न मसँग सोध्नु भएको थियो—त्यो मलाई थाहा थिएन[1]। त्यसैले ममा केही ढिलाइपन आएको हो। आवुसो ! जब भगवान्ले मेरो पहिलो प्रश्नको उत्तरलाई अनुमोदन गर्नुभयो तब मलाई यस्तो लाग्यो— 'यदि भगवान्ले मसँग दिनभरी नै अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले यसको अर्थ सोध्नु भएको भए मैले पनि भगवान्लाई दिनभरी नै यसको अर्थ अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले व्याकरण गर्ने थिएँ। यदि भगवान्ले मसँग रातभरी नै अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले यसको अर्थ सोध्नु भएको

---

१. यहाँ 'पहिलो प्रश्न' भनेको माथि पृ. १५८ को 'प्रतित्य समुत्पाद' शीर्षकमा लेखिएका दफा (क) का जम्मै प्रश्नहरू हुन्। सर्वप्रथम सारिपुत्र महास्थविरले भगवान्को आशय बुझ्न चाहनुहुन्थ्यो कि भगवान् कुन प्रकारको उत्तर सुन्न चाहनुहुन्छ। जब भगवान्ले पहिलो प्रश्नको उत्तरलाई अनुमोदन गर्नु भई 'साधुकार' दिनुभयो तब वहाँले भगवान्को मनको आशय बुझ्नुभयो। त्यसैले वहाँले आफूमा केही ढिलाइपन भएको कारण प्रकट गर्नु भएको हो र भगवान्को मनको आशय बुझ्न नसकेकाले 'मलाई थाहा थिएन' भन्ने कुरा उल्लेख भएको हो। सं. नि. अ. क. II. पृ. ४९.

भए मैले पनि भगवान्‌लाई रातभरी नै यसको अर्थ अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले व्याकरण गर्ने थिएँ। यदि भगवान्‌ले मसँग रातदिन भरी नै,...दुइरात दुइदिन भरी नै,...तीन रात तीन दिन भरी नै,...चार रात चार दिन भरी नै,...पाँच रात पाँच दिन भरी नै,... छ रात छ दिन भरी नै,...सात रात सात दिन भरी नै अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले यसको अर्थ सोध्नु भएको भए मैले पनि भगवान्‌लाई रात दिन भरी नै,...दुइ रात दुइ दिन भरी नै,...तीन दिन तीन रात भरी नै,...चार दिन चार रात भरी नै,...पाँच दिन पाँच रात भरी नै,...छ दिन छ रात भरी नै,...सात दिन सात रात भरी नै यसको अर्थ अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले व्याकरण गर्ने थिएँ।"

सारिपुत्रले धर्मधातु सुप्रतिवेध गरेका छन्

अनि कलारक्षत्री भिक्षु आसनबाट उठी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका कलारक्षत्री भिक्षुले भगवान्‌लाई यस्तो भने—

"भन्ते! आयुष्मान् सारिपुत्रले सिंहनाद गर्नुभयो—'आवुसो! भगवान्‌ले जुन पहिलो प्रश्न मसँग सोध्नु भएको थियो—त्यो मलाई थाहा थिएन। त्यसैले ममा केही ढिलाइपन आएको हो। आवुसो! जब भगवान्‌ले मेरो पहिलो प्रश्नको उत्तरलाई अनुमोदन गर्नुभयो तब मलाई यस्तो लाग्यो—यदि भगवान्‌ले मसँग दिनभरी नै अन्यमन्य

पदहरूले वा अन्यमन्य पर्यायले यसको अर्थ सोध्नु भएको भए मैले पनि भगवान्लाई दिनभरी नै यसको अर्थ अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले व्याकरण गर्ने थिएँ। यदि भगवान्ले मसँग रातभरी नै अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले यसको अर्थ सोध्नु भएको भए मैले पनि भगवान्लाई रातभरी नै यसको अर्थ अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले व्याकरण गर्ने थिएँ। यदि भगवान्ले मसँग रातदिन भरी नै,...दुइ रात दुइ दिन भरी नै,...तीन रात तीन दिन भरी नै,... चार रात चार दिन भरी नै,...पाँच रात पाँच दिन भरी नै,...छ रात छ दिन भरी नै,...सात रात सात दिन भरी नै अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले यसको अर्थ सोध्नु भएको भए मैले पनि भगवान्लाई रात दिन भरी नै,...सात रात सात दिन भरी नै यसको अर्थ अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले व्याकरण गर्ने थिएँ'।"

"हे भिक्षु! सारिपुत्रले त्यो धर्मधातु (=धर्म विषय) लाई सुप्रतिवेध (=ज्ञान) गरिसकेका छन्, जुन धर्मधातुको सुप्रतिवेध गरिसकेको हुँदा—यदि मैले सारिपुत्रसँग दिनभरी नै अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले यसको अर्थ सोधेको भए—सारिपुत्रले पनि मलाई दिनभरी नै यसको अर्थ अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले व्याकरण गरे होलान्। यदि मैले सारिपुत्रसँग रातभरी नै अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले यसको अर्थ सोधेको भए—सारिपुत्रले पनि रातभरी नै मलाई यसको अर्थ अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले व्याकरण गरे होलान्। यदि मैले सारिपुत्रसँग रातदिन भरी नै,...दुइ रात दुइ दिन भरी नै,...तीन रात तीन दिन भरी नै,...

चार रात चार दिन भरी नै,...पाँच रात पाँच दिन भरी नै,...छ रात छ दिन भरी नै,...सात रात सात दिन भरी नै अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले यसको अर्थ सोधेको भए—सारिपुत्रले पनि रातभरि नै,...सात रात सात दिन भरी नै मलाई यसको अर्थ अन्यमन्य पदहरूले वा अन्यमन्य पर्यायले व्याकरण गरे होलान् ।"

× × ×

मूल सूत्र—

२०. आयुष्मान् महामौद्गल्यायनसँग

यस्तो मैले सुनें[1]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामा बस्नुभएको थियो।

त्यस समय आयुष्मान् सारिपुत्र र आयुष्मान् महामौद्गल्यायन राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा एकै विहारमा बस्नुभएको थियो। अनि आयुष्मान् सारिपुत्र सन्ध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् महामौद्गल्यायन हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् महामौद्गल्यायनसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता सिद्धिएपछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले आयुष्मान् महामौद्गल्यायनलाई यस्तो भन्नुभयो—

"आवुसो मौद्गल्यायन! तपाइँका इन्द्रियहरू अति प्रसन्न देखिन्छन् र तपाइँको मुखवर्ण पनि परिशुद्ध तथा उज्ज्वल देखिन्छ।

---

१. सं. नि. II. पृ. २२८: घटसुत्तं, भिक्खुसंयुत्तं; अ. क. II. पृ. १७१.

अवश्य पनि आज आयुष्मान् महामौद्गल्यायन शान्तपूर्वक विहार गर्नुभएको होला।"

"आवुसो! आज मैले ओलारिक (=मोटामोटी) ध्यानमा बसी दिन बिताएँ। किन्तु मेरो धार्मिक वार्तालाप भएको थियो।"

"आयुष्मान् महामौद्गल्यायनको कोसँग धार्मिक वार्तालाप भएको थियो त?"

"आवुसो! भगवान्सँग मेरो धार्मिक वार्तालाप भएको थियो।"

"आवुसो! अहिले त भगवान् धेरै टाढा श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको छ। के आयुष्मान् महामौद्गल्यायन ऋद्धिद्वारा भगवान्कहाँ पुग्नुभयो कि अथवा भगवान् ऋद्धिद्वारा आयुष्मान् महामौद्गल्यायनकहाँ आउनुभयो?"

"आवुसो! न म ऋद्धिद्वारा भगवान्कहाँ गएँ न त भगवान् नै ऋद्धिद्वारा मकहाँ आउनुभयो। किन्तु जहाँ भगवान् हुनुहुन्छ त्यहाँसम्म मेरो दिव्यचक्षु र दिव्यश्रोतधातु विशुद्ध छ अर्थात् त्यहाँसम्म मेरो दिव्यश्रोतधातु पुग्न सक्छ। जहाँ म छु त्यहाँसम्म भगवान्को पनि दिव्यचक्षु र दिव्यश्रोतधातु विशुद्ध छ। अर्थात् त्यहाँसम्म भगवान्को पनि दिव्यश्रोतधातु पुग्न सक्छ।"

"आयुष्मान् महामौद्गल्यायनको भगवान्सँग कस्तो धार्मिक कथा भयो त?"

"आवुसो! यहाँ मैले भगवान्लाई यस्तो बिन्तिगरें—'भन्ते!

कसरी वा कहिलेसम्ममा वीर्यवान् हुन सक्छ ?' आवुसो ! यस्तो बिन्ति गर्दा भगवान्ले मलाई यस्तो भन्नुभयो—'मौद्गल्यायन ! यहाँ— 'चाहे मेरा छाला, नसाहरू तथा हाडहरू मात्रै किन बाँकी नहुन्; शरीरको मासु र रगत नै किन नसुकुन् किन्तु जो त्यो पुरुष शक्तिले, पुरुष बलले तथा पुरुष पराक्रमले प्राप्त गर्नुपर्ने हो—त्यो प्राप्त नगरिकन वीर्यको बसाइ हुने छैन' भनी भिक्षुले वीर्य गर्छ । मौद्गल्यायन ! यसरी वीर्यवान् हुन्छ ।' आवुसो ! यसरी भगवान्सँग मेरो धार्मिक कथा भएको थियो ।"

"आवुसो ! जस्तै हिमवत् पर्वत्राजको चारैतिर ढुँगाका गीर्खाहरू जति थुपारे पनि थोरै नै देखिन्छन् त्यस्तै आयुष्मान् महामौद्गल्यायनका अगाडि हामीहरू पनि स्याने छौं । आयुष्मान् महामौद्गल्यायन साँच्चैकै महर्द्धिक तथा महानुभाव सम्पन्न हुँनुहुदो रहेछ यदि चाहेको खण्डमा आयुष्मान् कल्पसम्म पनि बस्न सक्नु हुनेछ ।"

"आवुसो ! जस्तै नूनको ठूलो घडाको वरिपरि नूनका स्याना स्याना ढीकाहरू हुन्छन्—त्यस्तै आयुष्मान् सारिपुत्रका अगाडि हामीहरू छौं । आयुष्मान् सारिपुत्र त स्वयं भगवान्द्वारा पनि अनेक प्रकारले प्रशंसित तथा वर्णित हुनुहुन्छ—

"सारिपुत्तो व पञ्ञाय, सीलेन उपसमेन च ।
यो पि पारङ्गतो[1] भिक्खु, एतावपरमो[2] सिया'ति ॥"

---

१. स्याममाः 'पारगतो' ।

२. स्याममाः 'एव सो परमो'; रोमनमाः 'एसो परमो' ।

अर्थ—

"जुन् भिक्षुहरू प्रज्ञाद्वारा शीलद्वारा तथा उपशमद्वारा पारङ्गत भए—तिनीहरूमध्येमा सारिपुत्र नै सर्वश्रेष्ठ छन् ।"

यसरी ती उभय महापुरुष (=नाग) हरूले अन्योन्य सुभाषित र सुकथाको अनुमोदन गर्नुभयो ।

× × ×

मूल सूत्र—

२१. यमक भिक्षुको गलत धारणा

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[१]।

त्यस समय यमक नामक भिक्षुको यस्तो गलत धारणा उत्पन्न भएको थियो—

"भगवान्ले—'क्षीणास्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न' भन्ने धर्मोपदेश गर्नुभएको कुरा मलाई थाहा छ।"

केही भिक्षुले यमक भिक्षुको यस्तो गलत धारणा उत्पन्न भएको छ भन्ने कुरा सुने—"भगवान्ले—'क्षीणास्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न' भन्ने धर्मोपदेश गर्नु भएको कुरा मलाई थाहा छ।"

अनि ती भिक्षुहरू जहाँ आयुष्मान् यमक हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् यमकसँग सम्मोदन गरे। सम्मोदनीय कुरा-

---

१. सं. नि. II. पृ. ३३१: यमकसुत्तं, खन्धसंयुत्तं; अ. क. II. पृ. २२६.

कानी सिद्धिएपछि एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले आयुष्मान् यमकलाई यस्तो भने—

"आवुसो यमक ! साँच्चै हो के तपाइँमा यस्तो गलत धारणा उत्पन्न भएको छ—'भगवान्ले—क्षीणास्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न' भन्ने धर्मोपदेश गर्नु भएको कुरा मलाई थाहा छ ?"

"आवुसो ! हो। भगवान्ले त्यस्तो धर्मोपदेश गर्नुभएको मलाई थाहा छ कि—'क्षीणास्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न'।"

"आवुसो यमक ! यस्तो नभन्नुहोस्, भगवान्लाई झूटो आरोप लगाउनु राम्रो होइन। भगवान्ले यस्तो बताउनु हुने छैन कि—"क्षीणा-स्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न'।"

ती भिक्षुहरूले यस्तोभन्दा पनि आयुष्मान् यमकले आफ्नो गलत धारणालाई त्यसै गरी दृढताका साथ लिई त्यही आग्रहमै बसेर यस्तो भने—"भगवान्ले—'क्षीणास्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न' भन्ने धर्मोपदेश गर्नुभएको कुरा मलाई थाहा छ।"

जब ती भिक्षुहरूले आयुष्मान् यमकलाई त्यो गलत धारणाबाट हटाउन सकेनन् तब ती भिक्षुहरू आसनबाट उठी जहाँ आयुष्मान्

सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई यस्तो निवेदन गरे—

"आवुसो सारिपुत्र ! यमक भन्ने भिक्षुमा यस्तो गलत धारणा उत्पन्न भएको छ कि—'भगवान्ले—'क्षीणास्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न' भन्ने धर्मोपदेश गर्नुभएको मलाई थाहा छ।' अतएव आयुष्मान् सारिपुत्र यमक भिक्षुकहाँ अनुकम्पापूर्वक जानुभए बेश हुने थियो।"

आयुष्मान् सारिपुत्रले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो। त्यसपछि आयुष्मान् सारिपुत्र संध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् यमक हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् यमकसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले आयुष्मान् यमकलाई यसो भन्नुभयो—

"आवुसो यमक ! साँच्चै हो के तपाईंको त्यस्तो गलत धारणा उत्पन्न भएको छ—'भगवान्ले—'क्षीणास्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न' भन्ने धर्मोपदेश गर्नु भएको मलाई थाहा छ ?"

"आवुसो ! हो। भगवान्ले त्यस्तो धर्मोपदेश गर्नु भएको मलाई थाहा छ कि—'क्षीणास्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न'।"

सारिपुत्र महास्थविरको प्रश्न

(क) "आवुसो यमक! के ठान्नुहुन्छ नि, रूप नित्य हो कि अनित्य हो त?"

"अनित्य हो, आवुसो!"

"आवुसो यमक! वेदना,...संज्ञा,...संस्कार,...विज्ञान नित्य हो कि अनित्य हो त?"

"अनित्य हो, आवुसो!"

"आवुसो! त्यसो हुनाले नै जुनसुकै रूप भएपनि--चाहे त्यो अतीत-अनागत-वर्तमानको होस्, चाहे त्यो भित्री वा बाहिरी होस्, चाहे त्यो स्थूल, सूक्ष्म हीन वा प्रणीत होस् र चाहे टाढा वा नजिकका होस्—सबै रूपहरू—'न त्यो मेरो हो न त्यो महुँ न त्यो मेरो आत्मा हो' भनी यसप्रकार यथार्थत सम्यक् प्रज्ञाले हेर्न सक्नुपर्छ। जुनसुकै वेदना,...संज्ञा,...संस्कार,...तथा विज्ञान भए पनि—चाहे त्यो अतीत-अनागत-वर्तमानको होस्,...चाहे टाढा वा नजिकको होस्—सबै विज्ञानहरू—'न त्यो मेरो हो न त्यो महुँ न त्यो मेरो आत्मा हो' भनी यसप्रकार यथार्थत सम्यक् प्रज्ञाले हेर्न सक्नुपर्छ।

"आवुसो! यसरी हेर्ने श्रुतवान् आर्यश्रावक रूपबाट पनि निर्वेद हुन्छ, वेदनाबाट पनि निर्वेद हुन्छ, संज्ञाबाट पनि निर्वेद हुन्छ, संस्कार-बाट पनि निर्वेद हुन्छ र विज्ञानबाट पनि निर्वेद हुन्छ। निर्वेद भएपछि विरक्त हुन्छ, विरक्त भएपछि विमुक्त हुन्छ र विमुक्त भएपछि 'विमुक्त भएँ'

भन्ने ज्ञान पनि हुन्छ। अनि 'जन्मक्षीण भयो, ब्रह्मचर्यवास पुराभयो, गर्नु पर्ने गरिसकें अब उप्रान्त केही गर्नु पर्ने छैन' भन्ने पनि जान्दछ।

(ख) "आवुसो यमक! के ठान्नुहुन्छ नि, रूप सत्व हो भनी देख्नुहुन्छ त ?"

"आवुसो! देखिदन।"

"वेदना सत्व हो भनी देख्नुहुन्छ त ?"

"आवुसो! देखिदन।"

"संज्ञा,...संस्कार,...विज्ञान सत्व हो भनी देख्नुहुन्छ त ?"

"आवुसो! देखिदन।"

(ग) "आवुसो यमक! के ठान्नुहुन्छ नि, रूपमा सत्व छ भनी देख्नुहुन्छ त ?"

"आवुसो! देखिदन।"

"रूपबाट अलगै-रूपमा सत्व छ भनी देख्नुहुन्छ त ?"

"आवुसो! देखिदन।"

"वेदनामा,...संज्ञामा,...संस्कारमा,...विज्ञानमा सत्व छ भनी देख्नुहुन्छ त ?"

"आवुसो! देखिदन।"

"वेदनाबाट अलगै...संज्ञाबाट अलगै...संस्कारबाट अलगै... तथा विज्ञानबाट अलगै—विज्ञानमा सत्व छ भनी देख्नुहुन्छ त ?"

"आवुसो! देखिदन।"

(घ) "आवुसो यमक ! के ठान्नुहुन्छ नि—रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञान सत्व हो भनी देख्नुहुन्छ त ?"

"आवुसो ! देख्दिन ।"

(ङ) "आवुसो यमक ! के ठान्नुहुन्छ नि, जो यो अरूपी, अवेदी, असंज्ञी, असंस्कारी अथवा अविज्ञानी हो त्यो सत्व हो भनी देख्नुहुन्छ त ?"

"आवुसो ! देख्दिन ।"

यमक भिक्षुलाई धर्मावबोध

"आवुसो यमक ! जब कि तपाईंलाई यसै जीवनमा सत्यपूर्वक स्थिरपूर्वक सत्व नै उपलब्ध भएन भने—के तपाईंले यस्तो भन्नु उचित छ त ?—'भगवान्ले त्यस्तो धर्मोपदेश गर्नु भएको मलाई थाहा छ कि—क्षीणास्रवी भिक्षु शरीर छाडेपछि उच्छिन्न हुन्छ, विनाश हुन्छ तथा मरण पछि हुन्न' ।"

---

१. यमक भिक्षुको धारणालाई यसकारणले गलत भनिएको हो कि—बुद्धधर्मको दृष्टि अनुसार 'सत्व = आत्मा' भन्ने नै उपलब्ध हुँदैन । 'सत्व = आत्मा' भन्ने दृष्टि वा धारणा हुनेहरूले—'मरणपछि हुन्छ' भनी भन्ने झैं 'सत्व = आत्मा' छैन भन्ने धारणा हुनेले—'मरणपछि सत्व हुन्न; उच्छिन्न हुन्छ' भन्ने आदि कुरा भन्दछन् । तर बुद्ध-

"आवुसो सारिपुत्र ! अघि म अविदर्शी भएकोले ममा त्यो गलत धारणा थियो। अब आयुष्मान् सारिपुत्रको यो धर्मदेशना सुनेर जुन त्यो मेरो गलत धारणा हो त्यो प्रहीण भयो। धर्म पनि मैले अवबोध गरें।"

"आवुसो यमक ! यदि तपाईंसँग कसैले यस्तो सोधेमा—'आवुसो यमक ! जो त्यो अरहन्त क्षीणास्रवी भिक्षु हो उसको शरीर छाडी मरण पछि के हुन्छ ?' आवुसो यमक ! यस्तो सोध्दा तपाईंले कस्तो जवाफ दिनुहुने छ नि ?"

"आवुसो ! यदि मसँग कसैले यस्तो सोधेमा—'आवुसो यमक ! जो त्यो अरहन्त क्षीणास्रवी हो उसको शरीर छाडी मृत्युपछि के हुन्छ ?' आवुसो ! यस्तो सोध्दा यस्तो जवाफ दिनेछु—'आवुसो ! रूप अनित्य हो जो अनित्य हो त्यो दुःख हो जो दुःख हो त्यो निरोध भयो र त्यसको अन्तर्धान भयो। वेदना अनित्य हो,...संज्ञा अनित्य हो,... संस्कार अनित्य हो,...विज्ञान अनित्य हो, जो अनित्य हो त्यो दुःख हो, जो दुःख हो त्यो निरोध भयो र त्यसको अन्तर्धान भयो।'

"आवुसो ! यस्तो सोध्दा यस्तो जवाफ दिनेछु।"

धर्मको दृष्टिकोण अनुरूप यस्तोभन्दा पनि मिथ्या दृष्टिमा नै अन्तर्गत हुनजान्छ। अतएव 'संस्कार उत्पन्न हुन्छ, निरोध हुन्छ र पुनः हुन्न' इत्यादि भन्नुमा आपत्ति छैन र यस्तोभन्दा कुनै प्रकारका मिथ्यादृष्टि अन्तर्गत पनि नहुने भएकोले यही नै बुद्धदर्शन अनुरूप भएको हुन्छ। सं. नि. अ. क. II. पृ. २२६.

बधकको उपमा

"आवुसो यमक! साधु, साधु!! अब यसै अर्थको बढी जानकारिको लागि (=पष्टिकरणको लागि) तपाईंलाई उपमा बताउने छु। आवुसो यमक! भनौं कि यहाँ एक धनी महाधनी महाभोगी गृहपति वा गृहपतिपुत्र छ। उ आरक्षा सम्पन्न छ। उसको अनर्थ, अहित, विनाश तथा ज्यान लिन चाहने कोइ एक पुरुष छ। उसले यस्तो विचार गर्छ—'यो गृहपति वा गृहपतिपुत्र धनी महाधनी महाभोगी छ। उ आरक्षा सम्पन्न छ। जबर्जस्ती गरी उसको ज्यान लिन सक्ने छैन। अतः उसको घरमा घुसी क्रमशः उसको ज्यान किन नलेऊँ।' यति विचार गरी उ त्यो गृहपति वा गृहपति पुत्रकहाँ गई यसो भन्छ— 'भन्ते! म तपाइँको उपस्थान गर्नेछु।' अनि त्यो गृहपति वा गृहपति पुत्रले उसलाई उपस्थान गर्न लगाउँछ। अनि अघि उठ्ने, पछि सुत्ने, के गर्नु पर्छ भनी सोधपूछ गर्ने तथा मनपर्ने गरी प्रियवादीभई उसले उपस्थान (=सेवाटहल) गर्छ। गृहपति वा गृहपति पुत्रको उसमाथि यस्तोबिछ्न विश्वास हुन्छ कि—उसको (उपस्थाकको) बारेमा कुनै साथी मित्रहरूले सुनाएको कुनै पनि कुरा विश्वास गर्दैन। आवुसो! अनि जब उसलाई (=उपस्थाकलाई) यस्तो लाग्छ,—'अब भने गृहपति वा गृहपतिपुत्रले ममाथि ठूलो विश्वास राख्दछ।' तब उसले एकान्तमा पारी धार भएको शस्त्रले त्यसको ज्यान लिन्छ।

"आवुसो यमक! के भन्नुहुन्छ त? जहिले गृहपति वा गृहपतिपुत्रकहाँ गई उसले यस्तो भन्यो—'भन्ते! म तपाइँको उपस्थान

गर्नेछु उहिले पनि उ बधक नै थियो। बधक भएर पनि त्यसले उसलाई 'बधक' भनी जान्न सकेन। जहिले उ अघि उठ्ने पछि सुत्ने के गर्नु पर्छ भनी सोधपूछ गर्ने र मनपर्ने गरी प्रियवादीभई उसले उपस्थान गऱ्यो उहिले पनि उ बधक नै थियो। बधक भएर पनि त्यसले उसलाई 'बधक' भनी जान्न सकेन। जब उसले एकान्तमा पारी धार भएको शस्त्रले त्यसको ज्यान लियो उहिले पनि उ बधक नै थियो। बधक भएर पनि त्यसले उसलाई 'बधक' भनी जान्न सकेन होइन त ?"

"आवुसो ! हो।"

अश्रुतवान्‌ले 'रूप' आत्मा भनी ठान्दछ

१–"आवुसो ! त्यस्तै आर्यहरूलाई नदेख्ने, आर्य-धर्ममा दक्षता नहुने, आर्य-धर्ममा अविनीत हुने; सत्पुरुषहरूलाई नदेख्ने, सत्पुरुष धर्ममा दक्षता नहुने तथा सत्पुरुष धर्ममा अविनीत हुने अश्रुतवान् पृथक्‌जनले—(१) रूपलाई आफू (=आत्मा) भनी देख्दछ वा (२) रूपत्वलाई आफू भनी देख्दछ वा (३) आफूमा रूप देख्दछ अथवा (४) रूपमा आफूलाई देख्दछ। वेदनालाई...संज्ञालाई...संस्कारलाई तथा (१) विज्ञानलाई आफू भनी देख्दछ वा (२) विज्ञानत्वलाई आफू भनी देख्दछ वा (३) आफूमा विज्ञान देख्दछ अथवा (४) विज्ञानमा आफूलाई देख्दछ।

२–"उसले (१) अनित्य-रूपलाई 'अनित्य-रूप हो' भनी यथार्थत जान्दैन। (२) अनित्य-वेदनालाई 'अनित्य-वेदना हो' भनी

यथार्थत जान्दैन। (३) अनित्य-संज्ञालाई 'अनित्य-संज्ञा हो' भनी यथार्थत जान्दैन। (४) अनित्य-संस्कारलाई 'अनित्य-संस्कार हो' भनी यथार्थत जान्दैन तथा (५) अनित्य-विज्ञानलाई 'अनित्य-विज्ञान हो' भनी यथार्थत जान्दैन।

३-"उसले (१) दुःख-रूपलाई 'दुःख-रूप हो' भनी यथार्थत जान्दैन। (२) दुःख-वेदनालाई 'दुःख-वेदना हो' भनी यथार्थत जान्दैन। (३) दुःख-संज्ञालाई 'दुःख-संज्ञा हो' भनी यथार्थत जान्दैन। (४) दुःख-संस्कारलाई 'दुःख-संस्कार हो' भनी यथार्थत जान्दैन तथा (५) दुःख-विज्ञानलाई 'दुःख-विज्ञान हो' भनी यथार्थत जान्दैन।

४-"उसले (१) अनात्म-रूपलाई 'अनात्म-रूप हो' भनी यथार्थत जान्दैन। (२) अनात्म-वेदनालाई 'अनात्म-वेदना हो' भनी यथार्थत जान्दैन। (३) अनात्म-संज्ञालाई 'अनात्म-संज्ञा हो' भनी यथार्थत जान्दैन। (४) अनात्म-संस्कारलाई 'अनात्म-संस्कार हो' भनी यथार्थत जान्दैन तथा (५) अनात्म-विज्ञानलाई 'अनात्म विज्ञान हो' भनी यथार्थत जान्दैन।

५-"उसले (१) संस्कारित-रूपलाई 'संस्कारित-रूप हो' भनी यथार्थत जान्दैन। (२) संस्कारित-वेदनालाई 'संस्कारित-वेदना हो' भनी यथार्थत जान्दैन। (३) संस्कारित-संज्ञालाई 'संस्कारित-संज्ञा हो' भनी यथार्थत जान्दैन। (४) संस्कारित-संस्कारलाई 'संस्कारित-संस्कार हो' भनी यथार्थत जान्दैन तथा (५) संस्कारित-विज्ञानलाई 'संस्कारित-विज्ञान हो' भनी यथार्थत जान्दैन।

६–"उसले (१) बधक-रूपलाई 'बधक-रूप हो' भनी यथार्थत जान्दैन। (२) बधक-वेदनालाई 'बधक वेदना हो' भनी यथार्थत जान्दैन। (३) बधक-संज्ञालाई 'बधक-संज्ञा हो' भनी यथार्थत जान्दैन। (४) बधक-संस्कारलाई 'बधक-संस्कार हो' भनी यथार्थत जान्दैन तथा (५) बधक-विज्ञानलाई 'बधक-विज्ञान हो' भनी यथार्थत जान्दैन।

७–"उ (१) रूपलाई 'आत्मा हो' भन्नेतिर लाग्छ, उपादान गर्छ र निश्चिन्त रहन्छ। (२) वेदनालाई...(३) संज्ञालाई...(४) संस्कारलाई...तथा (५) विज्ञानलाई 'आत्मा हो' भन्नेतिर लाग्छ, उपादान गर्छ र निश्चिन्त रहन्छ।

"यसरी पञ्चोपादानस्कन्धलाई (दृष्टिद्वारा) ग्रहण गर्दा उपादान गर्दा दीर्घकालसम्म उसको अहित र दुःख हुन्छ।"

श्रुतवान्ले 'आत्मा हो' भन्ने ठान्दैन

१–"आवुसो! तर आर्यहरूलाई देख्ने, आर्यधर्ममा दक्षता हुने, आर्यधर्ममा विनीत हुने; सत्पुरुषहरूलाई देख्ने, सत्पुरुष धर्ममा दक्षता हुने, सत्पुरुष धर्ममा विनीत हुने श्रुतवान् आर्यश्रावकले—(१) रूपलाई आफू (=आत्मा) भनी देख्दैन वा (२) रूपत्वलाई आफू भनी देख्दैन वा (३) आफूमा रूप देख्दैन अथवा (४) रूपमा आफूलाई देख्दैन। वेदनालाई...संज्ञालाई...संस्कारलाई...तथा (१) विज्ञानलाई आफू भनी देख्दैन वा (२) विज्ञानत्वलाई आफू भनी देख्दैन वा (३) आफूमा विज्ञान देख्दैन अथवा (४) विज्ञानमा आफूलाई देख्दैन।

२–"उसले (१) अनित्य-रूपलाई 'अनित्य-रूप हो' भनी यथार्थत जान्दछ। (२) अनित्य-वेदनालाई 'अनित्य-वेदना हो' भनी यथार्थत जान्दछ। (३) अनित्य-संज्ञालाई 'अनित्य-संज्ञा हो' भनी यथार्थत जान्दछ। (४) अनित्य-संस्कारलाई 'अनित्य-संस्कार हो' भनी यथार्थत जान्दछ तथा (५) अनित्य-विज्ञानलाई 'अनित्य-विज्ञान हो' भनी यथार्थत जान्दछ।

३–"उसले (१) दुःख-रूपलाई 'दुःख-रूप हो' भनी यथार्थत जान्दछ। (२) दुःख वेदनालाई दुःख-वेदना हो' भनी यथार्थत जान्दछ। (३) दुःख-संज्ञालाई 'दुःख-संज्ञा हो' भनी यथार्थत जान्दछ। (४) दुःख-संस्कारलाई 'दुःख-संस्कार हो' भनी यथार्थत जान्दछ तथा (५) दुःख-विज्ञानलाई 'दुःख-विज्ञान हो' भनी यथार्थत जान्दछ।

४–"उसले (१) अनात्म-रूपलाई 'अनात्म-रूप हो' भनी यथार्थत जान्दछ। (२) अनात्म-वेदनालाई 'अनात्म-वेदना हो' भनी यथार्थत जान्दछ। (३) अनात्म-संज्ञालाई 'अनात्म-संज्ञा हो' भनी यथार्थत जान्दछ। (४) अनात्म-संस्कारलाई 'अनात्म-संस्कार हो' भनी यथार्थत जान्दछ तथा (५) अनात्म-विज्ञानलाई 'अनात्म-विज्ञान हो' भनी यथार्थत जान्दछ।

५–"उसले (१) संस्कारित-रूपलाई 'संस्कारित-रूप हो' भनी यथार्थत जान्दछ। (२) संस्कारित-वेदनालाई 'संस्कारित-वेदना हो' भनी यथार्थत जान्दछ। (३) संस्कारित-संज्ञालाई 'संस्कारित-संज्ञा हो' भनी यथार्थत जान्दछ। (४) संस्कारित-संस्कारलाई 'संस्कारित-संस्कार

हो' भनी यथार्थत जान्दछ तथा (५) संस्कारित-विज्ञानलाई 'संस्कारित-विज्ञान हो' भनी यथार्थत जान्दछ ।

६–"उसले (१) बधक-रूपलाई 'बधक-रूप हो' भनी यथार्थत जान्दछ। (२) बधक-वेदनालाई 'बधक-वेदना हो' भनी यथार्थत जान्दछ। (३) बधक-संज्ञालाई 'बधक-संज्ञा हो' भनी यथार्थत जान्दछ। (४) बधक-संस्कारलाई 'बधक-संस्कार हो' भनी यथार्थत जान्दछ तथा (५) बधक-विज्ञानलाई 'बधक-विज्ञान हो' भनी यथार्थत जान्दछ ।

७–"उ (१) रूपलाई 'आत्मा हो' भन्नेतिर लाग्दैन उपादान गर्दैन निश्चिन्त हुँदैन । (२) वेदनालाई...(३) संज्ञालाई...(४) संस्कार-लाई...तथा (५) विज्ञानलाई 'आत्मा हो' भन्नेतिर लाग्दैन उपादान गर्दैन निश्चिन्त हुँदैन ।

"यसरी पञ्चोपादानस्कन्धलाई (दृष्टिद्वारा) ग्रहण नगर्दा उपादान नगर्दा उसको दीर्घकालसम्म हित र सुख हुन्छ ।"

"आवुसो सारिपुत्र! जसको—आयुष्मान्हरू जस्ता अनु-कम्पिक, अर्थकामी, ओवादक (=अतिबुद्धि दिने) र अनुसासिक सब्रह्मचारीहरू हुन्छन्—त्यस्को यस्तै हुन्छ ।

"आष्मान् सारिपुत्रको यो धर्मोपदेश सुनेर उपादान रहित आस्रवहरूबाट मेरो चित्त पनि विमुक्त भयो ।"

× × ×

मूल सूत्र—

२२. प्रथमध्यानमा बस्छु

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[1]।

अनि आयुष्मान् सारिपुत्र पूर्वाह्न समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनको निमित्त श्रावस्तीमा जानुभयो। श्रावस्तीमा भिक्षाटन गरिसक्नु भएपछि भोजनोपरान्त दिवाविहारको लागि जहाँ अन्धवन[2] हो त्यहाँ जानुभयो।

---

१. सं. नि. II. पृ. ४५०: विवेकजसुत्तं, सारिपुत्तसंयुत्तं; अ. क. II. पृ. २५२.

२. यो 'अन्धवन' भन्ने जङ्गल श्रावस्तीको दक्षिण भागमा पर्दछ र श्रावस्तीदेखि करिब एक गाउत जति टाढा पर्छ। यो जङ्गल आरक्षा सम्पन्न थियो। एकान्तमा बस्न चाहने भिक्षु-भिक्षुणीहरू त्यस जङ्गलमा दिवा-विहारको निमित्त जाने गर्छन्। सं. नि. अ. क. I. पृ. १४८: आलविकासुत्तवण्णना, भिक्खुनीसंयुत्तं।

यस जङ्गललाई किन अन्धवन भनिएको हो भन्ने बारेमा सबै कुरा लेखकको बु. श्रावि. च. पृ. २६७ उत्पलवर्णा कथामा हेर्नू।

त्यसपछि आयुष्मान् सारिपुत्र संध्यासमयमा ध्यानबाट उठी जहाँ अनाथपिण्डिकको जेतवनाराम हो त्यहाँ जानुभयो। आयुष्मान् आनन्दले टाढैदेखि आयुष्मान् सारिपुत्रलाई आइरहनु भएको देख्नुभयो। त्यसपछि आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो सारिपुत्र! तपाइका इन्द्रियहरू अति प्रसन्न देखिन्छन्। तपाइको मुखवर्ण पनि परिशुद्ध तथा उज्ज्वल देखिन्छ। आयुष्मान् सारिपुत्र आज कुनचाहिं ध्यानमा विहार गर्नुभयो नि ?"

"आवुसो! कामनारहित अकुशलरहित सवितर्क-सविचार समाधिज प्रीतिसुख भएको प्रथमध्यानमा समाधिष्ठ भई आज मैले विहार गरें। आवुसो! त्यो ध्यान (त्यो ध्यानमा बस्दा) न मलाई यस्तो लाग्छ—'म प्रथमध्यानमा बसेको छु, म प्रथमध्यानमा समाधिष्ठ छु अथवा म प्रथमध्यानबाट उठें।'—यस्तो पनि मलाई लाग्दैन।"

"आयुष्मान् सारिपुत्रको अहंकार ममंकार मानानुशय सबै धेरैदिनदेखि राम्रैसँग समुच्छेद भइनै सकेको छ त्यसैले आयुष्मान् सारिपुत्रलाई यस्तो नलागेको—'म प्रथमध्यानमा बसेको छु, म प्रथमध्यानमा समाधिष्ठ छु अथवा म प्रथमध्यानबाट उठें' इत्यादि।"

× × ×

मूल सूत्र—

२३. द्वितीयध्यानमा बस्छु

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो[१]।

अनि आयुष्मान् सारिपुत्र पूर्वाह्न समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनकोनिमित्त श्रावस्तीमा जानुभयो। श्रावस्तीमा भिक्षाटन गरिसक्नु भएपछि भोजनोपरान्त दिवाविहारको लागि जहाँ अन्धवन हो त्यहाँ जानुभयो।

त्यसपछि आयुष्मान् सारिपुत्र संध्यासमयमा ध्यानबाट उठी जहाँ अनाथपिण्डकको जेतवनाराम हो त्यहाँ जानुभयो। आयुष्मान् आनन्दले टाढैदेखि आयुष्मान् सारिपुत्रलाई आइरहनु भएको देख्नुभयो। त्यसपछि आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

---

१. सं. नि. II. पृ. ४५०: अवितक्कसुत्तं, सारिपुत्तसंयुत्तं।

"आवुसो सारिपुत्र ! तपाइका इन्द्रियहरू अति प्रसन्न देखिन्छन। तपाइको मुखवर्ण पनि परिशुद्ध तथा उज्ज्वल देखिन्छ। आयुष्मान् सारिपुत्र आज कुनचाहिं ध्यानमा विहार गर्नुभयो नि ?"

"आवुसो ! वितर्क-विचारलाई शान्त गरी अभ्यन्तर सम्प्रसाद-लाई एकाग्र गरी वितर्क-विचार रहित समाधिज प्रीति-सुख भएको द्वितीयध्यानमा समाधिष्ठ भई आज मैले विहार गरें। आवुसो ! त्यो ध्यान (त्यो ध्यानमा बस्दा) न मलाई यस्तो लाग्छ—'म द्वितीय-ध्यानमा बसेको छु, म द्वितीयध्यानमा समाधिष्ठ छु अथवा म द्वितीय-ध्यानबाट उठें।'—यस्तो पनि मलाई लाग्दैन।

"आयुष्मान् सारिपुत्रको अहंकार ममंकार मानानुशय सबै धेरैदिनदेखि राम्रै सँग समुच्छेद भइनै सकेको छ त्यसैले आयुष्मान् सारिपुत्रलाई यस्तो नलागेको—'म द्वितीयध्यानमा बसेको छु, म द्वितीय-ध्यानमा समाधिष्ठ छु अथवा म द्वितीयध्यानबाट उठें' इत्यादि।"

× × ×

मूल सूत्र—

२४. तृतीयध्यानमा बस्छु

श्रावस्ती निदान[१]।...

अनि आयुष्मान् सारिपुत्र संध्यासमयमा ध्यानबाट उठी जहाँ अनाथपिण्डिकको जेतवनाराम हो त्यहाँ जानुभयो। आयुष्मान् आनन्दले टाढैदेखि आयुष्मान् सारिपुत्रलाई आइरहनु भएको देख्नुभयो। त्यसपछि आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो सारिपुत्र! तपाइका इन्द्रियहरू अति प्रसन्न देखिन्छन्। तपाइको मुखवर्ण पनि परिशुद्ध तथा उज्ज्वल देखिन्छ। आयुष्मान् सारिपुत्र आज कुनचाहिं ध्यानमा विहार गर्नुभयो नि?"

"आवुसो! प्रीति पनि रहित उपेक्षी भई स्मृतिसम्प्रजन्य भई कायद्वारा सुख पनि अनुभव हुने—जसलाई 'उपेक्षी स्मृतिमान् सुख विहारी' भनी आर्यहरू भन्दछन्—त्यस्तो तृतीयध्यानमा समाधिष्ठ

---

१. सं. नि. II. पृ. ४५१: पीतिसुत्तं, सारिपुत्तसंयुत्तं।

भई आज मैले विहार गरें। आवुसो! त्यो ध्यान (त्यो ध्यानमा बस्दा) न मलाई यस्तो लाग्छ—'म तृतीयध्यानमा बसेको छु, म तृतीयध्यानमा समाधिष्ठ छु अथवा म तृतीयध्यानबाट उठें।'—यस्तो पनि मलाई लाग्दैन।

"आयुष्मान् सारिपुत्रको अहंकार ममंकार मानानुशय सबै धेरैदिनदेखि राम्रैसँग समुच्छेद भइनै सकेको छ त्यसैले आयुष्मान् सारिपुत्रलाई यस्तो नलागेको—'म तृतीयध्यानमा बसेको छु, म तृतीयध्यानमा समाधिष्ठ छु अथवा म तृतीयध्यानबाट उठें' इत्यादि।"

× × ×

मूल सूत्र—

२५. चतुर्थध्यानमा बस्छु

श्रावस्ती निदान[१]।...

अनि आयुष्मान् सारिपुत्र संध्यासमयमा ध्यानबाट उठी जहाँ अनाथपिण्डकको जेतवनाराम हो त्यहाँ जानुभयो। आयुष्मान् आनन्दले टाढैदेखि आयुष्मान् सारिपुत्रलाई आइरहनु भएको देख्नुभयो। त्यसपछि आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो सारिपुत्र! तपाइका इन्द्रियहरू अति प्रसन्न देखिन्छन्। तपाइको मुखवर्ण पनि परिशुद्ध तथा उज्ज्वल देखिन्छ। आयुष्मान् सारिपुत्र आज कुनचाहिं ध्यानमा विहार गर्नुभयो नि?"

"आवुसो! सौमनस्य-दौर्मनस्यलाई पहिले नै अन्तगरी सुख र दुःखलाई पनि त्यागी—सुख र दुःख नभएको—स्मृति तथा उपेक्षा परिशुद्ध भएको चतुर्थध्यानमा समाधिष्ठ भई आज मैले विहार गरें।

१. सं. नि. II. पृ. ४५१: उपेक्खासुत्तं, सारिपुत्तसंयुत्तं।

आवुसो ! त्यो ध्यान (त्यो ध्यानमा बस्दा) न मलाई यस्तोलाग्छ—'म चतुर्थध्यानमा बसेको छु, म चतुर्थध्यानमा समाधिष्ठ छु अथवा म चतुर्थध्यानबाट उठें ।'—यस्तो पनि मलाई लाग्दैन ।

"आयुष्मान् सारिपुत्रको अहंकार ममंकार मानानुशय सबै धेरैदिनदेखि राम्रैसँग समुच्छेद भइनै सकेको छ त्यसैले आयुष्मान् सारिपुत्रलाई यस्तो नलागेको—'म चतुर्थध्यानमा बसेको छु, म चतुर्थ-ध्यानमा समाधिष्ठ छु अथवा म चतुर्थध्यानबाट उठें' इत्यादि ।"

× × ×

मूल सूत्र—

२६. आकाशानन्त्यायतनमा बस्छु

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[1]।

अनि आयुष्मान् सारिपुत्र पूर्वाह्न समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनकोनिमित्त श्रावस्तीमा जानुभयो। श्रावस्तीमा भिक्षाटन गरिसक्नु भएपछि भोजनोपरान्त दिवाविहारको लागि जहाँ अन्धवन हो त्यहाँ जानुभयो।

अनि आयुष्मान् सारिपुत्र संध्यासमयमा ध्यानबाट उठी जहाँ अनाथपिण्डिकको जेतवनाराम हो त्यहाँ जानुभयो। आयुष्मान् आनन्दले टाढैदेखि आयुष्मान् सारिपुत्रलाई आइरहनु भएको देख्नुभयो। त्यसपछि आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

---

१. सं. नि. II. पृ. ४५२: आकासानञ्चायतनसुत्तं, सारिपुत्तसंयुत्तं।

"आवुसो सारिपुत्र! तपाइका इन्द्रियहरू अति प्रसन्न देखिन्छन्। तपाइको मुखवर्ण पनि अति परिशुद्ध तथा उज्ज्वल देखिन्छ। आयुष्मान् सारिपुत्र आज कुनचाहिं ध्यानमा विहार गर्नुभयो नि?"

"आवुसो! सर्वतो रूपसञ्ज्ञालाई समतिक्रमगरी प्रतिघ (=मानसिक द्वेषभाव) संज्ञालाई अन्तगरी नानात्वसंज्ञालाई मनन नगरी—'अनन्त आकाश हो' भनी आकाशानन्त्यायतन (ध्यान) मा बसी आज मैले विहार गरें। आवुसो! त्यो ध्यान (त्यस समाधिमा बस्दा) न मलाई यस्तो लाग्छ—'म आकाशानन्त्यायतन (समाधि) मा बसेको छु, म आकाशानन्त्यायतनमा समाधिष्ठ छु अथवा म आकाशानन्त्या-यतनबाट उठें।'—यस्तो पनि मलाई लाग्दैन।"

"आयुष्मान् सारिपुत्रको अहंकार ममंकार मानानुशय सबै धेरैदिनदेखि राम्रैसँग समुच्छेद भइनै सकेको छ त्यसैले आयुष्मान् सारिपुत्रलाई यस्तो नलागेको—'म आकाशानन्त्यायतनमा बसेको छु, म आकाशानन्त्यायतनमा समाधिष्ठ छु अथवा म आकाशानन्त्यायतनबाट उठें' इत्यादि।"

× × ×

मूल सूत्र—

२७. विज्ञानन्त्यायतनमा बस्छु

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[१]।...

अनि आयुष्मान् आनन्दले टाढैदेखि आयुष्मान् सारिपुत्रलाई आइरहनुभएको देख्नुभयो। त्यसपछि आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो सारिपुत्र! तपाइका इन्द्रियहरू अति प्रसन्न देखिन्छन्. तपाइको मुखवर्ण पनि अति परिशुद्ध तथा उज्ज्वल देखिन्छ। आयुष्मान् सारिपुत्रले आज कुनचाहि ध्यानमा विहार गर्नुभयो नि ?"

"आवुसो! सर्वतो आकाशानन्त्यायतनलाई समतिक्रमण गरी विज्ञानन्त्यायतन (समाधि) मा बसी आज मैले विहार गरें। आवुसो! त्यो ध्यान न मलाई यस्तो लाग्छ—'म विज्ञानन्त्यायतन

१. सं. नि. II. पृ. ४५२: विञ्ञाणञ्चायतनसुत्तं, सारिपुत्तसंयुत्तं।

(समाधि) मा बसेको छु, म विज्ञानन्त्यायतनमा समाधिष्ठ छु अथवा म विज्ञानन्त्यायतनबाट उठें ।'—यस्तो पनि मलाई लाग्दैन ।"

"आयुष्मान् सारिपुत्रको अहंकार ममंकार मानानुशय सबै घेरैदिनदेखि राम्रैसँग समुच्छेद भइ नै सकेको छ; त्यसैले आयुष्मान् सारिपुत्रलाई यस्तो नलागेको—'म विज्ञानन्त्यायतनमा बसेको छु, म विज्ञानन्त्यायतनमा समाधिष्ठ छु अथवा म विज्ञानन्त्यायतनबाट उठें' इत्यादि ।"

× × ×

मूल सूत्र—

२८. आकिञ्चन्यायतनमा बस्छु

एक समय आयुष्मान् सारिपुत्र श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[1] ।...

अनि आयुष्मान् आनन्दले टाढैदेखि आयुष्मान् सारिपुत्रलाई आइरहनुभएको देख्नुभयो । त्यसपछि आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो सारिपुत्र ! तपाइका इन्द्रियहरू अति प्रसन्न देखिन्छन् तपाइको मुखवर्ण पनि अति परिशुद्ध तथा उज्ज्वल देखिन्छ। आयुष्मान् सारिपुत्रले आज कुनचाहिं ध्यानमा विहार गर्नुभयो नि ?"

"आवुसो ! सबतो विज्ञानन्त्यायतनलाई समतिक्रमण गरी 'केही छैन' भनी आकिञ्चन्यायतन (समाधि) मा बसी आज मैले विहार गरें। आवुसो ! न मलाई त्यो (ध्यान) यस्तो लाग्छ—'म आकिञ्चन्यायतन (समाधि) मा बसेको छु, म आकिञ्चन्यायतनमा

---

१. सं. नि. II. पृ. ४५२: आकिञ्चञ्ञायतनसुत्तं, सारिपुत्तसंयुत्तं ।

समाधिष्ठ छु अथवा म आकिञ्चन्यायतनबाट उठें ।'—यस्तो पनि मलाई लाग्दैन ।"

"आयुष्मान् सारिपुत्रको अहंकार ममंकार, मानानुशय सबै घेरै दिनदेखि रात्रैसँग समुच्छेद भइ नै सकेको छ; त्यसैले आयुष्मान् सारिपुत्रलाई यस्तो नलागेको—'म आकिञ्चन्यायतनमा बसेको छु, म आकिञ्चन्यायतनमा समाधिष्ठ छु अथवा म आकिञ्चन्यायतनबाट उठें' इत्यादि ।"

× × ×

मूल सूत्र—

२९. नैवसंज्ञानासंज्ञायतनमा बस्छु

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो[१]।...

अनि आयुष्मान् आनन्दले टाढैदेखि आयुष्मान् सारिपुत्रलाई आइरहनु भएको देख्नुभयो। त्यसपछि आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

"आवुसो सारिपुत्र! तपाइका इन्द्रियहरू अति प्रसन्न देखिन्छन्, तपाइको मुखवर्ण पनि अति परिशुद्ध तथा उज्ज्वल देखिन्छ। आयुष्मान् सारिपुत्रले आज कुनचाहिं ध्यानमा विहार गर्नुभयो नि ?"

"आवुसो! सर्वतो आकिञ्चन्यायतनलाई समतिक्रमण गरी नैवसंज्ञानासंज्ञायतन (ध्यान) मा बसी आज मैले विहार गरें। आवुसो! न मलाई त्यो ध्यान यस्तो लाग्छ—'म नैवसंज्ञानासंज्ञायतन (समाधि) मा बसेको छु, म नैवसंज्ञानासंज्ञायतनमा समाधिष्ठ छु अथवा म नैवसंज्ञानासंज्ञायतनबाट उठें।'—यस्तो पनि मलाई लाग्दैन।"

---

१. सं. नि. II. पृ. ४५२: नेवसञ्ञानासञ्ञायतनसुत्तं, सारिपुत्तसंयुत्तं।

आयुष्मान् सारिपुत्रको अहंकार ममंकार मानानुशय सबै धेरै दिनदेखि राम्रैसँग समुच्छेद भइ नै सकेको छ; त्यसैले आयुष्मान् सारिपुत्रलाई यस्तो नलागेको—'म नैवसंज्ञानासंज्ञायतनमा बसेको छु, म नैवसंज्ञानासंज्ञायतनमा समाविष्ठ छु अथवा म नैवसंज्ञानासंज्ञायतनबाट उठें' इत्यादि ।"

× × ×

मूल सूत्र—

३०. निरोधसमापत्तिमा बस्छु

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो[1]।...

भनि आयुष्मान् आनन्दले टाढैदेखि आयुष्मान् सारिपुत्रलाई आइरहनुभएको देख्नुभयो। त्यसपछि आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो--

"आवुसो सारिपुत्र! तपाइका इन्द्रियहरू अति प्रसन्न छन्, तपाइको मुखवर्ण पनि अति परिशुद्ध तथा उज्ज्वल देखिन्छ। आयुष्मान् सारिपुत्रले आज कुनचाहिं ध्यानमा विहार गर्नुभयो नि ?"

"आवुसो! सर्वतो नैवसंज्ञानासंज्ञायतनलाई समतिक्रमण गरी संज्ञावेदयितनिरोध (समापत्ति) मा बसी आज मैले विहार गरें। आवुसो! न मलाई त्यो समापत्ति यस्तो लाग्छ—'म संज्ञावेदयितनिरोध (समापत्ति) मा बसेको छु, म संज्ञावेदयित निरोधमा समाधिष्ठ छु अथवा म संज्ञावेदयितनिरोधबाट उठें।'—यस्तो पनि मलाई लाग्दैन।"

---

१. सं. नि. II. पृ. ४५३: निरोधसमापत्तिसुत्तं, सारिपुत्तसंयुत्तं।

"आयुष्मान् सारिपुत्रको अहंकार ममंकार मानानुशय सबै धेरै दिनदेखि राम्रै सँग समुच्छेद भइ नै सकेको छ; त्यसैले आयुष्मान् सारिपुत्रलाई यस्तो नलागेको—'म संज्ञावेदयितनिरोध (समापत्ति) मा बसेको छु, म संज्ञावेदयितनिरोधमा समाविष्ठ छु अथवा म संज्ञावेदयितनिरोधबाट उठें' इत्यादि ।"

× × ×

मूल सूत्र—

३१. आयुष्मान् सारिपुत्रसँग बस्ने भिक्षु

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो[१]।

अनि एक भिक्षु जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका सो भिक्षुले आयुष्मान् सारिपुत्रलाई यस्तो भने—

"आवुसो सारिपुत्र! सँगै बस्ने भिक्षु शिक्षा छाडी गृहस्थी भएर गए।"

"आवुसो! हो, इन्द्रियसंयम नहुने, भोजनमा मात्रा-ज्ञान नहुने तथा जाग्रततामा असंलग्न हुने (भिक्षु) त्यस्तै हुन्छ। आवुसो! इन्द्रिय संयम नहुने, भोजनमा मात्रा-ज्ञान नहुने तथा जाग्रततामा असंलग्न हुने

---

१. सं. नि. III. पृ. ९५: सारिपुत्तसद्धिविहारिकसुत्तं, सलायतनसंयुत्तं।

त्यो भिक्षुले जीवनभर परिपूर्णरूपले परिशुद्ध ब्रह्मचर्य पालन गर्न सक्ला भनी भन्ने कारण हुँदैन । आवुसो ! इन्द्रिय संयम हुने, भोजनमा मात्रा-ज्ञान हुने तथा जाग्रततामा संलग्न हुने भिक्षुले जीवनभर परिपूर्णरूपले परिशुद्ध ब्रह्मचर्य पालन गर्न सक्ला भनी भन्ने कारण हुन्छ ।

"आवुसो ! कसरी इन्द्रियसंयम हुन्छ भने ?—आवुसो ! यहाँ भिक्षुले रूपलाई देखेर निमित्तग्राही[1] हुन्न...[2] चक्षुरिन्द्रियलाई वशमा राख्छ । आवुसो ! यसरी इन्द्रिय संयम हुन्छ ।

"आवुसो ! कसरी भोजनमा मात्रा-ज्ञान हुन्छ भने ?—आवुसो ! यहाँ भिक्षु प्रतिसंख्यान गरी ज्ञानपूर्वक आहार ग्रहण गर्छ...[3] निरवद्य-पूर्वक जीवन यापन पनि हुने छ र आरामदायी पनि । आवुसो ! यसरी भोजनमा मात्रा-ज्ञान हुन्छ ।

"आवुसो ! कसरी भिक्षु जाग्रततामा संलग्न हुन्छ भने ?—आवुसो ! यहाँ भिक्षु दिनभरी आवरणीय धर्महरूबाट चित्त परिशुद्ध गरी चंक्रमण गरी अथवा आसनमा बसी समय बिताउँछ । रातको

---

१. निमित्तग्राही भनेको कस्तो हो भन्ने कुरा बु. रा. भा–१ पृ. ४३८ को पादटिप्पणीमा उल्लेख भएको छ ।

२. यस ठाउँका कुराहरू बु. गृ. भा–१ पृ. २५२ मा उल्लेख भएका छन् ।

३. यस ठाउँका कुराहरू बु. गृ. भा–१ पृ. २५३–५४ मा उल्लेख भएका छन्, त्यस्तै बु. प्र. भा–१ पृ. मा तथा बु. ब्रा. भा–१ पृ. २८५ र २६२ मा ।

प्रथम यासमा पनि...[1] रातको अन्तिम याममा पनि...,[1] आसनमा बस्छ। आवुसो! यसरी जाग्रततामा संलग्न हुन्छ।"

× × ×

१–१. यस ठाउँका बाँकी कुराहरू बु. गृ. भा–१ पृ. २५४ मा उल्लेख भएका छन्।

मूल सूत्र—

३२. कल्याणमित्रता

श्रावस्तीमा[१]।

अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले भगवान्‌लाई यस्तो भन्नुभयो—

"भन्ते ! यी सबै ब्रह्मचर्य (=मार्गज्ञान) हरू—कल्याणमित्र, कल्याणसहायक तथा कल्याणचिन्तककै आश्रयबाट उपलब्ध गर्न सकिन्छ।"

"साधु ! साधु !! सारिपुत्र। सारिपुत्र ! यी सबै ब्रह्मचर्यहरू—कल्याणमित्र, कल्याणसहायक तथा कल्याणचिन्तककै आश्रयबाट उपलब्ध गर्न सकिन्छ। सारिपुत्र ! कल्याणमित्र, कल्याणसहायक तथा

१. सं. नि. IV. पृ. ५ सारिपुत्तसुत्तं, मग्गसंयुत्तं, अ. क. III. पृ. १०९.

कल्याणचिन्तक भिक्षुले नै आर्यअष्टाङ्गिक मार्गको भाविता गर्नेछ, आर्यअष्टाङ्गिक मार्गको बहुलिकृत गर्नेछ भन्ने आशालिन सकिन्छ। सारिपुत्र ! कसरी कल्याणमित्र, कल्याणसहायक तथा कल्याणचिन्तक भिक्षुले आर्यअष्टाङ्गिक मार्गको भाविता गर्छ कसरी आर्यअष्टाङ्गिक मार्गको बहुलिकृत गर्छ भने ? – सारिपुत्र ! यहाँ भिक्षुले विवेक निश्रित, वैराग्य निश्रित, निरोध निश्रित तथा उत्सर्गपरिनामी सम्यक्दृष्टि, सम्यक्संकल्प, सम्यक्वाचा, सम्यक्कर्म, सम्यक्आजीव, सम्यक्व्यायाम, सम्यक्स्मृति तथा सम्यक्समाधिको भाविता गर्छ र बहुलिकृत गर्छ। सारिपुत्र ! यसरी कल्याणमित्र, कल्याणसहायक तथा कल्याणचिन्तक भिक्षुले आर्यअष्टाङ्गिक मार्गको भाविता गर्छ यसरी आर्यअष्टाङ्गिक मार्गको बहुलिकृत गर्छ। सारिपुत्र ! यस पर्यायले पनि बुझ्नसक्नु पर्छ कि यी सबै ब्रह्मचर्यहरू—कल्याणमित्र, कल्याणसहायक तथा कल्याण-चिन्तककै आश्रयबाट उपलब्ध गर्न सकिन्छ।

'सारिपुत्र ! म जस्तो कल्याणमित्रकहाँ आएर जन्मिने सत्वहरू जन्मबाट परिमुक्त हुन्छन्; जराजीर्ण हुने सत्वहरू जराजीर्णता-बाट परिमुक्त हुन्छन्; व्याधी हुने सत्वहरू व्याधीबाट परिमुक्त हुन्छन्; शोक परिदेव दुःख दौर्मनस्य हुने सत्वहरू शोक परिदेव दुःख दौर्मनस्यताबाट परिमुक्त हुन्छन्। सारिपुत्र ! यस पर्यायले पनि बुझ्न सक्नुपर्छ कि यी सबै ब्रह्मचर्यहरू—कल्याणमित्र, कल्याणसहायक तथा कल्याणचिन्तककै आश्रयबाट उपलब्ध गर्न सकिन्छ।"

× × ×

मूल सूत्र—

३३. सप्तबोध्यङ्ग

एक समय आयुष्मान् सारिपुत्र श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामसा बस्नु भएको थियो[१]।

त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो —"आवुसो भिक्षुहो !"

"आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—

"आवुसो ! यी सात बोध्यङ्गहरू[२] हुन्।

---

१. सं. नि. IV. पृ. ६७: वत्थुसुत्तं, बोज्झङ्गसंयुत्तं; अ. क III. पृ. १२६; पटि. म. पा. पृ. ३७३, अ. क. पृ. ४३०.

२. 'बोध्यङ्ग' शब्दको विग्रह हो—बोधि+अङ्ग=बोध्यङ्ग। 'सम्बोध्यङ्ग' को शब्दार्थ हो—राम्रो, श्रेष्ठ, उत्तम बोधिको अङ्ग—सम्बोध्यङ्ग। बोध हुने अङ्ग भएकोले पनि बोध्यङ्ग, बोधिलाई बुझ्ने अङ्ग भएकोले पनि बोध्यङ्ग, बुझ्ने अङ्ग भएकोले पनि

कुन सात भने ?—(१) स्मृति-सम्बोध्यङ्ग[1], (२) धर्मविचय-सम्बोध्यङ्ग[2], (३) वीर्य-सम्बोध्यङ्ग[3], (४) प्रीति-सम्बोध्यङ्ग[4], (५) प्रश्रब्धि (=पस्सद्धि) सम्बोध्यङ्ग[5], (६) समाधिसम्बोध्यङ्ग[6] तथा (७) उपेक्षासम्बोध्यङ्ग[7] । आवुसो ! यीनै सात बोध्यङ्गहरू हुन् ।

बोध्यङ्ग, बुझ्नसक्ने अङ्ग भएकोले पनि बोध्यङ्ग, चतुरार्यसत्यलाई बोध गर्ने अङ्ग भएकोले पनि बोध्यङ्ग भनिएको हो भन्ने आदि अनेक प्रकारले 'बोध्यङ्ग' को अर्थहरू पटि. म. पा. पृ. ३६३-७२: बोज्झङ्ग कथामा र सम्मोहविनोदनी पृ. २१७: बोज्झङ्गविभङ्गको अर्थवर्णनाले उल्लेख गरेका पाइन्छन् ।

१. स्मृति-सम्बोध्यङ्गको शब्दार्थ हो—स्मृतिद्वारा बोध गर्न सक्ने असल अङ्ग भएकोले—स्मृति-सम्बोध्यङ्ग भनिएको हो । यसको परिभाषा विभङ्गपालि, सुत्तन्तविभाजनीयमा यसप्रकार दिइएको छ—

"इध भिक्खु सतिमा होति परमेन सतिनेप्पक्केन समन्नागतो, चिरकतं पि चिरभासितं पि सरिता होति अनुस्सरिता—अयं वुच्चति सतिसम्बोज्झङ्गो" अर्थात्—यहाँ भिक्षु स्मृतिमान् हुन्छ, परम प्रज्ञासहित स्मृति युक्त हुन्छ, चिर-कृत चिर-भाषितलाई पनि अनुस्मरण गर्न सक्ने हुन्छ—यसैलाई स्मृति-सम्बोध्यङ्ग भन्दछन् । विभं पा. पृ. २७६: बोज्झङ्गविभङ्गो ।

'उपट्ठानट्ठेन सतिसम्बोज्झङ्गो अभिञ्ञेय्यं' भनी पटि. म. पा. पृ. २५ मा उल्लेख भएझैं स्मृतिको लक्षण हो—खडा भएर बस्नु अथवा जाग्रत भई बस्नु ।

अभिधर्म भाजनीय अनुसार यसको परिभाषा यसरी दिइएको छ —

"या सति अनुस्सति पटिस्सति सति सरणता धारणता अपिलापनता असम्मुस्सनता सति सतिन्द्रियं सतिबलं सम्मासति सतिबोज्झङ्गो मग्गङ्गं मग्गपरियापन्न—अयं वुच्चति सति-सम्बोज्झङ्गो" अर्थात्—जो स्मृति, अनुस्मृति, प्रतिस्मृति, स्मृति, स्मरण गर्ने, धारणा गर्ने, नभुल्ने, नभुल्ने स्वभाव—स्मृति; स्मृति-इन्द्रिय, स्मृति-बल, सम्यक्-स्मृति, स्मृति-बोध्यङ्ग, मार्गाङ्ग, मार्ग-चित्त अन्तर्गत हो—यही नै 'स्मृति-सम्बोध्यङ्ग' हो।

सुत्तन्त भाजनीयमा लौकिक, लौकिक-लोकोत्तर मिश्रित-रूपमा तथा अभिधर्म भाजनीयमा शुद्ध लोकोत्तरको रूपमा अर्थ प्रकाश गरिएका छन्। सम्मो. वि पृ २२३.

२. धर्मविचय-सम्बोध्यङ्गको शब्दार्थ हो—धर्मको खोज गर्नु र बटुल्नु। धर्मको खोज गर्नु र बटुल्नु पनि बोधिको अङ्ग भएकोले—धर्म-विचय-सम्बोध्यङ्ग भनिएको हो। यसको परिभाषा यसप्रकार दिइएको छ—

"सो तथा सतो विहरन्तो तं धम्मं पञ्ञाय पविचिनति पविचरति परिवीमंसमापज्जति—अयं वुच्चति धम्मविचय-सम्बोज्झङ्गो।" विभं. पा. पृ. २७६: सुत्तन्तभाजनीयं, बोज्झङ्ग-विभङ्गो। अर्थात्—उ त्यसरी स्मृति सम्पन्न भई विहार गरी

चतुरार्यसत्यादि तथा अनित्यादि धर्महरूको प्रज्ञाद्वारा खोज गर्छ— यसैलाई धर्मविचय सम्बोध्यङ्ग भन्दछन् । विभं. अ. क. पृ. २१९; पटि. म. अ. क. पृ. २६४.

अभिधर्म भाजनीय अनुसार यसको परिभाषा यसप्रकार छ—

"या पञ्ञा पजानना विचयो पविचयो धम्मविचयो सल्लक्खणा उपलक्खणा पच्चुपलक्खणा पण्डिच्चं कोसल्लं नेपुञ्ञं वेभब्या चिन्ता उपपरिक्खा भूरी मेधा परिणायका विपस्सना सम्पजञ्ञं पतोदो पञ्ञा पञ्ञिन्द्रिय पञ्ञाबलं पञ्ञासत्थं पञ्ञा-पासादो पञ्ञाआलोको पञ्ञाओभासो पञ्ञापज्जोतो पञ्ञारतनं अमोहो धम्मविचयो सम्मादिट्ठि धम्मविचयसम्बोज्झङ्गो मग्गङ्गं मग्गपरियापन्नं—अयं वुच्चति धम्मविचयसम्बोज्झङ्गो ।" विभं. पा. पृ. २७९: अभिधम्म भाजनीयं, बोज्झङ्गविभङ्गो; धम्म. सं. पा. पृ. ८३. अर्थात् —जो प्रज्ञा हो, जो राम्ररी जान्ने हो,...जो अनित्यादि लक्षणहरू जान्ने हो, जो पाण्डित्यता हो, कौशलता हो, निपुणता हो,...उपपरीक्षा हो, महानप्रज्ञा हो, मेधा हो, परिणामिका हो, विपश्यना सम्प्रज्ञान हो,...जो प्रज्ञेन्द्रिय हो,... प्रज्ञाबल हो,...प्रज्ञारत्न हो, अमोह हो, धर्मको खोज हो, जो सम्यक्दृष्टि हो, जो धर्मविचयको सम्बोधि अङ्ग हो र जो मार्ग अन्तर्गत हो—त्यही नै धर्मविचय सम्बोध्यङ्ग हो । अत्थ. सा. पृ. १४६.

३. वीर्यसम्बोध्यङ्गको शब्दार्थ हो—बोधिकोनिमित्त अङ्ग हुने वीर्य । यसको परिभाषा यसरी दिइएको छ—

"तस्स तं धम्मं पञ्ञाय पविचिनतो पविचरतो परिवीमंसमापज्जतो आरद्धं होति विरियं असल्लीनं—अयं वुच्चति विरियसम्बोज्झङ्गो ।" विभं पा. पृ. २७६: सुत्तन्तभाजनीयं, बोज्झङ्गविभङ्गो । अर्थात्—उसका त्यो धर्मलाई प्रज्ञाद्वारा खोज गर्दा निरालसी भई वीर्य बलियो हुन्छ र वीर्य परिपूर्ण हुन्छ । सम्मो. वि. पृ. २१६; ग्रहण गर्ने लक्षणलाई वीर्य भनिएको हो भनी पटि. म. पा. पृ. ८२ ले उल्लेख गरेको छ ।

अभिधर्म भाजनीय अनुसार—"यो चेतसिको विरियारम्भो निक्कमो परक्कमो उय्यामो वायामो उस्साहो उस्सोल्ही थामो धिति असिथिलपरक्कमता अनिक्खित्त छन्दता अनिक्खित्त धुरता धुरसम्पग्गाहो विरियं विरियिन्द्रियं विरियबलं सम्मावायामो विरियसम्बोज्झङ्गो मग्गङ्गं मग्गपरियापन्नं— अयं वुच्चति विरियसम्बोज्झङ्गो ।" विभं पा. पृ. २७९; धम्म. सं. पा पृ. ७९; अर्थात्—जो चैतसिक वीर्यारम्भ हो...जो कोशिश हो, उदयम हो, व्यायाम हो, उत्साह हो, बल हो, धर्म हो, निरालसता हो, छन्द नहटेको हो, प्राप्त गर्न पर्ने प्राप्त नगरेसम्म प्रयत्न नछोडेको हो; वीर्य, वीर्येन्द्रि, वीर्यबल हो, सम्यक व्यायाम हो, वीर्यसम्बोध्यङ्ग हो; मार्गाङ्ग र मार्ग अन्तर्गत भएको हो—यसैलाई वीर्यसम्बोध्यङ्ग भनिएको हो । अत्थ. सा. पृ. १४५.

४. प्रीतिसम्बोध्यङ्गको शव्दार्थ हो—प्रीतिले युक्त सम्बोध्यङ्ग । यसको परिभाषा यसप्रकार दिइएको छ—

"आरद्धविरियस्स उप्पज्जति पीति निरामिसा—अयं वुच्चति पीतिसम्बोज्झङ्गो । विभं. पा. पृ. २७६: सुत्तन्तभाजनीयं, बोज्झङ्गविभङ्गो । अर्थात्—वीर्य पूरा हुनेलाई अथवा वीर्य परिपूर्ण हुनेलाई निरामिष-प्रीति उत्पन्न हुन्छ—यसैलाई प्रीतिसम्बोध्यङ्ग भन्दछन् ।

अभिधर्म भाजनीय अनुसार—"या पीति पामोज्जं आमोदना पमोदना हासो पहासो वित्ति ओदग्यं अत्तमनता चित्तस्स पीतिसम्बोज्झङ्गो—अयं वुच्चति पीतिसम्बोज्झङ्गो ।" विभं. पा. पृ २७९: अभिधम्म भाजनीयं, बोज्झङ्गविभङ्गो । अर्थात्—जो प्रीति-प्रामोद्य हो, जो आमोद-प्रमोद हो, जो हर्षित-प्रहर्षित हो, जो मानसिक प्रामोद्य-सम्पत्ति, गद्गद्, चित्तको सन्तुष्टिता हो र जो प्रीतिसम्बोध्यङ्ग हो—यसैलाई प्रीतिसम्बोध्यङ्ग भनिएको हो । अत्थ. सा. पृ १४३; स्फरण हुने लक्षण भएकोले प्रीति भनिएको हो भनी पटि म. पा. पृ. ८२ ले उल्लेख गरेको छ ।

५. प्रश्रब्धि सम्बोध्यङ्गको शब्दार्थ हो—शारीरिक तथा मानसिक शान्तिले युक्त अङ्ग । यसको परिभाषा यसरी दिइएको छ—

"पीतिमनस्स कायो पि पस्सम्भति, चित्तं पि पस्सम्भति—अयं वुच्चति पस्सद्धिसम्बोज्झङ्गो ।" विभं. पा. पृ. २७६:

सुत्तन्तभाजनीयं, बोज्झङ्गविभङ्गो। अर्थात्—प्रीतिमन हुनेको काय पनि चित्त पनि शान्त-शीतल हुन्छ—यसैलाई प्रशब्धिसम्बोध्यङ्ग भन्दछन्। सम्मो. वि. पृ २१९; अत्थ. सा. पृ १४८; उपशान्त हुने लक्षणलाई प्रशब्धि भनिएको हो भनी पटि. म. पा. पृ. ८२ ले उल्लेख गरेको छ।

अभिधर्म भाजनीय अनुसार– "या वेदनाक्खन्धस्स सञ्ञाक्खन्धस्स सङ्खारक्खन्धस्स विञ्ञाणक्खन्धस्स पस्सद्धि पटिपस्सद्धि पस्सम्भना पटिप्पस्सम्भना पटिपस्सम्भितत्तं पस्सद्धि-सम्बोज्झङ्गो –अयं वुच्चति पस्सद्धिसम्बोज्झङ्गो।" विभं. पा. पृ. २७९: अभिधम्मभाजनीयं, बोज्झङ्गविभङ्गो। अर्थात्—जुन वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध तथा विज्ञानस्कन्धको शान्तपन...शान्त हुनु...प्रतिशान्त हुनु, प्रतिशान्तता, प्रशब्धि सम्बोध्यङ्ग हो—यसैलाई प्रशब्धि सम्बोध्यङ्ग भनिएको हो।

६. समाधिसम्बोध्यङ्गको शब्दार्थ हो—समाधिले युक्त बोधिअङ्ग। यसको परिभाषा यस प्रकार दिइएको छ—

"पस्सद्धकायस्स सुखिनो चित्तं समाधियति—अयं वुच्चति समाधिसम्बोज्झङ्गो।" विभं पा पृ. २७६: सुत्तन्तभाजनीयं, बोज्झङ्गविभङ्गो। अर्थात्—प्रशब्धकाय हुनेको चित्त सुखी भई समाधिष्ठ हुन्छ—यसैलाई समाधिसम्बोध्यङ्ग भन्दछन्। विक्षिप्त नहुने लक्षणलाई समाधि भनिएको हो भनी पटि. म. पा. पृ. ८२ ले उल्लेख गरेको छ।

अभिधर्म भाजनीय अनुसार—"या चित्तस्स ठिति सण्ठिति अवट्ठिति अविसाहारो अविक्खेपो अविसाहटमानसता समथो समाधिन्द्रियं समाधिबलं सम्मासमाधि समाधिसम्बोज्झङ्गो मग्गङ्गं मग्गपरियापन्नं—अयं वुच्चति समाधिसम्बोज्झङ्गो।" विभं. पा. पृ. २७९: अभिधम्मभाजनीयं, बोज्झङ्गविभङ्गो। अर्थात्—जो चित्तको स्थिरपन हो, संस्थिरपन हो, जो अविचलित-पन हो, जो चंचलता र सन्देहरूपी विषम आहार रहित हो, जो अविक्षेप विषम आहार रहित चित्त हो, जो अविचलितपारीराख्ने समाधि इन्द्रिय हो, जो समाधिबल हो, जो सम्यक् समाधि हो, जो समाधिसम्बोध्यङ्ग हो र जो मार्गाङ्ग तथा मार्ग अन्तर्गत हो—यसैलाई समाधिसम्बोध्यङ्ग भनिएको हो। सम्मो वि. पृ. २१९; अत्थ. सा. पृ. १४३.

७. उपेक्षा सम्बोध्यङ्गको शब्दार्थ हो—मध्यस्थभावले युक्त बोधिअङ्ग। यसको परिभाषा यसप्रकार दिएको छ—

"सो तथा समाहितं चित्तं साधुकं अज्झुपेक्खिता होति—अयं वुच्चति उपेक्खासम्बोज्झङ्गो।" विभं. पा. पृ. २७६: सुत्तन्त-भाजनीयं, बोज्झङ्गविभङ्गो। अर्थात्—उ यसरी समाहित भएको चित्तलाई राम्रोसँग आभ्यन्तरिक दृष्टिले मध्यस्थ भई हेर्छ—यसैलाई उपेक्षासम्बोध्यङ्ग भन्दछन्। सम्मो. वि. पृ. २१९.

अभिधर्म भाजनीय अनुसार—"या उपेक्खा उपेक्खना अज्झुपेक्खना मज्झत्तता चित्तस्स उपेक्खा सम्बोज्झङ्गो—अयं

वुच्चति उपेक्खासम्बोज्झङ्गो।" विभं. पा. पृ. २७१: अभिधम्म-भाजनीयं, बोज्झङ्गविभङ्गो। अर्थात्—जुन उपेक्षा, उपेक्षा गर्नु; राम्ररी आभ्यन्तरिक दृष्टिले मध्यस्थ भई हेर्नु, जुन चित्तको मध्यस्थता भएको उपेक्षा सम्बोधि हो—यही नै उपेक्षासम्बोध्यङ्ग हो। सम्मो. वि. पृ. २२२; तटस्थ भई होस राखी बस्ने लक्षणलाई नै उपेक्षा भनिएको हो भन्नी पटि. म. पा. पृ. ८२ ले उल्लेख गरेको छ।

द्रष्टव्य—यी सप्तबोध्यङ्ग-धर्महरू अति गम्भीर छन्। यसको परमार्थ लोकोत्तर ध्यानबाट उपलब्ध हुने अङ्गहरू हुन्। यसको विभाजन विविधाकारले गरिएको छ। गम्भीररूपले अध्ययन गर्न चाहने जिज्ञासुहरूले केही निम्न सूत्रहरू हेर्नु वेश हुने छ।

यी बोध्यङ्गहरू एकविध, द्विविध तथा तृविधाकारले विभाजन गरेका कुराहरू विभं. पा. पृ. २७७–७८ मा र लोकोत्तरको हिसाबले बताइएका कुराहरू पनि उहीं पृ. २७८–८४ मा उल्लेख भएका पाइन्छन्।

यी बोध्यङ्गहरू कसरी उत्पन्न गर्ने र उत्पन्न भएका बोध्यङ्गहरूलाई कसरी रक्षा गरी राख्ने भन्ने आदि कुराहरूको सम्बन्धमा सं. नि. IV. पृ. ९३: बोज्झङ्गसंयुत्तको आहारसुत्तंमा उल्लेख भएको पाइन्छ। यी सात बोध्यङ्गहरूको दुइ दुइ प्रकार हुने हुनाले १४ बोध्यङ्ग पनि हुन्छन् भन्ने कुरा उहीं पृ. ९९ को

परियायसूत्रमा समुल्लेख भएको छ। कुन अवस्थामा कुन बोध्यङ्गको भावना गर्नुपर्छ भन्ने बारेका कुराहरू पनि उहीं नै पृ. १०० को अग्गिसुत्तंमा राम्ररी वर्णित गरिएको छ।

११ कारणहरूद्वारा धर्मविचय सम्बोध्यङ्ग उत्पन्न हुन्छ; ११ कारणद्वारा प्रीतिसम्बोध्यङ्ग उत्पन्न हुन्छ; ७ कारणद्वारा प्रश्रब्धिसम्बोध्यङ्ग उत्पन्न हुन्छ; ११ कारणद्वारा समाधिसम्बोध्यङ्ग उत्पन्न हुन्छ; ५ कारणद्वारा उपेक्षासम्बोध्यङ्ग उत्पन्न हुन्छ भन्ने जस्ता अनेक कारणहरूका कुराहरू विशुद्धिमार्गको पृथ्वीकसिण-निर्देश-४ पृ. ९७-१०० मा विस्तृत रूपले उल्लेख भएका पाइन्छन्।

पटि. म. पा. पृ. ३७५ को बोज्झङ्गकथाले आठ कारण-हरूले स्मृतिसम्बोध्यङ्ग स्थिर रहने र आठ कारणले स्मृति विसमरण हुने कुरा तथा यस्तै गरी उपेक्षा भावना स्थिर रहने र नरहने कारणहरू पनि समुल्लेख गरेको छ।

अङ्गुत्तरनिकायको दशकनिपातको पृ. १९१ को अविज्जा-सूत्रले यो प्रत्यय सहित भएको कुरा र उहीं पृ. २७० को बोज्झङ्ग-सूत्रले बोध्यङ्ग भावनाद्वारा तीन विद्या प्राप्त गर्न सक्ने कुरा पनि उल्लेख गरेको छ।

यस्तै गरी सं. नि. IV. पृ. ६६: सीलसूत्रले बोध्यङ्ग भावना गर्नेलाई सातवटा फल पाइने कुरामा यस बोध्यङ्गको पनि

जुन बोध्यङ्ग चाहन्छु उसैमा बस्नसक्छु

"आवुसो ! यी सात बोध्यङ्गहरूमध्येमा जुन जुन बोध्यङ्गमा बसी पूर्वाह्न समय बिताउन चाहन्छु—उही उही बोध्यङ्गले युक्त भई म पूर्वाह्न समय बिताउँछु; जुन जुन बोध्यङ्गमा बसी मध्यान्ह समय बिताउन चाहन्छु—उही उही बोध्यङ्गले युक्त भई म मध्यान्ह समय बिताउँछु; जुन जुन बोध्यङ्गमा बसी सन्ध्या समय बिताउन चाहन्छु—उही उही बोध्यङ्गले युक्त भई म सन्ध्या समय बिताउँछु ।

प्रत्यय भएका कुराहरू पनि उहीं पृ. ६३: कामसुत्तंले उल्लेख गरेको छ । त्यस्तै गरी आस्रवक्षय हुनसक्ने कुराको सम्बन्धमा उहीं पृ. ६८ को भिक्खुसुत्तंमा तथा उहीं पृ. ६८ को कुण्डलिसुत्तंले वोध्यङ्गद्वारा के के फलहरू पाउन सकिन्छ भन्ने कुराहरू पनि कुण्डलीय परिव्राजव लाई प्रष्ट गरी बताइएको छ । यस सम्बन्धमा अरू पनि केही निम्नलिखित सूत्रहरू अध्ययन गर्न योग्य हुने छ—

सं. नि. IV. पृ. १०७: सङ्गारवसुत्तं, पृ. १११: अभयसुत्तं, पृ. २८६: दुतियभिक्खुसुत्तं तथा पृ. ६१–१२१: बोज्झङ्गसंयुत्तं ।

दी. नि. II. पृ. २२६: महासतिपट्ठानसुत्तं ।

म. नि. I. पृ. १६: सब्बासवसुत्तं, पृ. ८६: सतिपट्ठानसुत्तं; म. नि. III. पृ. १४९: आनापानसुत्तं, पृ. ३६८–७४: नन्दकोवादसुत्तं तथा पृ. ३९१: महासलायतनिकसुत्तं ।

"आवुसो ! (१) यो स्मृतिसम्बोध्यङ्ग अप्रमाण[1] छ भनी म जान्दछु, सुपरिपूर्ण छ भनी म जान्दछु र स्थिर रहेको बेलामा 'स्थिर छ' भन्ने पनि म जान्दछु । च्युत भएमा 'यस कारणले च्युत भयो' भन्ने पनि म जान्दछु । (२) यो धर्मविचयसम्बोध्यङ्ग अप्रमाण छ भनी म जान्दछु, सुपरिपूर्ण छ भनी म जान्दछु र स्थिर रहेको बेलामा 'स्थिर छ' भन्ने पनि म जान्दछु । च्युत भएमा 'यस कारणले च्युत भयो' भन्ने पनि म जान्दछु । (३) यो वीर्यसम्बोध्यङ्ग अप्रमाण छ भनी म जान्दछु, सुपरिपूर्ण छ भनी म जान्दछु र स्थिर रहेको बेलामा 'स्थिर छ' भन्ने पनि म जान्दछु । च्युत भएमा 'यस कारणले च्युत भयो' भन्ने पनि म जान्दछु । (४) यो प्रीतिसम्बोध्यङ्ग अप्रमाण छ,...(५) यो प्रशब्धि सम्बोध्यङ्ग अप्रमाण छ...(६) यो समाधिसम्बोध्यङ्ग अप्रमाण छ... (७) यो उपेक्षासम्बोध्यङ्ग अप्रमाण छ भनी म जान्दछु, सुपरिपूर्ण छ

---

१. सबै क्लेशहरू तथा राग, द्वेष र मोह चित्तलाई 'प्रमाण' अथवा 'प्रमाणकर' भन्दछन् । जुन क्लेश रहित अराग, अद्वेष तथा अमोहचित्त हुन् ती सबैलाई 'अप्रमाण' अथवा 'अप्रमाणकर' भनी भन्दछन् । हेर लेखकको बु. गृ. भा-१ पृ. १६७ मा । यहाँ उल्लेख भएको स्मृतिसम्बोध्यङ्ग लोकोत्तर भएकोले र राग, द्वेष र मोहबाट मुक्त भएकोले यसलाई 'अप्रमाण' भनीएको हो । विशेष गरी यहाँ आयुष्मान् सारिपुत्रले वीर्यसम्बोध्यङ्गलाई प्रधानता दिई अरू बोध्यङ्गका कुराहरू बताउनु भएको छ। सं. नि. अ. क. III. पृ. १२६; पटि. म. अ. क. पृ. ४३१.

भनी म जान्दछु र स्थिर रहेको वेलामा 'स्थिर छ' भन्ने पनि म जान्दछु। च्युत भएमा 'यस कारणले च्युत भयो' भन्ने पनि म जान्दछु।

दृष्टान्त—"आवुसो! जस्तै राजा वा राजमहामात्यको नाना-प्रकारका—राता राता वस्त्रहरूले भरिएको सन्दूक हुन्छ। जुन वस्त्र उसले पूर्वाह्ण समयमा लगाउँन चाहन्छ उही वस्त्र उसले पूर्वाह्ण समयमा लगाउँछ। जुन वस्त्र उसले मध्यान्ह समयमा लगाउँन चाहन्छ उही वस्त्र उसले मध्यान्ह समयमा लगाउँछ। जुन वस्त्र उसले सन्ध्या समयमा लगाउन चाहन्छ उही वस्त्र उसले सन्ध्या समयमा लगाउँछ। आवुसो! यस्तै गरी म पनि यी सात बोध्यङ्गहरूमध्येमा जुन बोध्यङ्गमा बसी पूर्वाह्ण समय बिताउन चाहन्छु उही बोध्यङ्गमा बसी पूर्वाह्ण समय बिताउँछु। जुन बोध्यङ्गमा बसी मध्यान्ह समय बिताउन चाहन्छु उही बोध्यङ्गमा बसी मध्यान्ह समय बिताउँछु। जुन बोध्यङ्गमा बसी सन्ध्या समय बिताउन चाहन्छु उही बोध्यङ्गमा बसी सन्ध्या समय बिताउँछु। आवुसो! यो स्मृतिसम्बोध्यङ्ग अप्रमाण छ भनी म जान्दछु, सुपरिपूर्ण छ भनी म जान्दछु र स्थिर रहेको वेलामा 'स्थिर छ' भन्ने पनि म जान्दछु। च्युत भएमा 'यस कारणले च्युत भयो' भन्ने पनि म जान्दछु। यो धर्मविचय सम्बोध्यङ्ग...यो वीर्यसम्बोध्यङ्ग...यो प्रीतिसम्बोध्यङ्ग... यो प्रश्रब्धिसम्बोध्यङ्ग...यो समाधिसम्बोध्यङ्ग...यो उपेक्षासम्बोध्यङ्ग अप्रमाण छ भनी म जान्दछु, सुपरिपूर्ण छ भनी म जान्दछु र स्थिर रहेको वेलामा 'स्थिर छ' भन्ने पनि म जान्दछु। च्युत भएमा 'यस कारणले च्युत भयो' भन्ने पनि म जान्दछु।"

× × ×

मूल सूत्र—

३४. कहिले महापुरुष हुनसक्छ ?

श्रावस्ती निदान[1]।

अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्‌लाई यस्तो भन्नुभयो—

"भन्ते ! 'महापुरुष महापुरुष' भनी भन्दछन्। भन्ते कहिले महापुरुष हुनसक्छ ?"

"सारिपुत्र ! विमुक्तचित्त भएकोलाई 'महापुरुष' भन्दछु। अविमुक्तचित्त भएकोलाई 'महापुरुष' भन्दिन।

"सारिपुत्र ! कसरी विमुक्तचित्त हुन्छ भने ?—(१) सारिपुत्र ! यहाँ भिक्षु आतप्त गरी (आतापी) सम्प्रजानी भई स्मृतिमान् भई कायमा कायानुपश्यी भई लोकमा[2] अभिध्या दौर्मनस्यलाई हटाई विहार

---

१. सं. नि. IV. पृ. १३५: महापुरिससुत्तं, सतिपट्ठानसंयुत्तं।

२. यसै शरीरमा पपं. सू. I. पृ. २२०.

गर्छ। कायमा कायानुपश्यी भई विहार गर्दा उसको चित्त राग रहित हुन्छ र उपादान रहित भई आस्रवबाट विमुक्त हुन्छ। (२) यहाँ भिक्षु ...वेदनामा वेदनानुपश्यी भई लोकमा (=यसै शरीरमा) अभिध्या दौर्मनस्यलाई हटाई विहार गर्छ। वेदनामा वेदनानुपश्यी भई विहार गर्दा उसको चित्त राग रहित हुन्छ र उपादान रहित भई आस्रवबाट विमुक्त हुन्छ। (३) यहाँ भिक्षु,...चित्तमा चित्तानुपश्यी भई लोकमा (=यसै शरीरमा) अभिध्या दौर्मनस्यलाई हटाई विहार गर्छ। चित्तमा चित्तानुपश्यी भई विहार गर्दा उसको चित्त राग रहित हुन्छ र उपादान रहित भई आस्रवबाट विमुक्त हुन्छ। (४) यहाँ भिक्षु,...धर्ममा[१] धर्मानुपश्यी भई लोकमा (=यसै शरीरमा) अभिध्या दौर्मनस्यलाई हटाई विहार गर्छ। धर्ममा धर्मानुपश्यी भई विहार गर्दा उसको चित्त राग रहित हुन्छ र उपादान रहित भई आस्रवबाट विमुक्त हुन्छ।"

"सारिपुत्र ! यसरी विमुक्तचित्त हुन्छ। सारिपुत्र ! विमुक्तचित्त हुनेलाई म 'महापुरुष' भन्दछु। अविमुक्तचित्त हुनेलाई 'महापुरुष' भन्दिन।"

× × ×

१. यो सतिपट्ठान सूत्रमा 'काय' भन्नाले रूपस्कन्ध, 'वेदना' भन्नाले वेदनास्कन्ध, 'चित्त' भन्नाले विज्ञानस्कन्धलाई भनिएको हो। अतः यहाँ 'धर्म' भन्नाले संज्ञा र संस्कारस्कन्धलाई भनिएको हो भनी बुझ्नु पर्छ। पपं. सू. I. पृ. २५३: सतिपट्ठानसुत्तवण्णना।

मूल सूत्र—

३५. श्रद्धेन्द्रियको भाविताद्वारा अमृतमा पुग्छ

यस्तो मैले सुनें[१]।

एक समय श्रावस्तीको पुब्बकोट्ठकमा[२] भगवान् बस्नुभएको थियो। अनि भगवान्ले त्यहाँ आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नुभयो—"सारिपुत्र ! तिमी विश्वास गर्छौ के श्रद्धेन्द्रियको भाविता बहुलिकृत गर्दा अमृतमा पुग्छ, अमृतपरायण हुन्छ तथा अमृतपर्यवसान हुन्छ ? वीर्येन्द्रिय...स्मृतेन्द्रिय...समाधेन्द्रिय...प्रज्ञेन्द्रियको भाविता

---

१. सं. नि. IV. पृ. १९१: पुब्बकोट्ठकसुत्तं, इन्द्रियसंयुत्तं; अ. क. III. पृ. १९५.

२. 'पुब्बकोट्ठक' भनेको श्रावस्तीको पूर्वतिर रहेको अचिरवती नदीमा छुटयाइएको नुहाउने ठाउँ हो भनी पपं. सू. II. पृ. १३८: पासरासियसुत्तवण्णनाले उल्लेख गरेको छ। भरतसिंह उपाध्यायले आफ्नो बु. भा. भू. पृ. २४३–४४ मा पुब्बकोट्ठक भनेको श्रावस्तीको पूर्वतिरको ढोकाको खापा (फाटक) भनी लेखेका छन्।

बहुलिकृत गर्दा अमृतमा पुग्छ, अमृतपरायण हुन्छ तथा अमृतपर्यवसान हुन्छ ?"

"भन्ते ! यस विषयमा म भगवान् प्रतिको श्रद्धाले मात्र विश्वास गर्दिन कि श्रद्धेन्द्रियको भाविता बहुलिकृत गर्दा अमृतमा पुग्छ...। भन्ते ! जसले यसलाई प्रज्ञाद्वारा जानेको छैन, देखेको छैन, अनुभूति गरेको छैन, साक्षात्कार गरेको छैन र स्पर्श गरेको छैन—त्यस्ताले मात्र त्यहाँ अर्काको श्रद्धामा लाग्छन्...। भन्ते ! जसले यसलाई प्रज्ञाद्वारा जानेको छ, देखेको छ, अनुभूति गरेको छ, साक्षात्कार गरेको छ र स्पर्श गरेको छ—उनीहरू त्यहाँ निस्सन्देही तथा निशंकी हुन्छन् कि श्रद्धेन्द्रियको भाविता बहुलिकृत गर्दा अमृतमा पुग्छ...। भन्ते ! मैले पनि यसलाई प्रज्ञाद्वारा जानिसकेको छु, देखिसकेको छु, अनुभूति गरिसकेको छु, साक्षात्कार गरिसकेको छु र स्पर्श गरिसकेको छु। म त्यस विषयमा निस्सन्देही तथा निशंकी छु...।"

"साधु सारिपुत्र ! साधु !!; सारिपुत्र ! जसले प्रज्ञाद्वारा यसको ज्ञान गरेको छैन, देखेको छैन, अनुभूति गरेको छैन, साक्षात्कार गरेको छैन र स्पर्श गरेको छैन—उनीहरू त्यहाँ अर्काको विश्वासमा लाग्नेछन्...। सारिपुत्र ! जसले प्रज्ञाद्वारा यसको ज्ञान गरेको छ,... स्पर्श गरेको छ—उनीहरू त्यसमा निस्सन्देही तथा निशंकी हुनेछन्...।"

× × ×

मूल सूत्र—

३६. कति गुणले स्रोतापन्न हुन्छ ?

एक समय आयुष्मान् सारिपुत्र र आयुष्मान् आनन्द श्रावस्तीको अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो[1]। अनि आयुष्मान् आनन्द संध्यासमयमा ध्यानबाट उठ्नुभई जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता गरिसक्नु भएपछि एक छेउमा बस्नुभयो। अनि एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले आयुष्मान् सारिपुत्रसँग यस्तो सोध्नुभयो— "आवुसो सारिपुत्र ! कति गुणले युक्त हुनेलाई स्रोतापन्न अविनिपाती निश्चिन्तरूपले सम्बोधिपरायण हुने भनी हामी प्रजालाई भगवान्ले भन्नुभएको छ ?"

"आवुसो ! चार गुणले सुसम्पन्न भयो भने स्रोतापन्न अविनिपाती निश्चिन्तरूपले सम्बोधिपरायण हुने भनी हामी प्रजालाई भगवान्ले भन्नुभएको छ।"

---

१. सं. नि. IV. पृ. २१४: पठमसारिपुत्तसुत्तं, सोतापत्तिसंयुत्तं।

"आवुसो ! कुन चार गुणले भने—(१) आर्यश्रावक बुद्धप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ,...(२) धर्मप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ,...(३) सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ,... (४) अखण्ड अछिद्ररूपले समाधिसंवर्तनिक आर्यकान्त शीलले युक्त भएको हुन्छ। आवुसो ! यी चार गुणले युक्त हुने स्रोतापन्न अविनिपाती निश्चिन्तरूपले सम्बोधिपरायण हुने भनी हाम्रो प्रजालाई भगवान्ले भन्नुभएको छ।"

× × ×

मूल सूत्र—

३७. स्रोतापन्न भनेको के हो ?

अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो[1]। त्यहाँ पुग्नु भएपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रसँग भगवान्ले यस्तो भन्नुभयो—"सारिपुत्र! 'स्रोतापत्ति अङ्ग स्रोतापत्ति अङ्ग' भनी यहाँ भन्दछन्, सारिपुत्र! कुनचाहिं स्रोतापत्ति अङ्ग हो ?"

"भन्ते! (१) सत्पुरुषसँग सत्संगत गर्नु स्रोतापत्ति अङ्ग हो, (२) सद्धर्म श्रवण गर्नु स्रोतापत्ति अङ्ग हो, (३) ज्ञानपूर्वक मनन गर्नु स्रोतापत्ति अङ्ग हो, (४) धर्मानुसार धर्म प्रतिपत्ति गर्नु स्रोतापत्ति अङ्ग हो।"

"साधु सारिपुत्र साधु !!...।

"सारिपुत्र! 'स्रोत स्रोत' भनी भन्दछन्; सारिपुत्र! 'स्रोत' भनेको केहो त ?"

---

१. सं. नि. IV. पृ. २९५: दुतियसारिपुत्तसुत्तं, सोतापत्तिसंयुत्तं; अ. क. III. पृ. २१५.

"भन्ते ! यही आर्यअष्टाङ्गिक मार्ग 'स्रोत' हो । जस्तै—सम्यक्-दृष्टि, सम्यक्संकल्प, सम्यक्वाचा, सम्यक्कर्म, सम्यक्जीविका, सम्यक्-व्यायाम, सम्यक्स्मृति तथा सम्यक्समाधि ।"

"साधु सारिपुत्र साधु !!; सारिपुत्र ! यही आर्यअष्टाङ्गिकमार्ग 'स्रोत' हो...। सारिपुत्र ! स्रोतापन्न भनेको केहो त ?"

"भन्ते ! जो यस आर्यअष्टाङ्गिक-मार्गले सुसम्पन्न हुन्छ यही स्रोतापन्न हो—जो त्यो आयुष्मान् यस्तो नामको र यस्तो गोत्रको छ ।"

"साधु सारिपुत्र साधु !!; सारिपुत्र ! जो यस आर्यअष्टाङ्गिक-मार्गले सुसम्पन्न हुन्छ यही स्रोतापन्न हो...जो त्यो आयुष्मान् यस्तो नाम र यस्तो गोत्रको छ ।"

× × ×

मूल सूत्र—

३८. बिरामी अनाथपिण्डिकलाई उपदेश

श्रावस्तीमा[1]।

त्यसबखत अनाथपिण्डिक गृहपति बिरामी तथा दुःखी थिए।...

(यस सूत्रको अनुवाद लेखकको बु. गृ. भा–१ पृ. ६७ मा उल्लेख भइसकेको हुँदा जान्न चाहने पाठकहरूले उहीं हेर्नू।)

× × ×

---

१. सं. नि. IV. पृ. ३२४: पठम अनाथपिण्डिकसुत्तं, सोतापत्तिसंयुत्तं; ग. क. III. पृ. २२२.

मूल सूत्र—

३९. भित्री-बाहिरी संयोजनहरू

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामभा बस्नुभएको थियो।

त्यस समय आयुष्मान् सारिपुत्र मृगारमाताको पूर्वाराम प्रासादमा बस्नुभएको थियो। अनि आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—"आवुसो भिक्षुहो!"

"आवुसो!" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। अनि आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—

"आवुसो! (१) भित्री-संयोजन[२] (अज्झत्तसंयोजनं) हुने र

---

१. अं. नि–२, पृ. ६०: समचित्तवग्गो, अ क. I, पृ. ३१३.

२. 'कामभवराग' लाई भित्री संयोजन भनिएको हो। अं. नि. अ. क. I. पृ. ३१७; संयोजनहरू कति प्रकारका छन् भन्ने बारेमा बु. प. भा–१ पृ. २५१ को पादटिप्पणीमा समुल्लेख भएको छ।

(२) बाहिरी-संयोजन[1] (बहिद्धा संयोजनं) हुने व्यक्तिको बारेमा देशना (=उपदेश) गर्नेछु । त्यो सुन राम्ररी मनमा राख भन्नेछु ।"

"हवस्" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए । आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—

१–"आवुसो ! भित्री-संयोजन हुने व्यक्ति भनेको कस्तो हो भने ?—आवुसो ! यहाँ भिक्षु शीलवान् हुन्छ, प्रातिमोक्ष शील[2] द्वारा संयमित भई विहार गर्छ, आचार-गोचर[3] सम्पन्न हुन्छ, अणुमात्र दोषमा पनि भयदर्शी हुन्छ र शिक्षापदहरू ग्रहण गरी राम्ररी सिक्छ । उ शरीर-छाडी मृत्युपछि कुनै एक देवनिकायमा उत्पन्न हुन्छ । उ त्यहाँबाट

---

१. 'रूप-अरूप-भवराग' लाई बाहिरी-संयोजन भनिएको हो । अं. नि. अ. क. I. पृ. ३१७; के कारणले 'काम-भवराग' लाई भित्री-संयोजन र के कारणले 'रूप-अरूप-भवराग' लाई बाहिरी-संयोजन भनिएको हो भन्ने बारेमा विस्तृत कुराहरू अं. नि. अ. क. I. पृ. ३१७ मा समुल्लेख भएको छ ।

२. 'प्रातिमोक्ष-शील' भनेको के हो भन्ने बारेमा लेखकको बु. श्रावि. च. भा–१, पृ. २७५ मा उल्लेख भएको छ। यसको विस्तृत कुराहरू विसु. म. पृ. ५: शीलनिद्देस–१ मा समुल्लेख भएको छ ।

३. आचार=आचरण, गोचर=आउने जाने क्षेत्र । आचार-गोचर सम्पन्न सम्वन्धी व्याख्यान पनि विसु. म. पृ. १३ मा उल्लेख भएको छ ।

चयुत भई आगामी (=आउने) हुन्छ, यस आत्मभावमा आउने हुन्छ। आवुसो! यसैलाई भित्री-संयोजन हुने व्यक्ति भनी भन्दछन् जो आउने, यस आत्मभावमा आउने हुन्छ।

२-a-"आवुसो! बाहिरी-संयोजन हुने व्यक्ति भनेको कस्तो हो भने?—आवुसो! यहाँ भिक्षु शीलवान् हुन्छ, प्रातिमोक्ष शीलद्वारा संयमित भई विहार गर्छ, आचार-गोचर सम्पन्न हुन्छ, अणुमात्र दोषमा पनि भयदर्शी हुन्छ र शिक्षापदहरू ग्रहण गरी राम्ररी सिक्छ। उ कुनै एक शान्ति भएको चित्त-विमुक्ति प्राप्त गरी विहार गर्छ। उ शरीर छाडी मृत्युपछि कुनै एक देवनिकायमा उत्पन्न हुन्छ। उ त्यहाँबाट च्युत भई अनागामी (=नआउने) हुन्छ तथा यस आत्मभावमा न आउने हुन्छ। आवुसो! यसैलाई बाहिरी-संयोजन हुने व्यक्ति भन्दछन् जो न आउने, यस आत्मभावमा नआउने हुन्छ।

२-b-"भिक्षुहो! फेरि यहाँ भिक्षु शीलवान् हुन्छ,...शिक्षापद-हरू ग्रहण गरी राम्ररी सिक्छ। उ कामविषयबाट निर्वेद हुनकोनिमित्त, विराग हुनकोनिमित्त, निरोध हुनकोनिमित्त प्रतिपन्न हुन्छ। उ भवबाट निर्वेद हुनकोनिमित्त, विराग हुनकोनिमित्त, निरोध हुनकोनिमित्त प्रतिपन्न हुन्छ। उ तृष्णा क्षयकोनिमित्त प्रतिपन्न हुन्छ, लोभ क्षयकोनिमित्त प्रतिपन्न हुन्छ। उ शरीरछाडी मृत्युपछि कुनै एक देवनिकायमा उत्पन्न हुन्छ। उ त्यहाँबाट च्युत भई अनागामी (=नआउने) हुन्छ, यस आत्मभावमा नआउने हुन्छ। आवुसो! यसैलाई बाहिरी-संयोजन हुने व्यक्ति भन्दछन् जो नआउने, यस आत्मभावमा नआउने हुन्छ।"

समचित्त देवताको बुद्धसँग प्रार्थना

अनि धेरै समचित्त देवताहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए। एक छेउमा उभिएका ती देवताहरूले भगवान्लाई यस्तो प्रार्थना गरे—

"भन्ते ! यी आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई मृगारमाताको पूर्वाराम प्रासादमा भित्री-संयोजन हुने व्यक्तिको बारेमा र बाहिरी-संयोजन हुने व्यक्तिको बारेमा धर्मोपदेश गर्नुभयो। परिषद् हर्षित छ। भन्ते ! अनुकम्पा राख्नुभई भगवान् जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्छ त्यहाँ पाल्नुभए बेश हुने थियो।"

तूष्णीभावद्वारा भगवान्ले स्वीकार गर्नुभयो। त्यसपछि जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ र पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तै गरी भगवान् जेतवनमा अन्तर्धान भई मृगारमाताको पूर्वाराम प्रासादमा आयुष्मान् सारिपुत्रको अगाडि प्रकट हुनुभयो। आयुष्मान् सारिपुत्र पनि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बसेका आयुष्मान् सारिपुत्रलाई भगवान्ले यस्तो भन्नुभयो—

"सारिपुत्र ! यहाँ धेरै समचित्त देवताहरू जहाँ म थिएँ त्यहाँ आए। त्यहाँ पुगेपछि मलाई अभिवादन गरी एक छेउमा उभिए। सारिपुत्र ! एक छेउमा उभिएका ती देवताहरूले मलाई यस्तो प्रार्थना गरे—'भन्ते ! यी आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई मृगारमाताको

पूर्वाराम प्रासादमा भित्री-संयोजन हुने व्यक्तिको बारेमा र बाहिरी-संयोजन हुने व्यक्तिको बारेमा धर्मोपदेश गर्नुभयो । परिषद् हर्षित छ । भन्ते ! अनुकम्पा राख्नुभई भगवान् जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्छ त्यहाँ पाल्नुभए बेश हुने थियो ।' सारिपुत्र ! ती देवताहरू दश भएर पनि बीस भएर पनि तीस भएर पनि चालीस भएर पनि पचास भएर पनि साठी भएर पनि सियोको टुप्पोले छुने ठाउँजत्रैमा बस्दा पनि उनीहरूमा परस्पर ठेलमठेल हुँदैन । सारिपुत्र ! तिम्रो मनमा यस्तो लाग्न सक्छ कि—'अवश्यमेव ती देवताहरूले त्यहीं नै (=त्यस देवलोकमै[1]) त्यस्तो चित्त भाविता गरे होलान् जसको प्रभावले गर्दा (उनीहरू) दश भएर पनि बीस भएर पनि तीस भएर पनि चालीस भएर पनि पचास भएर पनि साठी भएर पनि सियोको टुप्पोले छुने ठाउँजत्रैमा पनि बस्नसक्छन् र उनीहरूमा परस्पर ठेलमठेल पनि हुँदैन । सारिपुत्र ! यस्तो सोच्नु पर्दैन । सारिपुत्र ! यहीं नै (=यसै मनुष्य-लोकमा[2]) ती देवताहरूले त्यसप्रकारका चित्त भाविता गरेका थिए जसको प्रभावले गर्दा ती देवताहरू दश भएर पनि,...साठी भएर पनि सियोको टुप्पोले छुने ठाउँजत्रैमा बस्दा पनि उनीहरूमा परस्पर ठेलमठेल हुँदैन ।

"सारिपुत्र ! त्यसैले यस्तो सिक्नुपर्छ कि—'शान्त-इन्द्रिय भएका हुनेछौं र शान्त-मन भएका हुनेछौं ।' सारिपुत्र ! यस्तै गरी सिक्नुपर्छ । सारिपुत्र ! शान्त-इन्द्रिय हुनेहरूको शान्त-मन हुनेहरूको शान्तै काय-कर्म

---

१. अं. नि. अ. क. I. पृ. ३२१.

२. अं. नि. अ. क. I. पृ. ३२१.

हुनेछ, शान्त वची-कर्म हुनेछ तथा शान्त मनः-कर्म पनि हुनेछ। सारिपुत्र! यस्तो सिक—'शान्तिकै उपहारद्वारा सब्रह्मचारीहरूलाई संग्रहित गर्नेछु।' सारिपुत्र! जसले यो धर्मपर्याय सुन्न पाएनन् ती अन्य तीर्थिय-परिव्राजकहरूको हानि भयो।"

× × ×

मूल सूत्र—

४०. को सुन्दरतर लाग्छ ?

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामभा बस्नुभएको थियो।

अनि आयुष्मान् समिद्ध[२] (समिद्धो) र आयुष्मान् महाकोट्ठिक जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् समिद्धलाई आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—

समिद्धसँग प्रश्न

१–"आवुसो समिद्ध ! यो लोकमा तीन पुद्गलहरू विद्यमान्

---

१. अं. नि–३, पृ. १०८: समिद्धसुत्तं, पुग्गलवग्गो; अ. क. I. पृ. ३५३.

२. सिंहल, स्याम, रोमनमा: 'सविट्ठ'।

छन्। कुन तीन भने ?—(१) कायसाक्षी[1], (२) दृष्टिप्राप्त[2] तथा (३) श्रद्धाविमुक्त[3]। आवुसो! यी तीन पुद्गलहरू यो लोकमा विदयमान छन्। आवुसो! यी तीन पुद्गलहरूमध्येमा तपाइलाई कुन पुद्गल सुन्दरतर तथा प्रणीततर लाग्छ ?"

"आवुसो सारिपुत्र! यी तीन पुद्गलहरू यो लोकमा विदयमान छन्। कुन तीन भने ?—कायसाक्षी, दृष्टिप्राप्त तथा श्रद्धाविमुक्त। आवुसो! यी तीन पुद्गलहरू यो लोकमा विदयमान् छन्। आवुसो! यी तीन पुद्गलहरूमध्येमा जो पुद्गल श्रद्धाविमुक्त छ सो पुद्गल मलाई सुन्दरतर तथा प्रणीततर लाग्छ। किन भने ?—आवुसो! त्यो पुद्गलको श्रद्धेन्द्रिय अधिक छ।

---

१. 'काय साक्षी' भन्नाले कायद्वारा साक्षात्कार गर्ने भन्ने अर्थ हुन आउँछ। यसको मतलब हो—जब कुनै योगीले 'दुःखलाई' प्रमुख गरी ध्यानगर्दा स्रोतापन्नादि मार्गफलको साक्षात्कार गर्छ—त्यसैलाई 'काय साक्षी' भन्दछन्। यसको परिभाषा अभिधर्मपिटकको पुग्गलपञ्ञत्ति पृ. २४ मा यसप्रकार उल्लेख गरेको छ—

"कतमो च पुग्गलो कायसक्खी ?—इधेकच्चो पुग्गलो अट्ठविमोक्खे कायेन फुसित्वा विहरति; पञ्ञायचस्स दिस्वा एकच्चे आसवा परिक्खीणा होन्ति। अयं वुच्चति पुग्गलो 'कायसक्खी'।" अर्थात्—काय साक्षी पुद्गल कस्तालाई भन्दछन् भने—यहाँ कोही

योगी अष्टविमोक्ष समाधिलाई अनुभव गरी बस्छ; प्रज्ञाद्वारा हेरेर उसका केही आस्रवहरू परिक्षीण हुन्छन्। यस्तालाई 'काय साक्षी' पुद्गल भनी भन्दछन्। यसको संक्षेप अर्थ बु. गृ. भा-१, पृ. ३२६ को पादटिप्पणीमा पनि समुल्लेख भएको छ।

२. **'दृष्टि-प्राप्त'** भन्नाले सम्यक्दृष्टि प्राप्त भएको भन्ने अर्थ हुन आउँछ, अथवा सम्यक्प्रज्ञा प्राप्त भएको। 'अनात्मलाई' प्रमुख गरी ध्यान गर्नेलाई यस्तो दृष्टि प्राप्त हुन्छ। पटि. म. पृ. २९४; यसको परिभाषा पनि पुग्गलपञ्ञत्ति पृ. २४ मा यसरी उल्लेख गरेको पाइन्छ—

"कतमो च पुग्गलो दिट्ठिपत्तो?—इधेकच्चो पुग्गलो 'इदं दुक्खं'ति यथाभूतं पजानाति, 'अयं दुक्ख समुदयो'ति यथाभूतं पजानाति, 'अयं दुक्ख निरोधो'ति यथाभूतं पजानाति, 'अयं दुक्ख निरोधगामिनी पटिपदा'ति यथाभूतं पजानाति। तथागतप्पवेदिताय-चस्स धम्मा पञ्ञाय वोदिट्ठा होन्ति वोचरति। पञ्ञायचस्स दिस्वा एकच्चे आसवा परिक्खीणा होन्ति। अयं वुच्चति पुग्गलो 'दिट्ठिप्पत्तो'।" अर्थात्—यहाँ कोही योगीले 'यो दुःख हो' भनी यथार्थत ज्ञातगर्छ, 'यो दुःख समुदय हो' भनी यथार्थत ज्ञातगर्छ, 'यो दुःख निरोध हो' भनी यथार्थत ज्ञातगर्छ, 'यो दुःख निरोधको मार्ग हो' भनी यथार्थत ज्ञातगर्छ। तथागतले बताउनु भएको धर्मलाई पनि प्रज्ञाद्वारा राम्ररी देख्छ र अवतरण हुन्छ। प्रज्ञाद्वारा

देखेर नै केही आस्रवहरू परिक्षीण हुन्छन् । यस्तालाई नै 'दृष्टि-प्राप्त' पुद्गल भनी भन्दछन् ।

३. 'श्रद्धाविमुक्त' भन्नाले श्रद्धाद्वारा मुक्त हुने भन्ने अर्थ हो । श्रद्धा प्रमुख गरी मुक्त हुने व्यक्ति हो । यस पुरुषले 'अनित्यलाई' प्रमुख गरी ध्यान गर्छ । यसको परिभाषा पनि पुग्गलपञ्ञत्ति पृ. २४ मा यसप्रकार उल्लेख गरेको छ—

"कतमो च पुग्गलो सद्धाविमुत्तो ?—इधेकच्चो पुग्गलो 'इदं दुक्खं'ति...'अयं दुक्ख समुदयो'ति...'अयं दुक्ख निरोधो'ति... 'अयं दुक्ख निरोधगामिनी पटिपदा'ति यथाभूतं पजानाति। पञ्ञायचस्स दिस्वा एकच्चे आसवा परिक्खीणा होन्ति, नो च खो यथा दिट्ठिप्पत्तस्स । अयं वुच्चति पुग्गलो 'सद्धाविमुत्तो'।" अर्थात्—यहाँ कोही योगीले चारै सत्यलाई ज्ञातगर्छ । प्रज्ञाद्वारा अवबोध गरी उसका केही आस्रवहरू परिक्षीण हुन्छन् । तर 'दृष्टिप्राप्त' पुद्गलको जस्तो होइन । यस्तालाई 'श्रद्धाविमुक्त' पुद्गल भनी भन्दछन् ।

यी तीनै प्रकारका व्यक्तिहरूको बारेमा सविस्तर कुराहरू जान्न अथवा कस्तो ध्यान गर्नाले कस्तो व्यक्तित्वमा पुग्न जान्छन् भन्ने इत्यादि कुराहरूको व्याख्यान पटि. म. पा. पृ. २९४–३०० र उहीं नै पृ. ३०४–५ मा समुल्लेख भएको छ। म. नि. II. पृ. १६७: कीटागिरी सूत्रमा पनि समुल्लेख भएको छ ।

महाकोट्ठिकसँग प्रश्न

अनि आयुष्मान् सारिपुत्रले आयुष्मान् महाकोट्ठिकलाई यस्तो भन्नुभयो—

२–"आवुसो कोट्ठिक[1] ! यो लोकमा तीन पुद्‌गलहरू विद्यमान छन्। कुन तीन भने ?—कायसाक्षी, दृष्टिप्राप्त तथा श्रद्धाविमुक्त। आवुसो ! यी तीन पुद्‌गलहरू यो लोकमा विद्यमान छन्। आवुसो ! यी तीन पुद्‌गलहरूमध्येमा तपाइलाई कुन पुद्‌गल सुन्दरतर तथा प्रणीततर लाग्छ ?"

"आवुसो सारिपुत्र ! यी तीन पुद्‌गलहरू यो लोकमा विद्यमान छन्। कुन तीन भने ?—कायसाक्षी, दृष्टिप्राप्त तथा श्रद्धाविमुक्त। आवुसो ! यी तीन पुद्‌गलहरू यो लोकमा विद्यमान छन्। आवुसो ! यी तीन पुद्‌गलहरूमध्येमा जो पुद्‌गल कायसाक्षी छ सो पुद्‌गल मलाई सुन्दरतर तथा प्रणीततर लाग्छ। किन भने ?—आवुसो ! त्यो पुद्‌गलको समाधीन्द्रिय अधिक छ।"

महाकोट्ठिकको प्रश्न

अनि आयुष्मान् महाकोट्ठिकले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्नुभयो—

---

१. सिंहल, स्याम तथा रोमनमा: 'कोट्ठित'।

३–"आवुसो सारिपुत्र ! यो लोकमा तीन पुद्गलहरू छन् । कुन तीन भने ?—कायसाक्षी, दृष्टिप्राप्त तथा श्रद्धाविमुक्त । आवुसो ! यी तीन पुद्गलहरू यो लोकमा विद्यमान छन् । आवुसो ! यी तीन पुद्गलहरूमध्येमा तपाइलाई कुन पुद्गल सुन्दरतर तथा प्रणीततर लाग्छ ?"

"आवुसो कोट्ठिक ! यी तीन पुद्गलहरू यो लोकमा विद्यमान छन् । कुन तीन भने ?—कायसाक्षी, दृष्टिप्राप्त तथा श्रद्धाविमुक्त । आवुसो ! यी तीन पुद्गलहरू यो लोकमा विद्यमान छन् । आवुसो ! यी तीन पुद्गलहरूमध्येमा जो पुद्गल दृष्टिप्राप्त छ सो पुद्गल मलाई सुन्दरतर तथा प्रणीततर लाग्छ । किन भने ?—आवुसो ! त्यो पुद्गलको प्रज्ञेन्द्रिय अधिक छ[१] ।

---

१. यहाँ आयुष्मान् समिद्ध, आयुष्मान् महाकोट्ठिक तथा आयुष्मान् सारिपुत्रहरूले आ-आफ्ना अनुभव अनुसार आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभयो । तीनजनाका विचारहरू तीनैप्रकारका जस्तै लागेता पनि यी सबैले एकै लक्षलाई निर्देश गरेका छन् ।

आफ्नो अरहत्व प्राप्तिको वेलामा आयुष्मान् समिद्धले 'अनित्यलाई' प्रमुख गरी ध्यानगर्नु भएको हुनाले वहाँमा श्रद्धेन्द्रिय अधिक थियो र अरू चार इन्द्रियहरू सहचर थिए । त्यसैले वहाँले श्रद्धेन्द्रियलाई रुचाउनु भएको हो ।

महाकोट्ठिक स्थविर अरहन्त हुँदा वहाँले 'दुःखलाई' प्रमुखगरी ध्यान गर्नु भएको थियो र वहाँमा 'समाधीन्द्रिय' अरू

त्यसपछि आयुष्मान् सारिपुत्रले आयुष्मान् समिद्ध र आयुष्मान् महाकोट्ठिकलाई यस्तो भन्नुभयो—

"आवुसो ! हामीहरू सबैले आ-आफ्ना ज्ञान अनुसार विचार प्रकट गरिसक्यौं। आवुसो ! अब हामीहरू जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऔं। त्यहाँ गई भगवान्लाई यी कुराहरू बिन्तिगरौं। जस्तो भगवान्ले बताउनु हुनेछ त्यस्तै (हामीहरूले) धारणगरौं।"

"ठीक छ, आवुसो !" भनी आयुष्मान् समिद्ध र आयुष्मान् महाकोट्ठिकले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिनुभयो। त्यसपछि आयुष्मान् सारिपुत्र, आयुष्मान् समिद्ध र आयुष्मान् महाकोट्ठिक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले जे जति कुराहरू आयुष्मान् समिद्ध र आयुष्मान् महाकोट्ठिकसँग भएका थिए ती जम्मै कुराहरू भगवान्लाई सुनाउनु भयो।

इन्द्रियहरूभन्दा बढता थियो। त्यसैले वहाँले समाधीन्द्रियलाई प्रमुखता दिनुभएको हो।

सारिपुत्र महास्थविर अरहन्त हुँदा वहाँमा 'अनात्मभाव' प्रमुख थियो र वहाँको 'प्रज्ञेन्द्रिय' अरू इन्द्रियहरूभन्दा अधिक थियो। त्यसैले वहाँले प्रज्ञालाई प्रमुख स्थान दिनु भएको हो। अं. नि. अ. क. I. पृ. ३५३; सारिपुत्र महास्थविर दीघनखसूत्रको कुरा सुनेर अरहन्त हुनु भएको हो। हेर. बु. प. भा–१, पृ. ३६४ मा।

भगवान्‌को मन्तव्य

१–"सारिपुत्र! एकान्तरूपले 'यी तीन पुद्‌गलहरूमध्येमा यो सुन्दरतर र यो प्रणीततर छ' भनी निश्चय गरी बताउन सजिलो छैन। सारिपुत्र! जो पुद्‌गल श्रद्धाविमुक्त छ उ पनि अरहत्वकोनिमित्त प्रतिपन्न छ भनी भन्ने कारण छ; जो पुद्‌गल कायसाक्षी छ उ सकृदागामी वा अनागामी अथवा जो पुद्‌गल दृष्टिप्राप्त छ उ पनि सकृदागामी वा अनागामीकोनिमित्त प्रतिपन्न छ भनी भन्ने कारण छ।

२–"सारिपुत्र! एकान्तरूपले 'यी तीन पुद्‌गलहरूमध्येमा यो सुन्दरतर र यो प्रणीततर छ' भनी निश्चय गरी बताउन सजिलो छैन। सारिपुत्र! जो पुद्‌गल कायसाक्षी छ उ पनि अरहत्वकोनिमित्त प्रतिपन्न छ भनी भन्ने कारण छ; जो पुद्‌गल श्रद्धाविमुक्त छ उ सकृदागामी वा अनागामी अथवा जो पुद्‌गल दृष्टिप्राप्त छ उ पनि सकृदागामी वा अनागामीकोनिमित्त प्रतिपन्न छ भनी भन्ने कारण छ।

३–"सारिपुत्र! एकान्तरूपले 'यी तीन पुद्‌गलहरूमध्येमा यो सुन्दरतर र यो प्रणीततर छ' भनी निश्चय गरी बताउन सजिलो छैन। सारिपुत्र! जो पुद्‌गल दृष्टिप्राप्त छ उ पनि अरहत्वकोनिमित्त प्रतिपन्न छ भनी भन्ने कारण छ; जो पुद्‌गल श्रद्धाविमुक्त छ उ सकृदागामी वा

अनागामी अथवा जो पुद्गल कायसाक्षी छ उ पनि सकृदागामी वा अनागामीकोनिमित्त प्रतिपन्न छ भनी भन्ने कारण छ।

"सारिपुत्र ! एकान्तरूपले 'यी तीन पुद्गलहरूमध्येमा यो सुन्दरतर र यो प्रणीततर छ' भनी निश्चय गरी बताउन सजिलो छैन।"

× × ×

मूल सूत्र—

४१. सूर्योदयसम्म सुत्ने भिक्षु

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेत-वनाराममा बस्नुभएको थियो[1]।

अनि सन्ध्या समयमा भगवान् ध्यानबाट उठ्नुभई जहाँ उपस्थान-शाला हो[2] त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छयाइराखेको आसनमा बस्नुभयो। आयुष्मान् सारिपुत्र पनि सन्ध्या समयमा ध्यानबाट उठ्नुभई जहाँ उपस्थान-शाला हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। आयुष्मान् महामौद्गल्यायन पनि सन्ध्या समयमा ध्यानबाट उठ्नुभई जहाँ उपस्थान-शाला हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि

१. अं. नि–६, पृ. २०: सोप्पसुत्तं, सारणीयवग्गो; अ. क. II. पृ. ६५८.

२. 'उपस्थान-शाला' को शब्दार्थ हो भेला हुने शाला। यहाँचाहीं उपस्थान शाला भन्नाले भोजन गर्ने शालालाई भनेको हो। यस

भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। आयुष्मान् महाकाश्यप पनि...आयुष्मान् माहाकात्यायन पनि...आयुष्मान् महाकोट्ठिक पनि ... आयुष्मान् महाचुन्द पनि ... आयुष्मान् महाकप्पिन पनि...आयुष्मान् अनुरुद्ध पनि...आयुष्मान् रेवत पनि...आयुष्मान् आनन्द पनि सन्ध्या समयमा ध्यानबाट उठ्नुभई जहाँ उपस्थान-शाला हो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भएपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो।

शालामा भोजन गर्नकोनिमित्त भेला हुन्छन्। भोजन पछि यसै शालामा समय समयमा भिक्षुहरू भेला पनि हुन्छन्। "अनुजानामि भिक्खवे, उपट्ठानसालं" भन्ने ठाउँमा—भिक्षुहो! भोजन गर्ने शालाको अनुमति दिन्छु भनी भनिएको हो। चुल्ल व. पा. पृ. २४६: उपट्ठानसालानुजानना; "उपट्ठान सालाति परिवेण भोजनसाला" भन्नाले उपस्थान शाला भनी परिवेण र भोजन शालालाई भनिएको हो। सम. पा. पृ. ५६८; अं. अ. क II. पृ. ७६४ ले पनि "उपट्ठानसालाति भोजनसालायं" भनी उल्लेख गरेको छ। उपस्थान शालाको अर्थ धर्मदेशना गर्ने ठाउँ पनि हो र धर्मश्रवण गर्नकोनिमित्त एकत्रित हुने शाला पनि हो। त्यसैले उदा. अ. क. पृ. ७१ ले—"उपट्ठानसालायं ति धम्मसभा मण्डपे, सा हि धम्मं देसेतुं आगतस्स तथागतस्स भिक्खूनं उपट्ठान करणट्ठानन्ति उपट्ठानसाला ति वुच्चति" भनी उल्लेख गरेको छ। अतः उपस्थान शालाको अर्थ विषयवस्तु अनुसार भिन्नता पनि हुन्छ।

अनि रातको घेरैबेरसम्म बसेर नै (समय) बिताउनु भएपछि भगवान् आसनबाट उठी विहार (–कोठा) भित्र जानुभयो। ती आयुष्मान्‌हरू पनि भगवान् जानुभएको केहीछिन् पछि आसनबाट उठी आ-आफ्ना विहारमा जानुभयो।

त्यहाँ जो ती नयाँ भिक्षुहरू[१]—यस धर्म-विनयमा हालसालै प्रव्रजित भएका हुन्—उनीहरू सूर्योदय हुनुञ्जेलसम्म कौवा कराए झैं दाह्रा किट्दै सुतिरहे। भगवान्‌ले अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा सूर्योदय हुनुञ्जेलसम्म कौवा कराए झैं दाह्रा किट्दै सुतीरहेका ती भिक्षुहरूलाई देख्नुभयो। यो देखेर जहाँ उपस्थान-शाला हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिछ्याइराखेको आसनमा बस्नुभयो। बस्नुभएपछि भगवान्‌ले ती भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो! कहाँ गए सारिपुत्र? कहाँ गए महामौद्गल्यायन? कहाँ गए महाकाश्यप? कहाँ गए महाकात्यायन? कहाँ गए महाकोट्ठिक? कहाँ गए महाचुन्द? कहाँ गए अनुरुद्ध? कहाँ गए रेवत? कहाँ गए आनन्द? भिक्षुहो! कहाँ गए ती स्थविर श्रावकहरू?"

"भन्ते! भगवान् जानुभएको केही छिन पछि ती आयुष्मान्‌हरू पनि आ-आफ्ना विहारमा जानुभयो।"

---

१. ५०० जति भिक्षुहरू थिए। अं. नि. अ. क. II. पृ. ६५८: सोप्पसुत्तवण्णना।

(क) "भिक्षुहो ! अनि त्यसैले तिमीहरू 'स्थविर भिक्षुहरू गइसके' भनी सूर्योदय हुनुञ्जेलसम्म काक कराए झैं गरी दाह्रा किट्दै सुतेको त ? भिक्षुहो ! के त, तिमीहरूले—'मनलागेसम्म शय्यासुख[1] (=सेय्यसुख), पक्षसुख[2] (=पस्ससुख), निद्रासुख[3] (=मिद्धसुख) मा अनुयुक्त भई जीवनभर राज्य गर्ने मूर्द्धाभिषिक्त क्षत्रीय राजालाई जानपदिकहरूले प्यार गरेको वा मनपराएको कुरा देखेका छौ अथवा सुनेका छौ ?' यसमा तिमीहरू के भन्छौ त ?"

"भन्ते ! देखेका छैनौं र सुनेका छैनौं ।"

"भिक्षुहो ! ठीक छ। भिक्षुहो ! मनलागेसम्म शय्यासुख, पक्षसुख र निद्रासुखमा अनुयुक्त भई जीवनभर राज्य गर्ने मूर्द्धाभिषिक्त क्षत्रीय राजालाई जानपदिकहरूले प्यार गरेको वा मनपराएको कुरा मैले पनि देखेको छैन र सुनेको छैन ।

---

१. 'शय्यासुख' भनी सुत्नको लागि खाट्मा वा बिछ्यौनामा सुत्दा त्यसबाट पाउने स्पर्शादि सुखानुभवलाई भनेको हो। अं. नि. अ. क. II. पृ. ६४४.

२. 'पक्षसुख' भनी जुन जुन कोल्टोमा सुत्दा आनन्द अनुभव हुने हो—यस्तै प्रकारका सुखानुभवलाई 'पक्षसुख' भनिएको हो। अं. नि. अ. क. II. पृ. ६४४.

३. 'निद्रासुख' भनी निंद आउँदाको सुखानुभवलाई भनिएको हो। अं. नि. अ. क. II. पृ. ६४४: विनिबद्धसुत्तवण्णना ५.१.६ ।

(ख) भिक्षुहो ! के त तिमीहरूले—'मनलागेसम्म शय्यासुख, पक्षसुख र निद्रासुखमा अनुयुक्त भई जीवनभर राज्यभोग गर्ने राष्ट्रपालक (=रट्ठिक) लाई जानपदिकहरूले प्यारगरेको वा मनपराएको कुरा देखेका छौ अथवा सुनेका छौ ?' यसमा तिमीहरू के भन्छौ त ?"

"भन्ते ! देखेका छैनौं र सुनेका छैनौं ।"

"भिक्षुहो ! ठीक छ । भिक्षुहो ! मैले पनि—मनलागेसम्म शय्यासुख, पक्षसुख र निद्रासुखमा अनुयुक्त भई जीवनभर राज्यभोग गर्ने राष्ट्रपालकलाई जानपदिकहरूले प्यारगरेको वा मनपराएको कुरा देखेको छैन, सुनेको छैन ।

(ग) "भिक्षुहो ! के त तिमीहरूले—'मनलागेसम्म शय्यासुख, पक्षसुख र निद्रासुखमा अनुयुक्त भई जीवनभर आमाबाबुको सम्पत्ति खाने पैत्रणिकलाई...सेनाको काम गर्ने सेनापतिलाई...गाउँको मुखियालाई ...पूग[1]गणिकलाई गणहरूले प्यार गरेको वा मनपराएको कुरा देखेका छौ अथवा सुनेका छौ ?' यसमा तिमीहरू के भन्छौ त ?"

"भन्ते ! देखेका छैनौं र सुनेका छैनौं ।"

"भिक्षुहो ! ठीक छ । भिक्षुहो ! मैले पनि...देखेको छैन र सुनेको छैन ।"

(घ) "भिक्षुहो ! के त तिमीहरूले—मनलागेसम्म शय्यासुख, पक्षसुख, निद्रासुखमा अनुयुक्त भई इन्द्रिय असंयमी भई भोजनमा

---

१. दुइ-तीन जनाको समूहलाई 'पूग' भन्दछन् ।

मात्रा-ज्ञान नराखी जाग्रततामा अनुयुक्त नभई कुशलाकुशल-धर्महरू देख्ने नभई बोधिपक्षधर्महरूमा पूर्वापर अनुयुक्त नभई भावनादिहरूमा अनुयुक्त नभई—आस्रव क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञा-विमुक्तिलाई यसै जीवनमै स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी विहार गर्ने श्रमण वा ब्राह्मणलाई देखेका छौ र सुनेका छौ ? यसमा तिमीहरू के भन्छौ त ?"

"भन्ते ! देखेका छैनौं र सुनेका छैनौं।"

"भिक्षुहो ! ठीक छ। भिक्षुहो ! मैले पनि...देखेको छैन र सुनेको छैन।"

"भिक्षुहो ! त्यसैले यस्तो सिक्नुपर्छ—'इन्द्रियसंयमी हुनेछौं, भोजनमा मात्राज्ञ हुनेछौं, जाग्रततामा अनुयुक्त भई रहने छौं, कुशला-कुशल धर्महरूलाई देख्नसक्ने हुनेछौं, बोधिपक्षधर्महरूमा पूर्वापर अनुयुक्त भई विहार गर्नेछौं र भावनादिहरूमा अनुयुक्त भई विहार गर्नेछौं।"

"भिक्षुहो ! यही नै तिमीहरूले सिक्नुपर्छ।"

× × ×

मूल सूत्र—

४२. परिहानी नहुने कारण

अनि कुनै एक देवता मध्यरातमा सुन्दर रूप धारण गरी जेतवन जम्मै आलोकित पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए[१]। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा उभिए। एक छेउमा उभिएका ती देवताले भगवान्‌लाई यस्तो भने—

"भन्ते! यी छ कारणहरूद्वारा भिक्षुहरूको परिहानी हुन्न। कुन छ? '(१) शास्ताको गौरवद्वारा, (२) धर्मको गौरवद्वारा, (३) सङ्घको गौरवद्वारा, (४) शिक्षाको गौरवद्वारा, (५) आज्ञाकारीताद्वारा (=सोवचस्सता) तथा (६) कल्याणमित्रताद्वारा।' भन्ते! यीनै छ कारणहरूद्वारा भिक्षुहरूको परिहानी हुन्न।"

ती देवताले यस्तो भने। अनि भगवान्‌ले अनुमोदन गर्नुभयो। 'भगवान्‌ले अनुमोदन गर्नुभयो' भनी सो देवता भगवान्‌लाई अभिवादन गरी प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए।

---

१. अं. नि–६, पृ. १२७: देवतासुत्तं, देवतावग्गो; अ. क. II. पृ. ६९२-

अनि त्यसरात बितिसके पछि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो! यो बितेको रातमा कुनै एक देवता मध्यरातमा सुन्दर रूप धारण गरी जेतवन जम्मै आलोकित पारी जहाँ म थिएँ त्यहाँ आए। आएपछि मलाई अभिवादन गरी एक छेउमा उभिए। एक छेउमा उभिएका ती देवताले मलाई यस्तो भने—'भन्ते! यी छ कारणहरूद्वारा भिक्षुहरूको परिहानी हुन्न। कुन छ? शास्ताको गौरवद्वारा, धर्मको गौरवद्वारा, सङ्घको गौरवद्वारा, शिक्षाको गौरवद्वारा, आज्ञाकारीताद्वारा तथा कल्याणमित्रताद्वारा। भन्ते! यीनै छ कारणहरूद्वारा भिक्षुहरूको परिहानी हुन्न।'

ती देवताले यस्तो भने। यति भनेर मलाई अभिवादन गरी प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भएर गए।"

यस्तो भन्नुहुँदा आयुष्मान् सारिपुत्रले भगवान्‌लाई अभिवादन गरी यस्तो विन्ति गर्नुभयो--

"भन्ते! भगवान्‌ले संक्षेपरूपमा भन्नुभएको यस कुराको विस्तारपूर्वक अर्थ म यसरी बुझ्दछु—१. (a) भन्ते! यहाँ भिक्षु, आफू पनि शास्ताप्रति गौरव राख्ने हुन्छ र शास्ताप्रति गौरव राख्नेमा वर्णवादी पनि हुन्छ, (b) अरू भिक्षुहरू—जो शास्ताप्रति गौरव राख्ने हुँदैनन् उनीहरूलाई पनि शास्ताप्रति गौरव राख्न लगाउँछ, (c) अरू भिक्षुहरू—जो शास्ताप्रति गौरव राख्ने हुन्छन् उनीहरूको यथार्थताले र सत्यताले यथासमयमा वर्णना पनि गर्छ। २. (a) आफू पनि धर्मप्रति

गौरव राख्ने हुन्छ, धर्मप्रति गौरव राख्नेमा वर्णवादी पनि हुन्छ, (b) अरू भिक्षुहरू—जो धर्मप्रति गौरव राख्ने हुँदैनन् उनीहरूलाई पनि धर्मप्रति गौरव राख्न लगाउँछ, (c) अरू भिक्षुहरू—जो धर्मप्रति गौरव राख्ने हुन्छन् उनीहरूको यथार्थताले र सत्यताले यथासमयमा वर्णना पनि गर्छ। ३. (a) आफू पनि सङ्घप्रति गौरव राख्ने हुन्छ, सङ्घप्रति गौरव राख्नेमा वर्णवादी पनि हुन्छ, (b) अरू भिक्षुहरू—जो सङ्घप्रति गौरव राख्ने हुँदैनन् उनीहरूलाई पनि सङ्घप्रति गौरव राख्न लगाउँछ, (c) अरू भिक्षुहरू—जो सङ्घप्रति गौरव राख्ने हुन्छन् उनीहरूको यथार्थताले र सत्यताले यथासमयमा वर्णना पनि गर्छ। ४. (a) आफू पनि शिक्षाप्रति गौरव राख्ने हुन्छ र शिक्षाप्रति गौरव राख्नेमा वर्णवादी पनि हुन्छ, (b) अरू भिक्षुहरू—जो शिक्षाप्रति गौरव राख्ने हुँदैनन् उनीहरूलाई पनि शिक्षाप्रति गौरव राख्न लगाउँछ, (c) अरू भिक्षुहरू—जो शिक्षाप्रति गौरव राख्ने हुन्छन् उनीहरूको यथार्थताले र सत्यताले यथासमयमा वर्णना पनि गर्छ। ५. (a) आफू पनि आज्ञाकारी हुन्छ र आज्ञाकारीतामा वर्णवादी पनि हुन्छ, (b) अरू भिक्षुहरू—जो आज्ञाकारीताप्रति गौरव राख्ने हुँदैनन् उनीहरूलाई पनि आज्ञाकारीताप्रति गौरव राख्न लगाउँछ, (c) अरू भिक्षुहरू—जो आज्ञाकारीताप्रति गौरव राख्ने हुन्छन् उनीहरूको यथार्थताले र सत्यताले यथासमयमा वर्णना पनि गर्छ। ६. (a) आफू पनि कल्याणमित्र हुन्छ र कल्याणमित्रताको वर्णवादी पनि हुन्छ, (b) अरू भिक्षुहरू—जो कल्याणमित्रताप्रति गौरव राख्ने हुँदैनन् उनीहरूलाई पनि कल्याण-मित्रताप्रति गौरव राख्न लगाउँछ, (c) अरू भिक्षुहरू—जो कल्याण-

मित्रताप्रति गौरव राख्ने हुन्छन् उनीहरूको यथार्थताले र सत्यताले यथासमयमा वर्णना पनि गर्छ ।

"भन्ते ! भगवान्ले संक्षेपरूपमा भन्नुभएको यस कुराको विस्तारपूर्वक अर्थ म यसरी बुझ्दछु ।"

"साधु, साधु, सारिपुत्र ! साधु, सारिपुत्र ! जो कि तिमीले मैले संक्षेपरूपमा भनेको यस कुराको अर्थ यसरी विस्तारपूर्वक बुझिलियौ । सारिपुत्र ! यहाँ भिक्षु आफू पनि शास्ताप्रति गौरव राख्ने हुन्छ,...धर्मप्रति गौरव राख्ने हुन्छ,...सङ्घप्रति गौरव राख्ने हुन्छ,...शिक्षाप्रति गौरव राख्ने हुन्छ,...आज्ञाकारी हुन्छ[1],...कल्याणमित्र हुन्छ र कल्याणमित्रताको वर्णवादी पनि हुन्छ । अरू भिक्षुहरू—जो कल्याण-मित्रताप्रति गौरव राख्ने हुँदैनन् उनीहरूलाई पनि कल्याणमित्रताप्रति गौरव राख्न लगाउँछ । अरू भिक्षुहरू—जो कल्याणमित्रताप्रति गौरव राख्ने हुन्छन् उनीहरूको यथार्थताले र सत्यताले यथासमयमा वर्णना पनि गर्छ ।

"सारिपुत्र ! मैले संक्षेपरूपमा भनेको यस कुराको अर्थ यसरी नै विस्तारपूर्वक बुझ्नसक्नु पर्छ[2] ।"

× × ×

---

१. माथि पृ. २५० मा उल्लिखित नं. १ देखि ५ सम्मका कुराहरू सबै दोहऱ्याई पढ्नू ।

२. अर्को एकदिन एक देवता आई भगवान्‌लाई अपरिहानीका सात कारणहरू बताए। भगवान्‌ले पनि यी कुराहरू भिक्षुहरूलाई बताउनु भयो। सारिपुत्र महास्थविरले यी कुराहरूको पनि व्याख्या सुनाउनु भयो। छ कारणहरू सबै यस सूत्रमा उल्लेख भए जस्तै हुन् र सातौं कारणमा समाधिको कुरा थपिएको छ। अं. नि–७; पृ. १७६: दुतियसोवचस्सतासुत्तं, देवतावग्गो; अ. क. II. पृ. ७११.

मूल सूत्र—

४३. वर्ष गिन्तिले मात्र ब्रह्मचर्य पूरा हुन्न

अनि आयुष्मान् सारिपुत्र पूर्वाह्ण समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन्कोनिमित्त जानुभयो[1]।

अनि आयुष्मान् सारिपुत्रको मनमा यस्तो लाग्यो— "श्रावस्तीमा भिक्षाटन् जान अजै सबेरै छ। अतः (त्यतिञ्जेलसम्म) म किन अन्य तीर्थियहरूको परिव्राजकाराम हो त्यहाँ नजाऊँ।"

यति सोची आयुष्मान् सारिपुत्र जहाँ अन्यतीर्थीयहरूको परिव्राजकाराम हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि अन्यतीर्थीय परिव्राजकहरूसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बस्नुभयो।

त्यस समय त्यहाँ बसिरहेका त्यहाँ भेला भइरहेका ती अन्य-तीर्थीय परिव्राजकहरूमा यस्तो कुरा चल्यो—"आवुसो! जसले

१. अं. नि–७, पृ. १७९: पठमनिद्दससुत्तं, देवतावग्गो।

बाह्रवर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गर्छ (उसलाई)—निद्दस[१] भिक्षु (=परिपूर्ण भिक्षु) भनी भन्न योग्य छ।"

त्यसपछि आयुष्मान् सारिपुत्र ती अन्यतीर्थीय परिव्राजक-हरूको कुरालाई न अभिनन्दन गर्नुभयो न त प्रत्याक्रोश नै। अनभिनन्दन र अप्रत्याक्रोश गरी—"भगवान्कहाँ गई यस कुराको अर्थ बुझ्नेछु" भन्ने विचार गरी आयुष्मान् सारिपुत्र आसनबाट उठी फर्कनु भयो।

अनि आयुष्मान् सारिपुत्र श्रावस्तीमा भिक्षाटन् गरी भिक्षाटन्बाट फर्की भोजनोप्रान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो भन्नुभयो—

"भन्ते! यहाँ म पूर्वाह्न समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन्कोनिमित्त गएँ। भन्ते! अनि मलाई यस्तो लाग्यो—'श्रावस्तीमा भिक्षाटन् जान अजै सबेरै छ। अतः

---

१. 'निद्दस' शब्दको अर्थ हो 'पूर्ण दशक'। निगण्ठहरूको धर्ममा दशक गरी गिन्ति गर्ने चलन छ। तदनुसार ११, १२ वर्ष भएता पनि २० नपुगुन्जेलसम्म दशक नै भन्ने चलन छ। अतः १२ वर्षसम्म ब्रह्मचर्य पालन गर्नेलाई पनि 'निदंश' भनिएको हो। १२ वर्ष ब्रह्मचर्यवास बसेकालाई उनीहरू पूर्ण ब्रह्मचर्य अथवा ब्रह्मचर्य पूरा गरेको भनी भन्दथे। अं. अ. क. II, पृ. ७०० निद्दसवत्थुसुत्तं।

किन म अन्यतीर्थीयहरूको परिब्राजकाराममा नजाऊँ ।' भन्ते ! यति सोची म जहाँ अन्यतीर्थीयहरूको परिब्राजकाराम हो त्यहाँ गएँ। त्यहाँ पुगेपछि ती अन्यतीर्थीय परिब्राजकहरूसँग सम्मोदन गरें। सम्मोदनीय कुशलवार्ता सिद्धिएपछि एक छेउमा बसें। भन्ते ! त्यस समयमा त्यहाँ बसिरहेका त्यहाँ भेला भइरहेका ती अन्यतीर्थीय परिब्राजकहरूमा यस्तो कुरा चल्यो—'आवुसो ! जसले बाह्र वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गर्छ (उसलाई)—निद्दस भिक्षु (=परिपूर्ण भिक्षु) भनी भन्न योग्य छ।' भन्ते ! अनि मैले ती अन्यतीर्थीय परिब्राजकहरूलाई न अभिनन्दन गरें न त प्रत्याक्रोश नै। अनभिनन्दन अप्रत्याक्रोश गरी—'भगवान्‌कहाँ गई यस कुराको अर्थ बुझ्नेछु' भन्ने विचार गरी आसनबाट उठी म फर्कें। भन्ते ! यस धर्म-विनयमा केवल वर्ष गिन्तीले मात्र निद्दस भिक्षु (=ब्रह्मचर्यवास पूर्ण गर्ने भिक्षु) भनी भन्न सकिन्छ के ?"

"सारिपुत्र ! यस धर्म-विनयमा (=बुद्ध धर्ममा) केवल वर्ष गिन्तीले मात्र निद्दस भिक्षु भन्न सकिन्न। सारिपुत्र ! मैले सात निद्दस कारणहरू स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताएको छु। कुन सात भने ?

"सारिपुत्र ! यहाँ भिक्षुको (१) शिक्षा ग्रहण गर्ने तीव्र इच्छा हुन्छ र भविष्यमा पनि शिक्षा ग्रहण गर्नेतिर प्रेम हटेको हुन्न; (२) धर्म बुझ्ने तीव्र इच्छा हुन्छ र भविष्यमा पनि धर्म बुझ्ने इच्छा हटेको हुन्न; (३) इच्छा निरोध गर्ने तीव्र इच्छा गर्छ र भविष्यमा पनि इच्छा निरोध

गर्ने इच्छा हटेको हुन्न; (४) समाधि गर्ने तीव्र इच्छा हुन्छ र भविष्यमा पनि समाधि गर्ने इच्छा हटेको हुन्न; (५) वीर्य पूरा गर्ने तीव्र इच्छा हुन्छ र भविष्यमा पनि वीर्य पूरा गर्ने इच्छा हटेको हुन्न; (६) प्रज्ञा सहित स्मृतिको तीव्र इच्छा हुन्छ र भविष्यमा पनि प्रज्ञा सहित स्मृतिको इच्छा हटेको हुन्न; (७) दृष्टिप्रतिवेध (=स्रोतापन्नादि मार्ग साक्षात्कार) गर्ने तीव्र इच्छा हुन्छ र भविष्यमा पनि दृष्टिप्रतिवेध गर्ने इच्छा हटेको हुन्न। सारिपुत्र! यी नै सात निद्दस कारणहरूलाई मैले स्वयं अभिज्ञा-द्वारा साक्षात्कार गरी बताएको छु।"

"सारिपुत्र! यी सात निद्दस कारणहरूले युक्त भिक्षुले बाह्र वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरे पनि उसलाई 'निद्दस भिक्षु' भनी भन्न सकिन्छ; चौबीस वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरे पनि उसलाई 'निद्दस भिक्षु' भनी भन्न सकिन्छ; छत्तीस वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरे पनि उसलाई 'निद्दस भिक्षु' भनी भन्न सकिन्छ; अठचालीस वर्षसम्म परिपूर्ण परिशुद्ध ब्रह्मचर्य पालन गरे पनि उसलाई 'निद्दस भिक्षु' भनी भन्न सकिन्छ।"

× × ×

मूल सूत्र—

४४. सिङ भाँचिएको साँढे झैं

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा वस्नुभएको थियो[१]।

अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो भन्नुभयो—

"भन्ते! श्रावस्तीमा म वर्षावास[२] बसें। भन्ते! म जनपद चारिकार्थ जान चाहन्छु।"

"सारिपुत्र! जस्तो समय सम्झन्छौ (त्यस्तो) गर।"

---

१. अं. नि-९. पृ. २०: सीहनादसुत्तं, सीहनादवग्गो; अ. क. II. पृ. ७९६.

२. वर्षाकाल (श्रावण कृष्णपक्ष देखि आश्विन पूर्णिमा) तीन महीनासम्म एकै स्थानमा बस्नुलाई 'वर्षावास' भन्दछन्।

अनि आयुष्मान् सारिपुत्र आसनबाट उठी भगवान्लाई अभिवादन गरी प्रदक्षिणा गरी जानुभयो। आयुष्मान् सारिपुत्र जानुभएको केहीछिन पछि एक भिक्षुले भगवान्सँग यस्तो बिन्तिगरे--

"भन्ते! आयुष्मान् सारिपुत्रले मलाई चीवरले पीटी (=आसज्ज) मसँग क्षमा पनि नमागी चारिकार्थ जानुभयो।"

अनि भगवान्ले एक भिक्षुलाई बोलाई—"भिक्षु! तिमीले सारिपुत्रलाई मेरो वचनले बोलाऊ—'आवुसो सारिपुत्र! शास्ताले तपाइलाई बोलाउँदै हुनुहुन्छ''।"

---

१. आयुष्मान् सारिपुत्र चारिकार्थ भगवान्सँग बिदा लिई उठेर जानुहुँदा त्यहाँ नजिकमा बसेका एक भिक्षुको कानमा आयुष्मान् सारिपुत्रको चीवरको टुप्पोले छोएको थियो। विशाल परिषद् लिई सारिपुत्र महास्थविर चारिकार्थ जान लाग्नु भएको देखेर सो भिक्षुलाई डाह र ईर्ष्या लागेको थियो। ईर्ष्यालुले झूटो-साँचो जे कुरा पनि लगाउँन सक्छ भने झैं- यिनले वहाँको यात्रामा बाधा पुर्याउने नियतराखी आफ्नो आङ्मा वहाँको चीवरको टुप्पाले छोएको कुरालाई नै निहु राखी बढाई चढाई कुरा बनाई भगवान्-लाई 'आयुष्मान् सारिपुत्रले मलाई चीवरले पीट्नुभयो' भनी झूटो आरोप सुनाएका हुन्।

यिनको झूटो आरोप सुनी "सारिपुत्र त्यस्तो गर्ने होइनन्" भनी भन्दा सो भिक्षुले 'भगवान्ले पनि पक्षलिई कुरा

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई सो भिक्षु जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई यस्तो भने—

"आवुसो सारिपुत्र ! शास्ताले तपाईंलाई बोलाउँदै हुनुहुन्छ ।"

"हुन्छ, आवुसो !" भनी आयुष्मान् सारिपुत्रले सो भिक्षुलाई प्रत्युत्तर दिनुभयो ।

त्यस बखत आयुष्मान् महामौद्गल्यायन र आयुष्मान् आनन्द ताल्चा हातमा लिई—"आयुष्मान्हो ! अगाडि आउनुहोस् । आयुष्मान्हो ! अगाडि आउनुहोस् । केहीछिन पछि आयुष्मान् सारिपुत्रले सिंहनाद गर्नुहुनेछ" भन्नुहुँदै वहाँहरू विहारमा टहलिँदै हुनुहुन्थ्यो । अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रलाई भगवान्ले यसो भन्नुभयो—

गर्नुहुन्छ' भनी भन्ला र यस कारणद्वारा उसको मनमा बुद्धप्रति समेत द्वेषभाव उत्पन्न हुनसक्छ भन्ने तथ्यलाई ध्यानमा राख्नुभई सो भिक्षुलाई त्यस कारणबाट बचाउनकोनिमित्त भगवान्ले एक भिक्षुलाई बोलाई आयुष्मान् सारिपुत्रलाई बोलाउन पठाउनु भएको हो भनी मनो. र. पू. II. पृ. ७६७ ले उल्लेख गरेको छ ।

"सारिपुत्र! यहाँ एक सब्रह्मचारीले—"भन्ते! आयुष्मान् सारिपुत्रले मलाई चीवरले पिटी मसँग क्षमा पनि नमागी चारिकार्थ जानुभयो भन्दै दोषारोपण गर्दछन्।"

"भन्ते! जसको कायमा कायगतस्मृति उपस्थित हुँदैन अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारीलाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।

१-"भन्ते! जस्तै—पृथ्वीमा सुचि पनि फाल्छन्, असुचि पनि फाल्छन्; गुहु पनि फाल्छन्, मूत पनि फाल्छन्; कफ् पनि फाल्छन्, पीप पनि फाल्छन्, रगत पनि फाल्छन् तर त्यसले न पृथ्वी आत्तिन्छिन्, न लज्जित हुन्छिन्, न घृणित नै हुन्छिन्। भन्ते! त्यस्तै—म पनि विपुल, महान्, अप्रमाण, अवैर र अद्वेषचित्त लिई पृथ्वीसमान भई विहार गर्दछु। भन्ते! जसको कायमा कायगतस्मृति उपस्थित हुन्न अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारीलाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।

२-"भन्ते! जस्तै—पानीमा सुचि पनि असुचि पनि फाल्छन्, गुहु पनि मूत पनि फाल्छन्, कफ पनि पीप पनि फाल्छन्, रगत पनि फाल्छन् तर त्यसले न पानी आत्तिन्छ न लज्जित हुन्छ र न घृणित नै हुन्छ। भन्ते! त्यस्त—म पनि विपुल, महान, अप्रमाण, अवैर र अद्वेष-चित्त लिई पानी समान भई विहार गर्दछु। भन्ते! जसको कायमा कायगतस्मृति उपस्थित हुन्न अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारी-लाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।

३–"भन्ते ! जस्तै—आगोमा सुचि पनि असुचि पनि...गुहु पनि मूत पनि...कफ पनि पीप पनि रगत पनि भष्म हुन्छ तर त्यसले न आगो आत्तिन्छ, न लज्जित हुन्छ, तथा न घृणित नै हुन्छ। भन्ते ! त्यस्तै—म पनि विपुल, महान, अप्रमाण, अवैर र अद्वेषचित्त लिई आगो समान भई विहार गर्दछु। भन्ते ! जसको कायमा कायगत-स्मृति उपस्थित हुन्न अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारीलाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।

४–"भन्ते ! जस्तै—वायुले सुचि पनि असुचि पनि...गुहु पनि मूत पनि...कफ पनि पीप पनि रगत पनि उडाउँछ तर त्यसले न वायु आत्तिन्छ, न लज्जित हुन्छ तथा न घृणित नै हुन्छ। भन्ते ! त्यस्तै—म पनि विपुल, महान, अप्रमाण, अवैर र अद्वेषचित्त लिई वायु समान भई विहार गर्दछु। भन्ते ! जसको कायमा कायगतस्मृति उपस्थित हुन्न अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारीलाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।

५–"भन्ते ! जस्तै—पुछ्ने कपडाले सुचि पनि असुचि पनि... गुहु पनि मूत पनि...कफ पनि पीप पनि रगत पनि पुछ्छ तर त्यसले न पुछ्ने कपडा आत्तिन्छ, न लज्जित हुन्छ र न घृणित नै हुन्छ। भन्ते ! त्यस्तै म पनि विपुल, महान, अप्रमाण, अवैर र अद्वेषचित्त लिई पुछ्ने कपडा समान भई विहार गर्दछु। भन्ते ! जसको कायमा कायगतस्मृति उपस्थित हुन्न अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारी-लाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।

६–"भन्ते ! जस्तै—कुनै भूत्रो कपडा लगाउने चण्डाल-कुमारक वा चण्डाल-कुमारीका हातमा डालो लिई गाउँ वा निगममा पस्दा नीच (=नम्र) चित्त लिएर नै पस्छ; भन्ते ! त्यस्तै—म पनि विपुल...चित्त लिई चण्डाल-कुमारक वा चण्डाल-कुमारीका समान भई विहार गर्दछु। भन्ते ! जसको कायमा कायगतस्मृति उपस्थित हुन्न अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारीलाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।

७–"भन्ते ! जस्तै—सिङ् भाँचिएको सुशील सुदान्त, सुविनीत साँढे सडक सडकमा र दोबाटो दोबाटोमा यताउता हिड्छ—कसैलाई पनि खुट्टाले वा सिङ्ले हान्दैन; भन्ते ! त्यस्तै—म पनि विपुल...चित्त लिई सिङ् भाँचिएको साँढे समान भई विहार गर्दछु। भन्ते ! जसको कायमा कायगतस्मृति उपस्थित हुन्न अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारीलाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।

८–"भन्ते ! जस्तै—कुनै नुहाएर बसेको सौखिन स्वभावको तरुनेरी स्त्री वा युवा पुरुषको गर्धनमा मृत सर्प, मृत कुकुर अथवा मृत पुरुष भुड्याईदिंदा उ आत्तिन्छ, लज्जित हुन्छ र घृणित हुन्छ; भन्ते ! त्यस्तै—म पनि यो दुर्गन्धित शरीर देखी आत्तिन्छु, लज्जित हुन्छु र घृणित हुन्छु। भन्ते ! जसको कायमा कायगतस्मृति उपस्थित हुन्न अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारीलाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।

९-"भन्ते ! जस्तै—कुनै पुरुषले प्वालहरू भएका भाँडामा (थालीक) गुहु लैजाँदा माथिबाट पनि तलबाट पनि चुहिन्छ; भन्ते ! त्यस्तै—मैले पनि माथिबाट पनि तलबाट पनि बगिरहने प्वालहरू[1] भएको यो शरीरलाई परिहरण गर्दछु। भन्ते ! जसको कायमा कायगतस्मृति उपस्थित हुन्न अवश्य पनि त्यस्ताले यहाँ कुनै सब्रह्मचारी-लाई चीवरले पिटेर क्षमा पनि नमागी चारिकार्थ जानसक्छ।"

अनि आसनबाट उठी उत्तरासङ्ग एकांश गरी भगवान्‌को चरणकमलमा शीरले ढोगी सो भिक्षुले भगवान्‌सँग यस्तो विन्तिगरे—

"भन्ते ! जस्तै कुनै अज्ञानी मूर्खले अकुशल अपराध गरे झैं मैले पनि अकुशल अपराध गरें। जो कि मैले आयुष्मान् सारिपुत्रलाई असत्य, तुच्छ, मृषा तथा अतथ्य कुराले झूटो आरोप लगाएँ। भन्ते ! भगवान्‌ले त्यो मेरो अपराधलाई अपराध भनी स्वीकार गर्नुहोस् (=क्षमा गर्नुहोस्) भविष्यमा संयम गर्नेछु।"

"भिक्षु ! ठीकै छ, जो कि तिमीले कुनै अज्ञानी मूर्खले अकुशल अपराध गरे झैं अपराध, अकुशल गर्‍यौ; जो कि तिमीले सारिपुत्रलाई असत्य, तुच्छ, मृषा तथा अतथ्य कुराले झूटो आरोप लगायौ। भिक्षु ! जब कि तिमीले अपराधलाई अपराध भनी देखी (=जानी) धर्मानुसार प्रतिकार गर्‍यौ—त्यो तिम्रो अपराधलाई हामी स्वीकार गर्छौं। भिक्षु ! आर्यविनयमा (=बुद्धको धर्ममा) अपराधलाई अपराध भनी जानी

१. दुइ कान, दुइ नाक, दुइ आँखा, मुखद्वार, मलद्वार तथा मूत्रद्वार आदि नौ प्वालहरूलाई 'प्वालहरू' भनी भनिएको हो।

जसले धर्मानुसार प्रतिकार गर्छ र भविष्यमा संयमित हुन्छ भने यो त्यसकोनिमित्त अभिवृद्धि नै हो।"

अनि भगवान्‌ले आयुष्मान सारिपुत्रलाई आमन्त्रण गर्नुभयो—

"सारिपुत्र! यी मोघपुरुषलाई क्षमा गर होइन भने यिनको शीर यहीं नै सात टुक्रा हुनेछ।"

"भन्ते! यदि यी आयुष्मान्‌ले मसँग—'ती आयुष्मान्‌ले मलाई क्षमा गरून्' भनी भन्छन् भने तो आयुष्मान्‌लाई म क्षमा गर्नेछु[१]।"

× × ×

---

१. धम्म. प. अ. क. पृ. ३०४, अरहन्तवर्गमा पनि यस्तै कुरा उल्लेख भएको पाइन्छ।

मूल सूत्र—

४५. सउपादानीहरू नरकमा पर्छन्

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[1]।

अनि आयुष्मान् सारिपुत्र पूर्वाह्ण समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन्कोनिमित्त पस्नुभयो। त्यसबेला आयुष्मान् सारिपुत्रलाई यस्तो लाग्यो—

"श्रावस्तीमा भिक्षाटन् जान अझै समय छ। (त्यतिञ्जेलसम्म) किन म अन्यतीर्थीय परिव्राजकहरूको आराममा न जाऊँ।"

अनि आयुष्मान् सारिपुत्र जहाँ अन्यतीर्थीय परिव्राजकहरूको आराम हो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भएपछि अन्यतीर्थीय परिव्राजकहरूसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता सिद्धिएपछि एक छेउमा बस्नुभयो।

---

१. अं. नि–९, पृ. २४: सउपादिसेससुत्तं, सीहनादवग्गो; अ. क. II. पृ. ७९८.

त्यस समय त्यहाँ बसिरहेका त्यहाँ भेला भइरहेका ती अन्यतीर्थीय परिब्राजकहरूका बीच यस्तो कुरा उठ्यो—

"आवुसो! जो कोही सउपादिशेष मृत्यु हुन्छ—ती सबै नर्कयोनिबाट परिमुक्त हुँन्नन्, तिरश्चीन योनिबाट परिमुक्त हुन्नन्, प्रेतयोनिबाट परिमुक्त हुन्नन् र अपाययोनिबाट परिमुक्त हुन्नन्।"

अनि आयुष्मान् सारिपुत्रले ती अन्यतीर्थीय परिब्राजकहरूको भाषणलाई न अभिनन्दन गर्नुभयो न त प्रत्याक्रोश नै। अभिनन्दन पनि नगरी प्रत्याक्रोश पनि नगरी 'यसको अर्थ भगवान्का समक्ष जान्नेछु' भनी आसनबाट उठी फर्केर जानुभयो। त्यसपछि श्रावस्तीमा भिक्षाटन् गरी भिक्षाटन्बाट फर्की भोजनोप्रान्त आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो भन्नुभयो—

"भन्ते! यहाँ म पूर्वाह्न समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन् गर्न पसें। भन्ते! अनि मलाई यस्तो लाग्यो—'श्रावस्तीमा भिक्षाटन् जान अझै समय छ। (त्यतिञ्जेलसम्म) किन म अन्यतीर्थीय परिब्राजकहरूको आराममा नजाऊँ।' भन्ते! अनि म जहाँ अन्यतीर्थीय परिब्राजकहरूको आराम हो त्यहाँ गएँ। त्यहाँ पुगेपछि अन्यतीर्थीय परिब्राजकहरूसँग सम्मोदन गरें। सम्मोदनीय कुशलवार्ता सिद्धिए पछि एक छेउमा बसें। त्यसबखत त्यहाँ बसिरहेका त्यहाँ भेला भइरहेका अन्यतीर्थीय परिब्राजकहरूका बीच

यस्तो कुरा उठ्यो—'जो कोही सउपादिशेष मृत्यु हुन्छ—ती सबै नर्कयोनिबाट परिमुक्त हुन्नन्, तिरश्चीनयोनिबाट परिमुक्त हुन्नन्—प्रेत-योनीबाट परिमुक्त हुन्नन् र अपाययोनिबाट परिमुक्त हुन्नन् ।' भन्ते ! मैले ती अन्यतीर्थीय परिब्राजकहरूको भाषणलाई न अभिनन्दन गरें न प्रत्याक्रोश नै । अभिनन्दन पनि नगरी प्रत्याक्रोश पनि नगरी 'भगवान्‌को समक्ष यसको अर्थ जान्नेछु' भनी आसनबाट उठी फर्केर आएँ ।"

सउपादानीहरू पनि नरकबाट मुक्त हुन्छन्

"सारिपुत्र ! को हुन् र ती मूर्ख र अव्यक्त अन्यतीर्थीय परि-ब्राजकहरू ! उनीहरूले 'सउपादिशेष'[१] वा 'सउपादिशेष हुने' पुरुषलाई के जान्न सक्लान् र !! 'अनुपादिशेष' वा 'अनुपादिशेष हुने' पुरुषलाई के जान्न सक्लान् र !!

---

१. 'स-उपादिशेष' को शब्दार्थ हो—उपादान सहित अथवा उपादान बाँकी रहेको । 'अहंमम' भन्ने भावलाई बलियो गरी—ग्रहण गर्नु र धारण गर्नु नै 'स-उपादिशेष' हो । भनाइको तात्पर्य हो पञ्चस्कन्ध बाँकी रहेको । 'स-उपादिशेष हुने' भन्नाले उपादान (=पुनः पुनः ग्रहण गर्ने) बाँकी भएका व्यक्ति हो भनी भनिएको हो । के के ग्रहण गर्नेलाई 'उपादान' भन्दछन् भन्ने बारेका कुराहरू लेखकको बु. प. भा-१, पृ. ३९३ मा समुल्लेख भएको पाइन्छ । विशेष गरी यो

"सारिपुत्र! यी नौ प्रकारका व्यक्तिहरू सउपादिशेष (=उपादान सहित) मृत्यु भएता पनि नर्कयोनिबाट परिमुक्त हुन्छन्, तिरश्चीनयोनिबाट परिमुक्त हुन्छन्, प्रेतयोनिबाट परिमुक्त हुन्छन् र अपाय-दुर्गतिविनिपात-योनिबाट पनि परिमुक्त हुन्छन्। कुन नौ भने ?

१-"सारिपुत्र! यहाँ कोही पुरुष शीलमा परिपूर्णकारी हुन्छ समाधिमा परिपूर्णकारी हुन्छ तर प्रज्ञामा भने प्रमाणकारी (थोरै) हुन्छ। उ पाँचै अधोभागीय[1] संयोजनहरूलाई परिक्षीण गरी

'सउपादान' र 'अनुपादान' भन्ने शब्द निर्वाणको विशेषणको रूपमा प्रयोग गरेका पाइन्छ। हेर पटि. म. अ. क. पृ. २२२; अं नि. अ. क. II. प ७२०; अ. नि. अ. क. II. पृ. ७९८; ब म. भा-१. पृ. ६ को पादटिप्पणीमा। यस उपादानको सम्बन्धमा 'तृष्णा-उपादान' र 'प्रत्यय-उपादान' गरी दुइप्रकारका कुराहरू पपं सू. II. पृ. १२६: रथविनीतसुत्तवण्णनामा विश्लेषण गरी देखाइएको छ। यस सूत्रानुसार 'स-उपादान' भन्नाले उपादान सहित र 'अनुपादान' भन्नाले उपादान रहित भन्ने अर्थ पनि बुझिन्छ। अं. नि. अ. क. II. पृ ७९८: सउपादिसेससुत्तं। सं. नि. IV. पृ. २५: अनुपादापरिनिब्बानसुत्तं पनि हेर्नु योग्य छ।

१. अधोभागीय संयोजनहरू भनेका कुन कुन हुन् भन्ने कुरा लेखकको बु. गृ. भा-१. पृ. ३१७; बु. ब्रा. भा-१. पृ. १८३ तथा बु. प. भा-१. पृ. ३२७ को पादटिप्पणीमा उल्लेख भएका छन्।

अन्तर्परिनिर्वाण हुने[1] (=अन्तरापरिनिब्बायी) हुन्छ। सारिपुत्र! यही पहिलो पुरुष हो जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट परिमुक्त हुन्छ, तिरश्चीनयोनिबाट...अपाय दुर्गति विनिपातयोनिबाट परिमुक्त हुन्छ।

२–"सारिपुत्र! फेरि यहाँ कोही पुरुष शीलमा परिपूर्णकारी हुन्छ, समाधिमा परिपूर्णकारी हुन्छ तर प्रज्ञामा भने प्रमाणकारी हुन्छ। उ पाँचै अधोभागीय संयोजनहरूलाई परिक्षीण गरी उपहच्चपरिनिर्वाण हुने[2] (=उपहच्चपरिनिब्बायी) हुन्छ। सारिपुत्र! यही दोश्रो पुरुष हो जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट परिमुक्त हुन्छ,... अपाय दुर्गति विनिपातयोनिबाट परिमुक्त हुन्छ।

३–"सारिपुत्र! फेरि यहाँ कोही पुरुष शीलमा परिपूर्णकारी हुन्छ समाधिमा परिपूर्णकारी हुन्छ तर प्रज्ञामा भने प्रमाणकारी हुन्छ।

---

१. अन्तर्परिनिर्वाण हुने भनेको कस्तो हो भन्ने बारेका कुराहरू लेखकको बु. गृ भा-१. पृ. २७४ को पादटिप्पणीमा समुल्लेख भएको छ। सविस्तर अध्ययनको लागि हेर सं. नि. अ. क III. पृ. १२५: सीलसुत्तं; अं. नि. अ. क. II. पृ. ७००, पृ. ७०९; पटि. म अ. क. पृ. ३१८; दीं. नि. अ. क. II पृ. ७५४: सङ्गीतिसुत्तवण्णना; अं. नि. अ. क. I. पृ. ४४४: दुतियसिक्खासुत्तं; पुग्ग. प पृ. २६: एककपुग्गलपञ्ञत्ति, अ. क. पृ. ३६.

२. यसको अर्थ बु. गृ. भा–१. पृ. २७४ को पादटिप्पणीमा उल्लेख भएको छ।

उ पाँचै अधोभागीय संयोजनहरूलाई परिक्षीण गरी असंस्कार परिनिर्वाण हुने[1] (=असङ्खारपरिनिब्बायी) हुन्छ। सारिपुत्र! यहीं तेश्रो पुरुष हो जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट परिमुक्त हुन्छ,...अपाय दुर्गति विनिपातयोनिबाट परिमुक्त हुन्छ।

४–"सारिपुत्र! फेरि यहाँ कोही पुरुष शीलमा परिपूर्णकारी हुन्छ, समाधिमा परिपूर्णकारी हुन्छ तर प्रज्ञामा भने प्रमाणकारी हुन्छ। उ पाँचै अधोभागीय संयोजनहरूलाई परिक्षीण गरी ससंस्कार परिनिर्वाण हुने[2] (=ससङ्खार परिनिब्बायी) हुन्छ। सारिपुत्र! यहीं चौथो पुरुष हो जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट, ...अपाय दुर्गति विनपात योनिबाट परिमुक्त हुन्छ।

५–"सारिपुत्र! फेरि यहाँ कोही पुरुष शीलमा परिपूर्णकारी हुन्छ, समाधिमा परिपूर्णकारी हुन्छ तर प्रज्ञामा भने प्रमाणकारी हुन्छ। उ पाँचै अधोभागीय संयोजनहरूलाई परिक्षीण गरी उर्ध्वस्रोत अकनिष्ठगामी[3] (=उद्धंसोतो होति अकनिट्ठगामी) हुन्छ। सारिपुत्र!

---

१. यसको अर्थ बु. गु. भा–१. पृ. २७४ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. यसको अर्थ बु. गु. भा–१. पृ. २७४ को पादटिप्पणीमा उल्लेख भएको छ।

३. यसको अर्थ बु. गु. भा–१. पृ. २७५ को पादटिप्पणीमा उल्लेख भएको छ।

यही पाँचौ पुरुष हो जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट, ...अपाय दुर्गति विनिपात योनिबाट परिमुक्त हुन्छ[१]।

६–"सारिपुत्र! फेरि यहाँ कोही पुरुष शीलमा परिपूर्णकारी हुन्छ तर समाधिमा प्रमाणकारी हुन्छ तथा प्रज्ञामा पनि प्रमाणकारी हुन्छ। उ तीनै संयोजनहरूलाई[२] परिक्षीण गरी राग, द्वेष तथा मोहलाई दुर्बल पारी (=तनुत्ता) सकृदागामी[३] हुन्छ—एक पटक मात्र यस लोकमा आई दुःखको अन्त गर्छ। सारिपुत्र! यही छैटौं पुरुष हो जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट,...अपाय दुर्गति विनिपात-योनिबाट परिमुक्त हुन्छ।

७–"सारिपुत्र! फेरि यहाँ कोही पुरुष शीलमा परिपूर्णकारी हुन्छ तर समाधिमा प्रमाणकारी हुन्छ तथा प्रज्ञामा पनि प्रमाणकारी

---

१. एक देखि पाँचसम्म जुन पुरुषहरूको बारेमा उल्लेख भएको छ ती सबै अनागामीमा पुगेका हुन्। यी अनागामी हुनेहरूका विभाजन गर्दा जम्मा अठचालीस (४८) प्रकारका अनागामीहरू हुन्छन्। हेर अं. अ. क. I. पृ. ४४५: दुतियसिक्खासुत्तको अर्थ वर्णनामा।

२. तीन संयोजन भनेका कुन कुन हुन् भन्ने बारेमा बु. प, भा–१. पृ. ३२७ र बु. गृ. भा–१. पृ. २७० को पादटिप्पणीमा उल्लेख भएका छन्।

३. सकृदागामी हुने पुरुषहरूको पनि विभाजन गरिएको छ। यी जम्मा बाह्र (१२) प्रकारका छन्। हेर अं. अ. क. I. पृ. ४४५: दुतियसिक्खासुत्तको अर्थ वर्णनामा।

हुन्छ। उ तीनै संयोजनहरूलाई परिक्षीण गरी एकबीजि[1] (=एक पटक मात्र जन्म लिने) हुन्छ—एकै पटक मात्र मनुष्यलोकमा जन्म लिई दुःखको अन्त गर्छ। सारिपुत्र! यही सातौं पुरुष हो जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट,...अपाय दुर्गति विनिपात योनिबाट परिमुक्त हुन्छ।

८—"सारिपुत्र! फेरि यहाँ कोही पुरुष शीलमा परिपूर्णकारी हुन्छ तर समाधिमा प्रमाणकारी हुन्छ तथा प्रज्ञामा पनि प्रमाणकारी हुन्छ। उ तीनै संयोजनहरूलाई परिक्षीण गरी कोलंकोल (=एक कुलबाट अर्को कुलमा जाने) हुन्छ—दुइ वा तीन कुलहरूमा जन्म लिई घुमिसकेपछि दुःखको अन्त गर्छ। सारिपुत्र! यही आठौं पुरुष हो जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट,...अपाय दुर्गति विनिपात योनिबाट परिमुक्त हुन्छ।

९—"सारिपुत्र! फेरि यहां कोही पुरुष शीलमा परिपूर्णकारी हुन्छ तर समाधिमा प्रमाणकारी हुन्छ तथा प्रज्ञामा पनि प्रमाणकारी हुन्छ। उ तीनै संयोजनहरूलाई परिक्षीण गरी सातपटकसम्म (=सत्तक्खत्तुंपरमा) जन्म लिन्छ—देव र मनुष्यलोकमा गरी सात

---

१. हेर यस सम्बन्धका कुराहरू सं. नि. IV. पृ. १७७: एकबीजिमुत्तं, इन्द्रियसंयुत्तं।

पटकसम्म जन्मिसकेपछि घुमिसकेपछि दुःखको अन्त गर्छ[१]। सारिपुत्र ! यही नवौं पुरुष हो जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट,... अपाय दुर्गति विनिपात योनिबाट परिमुक्त हुन्छ।

'सारिपुत्र ! को हुन् र ती मूर्ख अव्यक्त अन्यतीर्थीय परिव्राजकहरू ! उनीहरूले 'सउपादिशेष' वा 'सउपादिशेष हुने' पुरुषलाई के जान्न सक्लान् र !! 'अनुपादिशेष' वा 'अनुपादिशेष हुने' पुरुषलाई के जान्न सक्लान् र !! सारिपुत्र ! यी नै नौ (९) प्रकारका व्यक्तिहरू हुन् जो सउपादिशेष मृत्यु भएता पनि नर्कयोनिबाट परिमुक्त हुन्छन्, तिरश्चीनयोनिबाट परिमुक्त हुन्छन्, प्रेतयोनिबाट परिमुक्त हुन्छन् र अपाय दुर्गति विनिपात योनिबाट पनि परिमुक्त हुन्छन्।

---

१. यहाँ प्रकाश गरिएका सातौं, आठौं र नवौं (७, ८, ९) सम्मका व्यक्तिहरू स्रोतापन्न हुन्। यसको विभाजन पनि अं. अ. क. I. पृ. ४४५ मा गरिएको छ। जस अनुसार चौबीस (२४) प्रकारका स्रोतापन्नहरू हुन्छन्।

यस सूत्रमा प्रकाशित गरिएका नौ (९) पुरुषहरू सम्बन्धी विषद अर्थ बुझ्नकोनिमित्त सं. नि. IV. १७२ देखि १७८ सम्मका सूत्रहरू हेर्नू योग्य हुनेछ। त्यस्तै अभिधर्मपिटकको पुग्गलपञ्ञत्तिको एककपुग्गलपञ्ञत्ति पृ. २५ मा र यसैको अर्थकथा पञ्चप्पकरणट्ठकथा पृ. ३४–३८ मा पनि। अं. नि–३, पृ २१४: पठमसिक्खासुत्तं; उहीं पृ. २१६: दुतियसिक्खासुत्तं; उहीं पृ. २१७: ततियसिक्खासुत्तं पनि हेर्न योग्य छ। अं. अ. क. I. पृ. ४४४.

"सारिपुत्र ! भिक्षुहरूलाई, भिक्षुणीहरूलाई, उपासकहरूलाई तथा उपासिकाहरूलाई यो धर्मोपदेश मैले तबतक गरेको थिइन (जबतक प्रश्न उठेको थिएन)। किनभने ? यो धर्मोपदेश सुनेर (उनीहरू) प्रमादी नहुन् भन्ने हेतुले[1]। सारिपुत्र ! किन्तु अहिले प्रश्नको शिलशिलामा यो धर्मोपदेश गरेको हुँ।"

× × ×

---

१. यस्तो भन्नाको तात्पर्य के हो भने—'सउपादिशेष पुरुष (=उपादान सहित) मृत्यु भएता पनि हामीहरू नर्कादि योनिबाट मुक्तछौं' भन्दै शायद उत्तरोत्तर क्लेशहरू निरोध गर्नेमा उत्साह नगरी मानिसहरू बस्लान् भन्ने विचारले हो। यत्तिकैले संसारका सबै दुःखहरूबाट मुक्त भएको हुन्न। योभन्दा पनि सूक्ष्मातिसूक्ष्म क्लेशहरू निरोध गर्नुपर्ने कामहरू बाँकी नै छन्। त्यसैले भगवान्ले 'प्रश्नको शिलशिलामा मात्र बताएको हुँ' भनी भन्नुभएको हो।

जस्तै एकै पटको गुहु भएता पनि दुर्गन्ध नै हुन्छ त्यस्तै अलिकता मात्र भए पनि भवसंयोजन हुने कारणलाई वहाँ प्रशंसा गर्नु हुन्न। अतएव यत्तिकैले हामीहरू नर्कादियोनिबाट मुक्त भयौं भनी सन्तोष नलिई उत्तरोत्तर बाँकी संयोजनहरूको निरोधको-निमित्त पनि संलग्न रहुन् भनी भन्नु भएको हो। यसै प्रसंगमा वहाँले अं नि-१, पृ. ३५ मा उल्लिखित 'गूथोपम' सुत्तको पनि अध्ययन गर्नु योग्य छ। अं नि. अ. क II पृ ७६८: सउपादि-सेससुत्तवण्णना, नवकनिपात. सम्बोधवग्गो।

मूल सूत्र—

४६. श्रद्धा नहुनेको कुशलधर्म हानि हुन्छ

एक समय भगवान् महत् भिक्षुहरूको साथ कोशल देशमा चारिका गर्दै नलकपान नामक कोशलको निगममा पुग्नुभयो[१]। त्यहाँ भगवान् नलकपानको पलास वनमा बसिरहनु भएको थियो। त्यसबखत उपोसथको दिनमा भिक्षुसङ्घद्वारा परिवृत्तभई भगवान् बसिरहनु भएको थियो। अनि रातको धेरैबेरसम्म भगवान्ले भिक्षुहरूलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभई तूष्णिभावले बसिरहेका भिक्षुहरूलाई हेरी आयुष्मान् सारिपुत्रलाई बोलाउनु भयो—

'सारिपुत्र ! भिक्षुसङ्घ आलस्य-तन्द्राबाट दूर छ। सारिपुत्र ! भिक्षुहरूलाई धार्मिक कथा सुनाउनु तिम्रोनिमित्त राम्रो हुनेछ। मेरो पिठ्युँ दुखेको छ। म आराम गर्छु ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् सारिपुत्रले भगवान्लाई प्रत्युत्तर दिनुभयो।

---

१. अं. नि–१०, पृ. १९७: पठमनलकपानसुत्तं, यमकवग्गो।

अनि भगवान् चारदोबर पारी पट्याइराखेको संघाटि बिच्छयाई दाहिनेतिरबाट सिंहशय्या गरी खुट्टामाथि खुट्टाराखी स्मृतिसम्प्रजन्य भई उठ्ने संज्ञा मनमा राख्नुभई लेट्नुभयो। त्यसपछि आयुष्मान् सारिपुत्रले त्यहाँ भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो – "आवुसो भिक्षुहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। अनि आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो—

(१) "आवुसो ! जसको कुशलधर्ममा श्रद्धा हुन्न,...लज्जा हुन्न, ...भय हुन्न,...वीर्य हुन्न,...प्रज्ञा (= बुद्धि) हुन्न—त्यस्ताकोनिमित्त जुन रात र दिन आउँछ उसको कुशलधर्ममा परिहानीकै अपेक्षा गर्नुपर्छ वृद्धि होइन। आवुसो ! जस्तै कृष्णपक्षको चन्द्रमाको जुन रात र दिन आउँछ त्यसको वर्णले पनि मण्डलले पनि हानी हुन्छ र आभाले पनि विस्तारले पनि हानी हुन्छ। आवुसो ! त्यस्तै गरी जसको कुशलधर्ममा श्रद्धा हुन्न,...उसको कुशलधर्ममा परिहानीकै अपेक्षा गर्नुपर्छ र वृद्धि होइन।

"आवुसो ! अश्रद्धालु पुरुष भनेको नै परिहानी हो। अलज्जी पुरुष भनेको नै परिहानी हो। भय नभएको पुरुष भनेको नै...अल्छी पुरुष भनेको नै...दुर्बुद्धि पुरुष भनेको नै...क्रोधी पुरुष भनेको नै... वैरभाव राख्ने पुरुष भनेको नै...पापेच्छु पुरुष भनेको नै...पापभित्र हुने पुरुष भनेको नै...र मिथ्यादृष्टि हुने पुरुष भनेको नै परिहानी हो।

(२) "आवुसो ! जसको कुशलधर्ममा श्रद्धा हुन्छ,...लज्जा हुन्छ ...भय हुन्छ...वीर्य हुन्छ...र प्रज्ञा (= बुद्धि) हुन्छ...त्यस्ताकोनिमित्त

जुन रात र दिन आउँछ उसको कुशलधर्ममा वृद्धिकै अपेक्षा गर्नुपर्छ परिहानी होइन । आवुसो ! जस्तै शुक्लपक्षको चन्द्रमाको जुन रात र दिन आउँछ त्यसको वर्णले पनि मण्डलले पनि वृद्धि नै हुन्छ र आभाले पनि विस्तारले पनि वृद्धि नै हुन्छ । आवुसो ! त्यस्तै गरी जसको कुशलधर्ममा श्रद्धा हुन्छ...उसको कुशलधर्ममा वृद्धि नै अपेक्षा गर्नुपर्छ परिहानी होइन ।

"आवुसो ! श्रद्धालु पुरुष भनेको नै अपरिहानी (=वृद्धि) हो । लज्जालु पुरुष भनेको नै...भययुक्त पुरुष भनेको नै...वीर्यवान् पुरुष भनेको नै...प्रज्ञावान् पुरुष भनेको नै...अक्रोधी (=दयावान्) पुरुष भनेको नै वैरभाव नराख्ने पुरुष भनेको नै...अल्पेच्छि पुरुष भनेको नै...कल्याणमित्र पुरुष भनेको नै...र सम्यक्दृष्टि हुने पुरुष भनेको नै अपरिहानी (=वृद्धि) हो ।"

अनि भगवान् उठनुभई आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नुभयो -"साधु साधु ! सारिपुत्र !; सारिपुत्र ! जसको कुशलधर्ममा श्रद्धा हुन्न...उसको कुशलधर्ममा परिहानीकै अपेक्षा गर्नुपर्छ वृद्धि होइन ।..."

(माथि उल्लिखित जम्मै कुरा दोहऱ्याउनु भइ भगवान्ले त्यो त्यस्तै हो भनी भन्नुभयो ।)

× × ×

मूल सूत्र—

४७. धर्म नसुन्नेको कुशलधर्म हानी हुन्छ

एक समय भगवान् नलकपानको पलास बनमा बस्नुभएको थियो[1]। त्यसबखत उपोसथको दिनमा भिक्षुसङ्घद्वारा परिवृत्त भई भगवान् बसिरहनुभएको थियो। अनि रातको धेरैबेरसम्म भगवान्ले भिक्षुहरूलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभई तूष्णभावले बसिरहेका भिक्षुहरूलाई हेरी आयुष्मान् सारिपुत्रलाई बोलाउनु भयो—

"सारिपुत्र ! भिक्षुसङ्घ आलस्य-तन्द्राबाट दूर छ। सारिपुत्र ! भिक्षुहरूलाई धार्मिक कथा भन्नु तिम्रोनिमित्त राम्रो हुनेछ। मेरो पिठ्युँ दुखेको छ। म आराम गर्छु।"

"हवस्, भन्ते !" भनी आयुष्मान् सारिपुत्रले भगवान्लाई प्रत्युत्तर दिनुभयो।

---

१. अं. नि–१०, पृ. १९९: दुतिय नलकपानसुत्तं, यमकवग्गो।

अनि भगवान् चारदोबरपारी पट्याइराखेको संघाटि बिछ्याई दाहिनेतिरबाट सिंहशय्या गरी खुट्टामाथि खुट्टाराखी स्मृतिसम्प्रजन्य भई उठ्ने संज्ञा मनमा राख्नुभई लेट्नुभयो। त्यसपछि आयुष्मान् सारिपुत्रले त्यहाँ भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—"आवुसो भिक्षुहो!" "आवुसो!" भनी ती भिक्षुहरूले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिए। अनि आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो—

"आवुसो! जसको कुशलधर्ममा श्रद्धा हुन्न...लज्जा हुन्न... भय हुन्न...वीर्य हुन्न...प्रज्ञा हुन्न...धर्मश्रवणमा कान दिन्न...धर्म धारण गर्दैन...अर्थ परीक्षण गर्दैन...धर्मानुकूल आचरण गर्दैन...र अप्रमादी हुन्न— त्यस्ताको जुन रात र दिन आउँछ उसको कुशलधर्ममा परिहानीकै अपेक्षा गर्नुपर्छ वृद्धि होइन। आवुसो! जस्तै कृष्णपक्षको चन्द्रमाको...[1] हानी हुन्छ तथा विस्तारले पनि...।

"आवुसो! जसको कुशलधर्ममा श्रद्धा हुन्छ...लज्जा हुन्छ... भय हुन्छ...वीर्य हुन्छ...प्रज्ञा हुन्छ...धर्मश्रवणमा कान दिन्छ... धर्म धारण गर्छ...अर्थ परीक्षण गर्छ...धर्मानुकूल आचरण गर्छ...र अप्रमादी हुन्छ— त्यस्ताको जुन रात र दिन आउँछ उसको कुशलधर्ममा अपरिहानी (=वृद्धि) नै अपेक्षा गर्नुपर्छ परिहानी होइन...[2]।

---

१. "अरू कुरा श्रद्धा नहुनेको कुशलधर्म हानि हुन्छ" भन्नेमा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

२. अरू कुरा माथि पृ. २७७ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

अनि भगवान् उठनुभई आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नुभयो—"साधु साधु ! सारिपुत्र !; सारिपुत्र ! जसको कुशलधर्मंमा श्रद्धा हुन्छ...उसको कुशलधर्मंमा परिहानीको अपेक्षा गर्नुपर्दैन वृद्धि होइन्छ।...

(माथि उल्लिखित जस्तै कुरा दोहऱ्याई भगवान्‌ले त्यो त्यसै हो भनी भन्नुभयो।)

× × ×

मूल सुत्र—

४८. कसरी ब्राह्मण हुन्छ ?

यस्तो मैले सुनें[1]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामभा बस्नुभएको थियो ।

त्यस समय आयुष्मान् सारिपुत्र, आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् महाकाश्यप, आयुष्मान् महाकात्यायन, आयुष्मान् महाकोट्ठिक, आयुष्मान् महाकप्पिन, आयुष्मान् महाचुन्द, आयुष्मान् अनुरुद्ध, आयुष्मान् रेवत तथा आयुष्मान् नन्द[2] जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो ।

ती आयुष्मान्हरूलाई भगवान्ले टाढैबाट आइरहेको देख्नुभयो । अनि भिक्षुहरूलाई (भगवान्ले) आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! यी ब्राह्मणहरू आउँदैछन् । यी ब्राह्मणहरू आउँदैछन् ।"

---

१. उदा. पा. पृ. ६६: ब्राह्मणसुत्तं, बोधिवग्गो; अ. क. पृ. ३६.
२. सिहल र रोमनमा 'आनन्द' ।

यस्तो भन्नुहुँदा जातिले ब्राह्मण भएका एक भिक्षुले भगवान्‌लाई यस्तो बिन्तिगरे—

"भन्ते ! कहिलेसम्ममा ब्राह्मण हुन्छ ? ब्राह्मण बनाउने धर्म कुन हो ?"

यो कुरा बुझ्नुभई त्यसबेला भगवान्‌ले यो उदान प्रकट गर्नुभयो—

"बाहित्वा पापके धम्मे, ये चरन्ति सदासता।
खीणसंयोजना बुद्धा, ते वे[1] लोकस्मि ब्राह्मणा'ति ॥"

अर्थ—

"अकुशल धर्महरूलाई पन्छाई जो सधैं स्मृतिमान् भई बस्छ जो संयोजन क्षीण भएका बुद्ध (=श्रावक) हरू हुन्—तिनीहरू नै यो लोकमा ब्राह्मण हुन् ।"

× × ×

---

१. सिंहलमा: 'तेव' ।

मूल सूत्र—

४९. पर्वतसमान अचल

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो।

त्यस समय आयुष्मान् सारिपुत्र भगवान्को नजिकमै पलेटीमारी शरीर सीधापारी मुख अगाडि स्मृति राखी बसिरहनुभएको थियो। अनि भगवान्ले नजिकमै पलेटीमारी शरीर सीधापारी मुख अगाडि स्मृति राखी बसिरहेका आयुष्मान् सारिपुत्रलाई देख्नुभयो।

त्यसपछि यो कारणलाई बुझ्नुभई त्यसबेला भगवान्ले यो उदान प्रकट गर्नुभयो—

"यथापि पब्बतो सेलो,
अचलो सुप्पतिट्ठितो।

---

१. उदा. पा. पृ. ९३: सारिपुत्तसुत्तं, नन्दवग्गो; अ. क. पृ. १३१.

एवं मोहक्खया भिक्खु,
पब्बतोव न वेधती'ति ।।"

अर्थ—

"जस्तै ढुङ्गाको पर्वत अचल भई सुप्रतिष्ठित हुन्छ त्यस्तै मोह-क्षय भएको भिक्षु पर्वत समान अकम्पित हुन्छ ।"

× × ×

मूल सूत्र—

५०. सन्तुष्टिता

यस्तो मैले सुनें[1]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामभा बस्नुभएको थियो।

त्यस समय आयुष्मान् सारिपुत्र भगवान्को नजिकै पलेटीमारी शरीर सीधापारी अल्पेच्छी, सन्तुष्ट, ध्यानरत, प्रपञ्चमुक्त, वीर्यसम्पन्न तथा अधिचित्तमा नियुक्त भई बसिरहनु भएको थियो।

भगवान्ले नजिकैमा पलेटीमारी शरीर सीधापारी, अल्पेच्छी, सन्तुष्ट, ध्यानरत, प्रपञ्चमुक्त, वीर्यसम्पन्न तथा अधिचित्तमा नियुक्त भई बसिरहेका आयुष्मान् सारिपुत्रलाई देख्नुभयो।

अनि यो कारणलाई बुझ्नुभई त्यसवेला भगवान्ले यो उदान प्रकट गर्नुभयो—

---

1. उदा. पा. पृ. ११२: सारिपुत्तसुत्तं, मेघियवग्गो; अ. क. पृ. १७९.

"अधिचेतसो अप्पमज्जतो,
मुनिनो मोनपथेसु सिक्खतो ।
सोका न भवन्ति तादिनो,
उपसन्तस्स सदा सतीमतो'ति ॥"

अर्थ—

"अधिचित्तमा अप्रमादी भएका मुनी भई मौनपथमा शिक्षित भएका निश्चल, उपशान्त भई सधैं स्मृतिमान् हुनेलाई शोक हुँदैन ।"

× × ×

मूल सूत्र—

५१. शान्तिपदको प्रत्यवेक्षण

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवना-राममा बस्नुभएको थियो।

त्यस समय आयुष्मान सारिपुत्र भगवान्को नजिकैमा पलेटी-मारी शरीर सीधापारी आफ्नो शान्तिपदको प्रत्यवेक्षण गर्दै बसिरहनु भएको थियो।

भगवान्ले आयुष्मान् सारिपुत्रलाई नजिकैमा पलेटीमारी शरीर सीधापारी आफ्नो शान्तिपदको प्रत्यवेक्षण गरी बसिरहेको देख्नुभयो।

अनि यो कारणलाई बुझ्नुभई त्यसबेला भगवान्ले यो उदान प्रकट गर्नुभयो—

---

१. उदा. पा. पृ. ११६: सारिपुत्तउपसमसुत्तं, मेघियवग्गो; अ. क. पृ. १९०.

"उपसन्त सन्तचित्तस्स,
नेत्तिच्छिन्नस्स भिक्खुनो ।
विक्खीणो जातिसंसारो,
मुत्तो सो मारबन्धना'ति ।।"

अर्थ—

"उपशान्त-शान्तचित्त हुने, भवतृष्णा उच्छिन्न हुने र जातिसंसार-बाट उत्तीर्ण हुने भिक्षु मारबन्धनबाट मुक्त छ ।"

× × ×

मूल सूत्र—

५२. लकुण्टकभद्दीयलाई उपदेश (क)

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो।

त्यस समय आयुष्मान् सारिपुत्रले आयुष्मान् लकुण्टक[२] भद्दीयलाई अनेक प्रकारका धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो।

अनि आयुष्मान् सारिपुत्रद्वारा अनेक प्रकारका धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु हुँदा आयुष्मान् लकुण्टकभद्दीयको चित्त बन्धनहरूबाट र आस्रवहरूबाट मुक्त भयो।

भगवान्ले आयुष्मान् सारिपुत्रले आयुष्मान् लकुण्टकभद्दीयलाई अनेक प्रकारका धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित,

१. उदा. पा. पृ. १५४: पठमलकुण्टकभद्दियसुत्तं, चूलवग्गो; न. क. पृ. २५३.

२. ना. पा. मा 'लकुण्डक' उल्लेख भएको छ।

समुत्तेजित तथा सम्प्रहर्षित पार्दा उनको चित्त बन्धनहरूबाट र आस्रव-हरूबाट मुक्त भएको देखनुभयो ।

अनि यो कारणलाई बुझ्नुभई त्यसबेला भगवान्‌ले यो उदान प्रकट गर्नुभयो—

"उद्धं अधो सब्बवि विप्पमुत्तो,
अयंहमस्मी'[1]ति अनानुपस्सी ।
एवं विमुत्तो उदतारि ओघं,
अतिण्णपुब्बं अपुनब्भवाया'ति ।।"

अर्थ—

"माथि, तल, सबैतिरबाट विप्रमुक्त 'यो म हुँ' भनी नहेर्ने पुनर्भव नहुनकोनिमित्त पहिले उत्तीर्ण नभएको संसाररूपी बाढीबाट उत्तीर्ण भयो ।"

× × ×

---

१. सिहल र स्याममा: 'अयमहमस्मी' ।

मूल सूत्र—

५३. लकुण्टकभद्रीयलाई उपदेश (ख)

यस्तो मैले सुनें[1]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनारामममा बस्नुभएको थियो।

त्यस समय आयुष्मान् सारिपुत्रले आयुष्मान् लकुण्टकभद्रीयलाई शैक्ष[2] सम्झनु हुँदै अनेकप्रकारले अधिकाधिक धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो।

आयुष्मान् सारिपुत्रले आयुष्मान् लकुण्टकभद्रीयलाई शैक्ष सम्झी अनेकप्रकारले अधिकाधिक धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभएको भगवान्ले देख्नुभयो।

---

१. उदा पा. पृ १५४: दुतियलकुण्टकभद्दियसुत्तं. चूलवग्गो, अ. क. पृ. २५५.

२. शैक्ष र अशैक्ष भनेको केहो भन्ने बारेमा हेर्नू बु. गृ. पृ. ७४, २६६, २७२.

अनि यो कारणलाई बुझ्नुभई त्यसबेला भगवान्‌ले यो उदान प्रकट गर्नुभयो—

"अच्छेच्छि[1] वट्टं ब्यागानिरासं,
विसुक्खा सरिता न सन्दति।
छिन्नं वट्टं न वत्तति,
एसेवन्तो दुक्खस्सा'ति॥"

अर्थ—

"संसार चक्रलाई तोडिसक्यो, आशा त्यागी आशा गर्न नपर्ने भइसक्यो, संसाररूपी प्रवाहबाट उत्तीर्ण भइसक्यो, संसाररूपी प्रवाह छैन—यही नै दुःखको अन्त हो।"

× × ×

---

१. सिंहल र रोमनमा: 'अच्छेज्जि'।

मूल सूत्र—

५४. धर्मवादी र अधर्मवादी कसलाई भन्ने ?

अनि कौशम्बिक भिक्षुहरू शयनासनहरू पट्याई राखी पात्रचीवर ग्रहण गरी जहाँ श्रावस्ती हो त्यहाँ गए[1]। अनि आयुष्मान् सारिपुत्रले सुन्नुभयो—"ती झगडालु, कलहकारी, विवाद खडा गर्ने, कुरा बनाउने, संघकोबीचमा झगडा पैदा गर्ने कौशम्बिक भिक्षुहरू आउँदै छन्।" अनि आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् सारिपुत्रले भगवान्सँग यस्तो सोध्नुभयो—"भन्ते ! ती झगडालु, कलहकारी,...कौशम्बिक भिक्षुहरू श्रावस्तीमा आउँदैछन्। भन्ते ! ती भिक्षुहरूसँग मैले कस्तो व्यवहार गर्नुपर्ला ?"

"सारिपुत्र ! त्यसोभए तिमीले जस्तो धर्म हो त्यस्तो व्यवहार गर।"

१. महा. व. पा. पृ. ३८४: अठ्ठारसवत्थुकथा, कोसम्बकक्खन्धकं।

"भन्ते ! कसरी म जान्नसकूँ कि कुन धर्म हो र कुन अधर्म हो ?"

"सारिपुत्र ! अठार कारणले अधर्मवादी भनी जान्नू । सारिपुत्र ! यहाँ भिक्षु (१) अधर्मलाई धर्म भनी प्रकाश पार्छ, (२) धर्मलाई अधर्म भनी प्रकाश पार्छ, (३) अविनयलाई विनय भनी प्रकाश पार्छ, (४) विनयलाई अविनय भनी प्रकाश पार्छ, (५) तथागतले नभनेकोलाई तथागतले भनेको भनी प्रकाश पार्छ, (६) तथागतले भनेकोलाई तथागतले नभनेको भनी प्रकाश पार्छ, (७) तथागतले अभ्यास नगरेकोलाई तथागतले अभ्यास गरेको भनी प्रकाश पार्छ, (८) तथागतले अभ्यास गरेकोलाई तथागतले अभ्यास नगरेको भनी प्रकाश पार्छ, (९) तथागतले प्रज्ञापन नगरेकोलाई तथागतले प्रज्ञापन गरेको भनी प्रकाश पार्छ, (१०) तथागतले प्रज्ञापन गरेकोलाई तथागतले प्रज्ञापन नगरेको भनी प्रकाश पार्छ, (११) अनापत्तिलाई आपत्ति (=दोष, अपराध) भनी प्रकाश पार्छ, (१२) आपत्तिलाई अनापत्ति (=निर्दोष, निरपराध) भनी प्रकाश पार्छ, (१३) स्यानो (लहुकं) आपत्तिलाई ठूलो (गरुका) आपत्ति भनी प्रकाश पार्छ, (१५) सावशेष आपत्तिलाई निरवशेष आपत्ति भनी प्रकाश पार्छ, (१६) निरवशेष आपत्तिलाई सावशेष आपत्ति भनी प्रकाश पार्छ, (१७) महत् (दुट्ठुल्लं) आपत्तिलाई अमहत् (अदुट्ठुल्लं) आपत्ति भनी प्रकाश पार्छ र (१८) अमहत् आपत्तिलाई महत् आपत्ति भनी प्रकाश पार्छ । सारिपुत्र ! यी अठार कारणले अधर्मवादी भनी जान्नू ।

"सारिपुत्र ! अठार कारणले धर्मवादी भनी जान्नू । सारिपुत्र ! यहां भिक्षु (१) अधर्मलाई अधर्म भनी प्रकाश पार्छ, (२) धर्मलाई धर्म

भनी प्रकाश पार्छ, (३) अविनयलाई अविनय भनी प्रकाश पार्छ, (४) विनयलाई विनय भनी प्रकाश पार्छ, (५) तथागतले नभनेकोलाई तथागतले नभनेको भनी प्रकाश पार्छ, (६) तथागतले भनेकोलाई तथागतले भनेको भनी प्रकाश पार्छ, (७) तथागतले अभ्यास नगरेकोलाई तथागतले अभ्यास नगरेको भनी प्रकाश पार्छ, (८) तथागतले अभ्यास गरेकोलाई तथागतले अभ्यास गरेको भनी प्रकाश पार्छ, (९) तथागतले प्रज्ञापन नगरेकोलाई तथागतले प्रज्ञापन नगरेको भनी प्रकाश पार्छ, (१०) तथागतले प्रज्ञापन गरेकोलाई तथागतले प्रज्ञापन गरेको भनी प्रकाश पार्छ, (११) अनापत्ति (=निर्दोष) लाई अनापत्ति भनी प्रकाश पार्छ, (१२) आपत्तिलाई आपत्ति भनी प्रकाश पार्छ, (१३) स्यानो (=लहुकं) आपत्तिलाई स्यानो आपत्ति भनी प्रकाश पार्छ, (१४) ठूलो (=गरुका) आपत्तिलाई ठूलो आपत्ति भनी प्रकाश पार्छ, (१५) सावशेष आपत्तिलाई सावशेष आपत्ति भनी प्रकाश पार्छ, (१६) निरवशेष आपत्तिलाई निरवशेष आपत्ति भनी प्रकाश पार्छ, (१७) महत् (=दुट्ठुल्लं) आपत्तिलाई महत् आपत्ति भनी प्रकाश पार्छ र (१८) अमहत् आपत्तिलाई अमहत् आपत्ति भनी प्रकाश पार्छ। सारिपुत्र! यी अठार कारणले धर्मवादी भनी जान्नू।"

× × ×

मूल सूत्र—

५५. सारिपुत्र-परिनिर्वाण

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेत-वनाराममा बस्नुभएको थियो[१]।

त्यस समय आयुष्मान् सारिपुत्र व्याधिले पीडित भई सारै बिरामी भई मगध देशको नालक[२] गाउँमा बस्नुभएको थियो। चुन्द श्रमणोद्देश[३] आयुष्मान् सारिपुत्रको उपस्थाक हुनुहुन्थ्यो।

---

१. सं. नि. IV. पृ. १३८: चुन्दसुत्तं, सतिपट्ठानसंयुत्तं; अ. क. III. पृ. १७२.

२. यो नालक गाउँ मगध देशको राजगृह नगर नजिकको एक गाउँ हो। यसै गाउँमा सारिपुत्र महास्थविरको जन्म भएको थियो। सं. नि. अ. क. III पृ. १७२; हालसाल यस गाउँलाई भारतको विहार राज्य सरकारले सारिचक बडगाँवसँग मिलाइदिएको छ भनी बुद्धकालीन भारतीय भूगोलले पृ. २२४ मा उल्लेख गरेको छ।

३. चुन्द श्रमणोद्देश सारिपुत्र महास्थविरका कान्छा भाइ हुनुहुन्छ। यसबारेमा हेर लेखककै बु. प. पृ. २९८ को पादटिप्पणीमा।

अनि आयुष्मान् सारिपुत्र सोही रोगले नै परिनिर्वाण हुनुभयो ।

त्यसपछि चुन्द श्रमणोद्देश आयुष्मान् सारिपुत्रको पात्र र चीवर लिई जहाँ श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराम हो जहाँ आयुष्मान् आनन्द[1] हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नु भएका चुन्द श्रमणोद्देशले आयुष्मान् आनन्दलाई यसो भन्नुभयो—

"भन्ते ! आयुष्मान् सारिपुत्र परिनिर्वाण हुनुभयो । यो वहाँको पात्र-चीवर हो ।"

"आवुसो चुन्द ! यही कुरा लिई भगवान्‌को दर्शन गर्न जाऔं । आवुसो चुन्द ! जाऔं; भगवान् जहाँ हुनुहुन्छ त्यहाँ जाऔं र त्यहाँ पुगेपछि भगवान्‌लाई यो कुरा बिन्तिगरौं ।"

"हवस्, भन्ते !" भनी चुन्द श्रमणोद्देशले आयुष्मान् आनन्द-लाई प्रत्युत्तर दिनुभयो ।

अनि आयुष्मान् आनन्द र चुन्द श्रमणोद्देश जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले भगवान्‌लाई यस्तो बिन्ति गर्नुभयो—

---

१. आनन्द महास्थविर चुन्द श्रमणोद्देशका उपाध्याय हुनुहुन्छ । यसबारे बु. प. पृ. २९८ को पादटिप्पणीमा उल्लेख गरेको छ ।

"भन्ते ! यी चुन्द श्रमणोद्देश यस्तो भन्दछन्—'भन्ते ! आयुष्मान् सारिपुत्र परिनिर्वाण हुनुभयो; यो वहाँको पात्र-चीवर हो।' भन्ते ! 'आयुष्मान सारिपुत्र परिनिर्वाण हुनुभयो' भन्ने खबरले मलाई बेहोस जस्तै तुल्यायो (=मधुरक जातो), दिशाहरू पनि केही देखिन्नन् र धर्महरू[१] पनि प्रष्ट देखिन्नन्।"

सबै संस्कार अनित्य हुन्

"आनन्द ! के त सारिपुत्रले शीलस्कन्धलाई लिएर परिनिर्वाण भए त, समाधिस्कन्धलाई लिएर परिनिर्वाण भए त, प्रज्ञास्कन्धलाई लिएर परिनिर्वाण भए त, विमुक्तिस्कन्धलाई लिएर परिनिर्वाण भए त, अथवा विमुक्तिज्ञानदर्शनस्कन्धलाई लिएर परिनिर्वाण भए त ?"

"भन्ते ! आयुष्मान् सारिपुत्र न शीलस्कन्धलाई लिएर परिनिर्वाण हुनुभयो, न समाधिस्कन्धलाई लिएर परिनिर्वाण हुनुभयो, न प्रज्ञास्कन्धलाई लिएर परिनिर्वाण हुनुभयो, न विमुक्तिस्कन्धलाई लिएर परिनिर्वाण हुनुभयो, न त विमुक्तिज्ञानदर्शनस्कन्धलाई लिएर नै परिनिर्वाण

१. 'धर्महरू पनि प्रष्ट देखिन्नन्' भनी भन्नाले आफूले जानिराखेका धर्महरू पनि बिस्मृती जस्तो भएर जान्छन्। स्मृतिमा ल्याउन सक्दिन भनी भनिएको हो। यस वाक्यद्वारा आयुष्मान् आनन्दले आफ्नो गहिरो दुःखको कुरा प्रकट गर्नु भएको हो। सं. नि. अ. क. III. पृ. १८०.

हुनुभयो। भन्ते! किन्तु वहाँ आयुष्मान् सारिपुत्र अववादक, उत्तीर्ण, विज्ञापक, सन्दर्शक, धर्मदेशना गर्नमा निरालसी तथा सब्रह्मचारीहरूको संग्रहकर्ता हुनुहुन्थ्यो। हामी वहाँ आयुष्मान् सारिपुत्रको धर्मओज, धर्मभोग र धर्मानुग्रहलाई अनुस्मरण गर्छौं।"

आफ्नै शरण लेऔ

"आनन्द! 'सबै प्रिय हुने तथा मनपर्नेहरूबाट नानाभाव, विनाभाव तथा अन्यथाभाव हुनुपर्छ' भन्ने कुरा के मैले अगाडि नै तिमीलाई भनेको थिइन र? 'आनन्द! जो जन्मेको, उत्पन्न भएको, संस्कारित भएको र विनाश स्वभावको हो त्यो त्यस्तो नहोस् भनेर कहाँ पाउन सकिन्छ र! त्यस्तो पाउन सकिने कारण कहाँ छ र!! आनन्द! जस्तै महान रूख भए पनि त्यसको सार संकिने सबभन्दा ठूलो स्कन्ध पनि ढल्छ त्यस्तै आनन्द! महान भिक्षुसङ्घ भएर पनि सार संकिने सारिपुत्रको पनि परिनिर्वाण भयो। आनन्द! जो जन्मेको, उत्पन्न भएको, संस्कारित भएको र विनाश स्वभावको हो त्यो त्यस्तो नहोस् भनेर कहाँ पाउन सकिन्छ र! त्यस्तो पाउन सक्ने कारण कहाँ छ र!! आनन्द! त्यसैले अर्काको शरण नलिई आफ्नै द्वीप बनी आफ्नै शरण लिई धर्मद्वीप बनी धर्मकै शरण लिई अर्काको शरण लिई नबस।

"आनन्द! कसरी भिक्षु अर्काको शरण नलिई आफ्नै द्वीप बनी आफ्नै शरण लिई धर्मद्वीप बनी धर्मकै शरण लिई अर्काको शरण

लिई बस्दैन ? आनन्द ! (१) यहाँ भिक्षु आतप्त गरी सम्प्रज्ञानी भई स्मृतिमान् भई कायमा कायानुपश्यी भई लोकमा अभिध्या दौर्मनस्यलाई हटाई विहार गर्छ । (२) यहाँ भिक्षु आतप्त गरी...वेदनामा वेदनानुपश्यी भई लोकमा अभिध्या दौर्मनस्यलाई हटाई विहार गर्छ । (३) यहाँ भिक्षु आतप्त गरी...चित्तमा चित्तानुपश्यी भई लोकमा अभिध्या दौर्मनस्यलाई हटाई विहार गर्छ । (४) यहाँ भिक्षु आतप्त गरी...धर्ममा धर्मानुपश्यी भई लोकमा अभिध्या दौर्मनस्यलाई हटाई विहार गर्छ । आनन्द ! यसरी भिक्षु अर्काको शरण नलिई आफनै द्वीप बनी आफनै शरण लिई धर्मद्वीप बनी धर्मकै शरण लिई अर्काको शरण लिई बस्दैन ।

"आनन्द ! ज-जसले अहिले अथवा म नहुँदा आफनै द्वीप बनी आफनै शरण लिई अर्काको शरण नलिई धर्मद्वीप बनी धर्मकै शरण लिई अर्काको शरण लिई विहार गर्दैनन्—उनीहरू नै शिक्षाकामी मेरा भिक्षुहरूमध्ये श्रेष्ठ हुन् ।"

\+ \+ \+

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

"बुद्धकालीन श्रावक-चरित"

भाग-२, संग्रह-२१

(सारिपुत्र-चरित भाग-१)

नामावली

शब्दावली

इ

दृ

ना

नि, नी

नु, नै, नौ

प

पि, पी

पु, पू

पृ, पे, पै, पो

प्र

बा

बि, बी, बु, बृ

बो

ब्र

भ, भा

भि, भू

मे, मै, मो

य

श

शा

शि, शी

सा

सि

सु, सू

गाथा-सूची

लेखकका पुस्तकहरू

नेपाल भाषामा

१. अग्रश्रावक
२. आर्यसत्य (द्वितीयावृत्ति)
३. कर्मविभाग
४. गृहीविनय (चतुर्थावृत्ति)
५. जातकमाला भाग–१ (द्वितीयावृत्ति)
६. जातकमाला भाग–२ (तृतीयावृत्ति)
७. त्रिरत्नवन्दना
८. धम्मपद (द्वितीयावृत्ति)
९. धर्म व विनय
१०. धम्मपदट्ठकथा भाग–१ (द्वितीयावृत्ति) रू. १३/–
११. प्रजापति गौतमी (द्वितीयावृत्ति)
१२. पाठ्यसूत्र
१३. बौद्धकहानी
१४. बुद्धशासनया इतिहास
१५. बुद्धजीवनी (तृतीयावृत्ति)
१६. महास्वप्नजातक (द्वितीयावृत्ति)
१७. विश्वन्तरजातक (द्वितीयावृत्ति)
१८. सर्वज्ञधातु
१९. सूत्रसंग्रह

नेपालीमा

१.	संक्षिप्त बुद्धजीवनी (तृतीयावृत्ति)	
२.	धम्मपद (तृतीयावृत्ति)	रू. १/५०
३.	गृही-विनय (द्वितीयावृत्ति)	
४.	अग्रश्रावक (अप्राप्य)	
५.	कसको कुरा सत्य हो ?	
६.	बुद्धशासनको इतिहास भाग-१	
७.	पटाचारा स्थविरा	
८.	अम्वसक्कर प्रेतकथा	
९.	बुद्धकालीन ब्राह्मण भाग-१ (अप्राप्य)	
१०.	बुद्धकालीन ब्राह्मण भाग-२	रू. १५/-
११.	बुद्धकालीन ब्राह्मण भाग-३	रू. १७/-
१२.	बुद्धकालीन गृहस्थीहरू भाग-१ (अप्राप्य)	
१३.	बुद्धकालीन गृहस्थीहरू भाग-२	रू. १५/-
१४.	बुद्धकालीन गृहस्थीहरू भाग-३	रू. १५/-
१५.	बुद्धकालीन महिलाहरू भाग-१	रू. ८/-
१६.	बुद्धकालीन महिलाहरू भाग-२	रू. १४/-
१७.	जातक संग्रह भाग-१	रू. १०/-
१८.	जातक संग्रह भाग-२	रू. ८/-
१९.	जातक संग्रह भाग-३	रू. १३/-
२०.	जातक संग्रह भाग-४	रू. १२/-
२१.	बुद्धकालीन राजपरिवार भाग-१	रू. १०/-

२२. बुद्धकालीन परिव्राजकहरू भाग–१ रू. १६/-
२३. बुद्धकालीन श्रावक-चरित भाग–१ (अप्राप्य)
२४. बुद्धकालीन श्राविका-चरित भाग–१ रू. २३/-
२५. बुद्धकालीन ब्रह्मादिदेव भाग–१ रू. १८/-
२६. बुद्धकालीन प्रेतकथा रू. १०/-
२७. बुद्धकालीन विमानकथा रू. १२/-
२८. जापान भ्रमणको डायरी रू. ४/-
२९. विषय सूचि रू. ५/-
३०. संक्षिप्त कथा सहित धम्मपद रू. ६/-
३१. नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास
३२. A short History of Theravada Buddhism in Nepal.
३३. Buddhist Activities in Socialist Countries (अप्राप्य)
३४. बुद्धकालीन श्रावक-चरित भाग–२ रू. १७/-
३५. बुद्धकालीन श्रावक-चरित भाग–३ र भाग–४ भविष्यमा निस्कनेछन् ।

माथिका पुस्तकहरू तथा अन्य बौद्धधर्मका पुस्तकहरू निम्न ठाउँमा पाउन सक्छ—

१. आनन्द कुटी विहार, स्वयम्भू, काठमाडौं, नेपाल ।
२. बुद्ध विहार, भृकुटी मण्डप, काठमाडौं, नेपाल ।
३. धर्मकीर्ति उपासिकाराम, नःघलटोल, काठमाडौं, नेपाल ।
४. हेराकाजी सूचिकार, नागबहाल, ललितपुर, नेपाल ।

नालन्दा पालि महाविद्यालयबाट पालि आचार्य विभाग विशिष्ट श्रेणीमा उत्तीर्ण हुनुभयो। सन् १९५९ मा वहाँलाई मंगोलियाका बौद्धहरूले "गाडेन्" भन्ने गौरव नाम प्रदान गरेका थिए।

सन् १९६८ मा स्वर्गीय श्री ५ महेन्द्रबाट वहाँलाई "गोर्खा दक्षिण बाहु" प्रदान गरिएको थियो। सन् १९७६ मा श्रीलंकाका बुद्धिष्ट एकेडेमी अफ सिलोनले "साहित्य चक्रवर्ती" (D. Lit.) उपाधि र सन् १९७९ मा भारतको नालन्दा पालि महाविद्यालयले "विद्या वारिधी" (Ph. D.) उपाधि प्रदान गरिएको छ।

अहिलेसम्म वहाँले नेवारी, नेपाली र अंग्रेजीमा गरी ५० वटा भन्दा बढी पुस्तकहरू लेखिसक्नु भएको छ र अझै लेख्दै पनि हुनुहुन्छ।

आचार्य भिक्षु अमृतानन्द महास्थविर बि सं १९७५ पौष महीनामा लुम्बिनी अञ्चल पाल्पा तान्सेन, भिम्सेन टोलका एक शाक्यकुलमा जन्मिनु भएको हो। बि. सं. १९९२ (सन् १९३६ अगष्ट २ तारिख) मा भगवान् बुद्ध परिनिर्वाण हुनु भएको भारतको कुशीनगरमा वहाँले स्व. ऊ. चन्द्रमणी महास्थविरसँग प्रव्रज्यात्व ग्रहण गर्नु भएको हो। बि. सं. १९९३ (सन् १९३७) मा धर्मप्रचारार्थ भोजपुर जानुहुँदा वहाँ जेलमा पनी पर्नुभयो। जेलबाट मुक्त भएपछि बुद्धधर्म अध्ययनको निमित्त वहाँ बर्मा र श्री लंकामा जानुभयो।



भिक्षु अमृतानन्द महास्थविर

सन् १९४० जनवरी २५ तारिखका दिन वहाँले श्री लंकामा स्वर्गीय धर्मरक्षित वंशालंकार श्री पंलेने वज्रज्ञान महास्थविरको आचार्यत्वमा उपसम्पदा (=पूर्ण भिक्षुत्व) पाउनु भएको हो। सन् १९४२ को अन्त्यतिर सर्वप्रथम वहाँ काठमाडौंमा आउनु भयो र त्यसै समयदेखि नेपालमा बुद्धधर्म प्रचार गर्ने कार्यमा संलग्न हुँदै आउनु भएको छ। वहाँ काठमाडौंको स्वयम्भूस्थित आनन्दकुटी विहारमा बस्नुहुन्छ।

सन् १९५० मा श्रीलंकामा भएको प्रथम विश्वबौद्ध सम्मेलनमा नेपालको नेतृत्व गर्नुका साथै धेरै अन्तरराष्ट्रिय बौद्ध सम्मेलनहरूमा मात्र होइन अनेक शान्तिसम्मेलनहरूमा पनि वहाँले नेतृत्व गर्दै आउनु भएको छ। यूरोप, अमेरीका, स्क्याण्डिनेविया र दक्षिणपूर्वी एशियाका अनेक मुलुकहरू तथा रूस, चीन, मंगोलिया आदि अनेक साम्यवादी देशहरूमा पनि भ्रमण गर्नुभएको छ।

सन् १९५१ मा वहाँले "अखिल नेपाल भिक्षु महासंघको" को, सन् १९५२ मा स्वयम्भूस्थित "आनन्दकुटी विद्यापीठ" र सन् १९७३ मा "आनन्दकुटी विहार गुठी" को स्थापना गर्नुभएको हो।

सन् १९५५ मा वहाँले श्रीलंकाबाट "नेपाल शासन शोभन श्री धर्मरक्षित-वंशालंकार" भन्ने गौरव नाम पाउनुको साथै यसै सालमा वहाँले भारतको

(बाँकी भित्र)